१९६.	तिलक बहादुर बस्नेतको छोरा जिल्ला भोजपुर साविक बैकुण्ठे गाविस वडा नं.१ हाल जिल्ला सुनसरी धरान उप-महानगरपालिका वडा नं.१६ बस्ने बर्ष ४२ को **सुरेन्द्र बस्नेत** (ना.प्र.नं. ३५९४२-२०५७ सुनसरी) (सहकारी संस्थाको Member ID-MR-01-4885……...**(फरार)**
१९७.	मन विर खातीको नाती डम्बर बहादुर खातीको छोरा जिल्ला सुनसरी धरान उप-महानगरपालिका वडा नं. १६ वस्ने बर्ष ५८ को **गंगाराम खाती** (ना.प्र.नं.२१०६-सुनसरी) (सहकारी संस्थाको Member ID-MR-01-5332)…… **(फरार)**
१९८.	गंगा बहादुर लामगादे को छोरा जिल्ला सुनसरी धरान उप-महानगरपालिका वडा नं.१० बस्ने बर्ष २५ को **गम बहादुर लामगादे** (सहकारी संस्थाको Member ID-MR-01-4186.....**(फरार)**
१९९.	बल बहादुर सुनुवारको छोरी जिल्ला सुनसरी धरान उप-महानगरपालिका वडा नं.११ बस्ने बर्ष ३२ की **शोभा लिम्बु** (ना.प्र.नं.०६-०२-७२-००४४९ सुनसरी) (सहकारी संस्थाको Member ID-MR-01-7428).....**(फरार)**
२००.	टेक बहादुर तामाङको छोरी जिल्ला सुनसरी धरान उप-महानगरपालिका वडा नं.६ बस्ने बर्ष १९ की **नम्रता तामाङ** (ना.प्र.नं. 146039-067-68-सुनसरी) (सहकारी संस्थाको Member ID-MR-01-7615).....**(फरार)**
२०१.	शिव पुजन साहको नाती रामजित साहको छोरा जिल्ला सुनसरी धरान उप-महानगरपालिका वडा नं.१२ बस्ने बर्ष ४४ को **गौतम कुमार साह**(सहकारी संस्थाको Member ID-MR-01-477)…..**(फरार)**
२०२.	राम दास श्रेष्ठको नाती बिनोद श्रेष्ठको छोरा जिल्ला सुनसरी धरान उप-महानगरपालिका वडा नं. १६ बस्ने बर्ष ३१ को **अभिसन श्रेष्ठ** (ना.प्र.नं. १०२०२५-१६८०-सुनसरी) (सहकारी संस्थाको Member ID-MR-01-9605)…… …….....**(फरार)**
२०३.	रण बहादुर राईको छोरा जिल्ला सुनसरी धरान उप-महानगरपालिका वडा नं.११ बस्ने बर्ष ५४ को **चन्द्र बहादुर राई** (सहकारी संस्थाको Member ID-MR-01-1062)……..... ……**(फरार)**
२०४.	गजेन्द्र बहादुर बर्देवाको नातिनी खड्ग बहादुर बर्देवाको छोरी जिल्ला सुनसरी धरान उप-महानगरपालिका

	वडा नं.३ बस्ने बर्ष ५३ की **करुणा शेर्पा** (ना.प्र.नं.२८०३-६२-सुनसरी) **(**सहकारी संस्थाको Member ID-MR-01-11133)…….....**(फरार)**
२०५.	प्रेम बहादुर बिश्वकर्माको छोरी रमेश तामाङको श्रीमती जिल्ला सुनसरी धरान उप-महानगरपालिका वडा नं. १५ बस्ने बर्ष ३९ की **बन्दना विश्वकर्मा(**सहकारी संस्थाको Member ID-MR-01-1046).....**(फरार)**
२०६.	जगत बहादुर राईको छोरी जिल्ला सुनसरी धरान उप-महानगरपालिका वडा नं.५ बस्ने बर्ष २१ की **अन्जली राई (**सहकारी संस्थाको Member ID-MR-01-10401.....**(फरार)**
२०७.	लोक बहादुर श्रेष्ठको छोरा जिल्ला सुनसरी धरान उप-महानगरपालिका वडा नं.७ बस्ने बर्ष ६३ को **ईन्द्र श्रेष्ठ** (ना.प्र.नं.१६७-१०६३८-सुनसरी) **(**सहकारी संस्थाको Member ID-MR-01-9444)...**(फरार)**
२०८.	हिम्मत घतानीको छोरा जिल्ला सुनसरी धरान उप-महानगरपालिका वडा नं.७ **बस्ने बर्ष ३९ को कुमार घतानी (**सहकारी संस्थाको Member ID-MR-01-5470.....**(फरार)**
२०९.	नन्दलाल राईको छोरा जिल्ला पाँचथर फलैचा गाविस वडा नं.९ हाल याङवरक गा.पा.वडा नं.२ स्थायी वतन भई जिल्ला सुनसरी धरान उप-महानगरपालिका वडा नं.३ बस्ने बर्ष २३ की **तेज बहादुर राई** (ना.प्र.नं. ४६४-७१ पाँचथर) **(**सहकारी संस्थाको Member ID-MR-01-6077…….....**(फरार)**
२१०.	छुङ्गा शेर्पाको नातीनी पासाङ शेर्पाको छोरी जिल्ला सुनसरी धरान उप-महानगरपालिका वडा नं.३ वस्ने बर्ष २४ की **लक्की शेर्पा** (ना.प्र.नं.६३२१) **(**सहकारी संस्थाको Member ID-MR-01-13231).....**(फरार)**
२११.	राम कुमार राईको छोरा जिल्ला झापा शान्तीनगर गाविस वडा नं.१ बुद्धशान्ती गाउँपालिका वडा नं. ४ स्थायी वतन भएको बर्ष ३६ को **हर्क बहादुर राई** (ना.प्र.नं. ०४३००२-१०४० झापा) **(**सहकारी संस्थाको Member ID-MR-01-17555…….....**(फरार)**
२१२.	गंगा विश्वकर्माको छोरा जिल्ला सुनसरी धरान उप-महानगरपालिका वडा नं.११ बस्ने बर्ष १९ की **रोहित विश्वकर्मा (**सहकारी संस्थाको Member ID-MR-01-6781…….....**(फरार)**
२१३.	दल बहादुर श्रेष्ठको नाती हरि बहादुर श्रेष्ठको छोरा जिल्ला सुनसरी धरान उप-महानगरपालिका वडा नं.१७ बस्ने बर्ष ३३ को **सन्तोष श्रेष्ठ** (ना.प्र.नं. ३९६९६-०६५-६६-सुनसरी) **(**सहकारी संस्थाको Member ID-MR-01-9613)…….....**(फरार)**
२१४.	तिलक बहादुर विश्वर्कमाको छोरा जिल्ला सुनसरी धरान उप-महानगरपालिका वडा नं.१५ बस्ने बर्ष १९ की **राजन विश्वर्कमा (लामिछाने)** (ना.प्र.नं.३६२८१-०६४-६५ सुनसरी) **(**सहकारी संस्थाको Member ID-MR-01-8141).....**(फरार)**
२१५.	दल बहादुर राईको नाती धन बहादुर राईको छोरा जिल्ला सुनसरी धरान उप-महानगरपालिका वडा नं.१८ बस्ने बर्ष २४ को **भिम कुमार राई (**सहकारी संस्थाको Member ID-MR-01-10045…….....**(फरार)**
२१६.	मधुसुदन पराजुलीको छोरा जिल्ला खोटाङ साविक लफ्याङ गाविस वडा नं.५ दिक्लेत रुपाकोट मझुवागढी नगरपालिका वडा नं.५ स्थायी वतन भएको बर्ष ३५ को **देवराज पराजुली** । (ना.प्र.नं.८३२५ खोटाङ) **(**सहकारी संस्थाको Member ID-MR-01-6758)…… …….....**(फरार)**
२१७.	हिरा बहादुर वि.क.को छोरा जिल्ला सुनसरी धरान उप-महानगरपालिका वडा नं.५ बस्ने बर्ष १९ को **निर**

	बहादुर विश्वकर्मा (सहकारी संस्थाको Member ID-MR-01-**6729.....(फरार)**
२१८.	दल बहादुर बिश्वकर्माको नाती राम बहादुर बिश्वकर्माको छोरा जिल्ला सुनसरी धरान उप-महानगरपालिका वडा नम. ६ बस्ने बर्ष ४५ को **रणध्वज बिश्वकर्मा** (ना.प्र.१४९९६-५९८-०४४-सुनसरी) **(**सहकारी संस्थाको Member ID-MR-01-15490)…….....**(फरार)**
२१९.	पदम बहादुर खत्रीको छोरी जिल्ला सुनसरी साविक बबिया गाविस ४ हाल इनरुवा नगरपालिका वडा नं.९ स्थायी वतन भई धरान बस्ने बर्ष २७ की **विन्दा कुमारी कुमर** (ना.प्र.नं.९१०६१-७७९८ सुनसरी) **(**सहकारी संस्थाको Member ID-MR-01-13384)…….....….....**(फरार)**
२२०.	लाल बहादुर श्रेष्ठको छोरा जिल्ला सुनसरी धरान उप-महानगरपालिका वडा नं.१४ बस्ने बर्ष ७१ को **राम बहादुर श्रेष्ठ** (ना.प्र.नं.१६९६ धनकुटा) **(**सहकारी संस्थाको Member ID-MR-01-5181)…..**(फरार)**
२२१.	दल बहादुर वि.क.को नाती दिप बहादुर वि.क.को छोरा जिल्ला सुनसरी धरान उप-महानगरपालिका बस्ने बर्ष १९ को **भिम तिरुवा** (ना.प्र.नं.१७-सुनसरी) **(**सहकारी संस्थाको Member ID-MR-01-9202).....**(फरार)**
२२२.	टुकराज श्रेष्ठको छोरा जिल्ला मोरङ सुन्दरपुर गाविस वडा नं.९ सुन्दरहरैचा नगरपालिका वडा नं.३ स्थायी वतन भई जिल्ला सुनसरी धरान उप-महानगरपालिका वडा नं.१५ वस्ने बर्ष ४३ को **लोकेन्द्र श्रेष्ठ** (ना.प्र.नं.२८२८३-०६२-६३ मोरङ). **(**सहकारी संस्थाको Member ID-MR-01-9594)…....**(फरार)**
२२३.	जमांसिंह तामाङको नाती अमर बहादुर तामाङको छोरा जिल्ला सुनसरी धरान उप-महानगरपालिका वडा नं. १५ बस्ने बर्ष २० को **सन्तोष तामाङ (**सहकारी संस्थाको Member ID-MR-01-5508.....**(फरार)**
२२४.	झुप्पे कामीको नाती गोपाल सिंगौरको छोरा जिल्ला सुनसरी धरान उप-महानगरपालिका वडा नं.११ बस्ने बर्ष २० को **तारा लकान्द्री (**सहकारी संस्थाको Member ID-MR-01-10319.....**(फरार)**
२२५.	लोक बहादुर तामाङको छोरी जिल्ला सुनसरी धरान उप-महानगरपालिका वडा नं.११ वस्ने बर्ष ४० की **मुना देवी तामाङ (**सहकारी संस्थाको Member ID-MR-01-8661.....**(फरार)**
२२६.	संजिव विश्वकर्माको छोरा जिल्ला सुनसरी धरान उप-महानगरपालिका वडा नं.११ बस्ने बर्ष ३० को **सागर विश्वकर्मा (लामिछाने) (**सहकारी संस्थाको Member ID-MR-01-6792.....**(फरार)**
२२७.	चिन्ता मणी काफ्लेको नातिनी निल कान्त काफ्लेको छोरी जिल्ला सुनसरी धरान उप-महानगरपालिका वडा नं. १६ बस्ने बर्ष २२ की **चन्द्र कला काफ्ले** (ना.प्र.न. ०२-५६१८१-सुनसरी) **(**सहकारी संस्थाको Member ID-MR-01-386)…….....**(फरार)**
२२८.	भिम बहादुर परियारको नाति हस्त बहादुर परियारको छोरा जिल्ला सुनसरी धरान उप-महानगरपालिका वडा नं.११ बस्ने बर्ष ३७ को **ओम बहादुर परियार (**सहकारी संस्थाको Member ID-MR-01-5622.....**(फरार)**
२२९.	तेज मान लिम्बुको छोरी जिल्ला सुनसरी धरान उप-महानगरपालिका वडा नं.८ वस्नेत बर्ष २० को **सोनी इदेङगो लिम्बु (**सहकारी संस्थाको Member ID-MR-01-13292.....**(फरार)**
२३०.	खड्ग बहादुर लिम्बुको छोरी जिल्ला सुनसरी धरान उप-महानगरपालिका वडा नं.१७ वस्नेत बर्ष ३६ को **जिना लिम्बु** (ना.प्र.नं. 06137466-064-65) **(**सहकारी संस्थाको Member ID-MR-01-198….....**(फरार)**

२३१.	दुर्गा प्रसाद लिम्बुको नातिनी पूर्ण बहादुर ईबाराङको छोरी एलिस राईको श्रीमती जिल्ला सुनसरी धरान उप-महानगरपालिका वडा नं.२ वस्नेत बर्ष ३४ की **सुस्मिता ईवाराङ लिम्बु** (ना.प्र.नं. 41123-65-66) (सहकारी संस्थाको Member ID-MR-01-9958)…….....**(फरार)**
२३२.	नर विर देवानको छोरी जिल्ला पाँचथर मौवा गाविस वडा नं.७ तुम्वेवा गाउँपालिका वडा नं.२ स्थायी वतन भई हाल जिल्ला सुनसरी धरान उप-महानगरपालिका वडा नं.११ वस्ने बर्ष ५५ की **लिला देवान** (ना.प्र.नं.६२७-पाँचथर) (सहकारी संस्थाको Member ID-MR-01-14844)….....**(फरार)**
२३३.	गोविन्द प्रसाद श्रेष्ठको छोरा जिल्ला सुनसरी धरान उप-महानगरपालिका वडा नं.६ वस्ने बर्ष ५४ को **रविनसन श्रेष्ठ** (ना.प्र.नं.८२९५-२७७५-०३४-सुनसरी) (सहकारी संस्थाको Member ID-MR-01-17299).....**(फरार)**
२३४.	विर बहादुर तामाङको छोरी जिल्ला सुनसरी धरान उप-महानगरपालिका वडा नं.२ वस्ने बर्ष २० की **अस्मिता तामाङ** (ना.प्र.नं.०६३००१-५३१९ सुनसरी) (सहकारी संस्थाको Member ID-MR-01-4785).....**(फरार)**
२३५.	पदम बहादुर प्रधानको छोरा जिल्ला सुनसरी धरान उप-महानगरपालिका वडा नं.६ वस्ने बर्ष २२ को **भोलानाथ प्रधान** (सहकारी संस्थाको Member ID-MR-01-4846.....**(फरार)**
२३६.	पदम बहादुर बुढाथोकीको छोरी जिल्ला सुनसरी धरान उप-महानगरपालिका वडा नं.१३ वस्ने बर्ष २२ की **भिमा बुढाथोकी** (सहकारी संस्थाको Member ID-MR-01-400……**.....(फरार)**
२३७.	जचमान राईको नातीनि अमृत बहादुर राईको छोरी जिल्ला सुनसरी धरान उप-महानगरपालिका वडा नं.११ वस्ने बर्ष ५८ की **कमला राई** (ना.प्र.नं. १९१०-सुनसरी) (सहकारी संस्थाको Member ID-MR-01-6668).....**(फरार)**
२३८.	हरी प्रसाद राईको नातिनी छनमान राईको छोरी भुपाल बुढाथोकीको श्रीमती जिल्ला सुनसरी धरान उ-महानगरपालिका वडा नं. १२ बस्ने बर्ष १९ की **सविना कुमारी राई** (सहकारी संस्थाको Member ID-MR-01-691) …….....…….....**(फरार)**
२३९.	बम बहादुर विश्वकर्माको छोरा जिल्ला सुनसरी धरान उप-महानगरपालिका वडा नं.१६ वस्ने बर्ष २६ को **भुवन वि.क.**(ना.प्र.नं.०६-०२-७६-००३५७ सुनसरी) (सहकारी संस्थाको Member ID-MR-01-17364)…….....……**(फरार)**
२४०.	अंकुल चौधरीको नातीनी नागेश्वर चौधरीको छोरी जिल्ला सुनसरी धरान उप-महानगरपालिका वडा नं.८ वस्ने बर्ष २९ की **सुमित्रा चौधरी** (सहकारी संस्थाको Member ID-MR-01-9224…...…...**(फरार)**
२४१.	तुलाराम परियारको श्रीमती जिल्ला सुनसरी धरान उप-महानगरपालिका वडा नं.८ वस्ने बर्ष १९ की **आशा घले** (सहकारी संस्थाको Member ID-MR-01-422…….....**(फरार)**
२४२.	किशोर परियारको छोरा जिल्ला सुनसरी धरान उप-महानगरपालिका वडा नं.१५ वस्ने बर्ष १९ की **मनिष परियार** (ना.प्र.नं.४५३४२-०६७-०६- सुनसरी) (सहकारी संस्थाको Member ID-MR-01-7734).....**(फरार)**
२४३.	आश बहादुर राईको छोरी जिल्ला सुनसरी धरान उप-महानगरपालिका वडा नं.२० वस्ने बर्ष २६ को **विक्रम राई** (ना.प्र.नं.०६-०२-७४-०३७२८-सुनसरी) (सहकारी संस्थाको Member ID-MR-01-11152.....**(फरार)**

२४४.	कृष्ण बहादुर श्रेष्ठको नाती श्याम श्रेष्ठको छोरा जिल्ला सुनसरी धरान उप-महानगरपालिका वडा नं.१६ वस्ने बर्ष ४२ को **बल बहादुर श्रेष्ठ** (ना.प्र.नं.१०६९६५-२०६९६५-सुनसरी) **(**सहकारी संस्थाको Member ID-MR-01-6681).....**(फरार)**
२४५.	बम बहादुर श्रेष्ठको छोरी जिल्ला सुनसरी धरान उप-महानगरपालिका वडा नं.१७ वस्ने बर्ष ३२ की **अनिता श्रेष्ठ (**सहकारी संस्थाको Member ID-MR-01-6779)…….....**(फरार)**
२४६.	धर्मराज गिरीको नातीनी छबिलाल सन्यासीको छोरी बम बहादुर वि.क.को श्रीमती बर्ष ४२ की **वुद्ध माया वि.क.** (ना.प्र.नं.०६-५४०६८-सुनसरी) **(**सहकारी संस्थाको Member ID-MR-01-9683).....**(फरार)**
२४७.	पंच बहादुर कालिकोटेको नाती डम्बर बहादुर कालिकोटेको छोरा जिल्ला सुनसरी धरान उप-महानगरपालिका वडा नं.१६ वस्ने बर्ष २८ को **सुमित कालिकोटे(**सहकारी संस्थाको Member ID-MR-01-7094)……..... **(फरार)**
२४८.	पर्शुराम मगरको छोरी जिल्ला धनकुटा डाँडाबजार गाविस वडा नं.७ महालक्ष्मी नगरपालिका वडा नं.३ स्थायी वतन भई जिल्ला सुनसरी धरान उप-महानगरपालिका वडा नं.१५ वस्ने बर्ष २१ की **जमुना देवी मगर** (ना.प्र.नं.२५१-धनकुटा) **(**सहकारी संस्थाको Member ID-MR-01-7076).....**(फरार)**
२४९.	प्रेम उदासको नातिनी छत्र बहादुर उदासको छोरी जिल्ला सुनसरी धरान उप-महानगरपालिका वडा नं.७ वस्ने बर्ष ५४ की **गिता उदास** (ना.प्र.नं. ८७०८०३-सुनसरी) **(**सहकारी संस्थाको Member ID-MR-01-10927)….....**(फरार)**
२५०.	फौद बहादुर लिम्बुको छोरी जिल्ला तेह्रथुम दाँगपा गाविस वडा नं.९ स्थायी वतन भई जिल्ला सुनसरी धरान उप-महानगरपालिका वडा नं.१५ वस्ने बर्ष ३२ की **निरा लिम्बु** (ना.प्र.नं.०८-०१-७१-००३६४ तेह्रथुम) **(**सहकारी संस्थाको Member ID-MR-01-3806)…… …….....**(फरार)**
२५१.	उद्धव बहादुर बुढाथोकीको छोरी जिल्ला सुनसरी धरान उप-महानगरपालिका वडा नं.१३ वस्ने बर्ष ५५ को **चन्द्र कुमारी बुढाथोकी** (ना.प्र.नं. ०६-३९९७ सुनसरी धरान) **(**सहकारी संस्थाको Member ID-MR-01-11834)…….....…….....**(फरार)**
२५२.	गोसे कामीको छोरा जिल्ला सुनसरी धरान उप-महानगरपालिका वडा नं.११ वस्ने बर्ष ३१ को **दिपक बराईली सिगौरे (**सहकारी संस्थाको Member ID-MR-01-6738)….**.....(फरार)**
२५३.	राज बहादुर लिम्बुको छोरी जिल्ला सुनसरी धरान उप-महानगरपालिका वडा नं.१७ वस्ने बर्ष २१ को **हस्त माया लिम्बु (**सहकारी संस्थाको Member ID-MR-01-9145….....**(फरार)**
२५४.	पूर्ण कुमार लिम्बुको छोरा जिल्ला सुनसरी धरान-११ बस्ने बर्ष ३८ को **धिरेन सुब्वा (**सहकारी संस्थाको Member ID-MR-01-**(**सहकारी संस्थाको Member ID-MR-01-10252)….....**(फरार)**
२५५.	लाल बहादुर लिम्बु र बुध रानी लिम्बुको छोरी जिल्ला सुसनरी धरान उप-महानगरपालिका वडा नं. १९ बस्ने वर्ष ४१ की **ज्योती लिम्बु (मेन्याङबो)** ना.प्र.न. ०६-४४६७९-०६६-०६७-सुनसरी**(**सहकारी संस्थाको Member ID-MR-01-6712)…….**फरार**
२५६.	केशर श्रेष्ठको श्रीमती जिल्ला सुनसरी धरान उप-महानगरपालिका वडा नं. १६ बस्ने बर्ष ४१ की **सुष्मा (श्रेष्ठ) कार्की (**सहकारी संस्थाको Member ID-MR-01-14542)…… ……..**फरार**
२५७.	बिष्णु प्रसाद अधिकारीको छोरी जिल्ला सुनसरी धरान उमानपा वडा नं. १९ घर भई हाल ऐ. वडा नं. ०६ बस्ने बराह सहकारी संस्थाको MR-01-361को बचत कर्ता ऋणी बर्ष ४९ की चेतना श्रेङ(ना.प्र.नं. १९८१०/०५९/०६०) मो.नं. ९८५२०५६७३९.....**फरार**

२५८.	कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाण्डौमा कम्पनी दर्ता नं. ५१६५२/०६४/०६५ मा दर्ता रहेको स्थायी लेखा नं. ३०२७८३२८९ लिएको बराह ज्वेलरी ईण्डष्ट्रिज प्रा.लि. **..... (सम्पती जफत/रोक्का प्रयोजनको लागि प्रतिवादी बनाएको)**
२५९.	कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाण्डौमा कम्पनी दर्ता नं. १२०११३/०७०/०७१ मा दर्ता रहेको स्थायी लेखा नं. ६०१८५११७७ लिएका इन्द्र बराह ट्राभल्स एण्ड टुर्श प्रा.लि. **.....(सम्पती जफत/रोक्का प्रयोजनको लागि प्रतिवादी बनाएको)**
२६०.	कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाण्डौमा कम्पनी दर्ता नं.१६१६३२/२०७३/०७४ मा दर्ता रहेको स्थायी लेखा नं. ६०४३८३०५७ लिएको बराह कृषी उपज तथा पशु पालन प्रा.लि. **..... (सम्पती जफत/रोक्का प्रयोजनको लागि प्रतिवादी बनाएको)**
२६१.	कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाण्डौमा कम्पनी दर्ता नं. २६७९२५/०७८/०७९ दर्ता रहेको स्थायी लेखा नं. ६१००५६६४४ लिएको श्रीपा सुपर मार्केट स्टोर प्रा.लि. **.....(सम्पती जफत/रोक्का प्रयोजनको लागि प्रतिवादी बनाएको)**
२६२.	कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाण्डौमा कम्पनी दर्ता नं. २२५७७५/०७६/०७७ मा दर्ता रहेको स्थायी लेखा नं. ६०९६३५३१९ लिएको बराह डिपाटमेन्ट स्टोर प्रा.लि. .....**(सम्पती जफत/रोक्का प्रयोजनको लागि प्रतिवादी बनाएको)**

मुद्दा:– सहकारी ठगी र संगठीत अपराध सम्बन्धी कसूर।

मुद्दाको संक्षिप्त तथ्य :–

१. **बरामदी/खानतलासी मुचुल्का**

जिल्ला सुनसरी धरान उपमहानगरपालिका वडा नं. ८ स्थित पूर्वमा लक्ष्मी प्रसाद लिम्बुको पक्की घर, पश्चिममा चक्र सुब्बाले संचालन गरेको Have A Nice Food होटल, उत्तरमा बि.पि. कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान देखि भोटपुल जाने धनकुटे सडक बाटो र दक्षिणमा Yala होटल यति चारकिल्ला भित्र अबस्थित उत्तर मोहडा भएको ६ तल्ले श्री बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीको पक्की भवन रहेको, सो भवनको दोस्रो तल्लामा श्री बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीको कार्यालय संचालनमा रहेको, मिति २०८१।०९।१४ गते खटिएको अनुसन्धान अधिकृत समेतको टोलीले उक्त संस्था संचालनमा रहेको कार्यालय कोठाहरु स्थानीय जनप्रतिनिधी समेतको रोहबरमा कानून बमोजिम खानतलासी लिदा सहकारी ठगी मुद्दामा प्रमाण लाग्ने चिजबस्तु निम्नानुसार फेला पारी प्रहरीले बरामद गरेको चारकिल्ला सहितको बरामदी खानतलासी मुचुल्का।

बरामद भएको दशीहरु:-

- Dell EMC कम्पनीको Server CPU थान-१ (एक)
- Dell कम्पनीको CPU थान-४ (चार)
- ACER कम्पनीको CPU थान-१ (एक),
- Dell कम्पनीको मनिटर थान-१ (एक)
- बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड लेखिएको बिभिन्न व्यक्तिहरुको नामको पासबुक थान-१६५ (एक सय पैसठ्ठी)
- बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीको १५ औ वार्षिक साधारण सभा २०८१ को बुक थान-१ (एक)

- बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरानको खाता संचालन फारम नमूना पाना-५ (पाच)
- सोही सहकारी संस्थाको लेटर प्याड नमूना पाना-१० (दश)
- सोही संस्थाको वार्षिक साधारण सभाको निमन्त्रणा पत्रको नमूना पाना-१० (दश)
- सोही संस्थाको ऋण माग फारम नमूना पाना-१० (दश)
- कर्मचारी प्रशासन नीति २०७५ थान-१, बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेडको धरान-१२ सुनसरी लेखिएको छाप थान-२ (दुई)
- Barah Saving & credit Co-operative ltd. लेखिएको Day Book थान-१ (एक)
- युवा स्वरोजगार ऋण खाता लेखिएको रजिष्ट्र थान-१ (एक)
- स्वरोजगार ऋण फायल १ लेखिएको रजिष्ट्र थान-१ (एक)
- संचालक समिति बराह साकोस धरान लेखिएको माईनिटिङ रजिष्ट्र थान-१ (एक)
- बिभिन्न व्यक्तिहरुको नामको ऋण सम्बन्धी सक्कलै फाईल थान-१०१ (एक सय एक)

सि.न.	फाईलमा भएको नाम	वतन	कैफियत
१	सन्तोष सार्की	धरान-१७ सुनसरी	
२	सिता कामी	धरान-१७ सुनसरी	
३	जीत बहादुर बिश्वकर्मा	धरान-११ सुनसरी	
४	हिते विश्वकर्मा	धरान-११ सुनसरी	
५	सृजना बिश्वकर्मा	धरान-११ सुनसरी	
६	होम राज कालीकोटे	धरान-१७ सुनसरी	
७	हरि केशर लिम्बु	धरान-१५ सुनसरी	
८	मोहमस मुसासेफ	धरान-१९ सुनसरी	
९	चन्द्रकला राई	धरान-१७ सुनसरी	
१०	अनुप शंकर	धरान-८ सुनसरी	
११	धनमाया बिश्वकर्मा	ईटहरी-७ सुनसरी	
१२	कुमार राई	धरान-२० सुनसरी	
१३	सुनिता बिश्वकर्मा	धरान-४ सुनसरी	
१४	केशब बिश्वकर्मा	धरान-११ सुनसरी	
१५	लाल बहादुर बिश्वकर्मा	धरान-११ सुनसरी	
१६	मनमाया लिम्बु	धरान-१९ सुनसरी	
१७	सावित्रा नेपाली	धरान-१५ सुनसरी	
१८	बिष्णु राई	धरान-१५ सुनसरी	
१९	सुवास चन्द्र राई	धरान-१८ सुनसरी	
२०	बिक्रम मरिक	धरान-१५ सुनसरी	
२१	उषा राई	धरान-१५ सुनसरी	
२२	बलराम भट्टराई	धरान-११ सुनसरी	
२३	गोमा गजमेर	धरान-११ सुनसरी	
२४	बिमला देवी बिश्वकर्मा	धरान-११ सुनसरी	

२५	सरस्वोती तामाङ समेत	धरान-८ सुनसरी	
२६	प्रेम बहादुर बिश्वकर्मा	इटहरी सुनसरी	
२७	अशोक राई	धरान-१३ सुनसरी	
२८	रण बहादुर कामी	धरान-११ सुनसरी	
२९	प्रेम कुमार राई	धरान-२० सुनसरी	
३०	मिना कुमारी राई	धरान-११ सुनसरी	
३१	गंगा भुजेल	धरान-११ सुनसरी	
३२	खड्ग बहादुर बि.क.	धरान-१३ सुनसरी	
३३	सुनिता मेयुङवा	धरान-१५ सुनसरी	
३४	महेन्द्र राई	धरान-१८ सुनसरी	
३५	सुर्य बिश्वकर्मा	धरान-८ सुनसरी	
३६	मुना कुमारी लिम्बु	धरान-१५ सुनसरी	
३७	शिव हाङ लिम्बु	धरान-७ सुनसरी	
३८	सरिता बिश्वकर्मा	धरान-३ सुनसरी	
३९	कमला सेनेहाङ	धरान-१५ सुनसरी	
४०	भिम बहादुर लिम्बु		
४१	नरेश बिक्रम लिम्बु	धरान-१५ सुनसरी	
४२	कुमार कालिकोटे	धरान-११ सुनसरी	
४३	बलराम राई	धरान-१९ सुनसरी	
४४	प्रकाश बराईली	धरान-११ सुनसरी	
४५	सरिता देवी राय अमात	धरान-९ सुनसरी	
४६	सरिता राई	धरान-१३ सुनसरी	
४७	नर माया खड्का	धरान-११ सुनसरी	
४८	उद्दतमाया बिश्वकर्मा	धरान-६ सुनसरी	
४९	सुजन कुमार लिम्बु	धरान-१५ सुनसरी	
५०	इन्दिरा बि.क.	धरान-१५ सुनसरी	
५१	दिपक लिम्बु	धरान-१० सुनसरी	
५२	आयुष श्रेष्ठ	धरान-१२ सुनसरी	
५३	चन्द्र कला थपलिया (रिजाल)	धरान-११ सुनसरी	
५४	बिष्णु सुब्वा	धरान-१५ सुनसरी	
५५	ध्यान बहादुर खत्री	धरान-१५ सुनसरी	
५६	मुना राई	धरान-११ सुनसरी	
५७	धन बहादुर बिश्वकर्मा	धरान-११ सुनसरी	
५८	देवी माया श्रेष्ठ	धरान-१५ सुनसरी	
५९	प्रिंयका राई	धरान-१२ सुनसरी	
६०	दिल बहादुर नेपाली	धरान-१६ सुनसरी	

६१	समुन्द्र राई	धरान-११ सुनसरी	
६२	राम कृष्ण गिरी	धरान-१५ सुनसरी	
६३	गंगा बहादुर बिश्वकर्मा	धरान-११ सुनसरी	
६४	कमला बिश्वकर्मा	धरान-११ सुनसरी	
६५	दिपेन्द्र बिश्वकर्मा	धरान-१७ सुनसरी	
६६	शुसिला गजमेर बि.क.		
६७	मिना कुमारी श्रेष्ठ	धरान-३ सुनसरी	
६८	ललिता देवी अग्रवाल	धरान-१६ सुनसरी	
६९	रण बहादुर बि.क.	धरान-१ सुनसरी	
७०	उर्मिला राई	धरान-१६ सुनसरी	
७१	उमेश भण्डारी	धरान-१७ सुनसरी	
७२	धन बहादुर थापा मगर	धरान-१५ सुनसरी	
७३	देवी राई	धरान-१५ सुनसरी	
७४	शारदा बि.क.	धरान-११ सुनसरी	
७५	लोकेन्द्र कार्की	धरान-११ सुनसरी	
७६	इश्वरी माया राई	धरान-५ सुनसरी	
७७	कृष्ण माया बिश्वकर्मा	शिबगंज	
७८	रश्मी श्रेष्ठ	धरान-८ सुनसरी	
७९	सिता बस्नेत	धरान-९ सुनसरी	
८०	रोचा बहादुर लिम्बु	धरान-११ सुनसरी	
८१	रविन राई	धरान-११ सुनसरी	
८२	इन्द्र बहादुर बिश्वकर्मा	धरान-१३ सुनसरी	
८३	खड्ग बहादुर बिश्वकर्मा	धरान-११ सुनसरी	
८४	संगिता राई	धरान-१३ सुनसरी	
८५	हरि कुमार दियाली	धरान-५ सुनसरी	
८६	राम कुमार बि.क.	धरान-१५ सुनसरी	
८७	डम्बर बहादुर लामिछाने	धरान-११ सुनसरी	
८८	एलिना बिश्वकर्मा	धरान-१७ सुनसरी	
८९	सन्तोष लिम्बु	धरान-५ सुनसरी	
९०	बिष्णु माया बिश्वकर्मा	धरान-११ सुनसरी	
९१	चन्द्र कला थपलिया	धरान-११ सुनसरी	
९२	सुक माया लिम्बु	मोरङ	
९३	देवी माया बिश्वकर्मा	धरान-११ सुनसरी	
९४	गिता लामा	धरान-८ सुनसरी	
९५	बिजय सिटौला	धरान-१० सुनसरी	
९६	सुमित्रा बि.क.	धरान-११ सुनसरी	

९७	पुष्प प्रसाद सिग्देल	धरान-७ सुनसरी	
९८	उद्दिन बहादुर कामी	धरान-११ सुनसरी	
९९	पुष्पा शर्मा	धरान-१६ सुनसरी	
१००	पवित्रा बि.क.	धरान-११ सुनसरी	
१०१	गंगा बहादुर कालिकोटेको जग्गा रोक्का फाईल थान-१		

- Account Statement Report समेतका कागजातहरु रहेको ईण्डेक्स फाईल थान-२ (दुई),
- सहकारी संस्थाबाट बिभिन्न व्यक्तिहरुलाई ऋण चुक्ताको लागि लेखिएका पत्रहरु भएको इण्डेक्स थान-१ (एक)
- २०६९ भाद्र देखि २०७४ असार मसान्त सम्मको ऋण फाईल भएको इण्डेक्स थान-१ (एक)
- मिति २०७७/१०/१५ देखि २०७७/१२/३० सम्मको बिभिन्न व्यक्तिहरुको नाममा ऋण प्रबाह सम्बन्धी इण्डेक्स थान-१ (एक)
- मिति २०७६-०६-०१ देखि मिति २०७६-०८-३० सम्मको बिभिन्न व्यक्तिहरुको नाममा ऋण प्रबाह सम्बन्धी इण्डेक्स थान-१ (एक)
- मिति २०७६/११/०१ देखि २०७७/०३ सम्म बिभिन्न व्यक्तिहरुको नाउँमा लगानी भएको ऋणको फाईल राखिएको इण्डेक्स थान-१ (एक)
- आवधिक/मुद्दती, ऋण फाईल भएको ईण्डेक्स थान-१ (एक)
- मिति २०७६/०४/०१ देखि २०७६/०५/०१ गतेसम्मको बिभिन्न व्यक्तिहरुको नाममा लगानी भएको ऋण फाईल भएको इण्डेक्स थान-१ (एक)
- आ.ब.०७७/०७८ सालको सहकारी पत्र चलानी फाईल (ईण्डेक्स थान-१ (एक)
- ऋण नीति २०७५, ऋण नीति २०६६,
- निवेदन राजिनामा फाईल इण्डेक्स थान-१ (एक),
- फिल्ड कर्मचारी बायोडाटा इण्डेक्स,
- Four Ledger फाईल थान-१ (एक)
- बराह बचत तथा ऋण सहकारी संस्थाको प्रथम, दोस्रो, तेस्रो, चौथो, पाँचौ, छैठो, सातौ र आठौ वार्षिक साधारण सभा प्रतिवेदन

सहकारी संस्थाको २०६७/०६८, २०६८/०६९, २०६९/०७०, ०७०/०७१, ०७१/०७२, २०७३, २०७४ र २०७५ को लेखा परीक्षण प्रतिवेदन बुकलेटहरु थान-८ (आठ)।

२. **बरामदी खानतलासी मुचुल्का:-**

जिल्ला सुनसरी धरान उपमहानगरपालिका वडा नं. ८ स्थित पूर्वमा लक्ष्मी प्रसाद लिम्बुको पक्की घर, पश्चिममा चक्र सुब्बाले संचालन गरेको Have A Nice Food होटल, उत्तरमा बि.पि. कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान देखि भोटपुल जाने धनकुटे सडक बाटो र दक्षिणमा Yala होटल यति चारकिल्ला भित्र अबस्थित उत्तर मोहडा भएको ६ तल्ले श्री बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीको पक्की भवन रहेको, सो भवनको दोस्रो तल्लामा श्री बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरी र बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि. धरान सुनसरी संचालनमा रहेको, मिति २०८१/०९/२० गते खटिएको अनुसन्धान अधिकृत समेतको टोलीले स्थानीय जनप्रतिनिधी समेतको रोहबरमा कानून बमोजिम खानतलासी लिदा बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीमा केही पनि फेला नपरेको र बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीको कार्यालयबाट Power Edge T11II लेखिएको Dell

कम्पनीको CPU थान-१ (एक) र PTIPLEX 3020 लेखिएको Dell कम्पनीको CPU थान-१ (एक) फेला पारी प्रहरीले बरामद गरेको चारकिल्ला सहितको बरामदी खानतलासी मुचुल्का ।

३. **बरामदी/खानतलासी मुचुल्काः-**

जिल्ला सुनसरी धरान उप-महानगरपालिका वडा नं. १२ भानुचौक स्थित पूर्वमा निकेतन गल्लीको पक्की सडक बाटो, पश्चिममा भानुचोकबाट भेडेटार (धनकुटा) तर्फ आवात जावत गर्ने पक्की सडक, उत्तरमा न्यू मनकामना बुक्स एण्ड स्टेशनरीको पसल भएको घर र दक्षिणमा सिसम मेडिकल प्रा.लि. भएको पक्की घर यति चारकिल्ला भित्रमा पश्चिम मोहडा भएको ६ तल्ले बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि. को भवन रहेको, सो भवनको पहिलो तल्ला (भुई तल्ला) मा दक्षिण तर्फको कोठामा बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि. संचालनमा रहेको, सोही तल्लाको उत्तर तर्फ बराह डिपाटमेन्ट स्टोर प्रा.लि., दोस्रो तल्लामा भोजपुरी क्लोपिङ प्रा.लि., तेस्रो तल्लामा चाईना संचार, चौथो तल्लामा Bahara Saving &Credit Co-operative society ltd. र शाखा प्रमुखको कार्यालय रहेको, पाँचौ तल्लामा बराह चिल्डेन बल्ड प्रा.लि. र किड्स सैलुन रहेको र छैठो तल्लामा बराह फेम्ली किचेन प्रा.लि. संचालनमा रहेको, उक्त भवनमा अनुसन्धान अधिकृत समेतको टोलीले स्थानीय जनप्रतिनिधी समेतको रोहबरमा कानून बमोजिम पालै पाल तलासी लिदा सहकारी ठगी मुद्दामा प्रमाण लाग्ने निम्नानुसार सामानहरु फेला पारी प्रहरीले बरामद गरी लगेको, बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि. संचालनमा रहेको कोठाको भित्र तर्फ अर्को कोठा रहेको, सो कोठामा रहेको दराज (लक्कर) हरु चाबी बन्द रहेकाले सोही नजिकै रहेको चाबीले खोल्दा चाबी (ताल्चा) नखुलेको, उल्लेखित भवनका सम्पूर्ण कोठाका चाबीहरु लगाई आवश्यक पर्ने ठाउँमा नँया चाबी लगाई नया र पुराना सम्पूर्ण चाबीहरु धरान उप-महानगरपालिका प्रतिनिधी आर्थिक बिकाश महाशाखा प्रमुख भक्तिराज शर्मालाई जिम्मा दिईएको चारकिल्ला सहितको बरामदी खानतलासी मुचुल्का ।

बरामद भएको दशीहरुः-

- CPU थान-१ (एक)
- बराहा डिपार्टमेन्ट स्टोर प्रा.लि.सँग सम्बन्धित कागजात भएको इन्डेक्स थान-१(एक)
- बराहा ज्वेलरी इन्डस्ट्रिज प्रा.लि.सँग सम्बन्धित कागजात भएको इन्डेक्स थान-१(एक)
- बराह भेडेटार मल्टिप्रपोज कम्पनी प्रा.लि.सँग सम्बन्धित कागजात भएको इन्डेक्स थान-१(एक)
- इन्द्र बराह ट्राभल्स एण्ड टुर्स प्रा.लि. सँग सम्बन्धित कागजात भएको इन्डेक्स थान-१(एक)
- भरभाडा कबुलियतामा सम्झौतासँग सम्बन्धित कागजात भएको इन्डेक्स थान-१(एक)
- नियमन्त्रण पत्र फायलसँग सम्बन्धित कागजात भएको इन्डेक्स थान-१(एक)
- बराहा ज्वेलरी तथा कारखाना व्यवस्थापन समितिसँग सम्बन्धित माईनेटिङ रजिष्ट्रर थान-१ (एक)
- बराहा ज्वेलरी इन्डस्ट्रिज प्रा. लि. सँग सम्बन्धित कारवाही टिपोर्ट माईनेटिङ रजिष्ट्रर थान-१ (एक)
- बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेडको सचिवालय समितिसँग सम्बन्धि माईनेटिङ रजिष्ट्रर थान-१(एक)
- बराह ग्रुपसँग सम्बन्धित सचिवालय समितिसँग सम्बन्धि माईनेटिङ रजिष्ट्रर थान-१(एक)
- बराह ग्रुपसँग सम्बन्धित प्रशासन विभाग वैठक पुस्तिका थान-१(एक)
- बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेडको व्यवस्थापन समितको माईनेटिङ रजिष्ट्रर थान-१ (एक)
- बराह भेडेटार मल्टिप्रर्पोज कम्पनी प्रा.लि. साँगुरीगढी-६ धनकुटा लेखिएको छाप थान-१(एक)
- इन्द्र बराहा ट्राभल्स एण्ड टुर्स प्रा.लि.काठमण्डौं लेखिएको छाप थान-१(एक)
- बराहा ज्वेलरी इन्डस्ट्रिज प्रा.लि. शाखा कार्यालय धरान लेखिएको छाप थान-१(एक)
- बराहा फेमिली किचन प्रा.लि. धरान १२ महेन्द्र पथ लेखिएको छाप थान-१(एक)
- बराह बाल संसार लेखिएको छाप थान-१(एक)

४. **बरामदी/खानतलासी मुचुल्काः-**

जिल्ला सुनसरी धरान उप-महानगरपालिका वडा नं.८ भोटेपुल स्थित पूर्वमा लक्ष्मी प्रसाद लिम्बुको घर, पश्चिममा याला क्यास, उत्तरमा धरान धनकुटे सडक, दक्षिणमा NNTC ट्रेनिङ सेन्टर यतिचार किल्ला भित्र उत्तर मोहडा गरेको इट्टा सिमेन्टले बनेको ६ तले भवन रहेको सोही भवनको ग्राउण्ड फ्लोरमा प्रवेश गरी हेर्दा सवारी मोडल:२०१६,इन्जिन नं.2KD-A913792, च्यासिस नं.JTFSS22P500156440 भएको बा.४ ख. ५३४६ नम्वर मिनी बस थान १ (एक), इन्जिन नं.2KD-A914256, च्यासिस नं.JTFSS22P200156671, सवारी मोडल: २०१६ भएको बा.४ ख. ५३४३ नम्वर मिनी बस थान-१ (एक), इन्जिन नं.2KD-A916923,च्यासिस नं.JTFSS22P600157791 सवारी मोडल: २०१६ भएको बा.४ ख. ५६३२ नम्वर मिनी बस थान-१ (एक), इन्जिन नं.497TC93NXY864786, च्यासिस नं.MAT47405188N438335 सवारी मोडल २०१२ भएको को.१ ख. ३७१० नम्वर मिनी ट्रक थान-१ (एक), इन्जिन नं.GHFIM94012, च्यासिस नं.MA12N2GHKG1A12244, सवारी मोडल: २०१६ भएको को.१ ज. २७१४ नम्वर पिकअप बोलेरो थान-१ (एक) रितपूर्वक बरामद गरिएको भन्ने व्यहोरा बरामदी खानतलासी मुचुल्का ।

५. **<u>जाहेरी दरखास्तहरु:-</u>**

बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीका अध्यक्ष मान बहादुर बिश्वकर्मा लगायतका पदाधिकारीहरुले आर्थिक उन्नतीको सहारा, बिश्वास प्रतिक बराह बचत तथा ऋण सहकारी संस्था लि. भन्ने मुल नारालाई प्रचार प्रसारमा ल्याई हामी सर्वसाधारण जनतालाई आफ्नो संस्थामा निक्षेप गराउनको लागि आकर्षक व्याज समेत दिने भनि व्यक्तिगत तवरबाट ललाई फकाई बिश्वास दिलाएकोले हामी जाहेरवालाहरुले बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेडमा खाता खोली बिभिन्न मितिमा रकम बचत गर्दै आएको थियौँ । उक्त सहकारी संस्थामा जम्मा गरेको मौज्दात रकम आफूलाई आवश्यक परेको बखत माग गर्न जाँदा आलटाल गरी फिर्ता दिएका थिएनन् । हाल बुझ्दा सहकारी संस्थाका संचालक/अध्यक्ष मान बहादुर विश्वकर्मा लगायतका पदाधिकारीहरु, कर्मचारीहरु समेतको मिलोमतोमा सहकारीका शेयर सदस्य तथा बचतकर्ताहरुको जम्मा गरेको मौज्दात रकम अपचलन गरेको हुँदा बिपक्षीहरुलाई सहकारी ऐन, २०७४ बमोजिम कार्वाही गरी हाम्रो ***<u>जम्मा रु. ५,८५,९८,७७,७३९।– (पाँच अर्व पचासी करोड अन्ठानब्बे लाख सतहत्तर हजार सात सय उन्नाचालिस रुपैया) रकम</u>*** बिपक्षीहरुबाटै दिलाई भराई पाउँ भनि **शंकर थापा क्षेत्री समेत** ८४ जना, सोही ब्यहोराको चतुरमान राई, सोही ब्यहोराको सुनिता शर्मा, सोही ब्यहोराको हिमराज लिम्बु, सोही ब्यहोराको दिपक राई, सोही ब्यहोराको तेज बहादुर निरौला, सोही ब्यहोराको बलराम राई, सोही ब्यहोराको सुवास साह, सोही ब्यहोराको लाल बहादुर श्रेष्ठ समेत २ जना, सोही ब्यहोराको योगेन्द्र लिम्बु समेत २ जाना, सोही ब्यहोराको बैजयन्तीमाला प्रसाई समेत ११ जना, सोही ब्यहोराको डोर कुमार राई समेत ३५ जना, सोही ब्यहोराको गोमादेवी अधिकारी, सोही ब्यहोराको सारदा अधिकारी, सोही ब्यहोराको अम्बिका घिमिरे समेत ८ जना, सोही ब्यहोराको उदय कुमार श्रेष्ठ समेत २ जाना, सोही ब्यहोराको सुभाष पाङ्ग समेत २० जना, सोही ब्यहोराको कृष्ण बहादुर बिश्वकर्मा समेत २ जाना, सोही ब्यहोराको नेम कुमारी खतिवडा ढकाल, सोही ब्यहोराको कृष्णलाल लिम्बु समेत २ जना, सोही ब्यहोराको नवराज प्रधान समेत २१ जना, सोही ब्यहोराको अनिल वायवा समेत २ जना, सोही ब्यहोराको कमल बहादुर खत्री समेत ५ जना, सोही ब्यहोराको राम कुमार श्रेष्ठ समेत २ जना, सोही ब्यहोराको दुर्गा प्रसाद घिमिरे समेत २ जना, सोही ब्यहोराको ख्याम बहादुर विश्वकर्मा समेत ९ जना, सोही ब्यहोराको नगेन्द्र प्रसाद राना समेत २० जना, सोही ब्यहोराको मदन कुमार राई समेत ११ जना, सोही ब्यहोराको मिरादेवी लोहार समेत २१ जना, सोही ब्यहोराको जमानसिंह राई समेत ११ जना, सोही ब्यहोराको पवित्रा राई समेत २ जना, सोही ब्यहोराको आस बहादुर लिम्बु समेत ३ जना, सोही ब्यहोराको माधव प्रसाद त्रिताल, सोही ब्यहोराको लोक बहादुर कार्की समेत २ जना, सोही ब्यहोराको सर्मिला कुमारी कटुवाल, सोही ब्यहोराको राम बहादुर तामाङ, सोही ब्यहोराको लक्ष्मी देवी राई समेत २२ जना, सोही ब्यहोराको मदन प्रसाद राई समेत ३३ जना, सोही ब्यहोराको सबिता ढकाल समेत १२ जना, सोही ब्यहोराको पोषण खड्का समेत १८ जना, सोही ब्यहोराको सागर सुब्बा माडंमु समेत २८ जना, सोही ब्यहोराको चन्द्रकला भट्टराई समेत ५६ जना, सोही ब्यहोराको सुभद्रा सुवेदी समेत ६ जना, सोही ब्यहोराको जुनु गुरुङ समेत २८ जना, सोही ब्यहोराको रेणुका लिम्बु समेत

२ जना, सोही ब्यहोराको गिता देवी निरौला श्रेष्ठ समेत ४ जना, सोही ब्यहोराको श्रवणध्वज देवान, सोही ब्यहोराको सलिना मास्के समेत २ जना, सोही ब्यहोराको तुलजित राई समेत १० जना, सोही ब्यहोराको कविराज राई, सोही ब्यहोराको नरेश श्रेष्ठ समेत १२७ जना, सोही ब्यहोराको खेमचन्द्र सुवेदी समेत २७ जना, सोही ब्यहोराको गोपाल प्रसाद आचार्य समेत २८ जना, सोही ब्यहोराको बसन्त राई समेत ७ जना, सोही ब्यहोराको लक्ष्मी देवी श्रेष्ठ समेत २८ जना, सोही ब्यहोराको प्रेम बहादुर रायमाझी, सोही ब्यहोराको सम्झना पोखरेल, सोही ब्यहोराको आश्विन भट्टराई, अशोक कुमार श्रेष्ठ, सोही ब्यहोराको ङ्यङुने ल्याहाखाङ गुम्बाका अध्यक्ष लोक बहादुर तामाङ, सोही ब्यहोराको रमेश कुमार मग्राती, सोही ब्यहोराको बालकुमारी पोखरेल, सोही ब्यहोराको लक्ष्मी लिम्बु समेत ११ जना, सोही ब्यहोराको दिल बहादुर कार्की, सोही ब्यहोराको किशोरी कार्की, सोही ब्यहोराको सुमित्रा राई, सोही ब्यहोराको कोपिला राई, सोही ब्यहोराको रविन तामाङ, सोही ब्यहोराको सबिता सुयल समेत १२ जना, सोही ब्यहोराको सुजना श्रेष्ठ समेत ११ जना, सोही ब्यहोराको बलराम राई समेत ३ जना, सोही ब्यहोराको इन्द्र कुमारी लिम्बु समेत ३ जना, सोही ब्यहोराको कुमारी खड्का समेत २ जना, सोही ब्यहोराको नर्वदा तुम्पापो समेत २ जाना , सोही ब्यहोराको रिता बिश्वकर्मा समेत १२ जना, सोही ब्यहोराको मुकुन्द भण्डारी, सोही ब्यहोराको खनमायाँ दाहाल समेत ३ जना, सोही ब्यहोराको कमल कुमार श्रेष्ठ, सोही ब्यहोराको दल बहादुर सार्की समेत ७१ जना, सोही ब्यहोराको देवी मायाँ राई समेत २ जना, सोही ब्यहोराको बंशिधर कट्टेल समेत ८ जना, सोही ब्यहोराको दिल मायाँ लिम्बु समेत २ जना, सोही ब्यहोराको खेमराज श्रेष्ठ समेत २ जना, सोही ब्यहोराको महादेवी श्रेष्ठ समेत ६ जना, सोही ब्यहोराको मेनुका राई समेत २ जना, सोही ब्यहोराको सुविरधन राई समेत १८ जना, सोही ब्यहोराको सन्दिप मादेन , सोही ब्यहोराको भिम कुमारी राई, सोही ब्यहोराको चन्द्र कुमारी बस्नेत कार्की समेत १३ जना, सोही ब्यहोराको निम्नुरी शेर्पा, सोही ब्यहोराको जितेन्द्र कुमार श्रेष्ठ, सोही ब्यहोराको देविका दाहाल समेत २ जना, सोही ब्यहोराको टंक प्रसाद घिमिरे, सोही ब्यहोराको दिल कुमारी लिम्बु (इवाहाङ) समेत ३ जना, सोही ब्यहोराको भक्त बहादुर गुरुङ समेत २ जना, सोही ब्यहोराको निर्मला अधिकारी, सोही ब्यहोराको कालेन्द्र लावती समेत २० जना, सोही ब्यहोराको सन्जिव राई समेत २ जना, सोही ब्यहोराको श्रवण श्रेष्ठ समेत १७ जना, सोही ब्यहोराको कृष्ण कुमार परियार समेत ७२ जना, सोही ब्यहोराको तारा खड्का समेत ७ जना, सोही ब्यहोराको सुवास कर्मचार्य समेत ५ जना, सोही ब्यहोराको सनमायाँ लिम्बु समेत ६ जना, सोही ब्यहोराको लाख बहादुर तामाङ (ब्लोन) समेत १४ जना, सोही ब्यहोराको ढोमा शेर्पा (लुङ्बा), सोही ब्यहोराको बिरेन्द्रराज आचार्य समेत ८ जना, सोही ब्यहोराको रामलाल तामाङ समेत ५६ जना, सोही ब्यहोराको अर्चना श्रेष्ठ समेत १२० जना, सोही ब्यहोराको लेखनाथ लामिछाने समेत १०३ जना, सोही ब्यहोराको चन्द्र कुमार इवाहाङ समेत ९७ जना, सोही ब्यहोराको यासुव तामाङ समेत १०३ जना, सोही ब्यहोराको किरण ताम्राकार समेत १४१ जना, सोही ब्यहोराको लुद्र प्रसाद इवाहाङ लिम्बु, पवन कुमार शर्मा समेत २५ जना, सोही ब्यहोराको ललिताकुमारी यादव समेत १३ जना, सोही ब्यहोराको गोपाल प्रसाद पोखरेल, सोही ब्यहोराको देउमान लिम्बु समेत ०७ जना, सोही ब्यहोराको चन्द्र कुमार राई समेत ०३ जना, सोही ब्यहोराको मिन कुमारी कुरुम्वङ्ग लिम्बु समेत ०७ जना, सोही ब्यहोराको बासुदेव अधिकारी, सोही ब्यहोराको धनकुमार श्रेष्ठ, सोही ब्यहोराको सन्जयहाङ लिम्बु समेत ०६ जना, सोही ब्यहोराको लक्ष्मी देवी ताम्राकार, सोही ब्यहोराको गजेन्द्र बहादुर श्रेष्ठ, सोही ब्यहोराको दिपक श्रेष्ठ समेत १७५ जना, सोही ब्यहोराको दिल बहादुर राई समेत १०२ जना, सोही ब्यहोराको हर्क बहादुर खड्का समेत ०३ जना, सोही ब्यहोराको पार्वती राई समेत ५ जना , सोही ब्यहोराको मन्जु कुमारी श्रेष्ठ समेत ०४ जना, सोही ब्यहोराको तारादेवी ताम्राकार समेत १२४ जना, सोही ब्यहोराको चन्द्र नारायण पलिखे समेत ०२ जना, सोही ब्यहोराको बिशाल मगर समेत १०० जना, सोही ब्यहोराको कुसुम कुमार राई समेत ५५ जना, सोही ब्यहोराको ललित चन्द्र राई समेत ०७ जना, सोही ब्यहोराको सुरेश रसाइली समेत २१ जना, सोही ब्यहोराको बुद्ध कुमार समाल समेत ०६ जना, सोही ब्यहोराको आइन्द्र बिक्रम लमसम समेत १३ जना, सोही ब्यहोराको भिम बहादुर भन्ने राजेन्द्र राई, सोही ब्यहोराको प्रवचन राई समेत ०५ जना, सोही ब्यहोराको जित बहादुर राई समेत ०५ जना, सोही ब्यहोराको देवा कुमारी श्रेष्ठ समेत ३६ जना, सोही ब्यहोराको इन्द्र लक्ष्मी राई समेत २५ जना, सोही ब्यहोराको मिना कुमारी राई समेत ३८ जना, सोही ब्यहोराको

दिल कुमारी लिम्बु, सोही ब्यहोराको रोहित कुमार मास्के समेत १६ जना, सोही ब्यहोराको सरण राई समेत २१ जना, सोही ब्यहोराको गोविन्द पाठक, सोही ब्यहोराको नैना परियार समेत ४० जना, सोही ब्यहोराको कमल प्रसाद ओझा, सोही ब्यहोराको रत्न प्रसाद आचार्य समेत ०२ जना, सोही ब्यहोराको मुकेशराज पाण्डे, सोही ब्यहोराको तुलसी कटेल, सोही ब्यहोराको युवराज अधिकारी, सोही ब्यहोराको गोमा राई समेत ०२ जना, सोही ब्यहोराको सन्तोष मादेन, सोही ब्यहोराको प्रितामायाँ राई समेत १६ जना, सोही ब्यहोराको अनन्त कुमारी नेम्वाङ समेत २६ जना, सोही ब्यहोराको टंक बहादुर आले मगर समेत ११६ जना, सोही ब्यहोराको निरु सिटौला समेत ७५ जना, सोही ब्यहोराको ललिता राई समेत १२६ जना, सोही ब्यहोराको टिकाराम खत्री, सोही ब्यहोराको अनुराधा सुनुवार समेत ०७ जना, सोही ब्यहोराको इन्द्र कुमारी श्रेष्ठ समेत ०७ जना, सोही ब्यहोराको टंकमायाँ पोखरेल समेत ०३ जना, सोही ब्यहोराको किरण लक्ष्मी शंकर, सोही ब्यहोराको फुलसरी राई समेत ०७ जना, सोही ब्यहोराको जगतमान राई समेत ०८ जना, सोही ब्यहोराको आशा बि.क. समेत ०८ जना, सोही ब्यहोराको अमृत राई समेत १० जना, सोही ब्यहोराको सुमित्रा श्रेष्ठ समेत ०९ जना, सोही ब्यहोराको रोशन कुमार राई समेत १४ जना, सोही ब्यहोराको मनिराज श्रेष्ठ, सोही ब्यहोराको तेन्जिङ तामाङ, सोही ब्यहोराको कल्पना शाह, सोही ब्यहोराको पुष्पदेवी प्रधान समेत १०९ जना, सोही ब्यहोराको शिरमायाँ तामाङ समेत २० जना, सोही ब्यहोराको गिता ढकाल समेत ०६ जना, सोही ब्यहोराको सलिना सुब्बा समेत १० जना, सोही ब्यहोराको निर्मला गौतम समेत ०४ जना, सोही ब्यहोराको कल्पना राई समेत ०४ जना, सोही ब्यहोराको सपनि मग्रान्ती समेत ०६ जना, सोही ब्यहोराको अदिति कट्टेल समेत ०३ जना, सोही ब्यहोराको भद्रिका देवी अर्याल समेत ०६ जना, सोही ब्यहोराको मकरजंग लिम्बु समेत ०३ जना, सोही ब्यहोराको सुकमनी राई समेत ०४ जना, सोही ब्यहोराको उर्मिला भुजेल समेत ०६ जना, सोही ब्यहोराको डम्बर कुमारी जोगी समेत ०८ जना, सोही ब्यहोराको डम्बर कुमारी मगर ०६ जना, सोही ब्यहोराको मिना गुरुङ समेत ०६ जना, सोही ब्यहोराको तारा पाँचकोटी समेत ०५ जना, सोही ब्यहोराको पिंकी अग्रवाल समेत ०५ जना, सोही ब्यहोराको मन्जु शेर्पा समेत १९ जना, सोही ब्यहोराको रण बहादुर थापा समेत ०२ जना, सोही ब्यहोराको फुङमायाँ कार्की, सोही ब्यहोराको चक्रबिर राई समेत ०२ जना, सोही ब्यहोराको फुल मायाँ गुरुङ, सोही ब्यहोराको गोविन्द खड्का, सोही ब्यहोराको सम्झना दाहाल, सोही ब्यहोराको आलोक कुमार शाह, सोही ब्यहोराको डमर कुमारी मगर समेत १५ जना , सोही ब्यहोराको पुजा तामाङ, सोही ब्यहोराको कृष्ण राज लिम्बु समेत २१ जना, सोही ब्यहोराको मन कुमारी पाख्रिन समेत ४५ जना, सोही ब्यहोराको मेनुका गुरुङ समेत ५३ जना , सोही ब्यहोराको बालकुमारी श्रेष्ठ समेत १८ जना, सोही ब्यहोराको भवानी लावती समेत १२ जना, सोही ब्यहोराको पुजा तामाङ, सोही ब्यहोराको बुद्धिमान बिश्वकर्मा समेत ३९ जना, सोही ब्यहोराको रण बहादुर तामाङ समेत १४ जना, सोही ब्यहोराको बिजय कुमार राई समेत १४ जना, सोही ब्यहोराको ध्रुव कुमार श्रेष्ठ समेत ६४ जना, सोही ब्यहोराको अन्जु शाक्य, सोही ब्यहोराको प्रकाश खड्का समेत ०७ जना, सोही ब्यहोराको धन कुमारी राई, सोही ब्यहोराको महेश राई समेत ०५ जना, सोही ब्यहोराको गोरी मायाँ लिम्बुनी समेत १४ जना, सोही ब्यहोराको बिनु श्रेष्ठ (गुरुङ) समेत ०९ जना, सोही ब्यहोराको राधिका देवी अधिकारी, सोही ब्यहोराको यम कुमार लम्बा लिम्बु समेत १५३ जना, सोही ब्यहोराको मनिषा क्षेत्री समेत ०९ जना, सोही ब्यहोराको सुस्मा खड्का समेत ०२ जना, सोही ब्यहोराको बुधराज कटेल, सोही ब्यहोराको बिमला सुब्बा लिम्बु समेत ०९ जना, सोही ब्यहोराको सज्जाद अनवर समेत ०४ जना, सोही ब्यहोराको हिम कुमारी तामाङ, सोही ब्यहोराको सुनिता भुजेल २६ जना, सोही ब्यहोराको निङ्गाकाजी शेर्पा समेत २२ जना, सोही ब्यहोराको रोशन गुरुङ समेत ३३ जना , सोही ब्यहोराको सर्मिला नेम्वाङ समेत १५ जना , सोही ब्यहोराको पुजा राई समेत ११ जना, सोही ब्यहोराको सुरज श्रेष्ठ समेत ७६ जना, सोही ब्यहोराको माल सरी राई समेत १५ जना, सोही ब्यहोराको चेली राई समेत ३३ जना, सोही ब्यहोराको सरिता देवी चौधरी, सोही ब्यहोराको निशा राई समेत ५७ जना, सोही ब्यहोराको प्रतिमा पोखरेल समेत ८५ जना, सोही ब्यहोराको एलिना सुन्दास समेत ४० जना , सोही ब्यहोराको सागर प्रसादई, सोही ब्यहोराको इजाक खड्का, सोही ब्यहोराको सस्मिता थापा, सोही ब्यहोराको मिना राई, सोही ब्यहोराको राज कुमार श्रेष्ठ, सोही ब्यहोराको विपना श्रेष्ठ १० जना, सोही ब्यहोराको भद्र मायाँ बिश्वकर्मा, सोही ब्यहोराको टेक बहादुर तामाङ, सोही ब्यहोराको दिब्यरुपा सुवाल श्रेष्ठ

समेत ०९ जना, सोही ब्यहोराको अमृत मायाँ सुनुवार समेत ०३ जना, सोही ब्यहोराको ललित बहादुर लिम्बु समेत ०३ जना, सोही ब्यहोराको मिङ्मा शेर्पा, सोही ब्यहोराको सोनिया श्रेष्ठ, सोही ब्यहोराको सुनिता लिम्बु समेत ११ जना, सोही ब्यहोराको कमल प्रसाद लिम्बु समेत १९ जना, सोही ब्यहोराको सुमन ढकाल समेत २६ जना, सोही ब्यहोराको पाल्मु छिरिङ लामा समेत २६ जना, सोही ब्यहोराको देविका राई समेत ०३ जना, सोही ब्यहोराको सविन लिम्बु, सोही ब्यहोराको दिल कुमारी राई , सोही ब्यहोराको मनोज राई, सोही ब्यहोराको रमेश कार्की, सोही ब्यहोराको मेघनाथ थापा, सोही ब्यहोराको नरी मायाँ मगर समेत ३३ जना, सोही ब्यहोराको बिर बहादुर राई समेत १७ जना, सोही ब्यहोराको दिल कुमार राई समेत २१ जना, सोही ब्यहोराको सुनिता तामाङ समेत २४ जना, रत्नबहादुर रम्तेल, सरोज श्रेष्ठ समेत १० जना समेत **जम्मा ४१६८ जनाले** दिएको किटानी जाहेरी दरखास्तहरु ।

६. **<u>प्र.नि. दिनेश अधिकारी समेतको प्रहरी प्रतिवेदनः-</u>**

शंकर थापा क्षेत्री समेतको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी मान बहादुर बिश्वकर्मा समेत भएको सहकारी ठगी सम्बन्धी कसूर मुद्दाको अनुसन्धान तथा कारवाहीको सिलसिलामा हालसम्म संकलित कागजातहरुबाट सहकारी संस्थाको बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानविन बिशेष समितिको प्रतिवेदनमा बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीको आर्थिक वर्ष २०७९/०८० सालको लेखा परीक्षण प्रतिवेदनमा बचत संकलन जम्मा रु. ६५,५१,४६,७४३.७३।–(पैसठ्ठी करोड एकाउन्न लाख छयालिस हजार सात सय त्रिचालीस रुपैया त्रीहत्तर पैसा) देखिएकोमा संस्थाबाट मिति २०८१/०४/३० गते प्राप्त बिवरणमा बचत संकलन रु. ६८,८३,१०,८१६.१७।–(अढसठ्ठी करोड त्रिरासी लाख दश हजार आठ सय सोह्र रुपैया सत्र पैसा) पुगेको देखिन्छ, सोही संस्थाका अध्यक्ष मान बहादुर विश्वकर्माले मिति २०८१ साउन ३२ गते संसदिय छानविन समिति समक्ष गरेको सोधपुछमा हाल सहकारीमा जम्मा बचत रु. ९,४७,८१,८५,१०९।–(नौ अर्ब सढ्चालीस करोड एकासी लाख पचासी हजार एक सय नौ रुपैया) रहेको उल्लेख भएको छ । यसबाट संस्थाको बचत संकलनमा ठुलो रकमको फरक देखिन आएको छ । सो सोधपुछमा उल्लेखित रकमका हकमा संस्थामा जम्मा भएको बचत रकम भन्दा बढी रकम बराह ज्वेलर्स इण्ड्रस्टिज प्रा.लि.का.विशेष बचतकर्ताहरुको बचत रहेको व्यहोरा उल्लेख भएबाट सोधपुछमा उल्लेखित रकम र सहकारीको बित्तीय बिवरणमा रहेको बचत रकममा फरक देखिन आउँछ भनि उल्लेख भएको देखिन्छ, प्रदेश सहकारी रजिष्ट्रार तथा प्रशिक्षण कार्यालय, कोशी प्रदेश कार्यालय सुनसरीको पत्रसाथ खटिनु भएका प्रज्वल अधिकारी (FCA) ले पेश गरेको प्रारम्भिक प्रतिवेदनमा बराह बचत तथा ऋण सहकारी संस्था लि.मा प्रयोगमा रहेको सफ्टवेयर (Software) Cosys तथा बराह ज्वेलरीमा प्रयोगमा रहेको सफ्टवेयर (Software) Gateway मा रहेका डाटाको आजकै मितिमा गरिएको प्रारम्भिक अध्ययनका क्रममा सहकारीमा रु. ११८ करोड बाह्य दायित्व तथा ज्वेलरीमा लगभग ९४५ करोडको बाह्य दायित्व हिसाब देखिएको छ । सहकारीबाट रु. ४० करोड प्रत्यक्ष रुपमा जाहेरीकर्ताद्धारा उल्लेख गरिएका निकायमा लगानी भएको सहकारीको बार्षिक प्रतिवेदनमा स्पष्ट नै छ । त्यस्तै, ज्वेलरीको हिसाबमा बचतमा रहेको रकम रु. ९४५ करोड मध्ये रु.२७ करोड जाहेरीमा रहेका कम्पनी तथा विदेश (दुबई, हङकङ) मा लगानी गरेको सफ्टवेयर (Software) Gateway मार्फत देखियो र बाकी रु.९१८ करोडको हाल सम्म कुनै विवरण प्राप्त हुन सकेको छैन । यो संगै सहकारीको पासबुक मार्फत ज्वेलरीमा प्रत्यक्ष बचत संकलन गरी, साङ्गठनिक रुपमा निजी कम्पनी तथा विदेशमा समेत रकम परिचालन गरेको जस्तो देखियो । यसरी संचालक तथा जिम्मेवार कर्मचारीहरुले बृहत रुपमा बचतकर्ताको हितमा नभई, अनुचित आर्थिक लाभको लागि समुह गठन गरी सङ्गठित एवम् पृथक रुपमा रकमहरु अपचलन गरेको देखिन आएको भन्ने समेत उल्लेख भएको देखिन्छ । त्यसै गरी संचालक समितिका पदाधिकारीहरु तथा कर्मचारीहरुले सहकारी संस्थाको स्वामित्वमा रहेको सम्पत्तीबाट घर जग्गा खरिद गरी आफू तथा आफू अनुकुलका मानिसहरुको नाममा दर्ता कायम गरी राखेको खुल्न आएको, सहकारी संस्थाको मुख्य जिम्मेवारीमा रहेका संचालक समितिका पदाधिकारीहरु तथा कर्मचारीहरुले आफूहरुले लिने खान उद्देश्यले बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीको नामबाट ग्राहकहरुलाई पासबुक बितरण गरी सहकारी संस्थामा रकम बचत नगराई बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि. धरान सुनसरीमा प्रयोग गरेको

सफ्टवेयर System मा इन्ट्री गरी रकम बचत गर्न लगाई सोही रकम आफूहरुले नै संचालन गरेको नेपाल तथा बिदेशमा रहेका बिभिन्न कम्पनीहरु, आफू तथा आफू अनुकुलका व्यक्तिहरुको नाउँमा बिनाधितो ठुलो परिमाणमा कर्जा प्रवाह गरी खाई मासेको देखिएको हुँदा माथी उल्लेखित आधार प्रमाणहरुबाट सहकारी संस्था, कम्पनीका संचालक तथा जिम्मेवार कर्मचारीहरुले जनताको हित गर्न नभई आर्थिक लाभको लागि बृहत रुपमा समुह गठन गरी संगठित एंव पृथक रुपमा रकमहरु हिनामिना/अपचलन गरी आपराधिक लाभ लिएको देखिन आएको हुँदा प्रस्तुत मुद्दामा **संगठित अपराध (निवारण) ऐन, २०७० बमोजिम** अनुसन्धान तथा कारवाही गरी पाउन यो प्रतिवेदन लेखि पेश गरेको छौ, कानून बमोजिम होस् भन्ने समेत व्यहोराको प्र.नि. दिनेश अधिकारी समेतको प्रतिवेदन ।

७. **पक्राउ प्रतिवादी जतन माया विश्वकर्माले गरेको बयानः-**

मैले पहिले व्यापार व्यबसाय गरेको भए तापनि हाल गृहणी हुँ । सासुआमा कालीमाया विश्वकर्मा बृद्ध भएकोले घरमा नै बस्दै आउँनु भएको छ । ***श्रीमान् मान बहादुर बिश्वकर्मा*** व्यापार व्यबसाय तथा बराह बचत तथा ऋण सहकारी संस्थाको अध्यक्ष/संचालक हुनु हुन्छ भने सोही संस्थासँग सम्बन्धित अन्य कम्पनीहरु समेतमा संचालक समितिमा रहनु भएको छ । जेठो छोरा संयोग विश्वकर्मा हुन । निज बैदेशिक रोजगारीको लागी कुवेत गई हाल घरमा बसिरहेका छन् । कान्छो छोरा जस्बिन विश्वकर्मा हुन । निज अध्ययन गर्दै आएका छन । छोरी लक्ष्मी विश्वकर्मा अध्ययन गर्दै आएकी छिन । बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरी के-कहिले स्थापना भएको र के-कुन प्रकारका सेवाहरु प्रबाह हुँदै आएका छन मलाई एकिन भएन । सहकारी संस्था लिमिटेड धरान सुनसरी अन्तर्गत शाखाहरु संचालनमा रहे/नरहेको सम्बन्धमा मलाई थाहा भएन । संस्था दर्ता भए देखि हालसम्म म कुनै पनि किसिमको जिम्मेवारीमा छैन । सहकारी संस्थामा कार्यरत कर्मचारीहरु, संचालक समितिका पदाधिकारीहरु, लेखा समितिका व्यक्तिहरु, ऋण उप-समिति र शिक्षा उप-समितिमा को को रहेका छन् मलाई थाहा भएन । तर उक्त सहकारी संस्थामा मेरो श्रीमान मान बहादुर बिश्वकर्मा संचालक समितिको अध्यक्ष/संचालक रहनु भएको छ । उक्त सहकारी संस्थाबाट संचालक समितिका पदाधिकारीहरु, लेखा सुपरिवेक्षक समिति, कर्जा उप-समिति र कर्मचारीहरु के-कसरी नियुक्ती गर्दै आएका छन मलाई थाहा भएन । सहकारी संस्थाबाट संचालनमा रहेका खाताहरुको सम्बन्धमा मलाई केही पनि थाहा छैन । सहकारी संस्था संचालनमा रहेका भवन तथा जग्गाहरु को-कसको नाममा रहेको छ मलाई थाहा भएन । सहकारी संस्थाको नाममा अन्य के-कुन ठाउँमा के-कति जग्गा जमिनहरु रहेका छन् मलाई एकिन भएन । सहकारी संस्थाबाट लगानी हुँदै आएको ऋणको सम्बन्धमा मलाई थाहा छैन । सहकारी संस्थाको दायित्व रकम, ऋण लगानी लगायतको बिषयमा मलाई थाहा भएन । मैले सहकारी संस्थाबाट ऋण रकम लिएको छैन । संस्थामा मेरो मुद्दती खातामा रु.५०,००,०००।–(पचास लाख) रकम जम्मा रहेको छ । बचत रकम पनि जम्मा गरेको छु । तर के कति रकम जम्मा रहेको छ मलाई एकिन भएन । सहकारी संस्थामा भएको मेरो खाता नं. मलाई थाहा भएन । बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरी तथा बराह ज्वेलरी इण्ड्रस्टिज प्रा.लि. को म कुनै पनि जिम्मेवारीमा नरहेको हुँदा सहकारी संस्था तथा बराह ज्वेलरीबाट भएको सम्पूर्ण आर्थिक कारोवारको बिषयमा मलाई कुनै पनि जानकारी छैन । बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीमा आबद्ध ग्राहकहरुको रकम हिनामिना भएको सम्बन्धमा मलाई थाहा भएन । मैले बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरानको रकम हिनामिना/अपचलन गरेको छैन । म उपर के-कति कारणले किटानी जाहेरी दरखास्त दिएका हुन मलाई थाहा भएन । मैले बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान तथा सोही सहकारी संस्थासँग आबद्ध अन्य कम्पनीहरुबाट ऋण रकम लिएको छैन । बराह ग्रुप अन्तर्गत संचालनमा रहेका सहकारी संस्था तथा कम्पनीहरुमा म कुनै पनि जिम्मेवारीमा छैन । त्यस कारण सहकारी संस्था तथा कम्पनीहरुको बिषयमा कुनै किसिमको जानकारी मलाई छैन । ***मेरो श्रीमान मान बहादुर बिश्वकर्माले जिल्ला मोरङ डांगीहाट ७ (क) मा कि.न. ६८७ र ६८६ मा क्षेत्रफल ८४२३.६६ वर्ग मिटर जग्गा खरिद गरी मेरो नाममा राजिनामा पास गरेका छौँ ।*** उक्त जग्गा खरिद गर्न श्रीमान मान बहादुर बिश्वकर्माले रकम के-कँहाबाट आम्दानी गर्नु भयो मलाई थाहा भएन । हाल उक्त जग्गाहरु रोक्का रहेका छन । ***मेरो जिल्ला सुनसरी धरान उप-महानगरपालिका वडा नं. ११ मा करिब***

१३ धुर र ऐ. वडा नं. ८ स्थितमा ५ धुर जग्गा जमिन रहेको छ । उक्त जग्गा जमिनको कित्ता नं. मलाई एकिन भएन । उल्लेखित जग्गा समेत मेरो श्रीमानले खरिद गरी मेरो नाममा राजिनामा पास गरी दिनु भएको हो । ***हाम्रो जिल्ला सुनसरी धरान उप-महानगरपालिका वडा नं. ११ स्थितमा करिब १२ धुर ऐलानी जग्गा रहेकोले सोही जग्गामा घर बनाएका थियौ ।*** पछी सहकारी संस्थाको ग्राहक कमला राईले उल्लेखित घर जग्गा कब्जामा लिई बसोबास गर्दै आएकी छिन । निज कमला राईको तीनपुस्ते बिवरण मलाई थाहा भएन । उक्त जग्गा खरिद गर्न तथा घर बनाउन श्रीमान मान बहादुर बिश्वकर्माले रकम के-कहाबाट आम्दानी गर्नु भयो मलाई थाहा भएन । ***मेरो श्रीमान मान बहादुर बिश्वकर्माको नाममा बिभिन्न ठाउँहरुमा जग्गा जमिनहरु रहेका छन् । मलाई थाहा भए अनुसार उक्त जग्गाहरु बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड तथा सो सँग सम्बन्धित कम्पनीहरुको जग्गाहरु हुन*** । के-कति कारणले मेरो श्रीमानले आफ्नो नाममा जग्गा राख्नु भएको हो मलाई थाहा भएन । हाम्रो पैतृक सम्पत्ती केही पनि छैन भन्ने समेत व्यहोराको प्रतिवादी जतन माया विश्वकर्माले गरेको बयान ।

८. **पक्राउ प्रतिवादी सरिता (कालिकोटे) वि.क.ले गरेको बयानः-**

घरमा म लगायत ससुराबुवा कर्ण बहादुर विश्वकर्मा, श्रीमान **गंगा बहादुर बिश्वकर्मा,** छोरी एलिजा कालीकोटे र छोरा एलिस कालिकोटे गरी जम्मा ५ जनाको परिवार संख्या छ । म गृहणी हुँ । ससुरा बुवा घरमा नै बस्नु हुन्छ । श्रीमान बराह बचत तथा ऋण सहकारी संस्थामा संचालक समिति सदस्य तथा कर्जा उप-समिति संयोजक रहनु भएको छ । ***मेरो श्रीमानका भाईहरु कुमार बि.क. र प्रतिक कालिकोटे रहेका छन । निजहरु छुट्टभिन्न भई अलग बस्दै आएका छन । निजहरु दुवै जना बराह बचत तथा ऋण सहकारी संस्था धरान सुनसरी तथा सो अन्तर्गतका कम्पनीहरुमा आवद्ध रहेका छन भन्ने थाहा थियो*** तर के कुन जिम्मेवारीमा थिए सो सम्वन्धमा मलाई थाहा भएन । हामी घर परिवारको अन्य आम्दानीको श्रोतहरु केही पनि छैन । बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरी के-कहिले स्थापना भएको र के-कुन प्रकारका सेवाहरु प्रबाह हुँदै आएका छन मलाई थाहा भएन । सहकारी संस्था लिमिटेड धरान सुनसरी अन्तर्गत शाखाहरु संचालनमा रहे/नरहेको सम्बन्धमा मलाई थाहा भएन । सहकारी संस्था दर्ता भए देखि हालसम्म म कुनै पनि किसिमको जिम्मेवारीमा छैन । सहकारी संस्थामा कार्यरत कर्मचारीहरु, संचालक समितिका पदाधिकारीहरु, लेखा समितिका व्यक्तिहरु, कर्जा उप-समिति, शिक्षा उप-समितिमा को को रहेका छन् मलाई थाहा भएन । तर ***उक्त सहकारी संस्थामा मेरो श्रीमान गंगा बहादुर कालिकोटे संचालक समितिको सदस्य र कर्जा उप-समितिको संयोजक पदको जिम्मेवारीमा रहनु भएको छ*** । उक्त सहकारी संस्थाबाट संचालक समितिका पदाधिकारीहरु, लेखा सुपरिबक्षक समिति, शिक्षा उप-समिति र कर्मचारीहरु के-कसरी नियुक्ती गर्दै आएका छन मलाई थाहा भएन । सहकारी संस्थाबाट संचालनमा रहेका खाताहरुको सम्बन्धमा मलाई केही पनि थाहा छैन । सहकारी संस्था संचालनमा रहेका भवन तथा जग्गाहरु को कसको नाममा रहेको छ मलाई थाहा भएन । सहकारी संस्थाको नाममा अन्य के-कुन ठाउँमा के-कति जग्गा जमिनहरु रहेका छन् मलाई एकिन भएन । सहकारी संस्थाबाट लगानी हुँदै आएको ऋणको सम्बन्धमा मलाई थाहा छैन । संस्थामा म कुनै पनि जिम्मेवारीमा नरहेको हुँदा सहकारी संस्थाको दायित्व रकम, ऋण लगानी लगायतको बिषयमा मलाई थाहा भएन । बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीमा मेरो बचत तथा शेयर रकम छैन । म बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरी तथा बराह ज्वेलरी इण्ड्रस्टिज प्रा.लि. को कुनै पनि जिम्मेवारीमा नरहेको हुँदा सहकारी संस्था तथा बराह ज्वेलरीबाट भएको सम्पूर्ण आर्थिक कारोवारको बिषयमा मलाई कुनै पनि जानकारी छैन । मलाई बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान र सो संग सम्बन्धित अन्य कम्पनीहरुको कारोवारको बिषयमा कुनै पनि जानकारी छैन । बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीमा आबद्ध ग्राहकहरुको रकम हिनामिना भएको सम्बन्धमा मलाई थाहा भएन । म उपर के-कति कारणले किटानी जाहेरी दरखास्त दिएका हुन मलाई थाहा भएन । मैले बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान तथा सोही सहकारी संस्थासँग आबद्ध अन्य कम्पनीहरुबाट ऋण रकम लिएको छैन । बराह ग्रुप अन्तर्गत संचालनमा रहेका सहकारी संस्था तथा कम्पनीहरुमा म कुनै पनि जिम्मेवारीमा छैन । त्यस कारण सहकारी संस्था तथा कम्पनीहरुको बिषयमा

कुनै किसिमको जानकारी छैन । ***मेरो श्रीमान गंगा बहादुर कालिकोटेले जिल्ला सुनसरी साविक धरान उप-महानगरपालिका वडा नं. १० (ग) मा कि.न. ९३२ र ९३४ को क्षेत्रफल ४४०.२३ वर्ग मिटर जग्गा खरिद गरी मेरो नाममा राजिनामा पास गरेका छौँ***। उक्त जग्गा खरिद गर्न श्रीमान गंगा बहादुर कालिकोटेले रकम के-कहाबाट आम्दानी गर्नु भयो मलाई थाहा भएन । उक्त जग्गा के-कति रकममा खरिद गर्नु भएको हो मलाई थाहा भएन । हाल उक्त जग्गा बराह बचत तथा ऋण सहकारी संस्थाबाट रोक्का रहेको छ । ***मेरो श्रीमान गंगा बहादुर कालिकोटेको नाममा जिल्ला ईलाम साविक चुलाचुली-१(ग) मा कि.न. ५५० मा क्षेत्रफल १६९३.१५ वर्ग मिटर जग्गा जमिन छ*** । मलाई थाहा भए अनुसार उक्त जग्गा बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेडको जग्गा हो । के-कति कारणले मेरो श्रीमानले आफ्नो नाममा राख्नु भएको हो मलाई थाहा भएन भन्ने समेत व्यहोराको प्रतिवादी सिता कालिकोटे वि.क.ले गरेको बयान ।

९. **पक्राउ प्रतिवादी अस्मिता भण्डारीले गरेको बयानः-**

मैले करिव ३ वर्ष बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीमा ग्राहक सेवा (Customer Care) शाखामा कार्यरत रही हाल छाडी घरमा नै बसोबास गर्दै आएको छु । बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरी २०६६ सालमा स्थापना भएको हो । सो संस्थाबाट बचत संकलन तथा भुक्तानी, ऋण प्रबाह, ऋण असुली, शेयर बितरण लगायतको आर्थिक कारोबार हुँदै आएको थियो । बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरी अन्तर्गत अन्य शाखाहरु संचालनमा रहेका छैनन् । म २०७६ साल देखि सहकारी संस्थामा ग्राहक सेवा (Customer Care) शाखामा कामकाज गर्दै आएको छु । तर मलाई मासिक तलब भने बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि. धरान सुनसरीले दिने गरेको छ । मेरो नियुक्ती समेत सोही प्रा.लि. गरेको हो । मिति २०७७ सालमा मलाई थाहा जानकारी नदिई बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीको कर्जा उप-समिति सदस्यमा मनोनित गरेका रहेछन । बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीको संचालक समितिका पदाधिकारीहरु प्रायःफेरबदल भई रहेका छन । पुराना पदाधिकारीहरुको एकिन नामथर थाहा भएन । हाल यस प्रकार रहेका छौँ । (क) ***अध्यक्ष/संचालक मान बाहदुर बिश्वकर्मा (ख) उपाध्यक्ष बिष्णुमाया विश्वकर्मा (हाल मृत्यु भई सकेको) (ग) सदस्य गंगा बहादुर कालिकोटे (घ) सदस्य बिष्णु कुमारी तुलाधर (ङ) सदस्य अम्बर बहादुर विश्वकर्मा (च) सदस्य शुभराज खाती (छ) सदस्य फुल माया राई रहेका छन । लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरु (क) संयोजक सुमिन भन्ने सुदिन वि.क. (ख) सदस्य सर्मिला ताम्राकार (ग) सदस्य कुमार दुतराज वि.क. भन्ने कुमार वि.क. रहेका छन । कर्जा उप-समितिका पदाधिकारीहरु (क) संयोजक गंगा बहादुर कालिकोटे (ख) सदस्य म अस्मिता भण्डारी (ग) सदस्य श्रीमान महत क्षेत्री रहेका छन भने शिक्षा उप-समितिका पदाधिकारीहरु (क) संयोजक शुभराज खाती (ख) सदस्य विनिता तुलाधर (ग) सदस्य कुमार कालिकोटे रहेका छन । सहकारी संस्थामा रहेका कर्मचारीहरु (क) व्यबस्थापक दातेन्जी शेर्पा (ख) लेखापाल हिम प्रसाद आँखेवा (ग) लेखापाल अपना श्रेष्ठ (हाल व्यबस्थापक) (घ) कम्प्यूटर अपरेटर सुजन प्रधान (ङ) कम्प्यूटर अपरेटर भावना राई (च) कम्प्यूटर अपरेटर चन्द्र कला राई (छ) अपरेटर दिबिया खड्का (ज) कम्प्यूटर अपरेटर बिजेता तुलाधर (झ) फुल माया राई रहेका छन*** । म आफू कार्यरत रहनु भन्दा अगाडीका कर्मचारीहरुको सम्बन्धमा मलाई थाहा भएन । मलाई साधारण सभाबाट ***सहकारी संस्थाको कर्जा उप-समितिको सदस्यको जिम्मेवारी*** दिए तापनि संस्थाबाट हुने बैठक, वार्षिक साधारण सभा समेतमा मलाई उपस्थित हुन दिने गरेका थिएनन् । तर ***कहिले काही बैठकको माईनेटिङमा भने दस्तखत गराउने गरेका थिएँ*** । म सहकारी संस्थामा ग्राहक सेवा (Customer Care) शाखामा कार्यरत रहेको कारण सहकारी संस्थामा जानकारी लिनको लागि आएका ग्राहकहरुलाई जानकारी गराउने, नँया खाता खोल्न आउने ग्राहकको फर्म भरी दिने जस्ता कामकाज गर्दै आएको थिएँ । त्यसपछि सहकारी संस्थाबाट रकम हिनामिना/अपचलन हुन थालेको भनि ग्राहकहरु आउँन छाडे पछी मैले ग्राहक सेवा (Customer Care) बाट तत्काल राजिनामा दिई स्वीकृत भए पश्चात सहकारी संस्थामा कामकाज गर्न छाडेको हुँ । उक्त सहकारी संस्थाबाट संचालक समितिका पदाधिकारीहरु, लेखा सुपरिवेक्षक समिति, कर्जा उप-समिति, शिक्षा उप-समिति र कर्मचारीहरु के-कसरी

नियुक्ती गर्दै आएका छन मलाई थाहा भएन । सहकारी संस्थामा म ग्राहक सेवा (Customer Care) शाखामा कार्यरत रहेको कारण सहकारी संस्थाबाट हुने नगद कारोबार, सहकारी संस्थाबाट संचालनमा रहेका खाताहरुको सम्बन्धमा मलाई केही पनि थाहा छैन । मेरो दस्तखतबाट संचालन हुने खाताहरु छैनन् । संस्था तथा अन्य कम्पनीहरु संचालनमा रहेका भवन र जग्गाहरु को-कसको नाममा दर्ता रहेको छ मलाई थाहा भएन । सहकारी संस्था तथा अन्य कम्पनीहरुको नाममा अन्य के-कुन ठाउँमा के-कति जग्गा जमिनहरु रहेका छन् मलाई एकिन भएन । सहकारी संस्थाबाट लगानी हुँदै आएको ऋणको सम्बन्धमा मलाई थाहा छैन । म कर्जा उप-समितिको सदस्य भए तापनि सहकारी संस्थाबाट कर्जा प्रवाह हुँदा हामीलाई कुनै पनि जानकारी हुने गरेको थिएन । त्यस कारण सहकारी संस्थाबाट लगानी हुँदै आएको ऋणको सम्बन्धमा मलाई थाहा छैन । बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीको दायित्व रकम, ऋण लगानी लगायतको बिषयमा मलाई थाहा भएन । मैले सहकारी संस्थाबाट ऋण रकम लिई समयमा नै चुक्ता गरी सकेको छु । बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीमा मेरो आमा मिनु भण्डारीको खाता नं. C-01-2018 मा रु. ६,७३,२६०।–(छ लाख त्रीहत्तर हजार दुई सय साठ्ठी रुपैया) जम्मा रहेको छ । मेरो र आमा मिनु भण्डारीको नाममा शेयर रहेको छ तर के-कति हो भनेर मलाई एकिन भएन । मेरो बुवा रमेश भण्डारीले गाडी खरिद गरी संचालन गर्दै आउँनु भएको थियो । त्यसै बीचमा बुवाको मृत्यु भएकोले हामीले उक्त गाडी बिक्री गरी आएको पैसा बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीमा रहेको आमाको बचत खातामा जम्मा गरी दिएको हो । बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरी र बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि. धरान सुनसरी तथा सो संग सम्बन्धित कम्पनीहरुले के-कुन सफ्टवेयरहरु प्रयोग गर्दै आएका छन् मलाई थाहा भएन ***। सहकारी संस्थामा भन्दा बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि.धरानमा पीडितहरुको रकम बढी जम्मा भएको सही हो***।

बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरी, बराह ज्वेलरी ईण्डष्ट्रिज प्रा.लि. धरान सुनसरी र सो संग सम्बन्धित अन्य कम्पनीहरुको कारोवारको बिषयमा मलाई कुनै पनि जानकारी छैन । हाल बुझ्दा ***बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीबाट ग्राहकहरुलाई पासबुक बितरण गरी ठुलो परिमाणको रकम बराह ज्वेलरी ईण्डष्ट्रिज प्रा.लि. धरान सुनसरीमा जम्मा हुँदै आएको भनि थाहा पाएको थिए*** । ***बराह ज्वेलरी ईण्डष्ट्रिज प्रा.लि.धरान सुनसरीको सफ्टवेयरमा इन्ट्री भई जम्मा भएको ग्राहकहरुको रकम प्रत्येक दिन बेलुका ईन्ट्री गर्ने कर्मचारीहरुले जम्मा रकम शुभ राज खाती, रबि पोर्तेल (सुनार) भन्ने रवि सुनार वि.क., कुमार दुतराज बि.क. भन्ने कुमार बि.क., रविन लोकान्द्री भन्ने योगेन्द्र बिश्वकर्मालाई दिई काउन्टर बन्द गर्ने गरेका थिए*** । ***मैले सुने अनुसार बचत भएको रकमबाटै अन्य कम्पनीहरुमा लगानी गरी बिस्तार गरेको थाहा पाएको हुँ*** । सहकारी संस्थामा खाता खोली बराह ज्वेलरी ईण्डष्ट्रिज प्रा.लि.धरान सुनसरीको सफ्टवेयरमा ईन्ट्री भएको मेरो खाता नं. ०१-०००७३७ मा रु. ७,७४,६२८।–(सात लाख चौरहत्तर हजार छ सय अठाईस् रुपैया) जम्मा रहेको छ । आमा मिनु भण्डारीको खाता नं. 01-00722 मा जम्मा रु. २,६५,२९०।– (दुई लाख पईसठ्ठी हजार दुई सय नब्बे रुपैया), मावली हजुरआमा सावित्री खड्काको खाता नं. 01-010389 मा रु. ९९,०८०।–(उन्नसय हजार असी रुपैया) र दिदी अल्का भण्डारीको खाता नं. 01-000185 मा रु. १,१६,०६५।– (एक लाख सोह्र हजार पईसठ्ठी रुपैया) रकम जम्मा रहेको छ । मैले करिव ३ वर्ष बराह बचत तथा ऋण सहकारी संस्था धरान सुनसरीमा कामकाज गरेको मासिक तलब भत्ताबाट बराह ज्वेलरी ईण्डष्ट्रिज प्रा.लि.धरान सुनसरीमा ईन्ट्री भएको खातामा रकम बचत गरेको हुँ । हामीले गाडी बिक्री गरी आएको रकम आमाको खातामा जम्मा गरी दिएको छ । मावली हजुरआमा तथा दिदी अल्का भण्डारीको उनिहरुकै आफ्नै रकम हो । बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीमा आबद्ध ग्राहकहरुको रकम हिनामिना भएको सम्बन्धमा मलाई थाहा भएन । मैले बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीबाट मिति २०७४/०२/१५ गते Business loan रु.१,३०,०००।–(एक लाख तीस हजार) ऋण लिएको थिए । उक्त ऋण रकम चुक्ता भई सकेको छ । मैले अब सहकारी संस्थालाई तिर्न बाँकी छैन । मैले बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीबाट मिति २०७४/१०/०४ गते Swarojgar loan रु.५०,०००।–(पचास हजार) लिएको होईन । सहकारी संस्थाका अध्यक्ष मान बहादुर बिश्वकर्मा लगायतका पदाधिकारीहरुले मेरो नाउँमा

उल्लेखित ऋण प्रवाह गराएको सिस्टममा देखाई आफैले चलाउनु भएको रहेछ । पछी मैले थाहा पाई अध्यक्ष मान बहादुर बिश्वकर्मासँग बुझ्दा निजले उल्लेखित रकम बुझाई चुक्ता गरी दिनु भएको हो । मैले बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरानको रकम हिनामिना/अपचलन गरेको छैन । सहकारी संस्थामा रहेको मौज्दात रकम हिनामिनाको सम्बन्धमा संचालक समितिका अध्यक्ष लगायत अन्य पदाधिकारीहरु जवाफदेही हुनु पर्छ । बराह ग्रुप अन्तर्गत उल्लेखित सहकारी संस्था तथा कम्पनीहरु संचालनमा रहेका छन । उल्लेखित कम्पनीहरु मध्येका बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरानको हकमा मैले माथी आफ्नो बयानमा खुलाई लेखाई दिई सकेको छु । त्यस बाहेक अन्य कम्पनीहरुको हकमा म कुनै पनि जिम्मेवारीमा छैन । ***बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि. धरान सुनसरीमा कर्मचारीहरु (क) शाखा प्रमुख सौराज भन्ने अम्बर बहादुर बिश्वकर्मा (ख) लेखापाल कुमार दुतराज वि.क.भन्ने कुमार वि.क. (ग) लेखापाल शान्ति लामिछाने रसाईली (घ) लेखापाल शिसिर दुतराज (ङ) लेखापाल सुमिन भन्ने सुदिन बि.क. (च) रबि पोर्तेल (सुनार) भन्ने रवि सुनार वि.क. (छ) रविन लोकान्द्री भन्ने योगेन्द्र बिश्वकर्मा रहेका छन । सामान बिक्री गर्ने (क) शोभा लक्रान्द्री (ख) रुपा खाती (ग) बनु बिश्वकर्मा (घ) शसिता लोहार (ङ) यम्बा लोहागुन (च) सन्देश लोहार (छ) गोबिन्द बसाईली (ज) शुभ राज बि.क. (झ) रोशन लामिछाने (ञ) संयोग दियाली रहेका छन् । अन्य कर्मचारीहरु पनि छन् तर एकिन नामथर मलाई थाहा भएन । अन्य संचालनमा रहेका कम्पनीहरुको हकमा प्रायःमान बहादुर बिश्वकर्मा, शिव कुमार बिश्वकर्मा (लामिछाने), गंगा बहादुर कालिकोटे, शुभ राज खाती, सौराज भन्ने अम्बर बहादुर बिश्वकर्मा, शरण बिश्वकर्मा, हरी कुमार धमला विश्वकर्मा, विकाश लाम्गादे, डम्वर बहादुर विश्वकर्मा, अनुप कुमार खड्गी, दिपिका सिँह गदाल, पुर्ण बहादुर कालिकोटे भन्ने पुर्ण कुमार विश्वकर्मा, रिना राई (लामिछाने) र मन्दिरा लामिछाने लगायतका व्यक्तिहरु संचालक समितिको अध्यक्ष तथा सदस्यहरु बसी संचालन गर्दै आएका छन*** तर निजहरु के-कुन जिम्मेवारीमा रहेका छन मलाई एकिन भएन । बराह ग्रुप अन्तर्गतका कम्पनीहरुको नामबाट संचालनमा रहेका बैंक खाताहरुको सम्बन्धमा मलाई थाहा भएन । मेरो दस्तखतबाट संचालन हुने खाता नं. हरु छैनन् । सहकारी संस्था तथा बराह ग्रुप अन्तर्गतका कम्पनीहरुको लेखा परीक्षण भए/नभएको सम्बन्धमा मलाई थाहा भएन । मेरो नाममा जग्गा जमिन छैन । मेरो आमा मिनु भण्डारीको नाममा जिल्ला सुनसरी धरान उप-महानगरपालिका वडा नं. १५ मा करिव १२ धुर जग्गा जमिन रहेको छ । सोही जग्गामा घर बनाई हामी बसोबास गर्दै आएका छौ । उक्त जग्गा पैतृक सम्पत्ती हो । त्यस बाहेक अन्य जग्गा जमिन छैन । सहकारी संस्थाको स्वामित्वमा रहेको रकम हिनामिना भई रहेको कुरा मलाई तत्काल थाहा थिएन । पछिल्लो समयमा पीडितहरुले जाहेरी दरखास्त दिई धरान उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय धरानबाट सहकारी संस्था उपर छानविन हुन थालेपछि मात्र सहकारी संस्थाबाट रकम हिनामिना भएको थाहा पाएको हुँ । बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि.धरान सुनसरीबाट बराह ग्रुप अन्तर्गतका बिभिन्न कम्पनीहरुमा कर्जा प्रवाह भएको सम्बन्धमा मलाई थाहा भएन भन्ने समेत व्यहोराको प्रतिवादी अस्मिता भण्डारीले गरेको बयान ।

१०. **पक्राउ प्रतिवादी अस्मिता भण्डारीको ततिम्बा बयानः-**

मैले बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीमा रहेको पीडितहरुको बचत तथा शेयर रकम हिनामिना/अपचलन गरेको छैन । सहकारी संस्थाबाट ऋण लगानी हुँदा हाम्रो कुनै पनि जिम्मेवार हुने थिएन । मलाई ऋण उप-समितिको सदस्यमा राखेका हुन ***। संचालक समितिका अध्यक्ष लगायतका पदाधिकारीहरुले आफू खुशी मनमानि ढंगबाट ऋण लगानी गर्दै आएका थिए*** । त्यस कारण ऋण असुल नभए संचालक समितिका पदाधिकारीहरुले बेहोर्नु पर्छ भन्ने समेत व्यहोराको प्रतिवादी अस्मिता भण्डारीले गरेको ततिम्बा बयान ।

११. **पक्राउ प्रतिवादी बिष्णु कुमारी तुलाधरले गरेको बयानः-**

म गृहणी हुँ । मेरो छोरा सुनिल ताम्राकारले कुनै पनि पेशा तथा व्यबसाय गर्दैनन् । बुहारी प्रसिना ताम्राकार कुनै पनि पेशा तथा व्यबसाय गर्दिनन् । नातिनी प्रासु ताम्राकार स्थानीय बोडिङ स्कुलमा पढाउछिन भने नाती संस्कार ताम्राकार अध्ययन गर्दै आएका छन् । मेरो छोरी सुमित्रा ताम्राकारको बिवाह भई आफ्नै घरमा रहदै बस्दै आएकी छिन् । बराह बचत तथा ऋण

सहकारी संस्था लिमिटेड धरान सुनसरी २०६६ सालमा स्थापना भएको हो । सो संस्थाबाट बचत संकलन तथा भुक्तानी, ऋण प्रबाह, ऋण असुली, शेयर बितरण लगायतको आर्थिक कारोबार हुँदै आएको थियो । सहकारी संस्था लिमिटेड धरान सुनसरी अन्तर्गत शाखाहरु संचालनमा रहे/नरहेको सम्बन्धमा मलाई थाहा भएन ***। बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरी दर्ता भए देखि म संचालक समितिको सदस्यको जिम्मेवारीमा रहेको छु ।*** बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीको संचालक समितिका पदाधिकारीहरु प्रायः फेरबदल भई रहेका छन । पुराना पदाधिकारीहरुको एकिन नाम थर थाहा भएन । हाल यस प्रकार रहेका छौं । (क) ***अध्यक्ष/संचालक मान बहादुर बिश्वकर्मा (ख) उपाध्यक्ष बिष्णुमाया विश्वकर्मा (हाल मृत्यु भई सकेको) (ग) सदस्य गंगा बहादुर कालिकोटे (घ) सदस्य म बिष्णु कुमारी तुलाधर (ङ) सदस्य अम्बर बहादुर विश्वकर्मा (च) सदस्य शुभराज खाती (छ) सदस्य फुल माया राई रहेका छन । लेखा सुरिवेक्षण समितिका पदाधिकारीहरु (क) संयोजक सुमिन भन्ने सुदिन वि.क.(ख) सदस्य सर्मिला ताम्राकार (ग) सदस्य कुमार दुतराज वि.क.भन्ने कुमार वि.क. रहेका छन । कर्जा उप-समितिका पदाधिकारीहरु (क) संयोजक गंगा बहादुर कालिकोटे (ख) सदस्य श्रीमान महत क्षेत्री (ग) सदस्य अस्मिता भण्डारी रहेका छन भने शिक्षा उप-समितिका पदाधिकारीहरु (क) संयोजक शुभराज खाती (ख) सदस्य विनिता तुलाधर (ग) सदस्य कुमार कालिकोटे रहेका छन*** । कर्मचारीहरुमा व्यबस्थापक/मेनेजर अपना श्रेष्ठ रहेकी छन । अन्यको एकिन नामथर मलाई थाहा भएन । ***सहकारी संस्थाबाट हुने बैठक, साधारण सभा समेतमा म उपस्थित हुने गरेको थिएँ*** । त्यस बाहेक मेरो अन्य जिम्मेवारी थिएन । अन्य पदाधिकारीहरुको जिम्मेवारीको सम्बन्धमा मलाई थाहा भएन । उक्त सहकारी संस्थाबाट संचालक समितिका पदाधिकारीहरु, लेखा सुपरिवेक्षक समिति, कर्जा उप-समिति, शिक्षा उप-समिति र कर्मचारीहरु के-कसरी नियुक्ती गर्दै आएका छन मलाई थाहा भएन । म सहकारी संस्थाको बचतकर्ता तथा शेयर धनी भएको कारण वार्षिक साधारण सभामा जाँदा म संस्थाको सदस्यमा मनोनित गरेको कुरा थाहा भएको हुँ । सहकारी संस्थाबाट संचालनमा रहेका खाताहरुको सम्बन्धमा मलाई केही पनि थाहा छैन । म सहकारी संस्थाको सदस्य भएको कारण मेरो नाम समेतको सयूक्त खाता खोलेको हुनसक्छ मलाई एकिन भएन । तर मैले हाल सम्म सहकारी संस्थाको संचालनमा रहेको खाताहरुको चेकमा दस्तखत गरी कारोबार गरेको छैन । सहकारी संस्था संचालनमा रहेका भवन तथा जग्गाहरु को कसको नाममा रहेको छ मलाई थाहा भएन । सहकारी संस्थाको नाममा अन्य के-कुन ठाउँमा के-कति जग्गा जमिनहरु रहेका छन् मलाई एकिन भएन । सहकारी संस्थाबाट लगानी हुँदै आएको ऋणको सम्बन्धमा कुनै पनि जानकारी छैन् । बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीको दायित्व रकम, ऋण लगानी लगायतको बिषयमा मलाई थाहा भएन । मैले सहकारी संस्थाबाट ऋण रकम लिएको छैन् । बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीमा खाता नं. Q४३० मा बचत रु. ७,४२,१६७।–(सात लाख बयालीस हजार एक सय सढ्सठ्ठी रुपैया), खाता नं. BS २२५५ मा बचत रु.१६,७४,३३५।–(सोह्र लाख चौरहत्तर हजार तीन सय पईतीस रुपैया), खाता नं. BC१/२७६ मा बचत रु. ८८,१२५।–(अठासी हजार एक सय पच्चिस रुपैया) गरी जम्मा बचत रु.२५,०४,६२७।– (पच्चिस लाख चार हजार छ सय सताईस् रुपैया) रहेको छ । उक्त रकम मैले सहकारी संस्थाबाट पाउँनु पर्ने रकम हो । उक्त सहकारी संस्थामा मेरो जम्मा रु. १०,०००।–(दश हजार) शेयर रकम समेत छ । म लगायत मेरो घर परिवारका सदस्यहरुले आज भन्दा १०/१५ वर्ष अगाडी सम्म भाडा पसल संचालन गर्दै आएको कारण त्यही समयमा भएको आम्दानीको पैसा जम्मा गरी उल्लेखित सहकारी संस्थामा रकम बचत गरेको हुँ । बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरी, बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि. धरान सुनसरी तथा अन्य कम्पनीहरुमा प्रयोग भएका सफ्टवेयरहरुको बिषयमा मलाई थाहा भएन । म बराह ज्वेलरी इण्ड्ष्ट्रिज प्रा.लि. को कुनै पनि जिम्मेवारीमा नरहेको हुँदा बराह ज्वेलरीबाट भएको सम्पूर्ण आर्थिक कारोवारको बिषयमा मलाई कुनै पनि जानकारी छैन । बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरी, बराह जवेलरी ईण्डष्ट्रिज प्रा.लि. र सो संग सम्बन्धित अन्य कम्पनीहरुको कारोवारको बिषयमा मलाई कुनै पनि जानकारी छैन । बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीमा आबद्ध ग्राहकहरुको रकम हिनामिना भएको सम्बन्धमा मलाई थाहा भएन । मैले बराह बचत

तथा ऋण सहकारी संस्था लिमिटेड धरानको रकम हिनामिना/अपचलन गरेको छैन । को कसले के-कति रकम हिनामिना गरेका हुन मलाई थाहा भएन । ***म बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीको संचालक समितिको सदस्य हुँ*** । त्यस बाहेक बराह ग्रुप अन्तर्गत संचालनमा रहेका अन्य सहकारी संस्था तथा कम्पनीहरुमा म कुनै पनि जिम्मेवारीमा छैन । त्यस कारण सहकारी संस्था तथा कम्पनीहरुको बिषयमा कुनै किसिमको जानकारी छैन । सहकारी संस्था तथा बराह ग्रुप अन्तर्गतका कम्पनीहरुको लेखा परीक्षण भए/नभएको सम्बन्धमा मलाई थाहा भएन । म लगायत मेरो घर परिवारका सदस्यहरुको नाममा जग्गा जमिन छैन । जिल्ला सुनसरी धरान उप-महानगरपालिका वडा नं. ७ स्थितमा छोरी सुमित्रा ताम्राकारको नाममा दर्ता रहेको घर जग्गामा हामी बसोबास गर्दै आएका छौ । उक्त जग्गा हाम्रो घर परिवारको पैतृक सम्पत्ती हो भन्ने समेत व्यहोराको बिष्णु कुमारी तुलाधरको बयान ।

१२. **पक्राउ प्रतिवादी बिष्णु कुमारी तुलाधरको ततिम्बा बयानः-**

मैले बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीमा रहेको पीडितहरुको बचत तथा शेयर रकम हिनामिना/अपचलन गरेको छैन । प्रज्वल अधिकारी शर्मा ***Fellow Chartered Accountant ले दिनु भएको बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरानको विस्तृत अध्ययन प्रतिवेदनमा मैले हिनामिना गरेको भनिएको रु.१३,६६,०१०।- (तेह्र लाख छयसट्ठी हजार दश रुपैया)*** रकमको सम्बन्धमा मलाई थाहा भएन । म सहकारी संस्थाको संचालक समितिको सदस्य भए तापनि सहकारी संस्थाबाट ऋण लगानी हुँदा हाम्रो कुनै पनि जिम्मेवार हुने थिएन । संचालक समितिका अध्यक्ष मान बहादुर विश्वकर्मा, गंगा बहादुर विश्वकर्मा लगायतका व्यक्तिहरुले आफू खुशी मनमानि ढंगबाट ऋण लगानी गर्दै आएका थिए । त्यस कारण ऋण असुल नभए निजहरुले नै बेहोर्नु पर्छ भन्ने समेत व्यहोराको प्रतिवादी बिष्णु कुमारी तुलाधरको ततिम्बा बयान ।

१३. **पक्राउ प्रतिवादी रवि पोर्तेल (सुनार) भन्ने रवि सुनार वि.क.को बयानः-**

म बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि.धरान सुनसरीको कर्मचारी तथा Baraha Department Store Pvt. Ltd. Dharan को संचालक हुँ। श्रीमती गायत्री रोक्काले पहिले बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरानको बजार प्रतिनिधीको रुपमा कामकाज गरी करिव ६/७ वर्ष अगाडी छाडी हाल घरमा नै बस्दै आएकी छिन । मेरो नाममा जग्गा जमिन छैन । ***मेरो श्रीमती गायत्री रोक्काको नाममा जिल्ला सुनसरी धरान उप-महानगरपालिका वडा नं. ११ स्थितमा ७ धुर जग्गा भई सोही ठाउँमा २ तले घर बनाई बसोबास गर्दै आएका छौँ***। उक्त जग्गा श्रीमतीको माईती पक्षबाट दिएका हुन । यस बाहेक हाम्रो घर परिवारका सदस्यहरुको नाममा जग्गा जमिन छैन । बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरी २०६६ सालमा स्थापना भएको हो । सो संस्थाबाट बचत संकलन तथा भुक्तानी, ऋण प्रबाह, ऋण असुली, शेयर बितरण लगायतको आर्थिक कारोबार हुँदै आएको छ । बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीमा म कुनै पनि जिम्मेवारीमा छैन । ***म बराह इण्डष्ट्रिज प्रा.लि.धरान सुनसरीमा २०६२ साल देखि सुपर भाईजरको रुपमा कामकाज गर्दै आएको छु*** । बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीको संचालक समितिका पदाधिकारीहरु प्रायःफेबदल भई रहेका छन । पुराना पदाधिकारीहरुको एकिन नामथर थाहा भएन । हाल मलाई थाहा भए अनुसार यस प्रकार रहेका छन् । (***क) अध्यक्ष/संचालक मान बहादुर बिश्वकर्मा (ख) उपाध्यक्ष बिष्णुमाया विश्वकर्मा (हाल मृत्यु भई सकेको) (ग) सदस्य गंगा बहादुर कालिकोटे (घ) सदस्य बिष्णु कुमारी तुलाधर (ङ) सदस्य अम्बर बहादुर विश्वकर्मा (च) सदस्य शुभराज खाती (छ) सदस्य फुल माया राई रहेका छन । लेखा सुरिवेक्षण समितिका पदाधिकारीहरु (क) संयोजक सुमिन भन्ने सुदिन वि.क. (ख) सदस्य सर्मिला ताम्राकार (ग) सदस्य कुमार दुतराज वि.क.भन्ने कुमार वि.क.रहेका छन । कर्जा उप-समितिका पदाधिकारीहरु (क) संयोजक गंगा बहादुर कालिकोटे (ख) सदस्य अस्मिता भण्डारी (ग) सदस्य श्रीमान महत क्षेत्री रहेका छन भने शिक्षा उप-समितिका पदाधिकारीहरु (क) संयोजक शुभराज खाती (ख) सदस्य विनिता तुलाधर (ग) सदस्य कुमार कालिकोटे रहेका छन । सहकारी संस्थामा रहेका कर्मचारीहरु (क) व्यबस्थापक दातेन्जी शेर्पा (ख) लेखापाल हिम प्रसाद आँखेवा (ग) लेखापाल***

अपना श्रेष्ठ (हाल व्यबस्थापक) (घ) कम्प्यूटर अपरेटर सुजन प्रधान (ङ) कम्प्यूटर अपरेटर भावना राई (च) कम्प्यूटर अपरेटर चन्द्र कला राई (छ) अपरेटर दिपिया खड्का (ज) कम्प्यूटर अपरेटर बिजेता तुलाधर (झ) फुल माया राई रहेका छन । म सहकारी संस्थाको कुनै पनि जिम्मेवारीमा छैन । म २०६२ साल देखि Baraha Department Store Pvt.Ltd. Dharan मा कामकाज गर्न थाली हाल बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि.धरान सुनसरीमा कर्मचारीको रुपमा कामकाज गर्दै आएको छु भने Baraha Department Store Pvt. Ltd. Dharan संचालक समेत रहेको छु । मेरो मुख्य काम कर्मचारीहरुको काम-कार्वाही रेखदेख गर्ने, ग्राहकलाई प्रा.लि.को बिषयमा जानकारी गराउने हो । पछिल्लो समयमा बराह ज्वेलरीमा बचत गरेका ग्राहकहरु आई बचत रकम फिर्ता मागेमा मैले कम्प्यूटरमा नाम इन्ट्री गरी आफू भन्दा माथिल्लो कर्मचारीहरुलाई जानकारी गराउने गरेको थिएँ । त्यसै गरी बराह ज्वेलरीको कर्मचारीहरु व्यस्त भएको समयमा ज्वेलरीबाट प्रयोगमा रहेको सफ्टवेयर चलाई बचत गर्न आउँने ग्राहकहरुको रकम इन्ट्री गरी पास बुकमा लेखी दिने गरेको थिए । त्यस समयमा जम्मा भएको रकम जसको काउन्टरबाट इन्ट्री गरेको हो त्यही काउन्टरमा हिसाव दिने गरेको थिए । सहकारी संस्थाबाट संचालनमा रहेका खाताहरुको सम्बन्धमा मलाई केही पनि थाहा छैन । मेरो दस्तखतबाट चल्ने खाताहरु संचालनमा छैनन् । बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि.धरान सुनसरीको सस्थापक शिव कुमार बिश्वकर्मा (लामिछाने) रहेका छन । संचालकहरुमा मान बहादुर बिश्वकर्मा, अम्बर बहादुर बिश्वकर्मा, शुभराज खाती लगायतका व्यक्तिहरु रहेका छन् । कर्मचारीहरुमा (***क) शाखा प्रमुख सौराज भन्ने अम्बर बहादुर बिश्वकर्मा (ख) लेखापाल कुमार दुतराज वि.क.भन्ने कुमार वि.क. (ग) लेखापाल शान्ति बसाईली (घ) लेखापाल शिसिर दुतराज, (क) सुपरभाईजर म रबि पोर्तेल (सुनार) भन्ने रवि सुनार वि.क., सामान बिक्री गर्ने (क) शोभा लक्रान्द्री (ख) रुपा खाती (ग) बनु बिश्वकर्मा (घ) शसिता लोहार (ङ) यम्बा लोहागुन (च) सन्देश बि.क. (छ) गोबिन्द रसाईली (ज) शुभ राज बि.क. (झ) रोशन लामिछाने (ञ) संयोग दियाली रहेका छन् । अन्य कर्मचारीहरु पनि छन् तर एकिन नामथर मलाई थाहा भएन । Baraha Department Store Pvt. Ltd. Dharan को संस्थापक अध्यक्ष मन्दिरा लामिछाने (बिश्वकर्मा), संचालक मान बहादुर बिश्वकर्मा र संचालकमा म समेत रहेको छु । कर्मचारीहरु (क) प्रबन्धक लाल कुमार श्रेष्ठ (ख) लेखापाल हिमाल लिम्बु (ग) पर्चेज अफिसर मनोज रिजाल (घ) पर्चेज अफिसर उर्मिला श्रेष्ठ रहेका छन्***। अन्य कर्मचारीहरुको नामथर मलाई थाहा भएन ***। संचालकमा नाम भए तापनि मैले कुनै पनि कारोबार गरेको छैन***। उक्त सहकारी संस्थाबाट संचालक समितिका पदाधिकारीहरु, लेखा सुपरिवेक्षक समिति, कर्जा उप-समिति, शिक्षा उप-समिति र कर्मचारीहरु के-कसरी नियुक्ती गर्दै आएका छन मलाई थाहा भएन । बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि.धरान सुनसरीबाट संचालनमा रहेका खाताहरुको सम्बन्धमा मलाई केही पनि थाहा छैन । मेरो दस्तखतबाट चल्ने खाताहरु संचालनमा छैन । Baraha Department Store Pvt. Ltd. Dharan बाट संचालनमा रहेका खाताहरु के-कति छन मलाई याद भएन । ***केही खाताहरु मेरो समेत दस्तखतबाट चल्ने हुनसक्छ*** । तर मैले चेकमा दस्तखत गरेको छैन । सहकारी संस्था तथा अन्य कम्पनीहरु संचालनमा रहेका भवन र जग्गाहरु को-कसको नाममा दर्ता रहेको छ मलाई थाहा भएन । सहकारी संस्था तथा अन्य कम्पनीहरुको नाममा अन्य के-कुन ठाउँमा के-कति जग्गा जमिनहरु रहेका छन् मलाई एकिन भएन । सहकारी संस्थाबाट लगानी हुँदै आएको ऋणको सम्बन्धमा मलाई थाहा छैन । बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीको दायित्व रकम, ऋण लगानी लगायतको बिषयमा मलाई थाहा भएन । बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीमा म लगायत घर परिवारका सदस्यहरुको नामबाट रकम बचत गरेको छैन । बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीमा Cosys कम्पनीको सफ्टवेयर प्रयोगमा आएको छ भने बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि. धरान सुनसरीमा स्वस्तिक कम्पनीको सफ्टवेयर प्रयोगमा थियो । पछी Gateway नामक सफ्टवेयर जडान गरी स्वस्तिकबाट बिवरणहरु Gateway मा इन्ट्री गरी प्रयोगमा आई रहेको छ । अन्य कम्पनीहरुमा प्रयोग भएको सफ्टवेयर सम्बन्धमा मलाई थाहा भएन । ***बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीको व्यबस्थापक अपना श्रेष्ठले Cosys र म लगायत कुमार दुतराज बि.क. भन्ने कुमार बि.क., फुल माया राई, सुमिन भन्ने सुदिन बि.क., पुस्पल तिरुवा,***

रविन लकान्द्री भन्ने योगेन्द्र बिश्वकर्मा, भवना दियाली, सविन दियाली, ओमन श्रेष्ठ, बिशाल सेन्चुरीले स्वस्तिक र Gateway सफ्टवेयर प्रयोग गर्दै आएका थियौँ । सहकारी संस्थाबाट ग्राहकहरुलाई पासबुक बितरण गरी ग्राहकहरुको ठुलो परिमाणको रकम बराह ज्वेलरी ईण्डष्ट्रिज प्रा.लि.धरान सुनसरीमा प्रयोग भएको Gateway सफ्टवेयरमा बचत तथा भुक्तानी र लगानीको इन्ट्री हुँदै आएको थियो । ***बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीमा भन्दा बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि. धरानमा पीडितहरुको रकम बढी जम्मा भएको*** हो । ***यो कारोबार कानून विपरितको हो*** ।बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरी, बराह ज्वेलरी ईण्डष्ट्रिज प्रा.लि. धरान सुनसरी र सो संग सम्बन्धित अन्य कम्पनीहरुको कारोवारको बिषयमा मलाई कुनै पनि जानकारी छैन तर बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीबाट ग्राहकहरुलाई पासबुक बितरण गरी ग्राहकहरुको ठुलो परिमाणको रकम बराह ज्वेलरी ईण्डष्ट्रिज प्रा.लि.धरान सुनसरीमा प्रयोग भएको सफ्टवेयरमा इन्ट्री भई रकम बचत, भुक्तानी तथा कम्पनीहरुमा ऋण लगानी हुँदै आएको थियो । बराह ज्वेलरी ईण्डष्ट्रिज प्रा.लि.धरान सुनसरीको सफ्टवेयरमा इन्ट्री भई जम्मा भएको ***ग्राहकहरुको बचत रकम प्रत्येक दिन बेलुका ईन्ट्री गर्ने कर्मचारीहरुले म लगायत शुभ राज खाती, कुमार दुतराज समेतलाई दिई काउन्टर बन्द गर्ने गरेका थिए*** । कर्मचारीहरुले मलाई दिएको रकम मैले शुभराज खातीलाई बुझाउने गरेको थिए । मैले सुने अनुसार बचत भएको रकमबाटै अन्य कम्पनीहरुमा लगानी गरी बिस्तार गरेको थाहा पाएको हुँ । बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीमा आबद्ध ग्राहकहरुको रकम हिनामिना भएको सम्बन्धमा मलाई थाहा भएन मैले बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीबाट पटक/पटक ऋण लिई समयमा नै चुक्ता गरी सकेको छु । अब तिर्न बाँकी छैन । ***सहकारीबाट लगानी भएको रु. १,०१,८५,९२९.२५ ।- (एक करोड एक लाख पचासी हजार नौ सय उन्नतीस रुपैया पच्चिस पैसा) ऋण व्यक्तिगत लिएको हैन । Baraha Department Store Pvt. Ltd. Dharan लाई लिएको ऋण रकम हो*** । तर सो कम्पनीको म संचालक भएको कारण मेरो नाममा प्रवाह गरेको रहेछ । उक्त रकम तिर्ने दायित्व Department को हो । Baraha Department Store Pvt. Ltd. Dharan संचालन गर्ने क्रममा बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरानबाट उल्लेखित ऋण रकम लिएको हो । उक्त रकम तिर्ने दायित्व Department को हो । बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि.धरान सुनसरीबाट बराह ग्रुप अन्तर्गतका बिभिन्न कम्पनीहरुमा कर्जा प्रवाह भएको सम्बन्धमा मलाई थाहा भएन । मैले बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरानको दायित्व रकम हिनामिना/अपचलन गरेको छैन । सहकारी संस्थाको दायित्व रकम हिनामिना/अपचलन भएको सम्बन्धमा सहकारी संस्थाका अध्यक्ष लगायत अन्य पदाधिकारीहरु जवाफदेही हुनु पर्छ । बराह ग्रुप अन्तर्गत उल्लेखित सहकारी संस्था तथा कम्पनीहरु संचालनमा रहेका छन । उल्लेखित कम्पनीहरु मध्येका बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान, बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि. र Baraha Department Store Pvt. Ltd. Dharan को हकमा मैले माथी आफ्नो बयानमा खुलाई लेखाई दिई सकेको छु । त्यस बाहेक अन्य कम्पनीहरुको हकमा म कुनै पनि जिम्मेवारीमा छैन । अन्य संचालनमा रहेका कम्पनीहरुको हकमा प्रायःमान बहादुर बिश्वकर्मा, शिव कुमार बिश्वकर्मा (लामिछाने), गंगा बहादुर कालिकोटे, शुभ राज खाती, सौराज भन्ने अम्बर बहादुर बिश्वकर्मा, शरण बिश्वकर्मा, हरी कुमार धमला विश्वकर्मा, विकाश लाम्गादे, डम्वर बहादुर विश्वकर्मा, अनुप कुमार खड्गी, दिपिका सिँह गदाल, पुर्ण बहादुर कालिकोटे भन्ने पुर्ण कुमार विश्वकर्मा, रिना राई (लामिछाने) र मन्दिरा लामिछाने लगायतका व्यक्तिहरु संचालक समितिको अध्यक्ष, सदस्यहरु बसी संचालन गर्दै आएका छन तर निजहरु के-कुन जिम्मेवारीमा रहेका छन मलाई एकिन भएन । उल्लेखित कम्पनीहरुको कर्मचारीहरुको नामथर मलाई थाहा भएन । बराह ग्रुप अन्तर्गतका कम्पनीहरुको नामबाट संचालनमा रहेका बैंक खाताहरुको सम्बन्धमा मलाई कुनै पनि थाहा भएन । मेरो दस्तखतबाट संचालन हुने खाता नं. हरु छैनन् भन्ने समेत व्यहोराको भन्ने प्रतिवादी रवि पोर्तेल (सुनार) भन्ने रवि सुनार वि.क. को बयान ।

१४.**पक्राउ प्रतिवादी रवि पोर्तेल (सुनार) भन्ने रवि सुनार वि.क.ले गरेको ततिम्बा बयानः-**

मैले बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीमा रहेको पीडितहरुको बचत तथा शेयर रकम हिनामिना/अपचलन गरेको छैन ***। प्रज्वल अधिकारी शर्मा Fellow Chartered Accountant ले दिनु भएको बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरानको विस्तृत अध्ययन प्रतिवेदनमा मैले हिनामिना गरेको भनिएको रु.१०,६४,८५,६४३।– (दश करोड चौसट्ठी लाख पचासी हजार छ सय तीरचालीस रुपैया) रकमको*** सम्बन्धमा मलाई थाहा भएन । मैले उल्लेखित रकम हिनामिना अपचलन गरेको छैन ***। सहकारी संस्थाका अध्यक्ष मान बहादुर विश्वकर्मा तथा बराह ग्रुपका संस्थापकहरुको विश्वासमा मैले धेरै कागजातहरुमा सही छाप गरेको छु ।*** त्यही बखत मैले नारायणी बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि. र बराह डिपार्टमेन्ट स्टोर प्रा.लि.को प्रबन्ध पत्र र शेयर लगत लगायत कागजातहरुमा सही छाप गरेको हुनसक्छ । नारायणी बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि. मा लिन कवुल गरेको शेयर संख्या-२००० र बराह डिपार्टमेन्ट स्टोर प्रा.लि.धरान सुनसरी कवुल गरेको शेयर संख्या-१५००० रहेछ । ***बयानको क्रममा मलाई देखाएको शेयर लगत, प्रबन्ध पत्र लगायतका कागजातहरुको मेरो नामको अगाडी र बन्दमा रहेको दस्तखत र सहीछाप समेत*** मैरै हो भनि हेरी चिनि सनाखत गरी दिए भन्ने समेत व्यहोराको प्रतिवादी रबि पोर्तेल (सुनार) भन्ने रवि सुनार बि.क. ले गरेको ततिम्बा बयान ।

१५.**पक्राउ प्रतिवादी फुल कुमारी भन्ने फुलमाया राईले गरेको बयानः-**

म बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड, धरानको संचालक समितिको सदस्य र बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि. धरान सुनसरीको कर्मचारी हुँ । मेरो श्रीमान सन्देश बि.क. बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि. धरान सुनसरीमा कर्मचारी हुनु हुन्छ । बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरी २०६६ सालमा स्थापना भएको हो । सो संस्थाबाट बचत संकलन तथा भुक्तानी, ऋण प्रबाह, ऋण असुली, शेयर बितरण लगायतको आर्थिक कारोबार हुँदै आएको थियो । सहकारी संस्था लिमिटेड धरान सुनसरी अन्तर्गत अन्य शाखाहरु संचालनमा रहेका छैनन् । मैले २०६५ साल देखि बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि.धरान सुनसरीमा कार्यरत रही मैले रेमिट्यान्समा कामकाज गर्दै आएको थिएं । त्यस पछि २०६७ सालमा काउन्टरमा कामकाज गर्न थालेको थिए । ***त्यसै क्रममा २०७४ सालमा मलाई बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीको संचालक समितिको सदस्य पदमा मनोनित भई कामकाज गर्दै आईरहेको छु*** । बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीको संचालक समितिका पदाधिकारीहरु प्रायःफेरबदल भई रहेका छन । पुराना पदाधिकारीहरुको एकिन नामथर थाहा भएन । हाल यस प्रकार रहेका छौँ । ***(क) अध्यक्ष/संचालक मान बाहदुर बिश्वकर्मा (ख) उपाध्यक्ष बिष्णुमाया विश्वकर्मा (हाल मृत्यु भई सकेको) (ग) सदस्य गंगा बहादुर कालिकोटे (घ) सदस्य बिष्णु कुमारी तुलाधर (ङ) सदस्य अम्बर बहादुर विश्वकर्मा (च) सदस्य शुभराज खाती (छ) सदस्य म फुल माया राई रहेका छौँ । लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरु (क) संयोजक सुमिन भन्ने सुदिन वि.क. (ख) सदस्य सर्मिला ताम्राकार (ग) सदस्य कुमार दुतराज वि.क. भन्ने कुमार वि.क. रहेका छन । कर्जा उप-समितिका पदाधिकारीहरु (क) संयोजक गंगा बहादुर कालिकोटे (ख) सदस्य अस्मिता भण्डारी (ग) सदस्य श्रीमान महत क्षेत्री रहेका छन भने शिक्षा उप-समितिका पदाधिकारीहरु (क) संयोजक शुभराज खाती (ख) सदस्य विनिता तुलाधर (ग) सदस्य कुमार कालिकोटे रहेका छन । सहकारी संस्थामा रहेका कर्मचारीहरु (क) व्यबस्थापक दातेन्जी शेर्पा (ख) लेखापाल हिम प्रसाद आँखेवा (ग) लेखापाल अपना श्रेष्ठ (हाल व्यबस्थापक) (घ) कम्प्यूटर अपरेटर सुजन प्रधान (ङ) कम्प्यूटर अपरेटर भावना राई (च) कम्प्यूटर अपरेटर चन्द्र कला राई (छ) कम्प्यूटर अपरेटर दिपिया खड्का (ज) कम्प्यूटर अपरेटर बिजेता तुलाधर रहेका छन*** । अन्य कर्मचारीहरुको सम्बन्धमा मलाई थाहा भएन । मलाई साधारण सभाबाट सहकारी संस्थाको संचालक समितिको सदस्यको जिम्मेवारी दिए तापनि संस्थाबाट हुने बैठक, वार्षिक साधारण सभा समेतमा जाने गरेको थिएँ । सहकारी संस्थाबाट हुने कामकार्वाहीहरु बिषयमा सम्पूर्ण अध्यक्ष मान बहादुर बिश्वकर्माले निर्णय गर्ने गरेका थिएँ । कहिले काही

बैठकको माईनेटिङमा भने दस्तखत गराउने गरेका थिएँ । म बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि. धरान सुनसरीको काउन्टरमा टेलर पदमा कार्यरत रहेको छु । मेरो जिम्मेवारी ***सहकारी संस्थाबाट पासबुक बितरण भई बराह ज्वेलरीमा बचत गर्ने ग्राहकहरु रकम बचत गर्न तथा फिर्ता लिन आएमा ज्वेलरीमा प्रयोगमा रहेको सफ्टवेयरमा इन्ट्री गरी पासबुकमा लेखि दिई आर्थिक कारोवार गर्दै आएको थिए*** । सहकारी संस्थाबाट संचालक समितिका पदाधिकारीहरु, लेखा सुपरिवेक्षक समिति, कर्जा उप-समिति, शिक्षा उप-समिति र कर्मचारीहरु के-कसरी नियुक्ती गर्दै आएका छन मलाई थाहा भएन । ***म सहकारी संस्थाको संचालक समितिको सदस्य भएको कारण सहकारी संस्थाको नाममा बैंकमा संचालनमा रहेका केही खाताहरुमा मेरो समेत दस्तखत चल्ने गरेको छ*** । ***अध्यक्ष मान बहादुर बिश्वकर्मा र सदस्य गंगा बहादुर कालिकोटेले कारोबार गर्दा मलाई चेकमा दस्तखत गर्न लगाउदै आएका थिए*** । मेरो दस्तखतबाट चल्ने के-कति खाता नं. हरु छन् मलाई एकिन भएन । कारोबारको बिषयमा मलाई थाहा भएन । बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि.धरान सुनसरीको सस्थापक शिव कुमार बिश्वकर्मा (लामिछाने) रहेका छन । संचालकहरुमा मान बहादुर बिश्वकर्मा, अम्बर बहादुर बिश्वकर्मा, शुभराज खाती लगायतका व्यक्तिहरु रहेका छन् । कर्मचारीहरुमा (क) शाखा प्रमुख सौराज भन्ने अम्बर बहादुर बिश्वकर्मा (ख) लेखापाल कुमार दुतराज वि.क.भन्ने कुमार वि.क. (ग) लेखापाल शान्ति लामिछाने रसाईली (घ) लेखापाल शिसिर दुतराज (ङ) लेखापाल सुमिन भन्ने सुदिन बि.क. (च) रबि पोर्तेल (सुनार) भन्ने रवि सुनार वि.क. रहेका छन् । सामान बिक्री गर्ने (क) शोभा लक्रान्द्री (ख) रुपा खाती (ग) बनु बिश्वकर्मा (घ) शसिता लोहार (ङ) यम्बा लोहागुन (च) मेरो श्रीमान सन्देश बि.क. (छ) गोबिन्द रसाईली (ज) शुभ राज बि.क. (झ) रोशन लामिछाने (ञ) संयोग दियाली (ट) लाल बहादुर दियाली (ठ) लक्ष्मण बि.क.गजमेर (ड) रवि राई (ढ) रविन लकान्द्री भन्ने योगेन्द्र बिश्वकर्मा (ण) पुस्पल तिरुवा (त) बिशाल सेन्चुरी (थ) भावना दियाली (द) सविन दियाली (ध) आमस बोगटी (न) जीवन गहतराज (प) संगिता धमला (फ) कृष्ण बिश्वकर्मा लोहार (ब) लखन धमला (भ) दिपक रसाईली (म) सबिना श्रेष्ठ (य) उमन श्रेष्ठ समेत रहेका छन् । अन्य कर्मचारीहरु पनि छन् तर एकिन नामथर मलाई थाहा भएन । बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि.धरान सुनसरीबाट संचालनमा रहेका खाताहरुको सम्बन्धमा मलाई केही पनि थाहा छैन । मेरो दस्तखतबाट चल्ने खाताहरु संचालनमा छैन । सहकारी संस्था तथा अन्य कम्पनीहरु संचालनमा रहेका भवन र जग्गाहरु को-कसको नाममा दर्ता रहेको छ मलाई थाहा भएन । सहकारी संस्था तथा अन्य कम्पनीहरुको नाममा अन्य के-कुन ठाउँमा के-कति जग्गा जमिनहरु रहेका छन् मलाई एकिन भएन । सहकारी संस्थाबाट लगानी हुँदै आएको ऋणको सम्बन्धमा मलाई थाहा छैन । म सहकारी संस्थाको संचालक समितिको सदस्य भए तापनि सहकारी संस्थाबाट कर्जा प्रवाह हुँदा हामीलाई कुनै पनि जानकारी हुने गरेको थिएन । त्यस कारण सहकारी संस्थाबाट लगानी हुँदै आएको ऋणको सम्बन्धमा मलाई थाहा छैन । बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीको दायित्व रकम, ऋण लगानी लगायतको बिषयमा मलाई थाहा भएन । बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीमा मेरो खाता नं. GS-01-2249 मा रु.३,५७,८५८।– (तीन लाख सन्ताउन्न हजार आठ सय अन्ठाउन रुपैया) जम्मा रहेको छ । उक्त रकम मेरो आफ्नो तलब भत्ताबाट बचत गरेको हुँ । बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीबाट ग्राहकहरुलाई पासबुक बितरण भई बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि. धरानमा इन्ट्री हुने खातामा छोरी सुयोस्मा लोहारको खाता नं. ०१-०१२९४८ मा रु. १,९१,६०८।–(एक लाख एकानब्बे हजार छ सय आठ) रुपैया जम्मा रहेको छ । उक्त रकम मेरो आफ्नो तलब भत्ताबाट बचत गरेको हुँ । सासुआमा भिम माया बि.क. को खाता नं. ०१-००१२९२ मा रु. २१,४६,६९३।– (एकाईस लाख छयालिस हजार छ सय त्रिरानब्बे रुपैया) र ससुराबुवा प्रेम बहादुर बि.क. को खाता नं. २२-०१-४१८० मा रु. १२,७९,२६२।– (बाह्र लाख उन्नाअसी हजार दुई सय बयसठ्ठी रुपैया) जम्मा रहेको छ । उक्त पैसा पैतृक सम्पत्ती होईन । ससुरा बुवा र सासुआमाको सामाजिक सुरक्षा भत्ता तथा पहिले देखि नै धरान रेल्वेमा रहेको जग्गा बिक्री गरी भएको पैसा जम्मा गरेको हो । बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीमा Cosys कम्पनीको सफ्टवेयर प्रयोगमा आएको छ भने बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि. धरान सुनसरीमा स्वस्तिक कम्पनीको सफ्टवेयर प्रयोगमा थियो । पछी Gateway नामक सफ्टवेयर जडान गरी स्वस्तिकबाट बिवरणहरु Gateway मा

इन्ट्री गरी प्रयोगमा आई रहेको छ । बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीको व्यबस्थापक अपना श्रेष्ठले Cosys र म लगायत कुमार दुतराज बि.क. भन्ने कुमार बि.क., रवि पोर्तेल भन्ने रवि सुनार बि.क., सुमिन भन्ने सुदिन बि.क., पुस्पल तिरुवा, रविन लकान्द्री भन्ने योगेन्द्र बिश्वकर्मा, भावना दियाली, सविन दियाली, ओमन श्रेष्ठ, बिशाल सेन्चुरीले Gateway सफ्टवेयर प्रयोग गर्दै आएका थियौँ । ***बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीबाट ग्राहकहरुलाई पासबुक बितरण गरी ग्राहकहरुको ठुलो परिमाणको रकम बराह ज्वेलरी ईण्डष्ट्रिज प्रा.लि.धरान सुनसरीमा प्रयोग भएको Gateway सफ्टवेयरमा बचत तथा भुक्तानी र कर्जा प्रबाह सम्बन्धी बिवरणहरु इन्ट्री हुँदै आएको थियो । बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीमा भन्दा बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि. धरान सुनसरीमा पीडितहरुको रकम बढी जम्मा भएको छ । उल्लेखित कारोबार कानून बिपरित रहेको छ*** । सहकारी संस्था लिमिटेड धरान सुनसरी, बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि. धरान सुनसरी र सो संग सम्बन्धित अन्य कम्पनीहरुको कारोवारको बिषयमा मलाई कुनै पनि जानकारी छैन तर बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीबाट ग्राहकहरुलाई पासबुक बितरण गरी ग्राहकहरुको ठुलो परिमाणको रकम बराह ज्वेलरी ईण्डष्ट्रिज प्रा.लि. धरान सुनसरीमा प्रयोग भएको सफ्टवेयरमा इन्ट्री भई रकम बचत तथा भुक्तानी र ऋण लगानी हुँदै आएको थियो । बराह ज्वेलरी ईण्डष्ट्रिज प्रा.लि.धरान सुनसरीको सफ्टवेयरमा इन्ट्री भई जम्मा भएको ग्राहकहरुको बचत रकम प्रत्येक दिन बेलुका म लगायत ईन्ट्री गर्ने कर्मचारीहरुले शुभ राज खाती, रवि पोर्तेल भन्ने रवि सुनार बि.क., कुमार दुतराज बि.क. भन्ने कुमार बि.क., पुष्पल तिरुवा र रविन लकान्द्री समेतलाई दिई काउन्टर बन्द गर्ने गरेका थियौँ। मैले सुने अनुसार बचत भएको रकमबाटै अन्य कम्पनीहरु क्रमश बिस्तार गरेका हुन । बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीमा आबद्ध ग्राहकहरुको रकम हिनामिना भएको सम्बन्धमा मलाई थाहा भएन । मैले बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरी तथा सोही कम्पनीसँग आबद्द अन्य कम्पनीहरुबाट ऋण रकम लिएको छैन । मेरो श्रीमान सन्देश बि.क.ले बराह ज्वेलरी ईण्डष्ट्रिज प्रा.लि.धरान सुनसरीबाट रु. ३,००,०००।– (तीन लाख) ऋण लिनु भएको छ । उक्त ऋण रकम तिर्न बाँकी नै रहेको छ । उक्त रकम तिर्ने दायित्व हाम्रो हो । बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि. धरान सुनसरीमा संचालन रहेको सफ्टवेयर Gateway धेरै जनाले प्रयोग गर्दै आएका छौँ। मैले ऋण प्रवाह गरेको होईन । मेरो ऋण प्रवाह गर्ने कामको क्षेत्राधिकार भित्र पर्दैन । संस्थापकहरुको निर्देशनमा त्यही फाँटमा कामकाज गर्ने कर्मचारीहरुले नै प्रवाह गरेको हुनु पर्छ । तर अधिकाश ऋणहरु कानून बिपरित प्रवाह भएको SYSTEM बाट प्रष्ट हुन्छ । सहकारी संस्थाको दायित्व रकम हिनामिना/अपचलन भएको सम्बन्धमा सहकारी संस्थाका अध्यक्ष लगायत अन्य पदाधिकारीहरु जवाफदेही हुनु पर्छ । बराह ग्रुप अन्तर्गत उल्लेखित सहकारी संस्था तथा कम्पनीहरु संचालनमा रहेका छन । उल्लेखित कम्पनीहरु मध्येका बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान र बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि.धरानको हकमा मैले माथी आफ्नो बयानमा खुलाई लेखाई दिई सकेको छु । त्यस बाहेक अन्य कम्पनीहरुको हकमा म कुनै पनि जिम्मेवारीमा छैन । अन्य संचालनमा रहेका कम्पनीहरुको हकमा प्रायःमान बहादुर बिश्वकर्मा, शिव कुमार बिश्वकर्मा (लामिछाने), गंगा बहादुर कालिकोटे, शुभ राज खाती, सौराज भन्ने अम्बर बहादुर बिश्वकर्मा, शरण बिश्वकर्मा, हरी कुमार धमला विश्वकर्मा, विकाश लाम्गादे, डम्वर बहादुर विश्वकर्मा, अनुप कुमार खड्गी, दिपिका सिँह गदाल, पुर्ण बहादुर कालिकोटे भन्ने पुर्ण कुमार विश्वकर्मा, रिना राई (लामिछाने) र मन्दिरा लामिछाने लगायतका व्यक्तिहरु संचालक समितिको अध्यक्ष, सदस्यहरु बसी संचालन गर्दै आएका छन तर निजहरु के-कुन जिम्मेवारीमा रहेका छन मलाई एकिन भएन । उल्लेखित कम्पनीहरुको कर्मचारीहरुको नामथर मलाई थाहा भएन । बराह ग्रुप अन्तर्गतका कम्पनीहरुको नामबाट संचालनमा रहेका बैंक खाताहरुको सम्बन्धमा मलाई थाहा भएन । मेरो दस्तखतबाट संचालन हुने खाता नं. हरु छैनन् । मेरो नाममा जग्गा जमिन छैन । ***मेरो श्रीमान सन्देश बि.क. को नाममा जिल्ला सुनसरी धरान उप-महानगरपालिका वडा नं. १ मा १० धुर जग्गामा २ तल्ले पक्की घर रहेको छ ।*** उक्त घर जग्गा पैतृक सम्पत्ती हैन । म र श्रीमान सन्देश बि.क. बराह सहकारी संस्था तथा बराह ज्वेलरीमा कर्मचारी भएकोले मासिक तलब भत्ता तथा सिद्धार्थ बैंकबाट ऋण लिई घर/जग्गा खरिद गरेका हौ । यस बाहेक हाम्रो घर परिवारका सदस्यहरुको नाममा

जग्गा जमिन छैन । सहकारी संस्थाको स्वामित्वमा रहेको रकम हिनामिना भई रहेको कुरा मलाई तत्काल थाहा थिएन । पछिल्लो समयमा पीडितहरुले जाहेरी दरखास्त दिई धरान उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय धरानबाट सहकारी संस्था उपर छानविन हुन थालेपछि मात्र सहकारी संस्थाबाट रकम हिनामिना भएको थाहा पाएको हुँ भन्ने समेत व्यहोराको फुल कुमारी भन्ने फुल माया राईले गरेको बयान ।

१६. **पक्राउ प्रतिवादी फुल माया भन्ने फुल कुमारी राईले गरेको ततिम्बा बयानः-**

मैले बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीमा रहेको पीडितहरुको बचत तथा शेयर रकम हिनामिना/अपचलन गरेको छैन । ***प्रज्वल अधिकारी शर्मा Fellow Chartered Accountant ले दिनु भएको बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरानको विस्तृत अध्ययन प्रतिवेदनमा मैले हिनामिना गरेको भनिएको रु.१३,६६,०१०।- (तेह्र लाख छयसट्ठी हजार दश रुपैया) रकमको*** सम्बन्धमा मलाई थाहा भएन । मैले उल्लेखित रकम हिनामिना अपचलन गरेको छैन । म संचालक समितिको सदस्य तथा बराह ज्वेलरीको कर्मचारी भए तापनि सहकारी संस्थाबाट ऋण लगानी हुँदा हाम्रो कुनै पनि जिम्मेवार हुने थिएन । संचालक समितिका अध्यक्ष मान बहादुर विश्वकर्मा, गंगा बहादुर विश्वकर्मा लगायतका व्यक्तिहरुले आफू खुशी मनमानी ढंगबाट सहकारी संस्थाबाट ऋण लगानी गर्दै आएका थिए । त्यस कारण ऋण असुल नभए निजहरुले नै बेहोर्नु पर्छ भन्ने समेत व्यहोराको प्रतिवादी फुलमाया भन्ने फुल कुमारी राईले गरेको ततिम्बा बयान ।

१७. **पक्राउ प्रतिवादी सुमिन भन्ने सुदिन बि.क.ले गरेको बयानः-**

बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरी २०६६ सालमा स्थापना भएको हो । सो संस्थाबाट बचत संकलन तथा भुक्तानी, ऋण प्रबाह, ऋण असुली, शेयर बितरण लगायतको आर्थिक कारोबार हुँदै आएको छ । सहकारी संस्था लिमिटेड धरान सुनसरी अन्तर्गत अन्य शाखाहरु संचालनमा छैनन् । ***म २०७० साल देखि बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीको लेखा सुपरिबेक्षण समितिको संयोजक र २०६४ साल देखि बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि. धरान सुनसरीको लेखापालको रुपमा कार्यरत रहेको छु ।*** बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीको संचालक समितिका पदाधिकारीहरु प्रायःफेबदल भई रहेका छन । पुराना पदाधिकारीहरुको एकिन नामथर थाहा भएन । हाल मलाई थाहा भए अनुसार यस प्रकार रहेका छौँ । (क) अध्यक्ष/संचालक मान बहादुर बिश्वकर्मा (ख) उपाध्यक्ष बिष्णुमाया विश्वकर्मा (हाल मृत्यु भई सकेको) (ग) सदस्य गंगा बहादुर कालिकोटे (घ) सदस्य बिष्णु कुमारी तुलाधर (ङ) सदस्य अम्बर बहादुर विश्वकर्मा (च) सदस्य शुभराज खाती (छ) सदस्य फुल माया राई रहेका छन । लेखा सुरिवेक्षण समितिका पदाधिकारीहरु (क) संयोजक म सुमिन भन्ने सुदिन वि.क. (ख) सदस्य सर्मिला ताम्राकार (ग) सदस्य कुमार दुतराज वि.क.भन्ने कुमार वि.क. रहेका छन । कर्जा उप-समितिका पदाधिकारीहरु (क) संयोजक गंगा बहादुर कालिकोटे (ख) सदस्य अस्मिता भण्डारी (ग) सदस्य श्रीमान महत क्षेत्री रहेका छन भने शिक्षा उप-समितिका पदाधिकारीहरु (क) संयोजक शुभराज खाती (ख) सदस्य विनिता तुलाधर (ग) सदस्य कुमार कालिकोटे रहेका छन । सहकारी संस्थामा रहेका कर्मचारीहरु (क) व्यबस्थापक दातेन्जी शेर्पा (ख) लेखापाल हिम प्रसाद आँखेवा (ग) लेखापाल अपना श्रेष्ठ (हाल व्यबस्थापक) (घ) कम्प्यूटर अपरेटर सुजन प्रधान (ङ) कम्प्यूटर अपरेटर भावना राई (च) कम्प्यूटर अपरेटर चन्द्र कला राई (छ) कम्प्यूटर अपरेटर दिपिया खड्का (ज) कम्प्यूटर अपरेटर बिजेता तुलाधर समेत रहेका छन । ***सहकारी संस्थामा मेरो जिम्मेवारी त्रैमासिक रुपमा सहकारी संस्थाको आय-व्याय हेरी टिप्पणी गरी संचालक समितिको बैठकमा प्रस्तुत गरी सुझाव दिने, दिएका सुझाव संचालक समितिले अस्वीकार गरेमा साधरण सभामा पेश गर्ने थियो*** । तर मैले दिएका कुनै पनि सुझावहरु कार्यन्वयन भएका छैनन् । ***म बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि.धरान सुनसरीमा लेखापालको पदमा कार्यरत रहेको थिएँ ।*** सो ज्वेलरीमा कामकाज गर्ने कर्मचारीहरुले दैनिक आय/व्याय गरी म समेतलाई हिसाब देखाए पछी मैले रुजु गरी कम्प्यूटरमा इन्ट्री गरी शुभराज खातीलाई जानकारी गराउने गरेको थिएँ । मैले २०७८ साल मंसिर महिना देखि बराह ज्वलरीमा कामकाज गर्न छाडेको हुँ । उक्त सहकारी संस्थाबाट संचालक समितिका पदाधिकारीहरु, लेखा

सुपरिवेक्षक समिति, कर्जा उप-समिति, शिक्षा उप-समिति र कर्मचारीहरु के-कसरी नियुक्ती गर्दै आएका छन मलाई थाहा भएन । सहकारी संस्थाबाट संचालनमा रहेका खाताहरुको सम्बन्धमा मलाई केही पनि थाहा छैन । मेरो दस्तखतबाट चल्ने खाताहरु संचालनमा छैनन् । बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि.धरान सुनसरीको संस्थापक शिव कुमार बिश्वकर्मा (लामिछाने) रहेका छन । संचालकहरुमा मान बहादुर बिश्वकर्मा, अम्बर बहादुर बिश्वकर्मा, शुभराज खाती लगायतका व्यक्तिहरु रहेका छन् । कर्मचारीहरुमा (क) शाखा प्रमुख सौराज भन्ने अम्बर बहादुर बिश्वकर्मा (ख) लेखापाल कुमार दुतराज वि.क.भन्ने कुमार वि.क. (ग) लेखापाल शान्ति रसाईली (घ) लेखापाल शिसिर दुतराज (ङ) लेखापाल म सुमिन भन्ने सुदिन बि.क.(च) कम्प्युटर अपरेटर रबि पोर्तेल (सुनार) भन्ने रवि सुनार वि.क. रहेका छन । सामान बिक्री गर्ने (क) शोभा लक्रान्द्री (ख) रुपा खाती (ग) बनु बिश्वकर्मा (घ) शसिता लोहार (ङ) यम्बा लोहागुन (च) सन्देश बि.क. (छ) गोबिन्द बराईली (ज) शुभ राज बि.क. (झ) रोशन लामिछाने (ञ) संयोग दियाली रहेका छन् । अन्य कर्मचारीहरु पनि छन् तर एकिन नामथर मलाई थाहा भएन । बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि.धरान सुनसरीबाट संचालनमा रहेका खाताहरुको सम्बन्धमा मलाई केही पनि थाहा छैन । मेरो दस्तखतबाट चल्ने खाताहरु संचालनमा छैन । सहकारी संस्था तथा अन्य कम्पनीहरु संचालनमा रहेका भवन र जग्गाहरु को-कसको नाममा दर्ता रहेको छ मलाई थाहा भएन । सहकारी संस्था तथा अन्य कम्पनीहरुको नाममा अन्य के-कुन ठाउँमा के-कति जग्गा जमिनहरु रहेका छन् मलाई एकिन भएन । सहकारी संस्थाबाट लगानी हुँदै आएको ऋणको सम्बन्धमा मलाई थाहा छैन । बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीको दायित्व रकम, ऋण लगानी लगायतको बिषयमा याद भएन । सहकारी संस्थाहरुको System (प्रणाली) हेरी पछी प्रष्ट हुन्छ । बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीमा मेरो रु. ३०,०००।– (तीस हजार) शेयर रकम रहेको छ । बचत रकम रु.२,८३,०००।–(दुई लाख त्रिरासी हजार) रहेको छ । खाता नं. याद भएन । बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीमा Cosys कम्पनीको सफ्टवेयर प्रयोगमा आएको छ भने बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि. धरान सुनसरीमा स्वस्तिक कम्पनीको सफ्टवेयर प्रयोगमा थियो । पछी Gateway नामक सफ्टवेयर जडान गरी स्वस्तिकबाट बिवरणहरु Gateway मा इन्ट्री गरी प्रयोगमा आई रहेको छ । अन्य कम्पनीहरुमा प्रयोग भएको सफ्टवेयर सम्बन्धमा मलाई थाहा भएन । बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीको व्यबस्थापक अपना श्रेष्ठले Cosys र म लगायत कुमार दुतराज बि.क. भन्ने कुमार बि.क., फुल माया राई, रबि पोर्तेल भन्ने रवि सुनार बि.क., पुस्पल तिरुवा, रविन लकान्द्री भन्ने योगेन्द्र बिश्वकर्मा, भावना दियाली, सविन दियाली, ओमन श्रेष्ठ, बिशाल सेन्चुरीले Gateway सफ्टवेयर प्रयोग गर्दै आएका थियौँ। ***बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीबाट ग्राहकहरुलाई पासबुक बितरण गरी ग्राहकहरुको ठुलो परिमाणको रकम बराह ज्वेलरी ईण्डष्ट्रिज प्रा.लि.धरान सुनसरीमा प्रयोग भएको Gateway सफ्टवेयरमा बचत तथा भुक्तानी र ऋण लगानीको बिवरण इन्ट्री हुँदै आएको थियो । बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीमा भन्दा बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि. धरानमा पीडितहरुको रकम बढी जम्मा भएको हो । यो कारोबार कानून बिपरितको कारोबार हो*** । ***बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरी, बराह ज्वेलरी ईण्डष्ट्रिज प्रा.लि. धरान सुनसरी र सो संग सम्बन्धित अन्य कम्पनीहरुको कारोवारको बिषयमा भन्नु पर्दा यी सहकारी संस्था तथा कम्पनीहरुको सस्थापकहरु प्राय:एउटै भएको कारण संचालकहरुकै निर्देशनमा बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीबाट ग्राहकहरुलाई पासबुक बितरण गरी ग्राहकहरुको ठुलो परिमाणको रकम बराह जवेलरी ईण्डष्ट्रिज प्रा.लि.धरान सुनसरीमा प्रयोग भएको सफ्टवेयरमा इन्ट्री भई रकम बचत, भूक्तानी, कम्पनीहरुमा कर्जा प्रवाह हुँदै आएको थियो । यी सम्पूर्ण कारोबारहरु कानून बिपरित भएका छन*** । बराह ज्वेलरी ईण्डष्ट्रिज प्रा.लि.धरान सुनसरीको सफ्टवेयरमा इन्ट्री भई जम्मा भएको ग्राहकहरुको बचत रकम प्रत्येक दिन बेलुका ईन्ट्री गर्ने कर्मचारीहरुले शुभ राज खाती, कुमार दुतराज भन्ने कुमार बि.क., रबि पोर्तेल भन्ने रवि सुनार बि.क. लाई दिई काउन्टर बन्द गर्ने गरेका थिए । मैले सुने अनुसार बचत भएको रकमबाटै अन्य कम्पनीहरु क्रमश बिस्तार गरेको तथा संचालक समितिका पदाधिकारीहरुले घर जग्गा खरिद गरी आफू तथा आफू अनुकुलका मानिसहरुको नाममा

राखेका छन । बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीमा आबद्ध ग्राहकहरुको रकम हिनामिना भएको सम्बन्धमा मलाई थाहा भएन । ***मैले बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीबाट पटक/पटक ऋण लिई*** समयमा नै चुक्ता गरी सकेको छु । अब तिर्न बाँकी छैन । सहकारी संस्थाको नामबाट पासबुक बितरण गरी बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि. धरान सुनसरीमा अनाधिकृत रुपमा ग्राहकहरुको पैसा बचत गर्न लगाई कानून बिपरित बराह ग्रुप अन्तर्गतका बिभिन्न कम्पनीहरुमा कर्जा प्रवाह भएको छ । म सहकारी संस्थाको लेखा सुपरिबेक्षण समितिको संयोजक भएको कारण पटक पटक संचालकहरुलाई यस बिषयमा सुझाब दिदा निजहरुले कति पनि कार्यन्वयन गरेका थिएनन् । सहकारी संस्थाको दायित्व रकम हिनामिना/अपचलन भएको सम्बन्धमा सहकारी संस्था तथा बराह ग्रुप अन्तर्गतका पदाधिकारीहरु मान बहादुर बिश्वकर्मा, शिव कुमार बिश्वकर्मा (लामिछाने), गंगा बहादुर कालिकोटे, शुभ राज खाती, सौराज भन्ने अम्बर बहादुर बिश्वकर्मा, शरण बिश्वकर्मा, हरी कुमार धमला विश्वकर्मा, विकाश लाम्गादे, डम्वर बहादुर विश्वकर्मा, अनुप कुमार खड्गी, दिपिका सिँह गदाल, पुर्ण बहादुर कालिकोटे भन्ने पुर्ण कुमार विश्वकर्मा, रिना राई (लामिछाने) र मन्दिरा लामिछाने लगायतका व्यक्तिहरु जिम्मेबार हुनु पर्छ । मैले थाहा पाए अनुसार सहकारी संस्थाको रकमबाट निजहरुले आफू तथा आफू अनुकुलका मानिसहरुको नाममा घर जग्गा खरिद गरी राखेको भनि सुनेको छु । मैले बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरानको रकम हिनामिना/अपचलन गरेको छैन । म उपर के-कति कारणले ***किटानी जाहेरी दरखास्त*** दिएका हुन मलाई थाहा भएन । बराह ग्रुप अन्तर्गत उल्लेखित सहकारी संस्था तथा कम्पनीहरु संचालनमा रहेका छन । उल्लेखित कम्पनीहरु मध्येका बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान र बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि.को हकमा मैले माथी आफ्नो बयानमा खुलाई लेखाई दिई सकेको छु । त्यस बाहेक अन्य कम्पनीहरुको हकमा म कुनै पनि जिम्मेवारीमा छैन । अन्य संचालनमा रहेका कम्पनीहरुको हकमा प्रायःमान बहादुर बिश्वकर्मा, शिव कुमार बिश्वकर्मा (लामिछाने), गंगा बहादुर कालिकोटे, शुभ राज खाती, सौराज भन्ने अम्बर बहादुर बिश्वकर्मा, शरण बिश्वकर्मा, हरी कुमार धमला विश्वकर्मा, विकाश लाम्गादे, डम्वर बहादुर विश्वकर्मा, अनुप कुमार खड्गी, दिपिका सिँह गदाल, पुर्ण बहादुर कालिकोटे भन्ने पुर्ण कुमार विश्वकर्मा, रिना राई (लामिछाने) र मन्दिरा लामिछाने लगायतका व्यक्तिहरु संचालक समितिको अध्यक्ष, सदस्यहरु बसी संचालन गर्दै आएका छन तर निजहरु के-कुन जिम्मेवारीमा रहेका छन मलाई एकिन भएन । उल्लेखित कम्पनीहरुको कर्मचारीहरुको नामथर मलाई थाहा भएन । सहकारी संस्थाको मौज्दातमा रहेको रकम हिनामिना/अपचलनमा मेरो संलग्नता छैन । सहकारी संस्थाको दायित्व रकम हिनामिना/अपचलन भएको सम्बन्धमा सहकारी संस्था तथा बराह ग्रुप अन्तर्गतका पदाधिकारीहरु मान बहादुर बिश्वकर्मा, शिव कुमार बिश्वकर्मा (लामिछाने), गंगा बहादुर कालिकोटे, शुभ राज खाती, सौराज भन्ने अम्बर बहादुर बिश्वकर्मा, शरण बिश्वकर्मा, हरी कुमार धमला विश्वकर्मा, विकाश लाम्गादे, डम्वर बहादुर विश्वकर्मा, अनुप कुमार खड्गी, दिपिका सिँह गदाल, पुर्ण बहादुर कालिकोटे भन्ने पुर्ण कुमार विश्वकर्मा, रिना राई (लामिछाने) र मन्दिरा लामिछाने लगायतका व्यक्तिहरु जवाफदेही हुनु पर्छ । मैले थाहा पाए अनुसार सहकारी संस्थाको रकमबाट निजहरुले आफू तथा आफू अनुकुलका मानिसहरुको नाममा घर जग्गा खरिद गरी राखेको भनि सुनेको छु । त्यस कारण निजहरुको संलग्नता रहेको छ । निजहरु हाल के कँहा छन मलाई थाहा भएन भन्ने समेत व्यहोराको प्रतिवादी सुमिन भन्ने सुदिन बि.क.ले गरेको बयान ।

१८. **पक्राउ प्रतिवादी सुमिन भन्ने सुदिन बि.क.ले गरेको ततिम्बा बयानः-**

प्रज्वल अधिकारी शर्मा Fellow Chartered Accountant ले दिनु भएको बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरानको विस्तृत अध्ययन प्रतिवेदनमा मैले हिनामिना गरेको भनिएको रु. ९६,३३,१६०।–(छयानब्बे लाख तेत्तिस हजार एक सय साठ्ठी रुपैया) रकमको सम्बन्धमा मलाई थाहा भएन । सहकारी संस्थाका अध्यक्ष मान बहादुर विश्वकर्मा र बराह ग्रुपका संस्थापक शिव कुमार लामिछाने (विश्वकर्मा) लगायतका पदाधिकारीहरुले भविष्यमा सबै राम्रै हुन्छ भनि विश्वास जगाएर मैले धेरै कागजातहरुमा सही छाप गरेको छु । त्यही बखत ***मैले नारायणी बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि.को प्रबन्ध पत्र र शेयर लगत लगायतका कागजातहरुमा सही छाप गरेको*** हुनसक्छ । नारायणी

बराह ज्वेलरी प्रा.लि.मा संस्थापक र लिन कवुल गरेको शेयर संख्या २००० रहेछ। हाल बयानको क्रममा ***मलाई देखाएको शेयर लगत, प्रबन्ध पत्र लगायतका कागजातहरुको मेरो नामको अगाडी र बन्दमा रहेको दस्तखत र सहीछाप समेत मेरै हो*** भनि हेरी चिनि सनाखत गरी दिए भन्ने समेत व्यहोराको प्रतिवादी सुमिन भन्ने सुदिन वि.क.ले गरेको ततिम्बा बयान।

१९. **पक्राउ प्रतिवादी शेर बहादुर भन्ने श्रीमान महत क्षेत्रीले गरेको बयानः-**

मेरो नाममा जग्गा जमिन छैन । मैले करिव ११ वर्ष बैदेशिक रोजगारीमा कमाएको पैसाले जिल्ला सुनसरी धरान उप-महानगरपालिका वडा नं. १६ मा १ कठ्ठा जग्गा खरिद गरी श्रीमती इन्दु कार्कीको नाममा बकस पास गरी सोही ठाउँमा २ तल्ले घर बनाई बसोबास गर्दै आएका छौं। मेरो छोराहरु र बुहारीको नाममा जग्गा जमिन छैन । म बैदेशिक रोजगारको सिलसिलामा बिदेश बराईन ११ वर्ष बसी केही पैसा कमाई नेपाल आई आफैले गाडीहरु खरिद गरी संचालन गर्दै आएको थिए। त्यसै क्रममा मैले गाडीहरु बिक्री गरी २०७२/०७३ साल तिर बराह ग्रुप अन्तर्गतको Indra Baraha Travel&Tour मा कर्मचारीको रुपमा नियुक्ती भई म मासिक तलबमा बस्दै आएको थिएँ। त्यसै क्रममा मलाई कुनै पनि थाहा जानकारी नदिई ***२०७५ सालमा बराह बचत तथा सहकारी संस्था लिमिटेड धरान सुनसरीको कर्जा उप-समितिको सदस्यमा*** राखेका रहेछन । पछी मैले उक्त Indra Baraha Travel&Tour बाट समेत कामकाज गर्न छाडी कम्पनी र सहकारी संस्थाले कुनै पनि हर-हिसाब बाँकी छैन भनि पत्र दिए पछी म आफ्नै घरमा रहदै बस्दै आएको छु । बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरी २०६६ सालमा स्थापना भएको हो । सो संस्थाबाट बचत संकलन तथा भुक्तानी, ऋण प्रबाह, ऋण असुली, शेयर बितरण लगायतको आर्थिक कारोबार हुँदै आएको थियो । बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरी अन्तर्गत शाखाहरु संचालनमा छैनन् । म २०७५ साल देखि बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीको कर्जा उप-समिति सदस्य र बराह ग्रुप अन्तर्गतको Indra Baraha Travel &Tour को शाखा प्रमुख हुँ। बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीको संचालक समितिका पदाधिकारीहरु प्रायःफेबदल भई रहेका छन । पुराना पदाधिकारीहरुको एकिन नामथर थाहा भएन । हाल यस प्रकार रहेका छौं। (क) अध्यक्ष/संचालक मान बाहदुर बिश्वकर्मा (ख) उपाध्यक्ष बिष्णुमाया विश्वकर्मा (हाल मृत्यु भई सकेको) (ग) सदस्य गंगा बहादुर कालिकोटे (घ) सदस्य बिष्णु कुमारी तुलाधर (ङ) सदस्य अम्बर बहादुर विश्वकर्मा (च) सदस्य शुभराज खाती (छ) सदस्य फुल माया राई रहेका छन । लेखा सुरिवेक्षण समितिका पदाधिकारीहरु (क) संयोजक सुमिन भन्ने सुदिन वि.क.(ख) सदस्य सर्मिला ताम्राकार (ग) सदस्य कुमार दुतराज वि.क. भन्ने कुमार वि.क. रहेका छन । कर्जा उप-समितिका पदाधिकारीहरु (क) संयोजक गंगा बहादुर कालिकोटे (ख) सदस्य म श्रीमान महत क्षेत्री (ग) सदस्य अस्मिता भण्डारी रहेका छन भने शिक्षा उप-समितिका पदाधिकारीहरु (क) संयोजक शुभराज खाती (ख) सदस्य विनिता तुलाधर (ग) सदस्य कुमार कालिकोटे रहेका छन। अन्य कर्मचारीहरुको नामथर थाहा भएन । ***मलाई साधारण सभाबाट सहकारी संस्थाको कर्जा उप-समितिको सदस्यको जिम्मेवारी*** दिए तापनि संस्थाबाट हुने बैठक, साधारण सभा समेतमा म उपस्थित हुने गरेको थिईन । सहकारी संस्थाको बिषयमा मलाई कुनै पनि जानकारी छैन । ***म Indra Baraha Travel&Tour को शाखा प्रमुख*** भएकोले कम्पनीबाट संचालन रहेका सवारी साधनहरुको सम्बन्धमा सम्पूर्ण काम कार्वाही गर्दै आएको थिएँ। त्यस कम्पनीमा मैले हेरेको कामकाजको दैनिक आय/व्यय बेलुका कम्पनीको लेखापाल सुमिन वि.क.भन्ने सुदिन बि.क.लाई बुझाउने गरेको थिएँ। सवारी साधनको आम्दानी मैले हेर्ने गरेको थिईन । अन्य पदाधिकारीहरुको जिम्मेवारीको सम्बन्धमा मलाई थाहा भएन । करिव २ वर्ष अगाडी देखि मैले Indra Baraha Travel&Tour मा कामकाज गर्न छाडी सकेको छु । बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि.धरान सुनसरीको शाखा कम्पनी मध्येको Indra Baraha Travel&Tour पनि एक हो । उक्त Travel&Tour को संस्थापक अध्यक्ष बिकास लाम्गादे हुन । अन्य संचालक समितिमा को को रहेका छन मलाई थाहा भएन । उक्त सहकारी संस्थाबाट संचालक समितिका पदाधिकारीहरु, लेखा सुपरिवेक्षक समिति, कर्जा उप-समिति, शिक्षा उप-समिति र कर्मचारीहरु के-कसरी नियुक्ती गर्दै आएका छन मलाई थाहा भएन । सहकारी संस्थाबाट संचालनमा रहेका खाताहरुको सम्बन्धमा मलाई केही पनि थाहा छैन । मेरो

दस्तखतबाट चल्ने खाताहरु संचालनमा छैनन् । Indra Baraha Travel&Tour बाट संचालनमा रहेका खाताहरुको सम्बन्धमा मलाई केही पनि थाहा छैन । मेरो दस्तखतबाट चल्ने खाताहरु संचालनमा छैन । सहकारी संस्था तथा अन्य कम्पनीहरु संचालनमा रहेका भवन र जग्गाहरु को-कसको नाममा दर्ता रहेको छ मलाई थाहा भएन । सहकारी संस्था तथा अन्य कम्पनीहरुको नाममा अन्य के-कुन ठाउँमा के-कति जग्गा जमिनहरु रहेका छन् मलाई एकिन भएन । सहकारी संस्थाबाट लगानी हुँदै आएको ऋणको सम्बन्धमा मलाई थाहा छैन । म सहकारी संस्थाको कर्जा उप-समितिको सदस्य हुँ तर त्यस संस्थाबाट प्रवाह हुने कर्जाको बिषयमा मलाई कुनै पनि जानकारी हुने गरेको थिएन । संचालक समितिका अध्यक्ष लगायतका सदस्यहरुले के कसरी कर्जा प्रवाह गर्ने गरेका थिए मलाई थाहा भएन । बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीको दायित्व रकम, ऋण लगानी लगायतको बिषयमा मलाई थाहा भएन । मैले सहकारी संस्थाबाट ऋण रकम लिएको छैन । बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीमा मेरो रकम जम्मा छैन । मेरो छोरा सकुल महतको नामबाट करिब रु. ७,००,०००।–(सात लाख) रकम जम्मा गरेका छौँ । खाता नं. मलाई थाहा भएन । मेरो छोरा सकुल महतको नाममा थोरै/थोरै दैनिक बचत गर्दै आएका थियौँ । उक्त पैसाको सावाँ/व्याज गरी हाल रु. ७,००,०००।–(सात लाख) जम्मा भई सकेको छ । बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरी र बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि. धरान सुनसरी तथा सो संग सम्बन्धित कम्पनीहरुले के-कुन सफ्टवेयरहरु प्रयोग गर्दै आएका छन् मलाई थाहा भएन । बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरी, बराह ज्वेलरी ईण्डष्ट्रिज प्रा.लि. धरान सुनसरी र सो संग सम्बन्धित अन्य कम्पनीहरुको कारोवारको बिषयमा मलाई कुनै पनि जानकारी छैन तर बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीबाट ग्राहकहरुलाई पासबुक बितरण गरी ग्राहकहरुको ठुलो परिमाणको रकम बराह ज्वेलरी ईण्डष्ट्रिज प्रा.लि.धरान सुनसरीमा जम्मा हुँदै आएको भनि पछि सुनेको हुँ । त्यो कारोबार कानून बिपरित भएको छ । बराह जवेलरी ईण्डष्ट्रिज प्रा.लि.धरान सुनसरीको सफ्टवेयरमा इन्ट्री भई जम्मा भएको ग्राहकहरुको रकम प्रत्येक दिन बेलुका ईन्ट्री गर्ने कर्मचारीहरुले जम्मा रकम शुभ राज खाती समेतलाई दिई काउन्टर बन्द गर्ने गरेका थिए । मैले सुने अनुसार बचत भएको रकमबाटै अन्य कम्पनीहरु क्रमश बिस्तार गरेको थाहा पाएको हुँ । बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीमा आबद्ध ग्राहकहरुको रकम हिनामिना भएको सम्बन्धमा मलाई थाहा भएन । मैले बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान तथा सोही सहकारी संस्थासँग आबद्ध अन्य कम्पनीहरुबाट ऋण रकम लिएको छैन । मैले बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरानको दायित्व रकम हिनामिना/अपचलन गरेको छैन । सहकारी संस्थाको दायित्व रकम हिनामिना/अपचलन भएको सम्बन्धमा सहकारी संस्थाका अध्यक्ष लगायत अन्य पदाधिकारीहरु जवाफदेही हुनु पर्छ । म उपर के-कति कारणले ***किटानी जाहेरी दरखास्त*** दिएका हुन मलाई थाहा भएन । बराह ग्रुप अन्तर्गतका उल्लेखित सहकारी संस्था तथा कम्पनीहरु संचालनमा रहेका छन । उल्लेखित कम्पनीहरु मध्येको बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान र Indra Baraha Travel&Tour को हकमा मैले माथी आफ्नो बयानमा खुलाई लेखाई दिई सकेको छु । त्यस बाहेक अन्य कम्पनीहरुको हकमा म कुनै पनि जिम्मेवारीमा छैन । अन्य संचालनमा रहेका कम्पनीहरुको हकमा प्रायःमान बहादुर बिश्वकर्मा, शिव कुमार बिश्वकर्मा (लामिछाने), गंगा बहादुर कालिकोटे, शुभ राज खाती, मन्दिरा लामिछाने लगायतका व्यक्तिहरु संचालक समितिको अध्यक्ष, सदस्यहरु बसी संचालन गर्दै आएको थाहा थियो । अन्य को को रहेका छन मलाई थाहा भएन । बराह ग्रुप अन्तर्गतका कम्पनीहरुको नामबाट संचालनमा रहेका बैंक खाताहरुको सम्बन्धमा मलाई कुनै पनि जानकारी छैन । सहकारी संस्थाको स्वामित्वमा रहेको रकम हिनामिना भई रहेको कुरा मलाई तत्काल थाहा थिएन । पछिल्लो समयमा पीडितहरुले जाहेरी दरखास्त दिई धरान उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय धरानबाट सहकारी संस्था उपर छानविन हुन थालेपछि मात्र सहकारी संस्थाबाट रकम हिनामिना भएको थाहा पाएको हुँ भन्ने समेत व्यहोराको प्रतिवादी शेर बहादुर भन्ने श्रीमान महत क्षेत्रीको बयान ।

२०. **पक्राउ प्रतिवादी शेर बहादुर भन्ने श्रीमान महत क्षेत्रीको ततिम्बा बयानः-**

सहकारी संस्थाबाट ऋण लगानी हुँदा हाम्रो कुनै पनि जिम्मेवार हुने थिएन । ***मलाई ऋण उप-समितिको सदस्य***मा मात्र राखेका हुन । संचालक समितिका अध्यक्ष लगायतका पदाधिकारीहरुले आफू खुशी मनमानी ढंगबाट ऋण लगानी गर्दै आएका थिए । त्यस कारण ऋण असुल नभए संचालक समितिका पदाधिकारीहरुले बेहोर्नु पर्छ भन्ने समेत व्यहोराको प्रतिवादी शेर बहादुर भन्ने श्रीमान महत क्षेत्रीको ततिम्बा बयान ।

२१. **पक्राउ प्रतिवादी अपना श्रेष्ठले गरेको बयानः-**

बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरी २०६६ सालमा स्थापना भएको हो । सो संस्थाबाट बचत संकलन तथा भुक्तानी, ऋण प्रबाह, ऋण असुली, शेयर बितरण लगायतको आर्थिक कारोबार हुँदै आएको छ । बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरी अन्तर्गत अन्य शाखाहरु संचालनमा छैनन् । म २०७०/०१/१५ गतेबाट यस बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीमा लेखापाल पदमा नियुक्ती भई कामकाज गर्ने क्रममा तत्कालका व्यबस्थापक (मेनेजर) दातेन्जी शेर्पा राजिनामा गए पश्चात ***मिति २०७९ सालको भाद्र महिनाबाट म संस्थाको व्यबस्थापक (मेनेजर) पदमा कार्यरत रहेको छु*** । म सहकारी संस्थामा लेखापाल हुँदाको समयमा सहकारी संस्थाबाट दैनिक रुपमा हुने बचत संकलन तथा भुक्तानी, ऋण प्रबाह, ऋण असुली, शेयर बितरण लगायतको आर्थिक कारोबारको रेकर्ड राख्ने कामकाज गर्दै आएको थिए भने संस्थाको व्यबस्थापक (मेनेजर) हुँदा ***संचालक समितिका पदाधिकारीहरुको निर्देशन तथा समन्वयमा सहकारी संस्थाबाट हुने सम्पूर्ण कारोबार गर्दै आएको थिए*** । यस सहकारी संस्थामा बिगत देखि हालसम्म संचालक समितिका पदाधिकारीहरु यस प्रकार गठन भएको छ तर एकिन वतन मलाई थाहा भएनः

देहायः

मनोनयन मिति	जिम्मेवारी	पद	नामथर	कै.
२०६६/०४/२३	संचालन समिति	अध्यक्ष	मान बहादुर बिश्वकर्मा	
		उपाध्यक्ष	इन्द्र कुमार बिश्वकर्मा	हाल मृत्यु भई सकेको
		सदस्य	पूर्ण कुमार बिश्वकर्मा	
		सदस्य	बिकास लाम्गादे	
		सदस्य	रीना राई	
		सदस्य	रोश्ना मोक्तान	
		सदस्य	फरिना बिश्वकर्मा	
	विधान मस्यौदा	सदस्य	मान बहादुर बिश्वकर्मा	
		सदस्य	पूर्ण कुमार कालिकोटे	
		सदस्य	रोश्ना मोक्तान	
	कानूनी सल्लाहकार		अबइन्द्र निरौला	हालसम्म रहेको
२०६६।०८।२३	संचालक समिति	अध्यक्ष	इन्द्र कुमार वि.क.	हाल मृत्यु भई सकेको
		उपाध्यक्ष	मान बहादुर बिश्वकर्मा	
		सदस्य	पूर्ण कुमार कालिकोटे	
		सदस्य	विकाश लाम्गादे	

		सदस्य	रीना राई	
		सदस्य	बिष्णु कुमारी तुलाधर	
		सदस्य	फरिना वि.क.	
	लेखा समिति	संयोजक	रोश्ना मोक्तान	
		सदस्य	सुनिल कुमार ताम्राकार	
		सदस्य	सविता शंकर	
२०६६।११।०१	ऋण उप समिति	सदस्य	पूर्ण कुमार कालिकोटे	
		सदस्य	विकास लाम्गादे	
		सदस्य	इन्द्र कुमार बि.क.	हाल मृत्यु भई सकेको
	शिक्षा उप समिति	सदस्य	पूर्ण कुमार कालिकोटे	
		सदस्य	श्याम कुमार सेन्चुरी	
		सदस्य	सर्मिला ताम्राकार	
०६८/०६९	लेखा सुपरिबेक्षण समिति	संयोजक	बिकेन ल्वागुन	
		सदस्य	गंगा बहादुर कालिकोटे	
		सदस्य	सर्मिला ताम्राकार	
२०७०।०७।२३	संचालक समिति	अध्यक्ष	मान बहादुर बिश्वकर्मा	
		उपाध्यक्ष	पूर्ण कुमार कालिकोटे	
		सदस्य	बिष्णु कुमारी तुलाधर	
		सदस्य	बिष्णु माया लामिछाने	मृत्यु
		सदस्य	विकास लाम्गादे	
		सदस्य	गंगा बहादुर कालिकोट	
		सदस्य	दातेन्जी शेर्पा	
	लेखा सुपरिबेक्षण समिति	संयोजक	सुदिन वि.क.	
		सदस्य	सर्मिला ताम्राकार	
		सदस्य	रविन राई	
	ऋण उप-समिति	सदस्य	विकेन ल्गागुन	
		सदस्य	इन्द्र बहादुर बि.क.	
		सदस्य	गंगा कालिकोटे	
	शिक्षा उप-समिति	सदस्य	शुभ राज खाती	
		सदस्य	चन्द्र कला राई	
		सदस्य	विनिता तुलाधर	
२०७३ साल	संचालक समिति	अध्यक्ष	मान बहादुर बिश्वकर्मा	
		उपाध्यक्ष	पूर्ण कुमार कालिकोटे	
		सदस्य	बिष्णु कुमारी तुलाधर	
		सदस्य	बिष्णु माया लामिछाने	मृत्यु

		सदस्य	विकास लाम्गादे	
		सदस्य	गंगा बहादुर कालिकोट	
		सदस्य	दातेन्जी शेर्पा	
	लेखा सुपरिबेक्षण समिति	संयोजक	सुदिन वि.क.	
		सदस्य	सर्मिला ताम्राकार	
		सदस्य	रविन राई	
	ऋण उप-समिति	सदस्य	गंगा बहादुर कालिकोटे	
		सदस्य	इन्द्र बहादुर बि.क.	
		सदस्य	लाल बहादुर बिश्वकर्मा	
	शिक्षा उप-समिति	सदस्य	शुभ राज खाती	
		सदस्य	चन्द्र कला राई	
		सदस्य	विनिता तुलाधर	
२०७५ साल	संचालक समिति	अध्यक्ष	मान बहादुर बिश्वकर्मा	
		उपाध्यक्ष	बिष्णु माया लामिछाने	मृत्यु
		सदस्य	गंगा बहादुर कालिकोटे	
		सदस्य	बिष्णु कुमारी तुलाधर	
		सदस्य	अम्बर बहादुर बिश्वकर्मा	
		सदस्य	शुभ राज खाती	
		सदस्य	फुल माया राई	
	लेखा सुपरिबेक्षण समिति	संयोजक	सुदिन वि.क.	
		सदस्य	सर्मिला ताम्राकार	
		सदस्य	कुमार बि.क.	
	ऋण उप-समिति	सदस्य	गंगा बहादुर कालिकोटे	
		सदस्य	श्रीमान महत क्षेत्री	
		सदस्य	अस्मिता भण्डारी	
	शिक्षा उप-समिति	सदस्य	शुभ राज खाती	
		सदस्य	बिनिता तुलाधर	
		सदस्य	कुमार कालीकोटे	
२०७८ साल	संचालक समिति	अध्यक्ष	मान बहादुर बिश्वकर्मा	
		उपाध्यक्ष	बिष्णु माया लामिछाने	मृत्यु
		सदस्य	गंगा बहादुर कालिकोटे	
		सदस्य	बिष्णु कुमारी तुलाधर	
		सदस्य	अम्बर बहादुर बिश्वकर्मा	
		सदस्य	शुभ राज खाती	
		सदस्य	फुल माया राई	

	लेखा सुपरिबेक्षण समिति	संयोजक	सुदिन वि.क.	
		सदस्य	सर्मिला ताम्राकार	
		सदस्य	कुमार बि.क.	
	ऋण उप-समिति	सदस्य	गंगा बहादुर कालिकोटे	
		सदस्य	श्रीमान महत क्षेत्री	
		सदस्य	अस्मिता भण्डारी	
	शिक्षा उप-समिति	सदस्य	शुभ राज खाती	
		सदस्य	बिनिता तुलाधर	
		सदस्य	कुमार कालीकोटे	

त्यसै गरी सहकारी संस्थामा रहेका कर्मचारीहरु यस प्रकार छन । निजहरुको एकिन वतन थाहा भएन ।

देहाय:

सि.न.	**पद/जिम्मेवारी**	**नामथर**	**कार्यरत रहे/नरहेको**	**कै.**
१	प्रबन्धक	पूर्ण कुमार कालिकोटे	नरहेको	
२	सह-प्रबन्धक	हिम प्रसाद आँखेवा	नरहेको	
३	लेखापाल	लक्ष्मण दाहाल	नरहेको	
४	लेखापाल (हाल संकट कालिन अबस्थामा प्रबन्धकमा रहेको)	अपना श्रेष्ठ	रहेको	
५	लेखापाल	विकेन ल्वागुन	नरहेको	
६	लेखा सहायक	पश्मुरी शेर्पा	नरहेको	
७	लेखा सहायक	सुजन प्रधान	नरहेको	
८	टेलर	मारिया तामाङ	नरहेको	
९	क्यारिसयर	आङछिकी शेर्पा	नरहेको	
१०	एम्बुलेन्स चालक	आशिष परियार	नरहेको	
११	रिसिप्सन	चन्द्र कला राई	कार्यरत रहेको ।	
१२	कार्यालय सहायक	दिपिया खड्का	नरहेको	
१३	बजार प्रतिनिधीहरु	कुमारी लिम्बु	रहेको	
१४		कमला श्रेष्ठ	रहेको	
१५		कल्पना कालिकोटे	रहेको	
१६		अन्जला श्रेष्ठ	नरहेको	
१७		पुजा राई	रहेको	
१८		किष्टिना राई	रहेको	
१८		नर्बदा श्रेष्ठ	रहेको	
२०		पुष्पा घिमिरे	रहेको	

२१		कमला बस्नेत	रहेको	
२२		शोभा राई	नरहेको	
२३		अनु गुरुङ	नरहेको	
२४		अन्जु श्रेष्ठ	नरहेको	
२५		तारा श्रेष्ठ	रहेको	
२६		सविना गुरुङ	रहेको	
२७		संगिता ताम्राकार	रहेको	
२८		कमला सेनेहाङ	रहेको	
२९		नमिता ढकाल	रहेको	
३०		रमेश मरिक	रहेको	
३१		प्रविन राई	नरहेको	
३२		एस.बि. तामाङ	नरहेको	
३३		अनुप शंकर	नरहेको	
३४		रमा डुम्जन	रहेको	
३५		सन्देश वि.क	नरहेको	
३६		लमु शेर्पा	रहेको	
३७		अन्जना श्रेष्ठ	रहेको	
३८		सबिना बराइली	रहेको	

संचालक समितिका अध्यक्ष लगायतका पदाधिकारीहरुले नीति निर्माण गर्ने, नीति निर्माण साधारण सभाबाट पारित गर्ने, संचालक समितिबाट प्रस्ताव भएका कुराहरु बैठकमा छलफल गर्ने, संस्थामा भएका कमी कमजोरीहरुको तथ्याङ्क संकलन गरी सुधारको लागि पहल गर्ने जिम्मेवारी थियो । ***लेखा सुपरिबेक्षण समितिका संयोजक तथा सदस्यहरुको जिम्मेवारी त्रैमासिक रुपमा सहकारी संस्थाको आय-व्यय हेरी टिप्पणी गरी संचालक समितिको बैठकमा प्रस्तुत गरी सुझाव दिने***, दिएका सुझाव संचालक समितिले अस्वीकार गरेमा साधारण सभामा पेश गर्ने थियो । ऋण उप-समितिका संयोजक तथा सदस्यहरुको जिम्मेवारी ऋण प्रबाह तथा असुलीको सम्बन्धमा निती नियम पालना गर्ने गराउने, ऋण सम्बन्धको कामकारबाहीहरु बैठक तथा साधारण सभामा पेश गरी सम्बोधन गर्ने थियो र शिक्षा उप-समितिका पदाधिकारीहरुको जिम्मेवारी शिक्षा सम्बन्धीको कामकार्वाहीको बिषयमा कार्यन्वयन गर्ने/गराउने थियो । उक्त सहकारी संस्थाबाट संचालक समितिका पदाधिकारीहरु, लेखा सुपरिवेक्षण समिति, कर्जा उप-समिति, शिक्षा उप-समितिहरु साधारण सभाबाट गठन हुने गरेको थियो तर कर्मचारीहरु नियुक्ती गर्ने सम्बन्धमा सहकारी संस्थाका संचालन समितिका पदाधिकारीहरुको क्षेत्राधिकार भित्र पर्दछ । ***सहकारी संस्थाबाट राष्ट्रिय सहकारी बैंक, प्रभु बैंक, प्राईम बैंक, गोर्खाज फाईनान्स लिमिटेड, राष्ट्रिय बाणिज्य बैंक, जनता बैंक (ग्लोबल आई एम ई बैंक), माछापुच्छ्रे बैंक, नेपाल इन्भेष्टमेन्ट मेघा बैंक, NIC ASIA बैंक, सनराईज बैंक, आई.एम.ई कोअपरेटिभ सर्भिस लिमिटेड र नेपाल बंगला देश बैंकमा खाताहरु संचालनमा रहेका छन्*** । खाता नं. हरु मलाई थाहा भएन । प्रायःजसो संस्थाका अध्यक्ष मान बहादुर बिश्वकर्मा, सदस्य गंगा बहादुर कालिकोटे, अम्बर बहादुर बिश्वकर्मा, ***फुलमाया राई*** समेतको दस्तखतबाट संचालनमा रहेका छन् । ***राष्ट्रिय सहकारी बैंकमा म लगायत संस्थाका अध्यक्ष मान बहादुर बिश्वकर्मा, सदस्य गंगा बहादुर कलिकोटे र सदस्य अम्बर बहादुर बिश्वकर्माको दस्तखतबाट संचालन हुने गरेको छ ।*** मैले हालसम्म चेकमा दस्तखत गरी कुनै कारोबार गरेको छैन । उक्त खाता बन्द रहेको छ । बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि.धरान सुनसरीको संस्थापक इन्द्र कुमार

बिश्वकर्मा रहेका थिए । निजको मृत्यु पश्चात संस्थापकमा शिव कुमार बिश्वकर्मा (लामिछाने) रहेका छन । संचालकहरुमा मान बहादुर बिश्वकर्मा, शुभराज खाती लगायतका व्यक्तिहरु रहेका छन् । कर्मचारीहरुमा (क) शाखा प्रमुख सौराज भन्ने अम्बर बहादुर बिश्वकर्मा (ख) लेखापाल कुमार दुतराज वि.क.भन्ने कुमार वि.क. (ग) लेखापाल शान्ति रसाईली (घ) लेखापाल शिसिर दुतराज (ङ) लेखापाल सुमिन भन्ने सुदिन बि.क.(च) कम्प्युटर अपरेटर रबि पोर्तेल (सुनार) भन्ने रवि सुनार वि.क. (छ) टेलर फुल कुमारी भन्ने फुल माया राई समेत रहेको थाहा थियो । त्यस बाहेकका धेरै कर्मचारीहरु रहेका छन । निजहरुको एकिन नामथर थाहा भएन । बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि.धरान सुनसरीबाट संचालनमा रहेका खाताहरुको सम्बन्धमा मलाई केही पनि थाहा छैन । मैले सुने अनुसार ***बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरी संचालनमा रहेको भवन भएको जग्गा शिव कुमार बिश्वकर्मा (लामिछाने) र बिष्णुमाया लामिछानेको नाममा दर्ता रहेको*** भनि थाहा पाएको हुँ । सहकारी संस्थाको नाममा कुनै पनि जग्गा जमिन छैन । अन्य कम्पनीहरु संचालनमा रहेका भवन र जग्गाहरु को-कसको नाममा दर्ता रहेको छ मलाई थाहा भएन । अन्य कम्पनीहरुको नाममा अन्य के-कुन ठाउँमा के-कति जग्गा जमिनहरु रहेका छन् सो समेत मलाई एकिन भएन । सहकारी संस्थाबाट ४ किसिमको ऋण लगानी हुने गरेको छ । जस्तै व्यबसायिक ऋण, घरायसी खर्च ऋण, स्व-रोजगार ऋण र सामाजिक कार्य ऋण हुन । सहकारीको ऋण नीति २०७५ अनुसार दश लाख वा सो भन्दा बढीको ऋण लगानी गर्दा प्राविधिक मार्फत धितो मुल्याकन गरी ऋण लगानी गर्न सकिने व्यबस्था रहेको छ । ग्राहकहरुको बचत तथा शेयर रकमको ८०% र सामुहिक जमानीमा पनि ८०% मात्र ऋण लगानी गर्न सकिन्छ । बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीको सफ्टवेयर System (प्रणाली) अनुसार कर्जा नोक्सानी व्यबस्था रकम सहितको सहकारी संस्थाको जम्मा दायित्व रकम रु. १,२२,७४,८५,४४०.२५।– (एक अर्व बाईस करोड चौरहत्तर लाख पचासी हजार चार सय चालीस रुपैया पच्चिस पैसा) रहेको छ । जसमा बचतकर्ताहरुको रकम रु. ६८,९७,३४,६४६.९१।– (अढ्सठ्ठी करोड सन्तानब्बे लाख चौतीस हजार छ सय छयालीस रुपैया एकानब्बे पैसा), शेयर रु. १०,१३,९७,३००।– (दश करोड तेह्र लाख सन्तानब्बे हजार तीन सय) रहेको छ । बजार प्रतिनिधी कर्मचारीहरुले ग्राहकहरुसँग बचत उठाउने तथा ग्राहकहरु स्वयंम आफै सहकारी संस्थामा आई रकम बचत हुने गरेको थियो । बचत रकम सम्पूर्ण सहकारी संस्थाबाट प्रयोगमा रहेको सफ्टवेयरमा इन्ट्री गरी रेकर्ड राखिन्छ भने ग्राहकहरुले बचत रकम फिर्ता लिन आएमा समय अबधी पुरा भएमा साँवा/व्याज फिर्ता गरिन्छ । ग्राहकले खाता बन्द गर्ने भएमा बचत रकमको १०% कट्टा गरी अन्य रकम भुक्तानी गरिदै आएको थियो । मेरो सहकारी संस्थाको खाता नं. MR-01-53 मा शेयर रु.४२,१००।–(बयालीस हजार एक सय) र खाता नं. MR-01-53 मा रु. ३,४४,८३८।– (तीन लाख चौवालीस हजार आठ सय अढ्तीस रुपैया) जम्मा रहेको छ भने बराह ज्वेलरी ईण्डष्ट्रिज प्रा.लि.धरान सुनसरीमा खाता नं. ०१-०००५८७ मा रु. ६,८४,०३९।– (छ लाख चौरासी हजार उनन्चालिस रुपैया) रकम जम्मा रहेको छ । सहकारी संस्थाबाट मैले २०७८ साल फागुन महिना देखि नियमित मासिक तलब भत्ता, ३ महिनाको कर्मचारी बोनस कोष पाएको छैन । उक्त रकम भुक्तानी पाउँन बाँकी रहेको छ । मेरो श्रीमान लाल कुमार श्रेष्ठले बैदेशिक रोजगारीबाट पठाएको रकम तथा सहकारी संस्थाबाट प्राप्त हुने मासिक तलब भत्ताबाट जम्मा गरेको हो । सहकारी संस्थाबाट साँवा जम्मा रु. ७१,३९,४९,५३७.८४।– (एकहत्तर करोड उन्नचालिस लाख उनान्पचास हजार पाँच सय सईतीस रुपैया चौरासी पैसा) ऋण लगानी भएको छ । व्याजको हकमा असुल उपर हुँदा हिसाब गरी लिने गरिन्छ । ***सहकारी संस्थाबाट लगानी भएको अधिकांश ऋणहरु कानूनको क्षेत्राधिकार भन्दा बाहिर लगानी भएको छ*** । ***उक्त ऋण सहकारी संस्थाका संचालक समितिका अध्यक्ष लगायतका पदाधिकारीहरुको निर्देशन बमोजिम लगानी भएको हो ।*** बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीमा Cosys कम्पनीको सफ्टवेयर र सहकारी विभाग मार्फत संचालनमा रहेको copomis सफ्टवेयर प्रयोगमा आएको छ भने बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि.धरान सुनसरीमा स्वस्तिक कम्पनीको सफ्टवेयर प्रयोगमा थियो । पछी Gateway नामक सफ्टवेयर जडान गरी स्वस्तिकबाट बिवरणहरु Gateway मा इन्ट्री गरी प्रयोगमा आई रहेको भनि थाहा पाएको थिएँ । अन्य कम्पनीहरुमा प्रयोग भएको सफ्टवेयर सम्बन्धमा मलाई थाहा भएन । बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीका

कर्मचारीहरुले Cosys र Copomis सफ्टवेयर प्रयोग गर्दै आएका थियौँ भने बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि.धरान सुनसरीका कर्मचारीहरुले स्वस्तिक र Gateway सफ्टवेयर प्रयोग गर्दै आएका थिए । बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीबाट ग्राहकहरुको नामबाट खोलिएका MR (बचत तथा शेयर), GS, C, HFD, FD र HR खाताहरुबाट संस्थामा प्रयोगमा रहेको Cosys सफ्टवेयरको System (प्रणाली) मा बचत संकलन तथा भुक्तानी, ऋण प्रबाह, ऋण असुली, शेयर बितरण लगायतको आर्थिक कारोबार हुँदै आएको छ । सोही कारोबारको बिषयमा copomis सफ्टवेयरको System (प्रणाली) मा बिवरण ईन्ट्री हुने गरेको थियो । तर पछिल्लो समयमा उक्त प्रणालीमा अपडेट हुन सकेको छैन । त्यसै गरी बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीको नामबाट ग्राहकहरुलाई पासबुक बितरण गरी ग्राहकको नाममा खोलिएका BS (बिशेष बचत) र 01 बाट संचालन हुने खाताहरुबाट बराह ज्वेलरीमा प्रयोगमा रहेको Gateway सफ्टवेयरको System (प्रणाली) मा बचत संकलन तथा भुक्तानी लगायतको आर्थिक कारोबार ज्वेलरीबाटै हुँदै आएको थाहा पाएको थिएँ । बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि. धरान सुनसरी २०५२ सालमा स्थापना भई ज्वेलरीको नामबाट ग्राहकहरुलाई पासबुक बितरण गरी रकम बचत तथा भुक्तानी हुने गरेको रहेछ । त्यस पछी २०६६ सालमा बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरी स्थापना गरी संचालन हुने क्रममा २०७० साल तिर सहकारी संस्थाका अध्यक्ष लगायतका पदाधिकारीहरु र बराह ज्वेलरीका संस्थापकहरुको सहमतीमा बराह जवेलरीबाट बितरण भएका सबै पासबुकहरु संकलन गरी बराह बचत तथा ऋण सहकारी संस्था धरान, सुनसरीको नामबाट पासबुक बितरण गरेका थिए । त्यस पछि पनि पहिले ज्वेलरीमा कारोबार हुँदै आएको ग्राहकहरुको सम्पूर्ण कारोबार ज्वेलरीबाटै हुँदै आएको थियो । मैले पटक-पटक संचालक समितिहरुलाई यो कानून बिपरितको कार्य हो, यसरी सहकारी संस्थामा ल्याएर व्यक्तिगत कम्पनीहरुको कारोबार जोड्नु हुँदैन, यसो गरेमा सहकारी संस्था संकटमा पर्छ भनि जानकारी गराउदा संचालक समितिले मेरो सुझाबहरुलाई बेवस्ता गरी कार्यन्वयन गरेका थिएनन् । बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीमा भन्दा बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि.धरानमा ग्राहकहरुको रकम बढी जम्मा भएको हो । यो कारोबार कानून बिपरितको कारोबार हो । मेरो जिम्मेवारी क्षेत्राधिकार भित्र बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीको मात्र रहेकोले बराह ज्वेलरी ईण्डष्ट्रिज प्रा.लि.धरान सुनसरीको सफ्टवेयरमा इन्ट्री भई जम्मा भएको ग्राहकहरुको बचत रकम के-कँहा लगानी भएको मलाई थाहा भएन । मैले सुने अनुसार बचत भएको रकमबाटै अन्य कम्पनीहरु क्रमश बिस्तार गरेको भनि थाहा पाएको हुँ । बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीको दायित्व रकम हिनामिना भएको छैन् । संस्थाबाट कानून बिपरित ऋण लगानी भएको छ तर सहकारी संस्थाबाट ग्राहकहरुलाई पासबुक बितरण गरी ज्वेलरीमा बचत हुँदै आएको रकम हिनामिना सम्बन्धमा मलाई थाहा भएन । बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीबाट बिभिन्न व्यक्तिहरुको नाममा सामुहिक, व्यक्तिगत, व्यवसाहिक, स्वरोजगार ऋण लगानी भएको हो । सहकारी संस्थाबाट लगानी भएको अधिकांश ऋणहरु कानूनको क्षेत्राधिकार भन्दा बाहिर गई लगानी भएको छ । ***सहकारी संस्थाबाट लगानी भएको ऋण मध्ये सुष्मा कार्की श्रेष्ठले धितो राखी लिएको ऋण चुक्ता गर्न आएकोले सहकारी संस्थाका खाताहरु बन्द भएको कारण निजले सहकारी संस्थालाई तिर्नु पर्ने रकम रु. १५,६०,०००।– (पन्ध्र लाख साठ्ठी हजार रुपैया) मेरो mega bank nepal limited को खाता नं. 10901040001335 मा जम्मा गरी निजको धितोमा राखेको जग्गा फुकुवा गरी सकेको छु । उल्लेखित रकम मध्ये मेरो मासिक तलब रु. ६०,०००।– (साठ्ठी हजार), चन्द्र कला राईको मासिक तलब रु. ३०,०००।– (तीस हजार), संस्थाका अध्यक्ष मान बहादुर बिश्वकर्मा, सदस्य अम्बर बहादुर बिश्वकर्मा र गंगा बहादुर बिश्वकर्मालाई पेश्की वापत जनही २०/२० हजार दिएको र वार्षिक साधारण सभा २०८१ को बुक प्रिन्ट रु. २५,०००।– (पच्चिस हजार) को गरी बाँकी रहेको रकम मेरो सोही खातामा जम्मा रहेको छ***। सहकारी संस्थाबाट लगानी हुने ऋणको सम्बन्धमा ऋण उप-समितिबाट अनुमोदन भई संचालक समितिका अध्यक्षले स्वीकृत गरी फाईल आए पछि ऋण लगानी हुने गरेको थियो । हामी कर्मचारीहरुले आफूखुसी ऋण लगानी गर्ने गरेको छैन । सम्पूर्ण ऋणहरु कानून बिपरित लगानी हुन थाले पछि संचालक समितिलाई जानकारी गराउदा अध्यक्ष मान बहादुर

बिश्वकर्माले हामीले स्वीकृत गरी सकेको ऋण प्रवाह गर्नु भनि निर्देशन दिने गरेकोले उक्त ऋणहरु प्रवाह भएको हो ।मेरो क्षेत्राधिकार भित्र रहेको सहकारी संस्थाको सामित्वमा रहेको कारोबारको बिषयमा लेखा परीक्षण तथा वार्षिक साधारण सभामा समेत प्रस्तुत भई सकेको छ । सहकारी संस्थाबाट ग्राहकहरुलाई पासबुक बितरण गरी ज्वेलरीमा बचत हुँदै आएको रकम हिनामिना सम्बन्धमा मलाई थाहा भएन । सो रकम हिनामिना अपचलन भएको सम्बन्धमा सहकारी संस्था तथा बराह ग्रुप अन्तर्गतका पदाधिकारीहरु मान बहादुर बिश्वकर्मा, शिव कुमार बिश्वकर्मा (लामिछाने), गंगा बहादुर कालिकोटे, शुभ राज खाती, सौराज भन्ने अम्बर बहादुर बिश्वकर्मा, शरण बिश्वकर्मा, हरी कुमार धमला विश्वकर्मा, विकाश लाम्गादे, डम्वर बहादुर विश्वकर्मा, अनुप कुमार खड्गी, दिपिका सिँह गदाल, पुर्ण बहादुर कालिकोटे भन्ने पुर्ण कुमार विश्वकर्मा, रिना राई (लामिछाने) र मन्दिरा लामिछाने लगायतका व्यक्तिहरु जिम्मेबार हुनु पर्छ । मैले थाहा पाए अनुसार हिनामिना रकमबाट निजहरुले आफू तथा आफू अनुकुलका मानिसहरुको नाममा घर जग्गा खरिद गरी राखेको भनि सुनेको छु भन्ने समेत व्यहोराको प्रतिवादी अपना श्रेष्ठले गरेको बयान ।

२२.**पक्राउ प्रतिवादी अपना श्रेष्ठले गरेको ततिम्बा बयानः-**

मैले बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीमा रहेको पीडितहरुको बचत तथा शेयर रकम हिनामिना/अपचलन गरेको छैन । प्रज्वल अधिकारी शर्मा ***Fellow Chartered Accountant ले दिनु भएको विस्तृत अध्ययन प्रतिवेदनमा मैले हिनामिना गरेको भनिएको रु. ४,७०,३७२।–(चार लाख सत्तरी हजार तीन सय बहत्तर रुपैया) रकम***को सम्बन्धमा मलाई थाहा भएन । मैले उल्लेखित रकम हिनामिना अपचलन गरेको छैन । बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीको ऋणी सुष्मा (श्रेष्ठ) कार्कीले संस्थामा आई ऋण चुक्ता गर्ने भनि जानकारी गराएकाले अध्यक्ष मान बहादुर विश्वकर्मासँग भेटी कुराकानी गरी निज सुष्मा (श्रेष्ठ) कार्कीले रु. १५,६०,०००।– (पन्ध्र लाख साठ्ठी हजार) सहकारी संस्थामा जम्मा गरी उक्त जग्गा फुकुवा गर्ने भनि सहमती जुटाए पछी सहकारी संस्थाको सम्पूर्ण खाताहरु रोक्का रहेको कारण निजले सहकारी संस्थालाई तिर्नु पर्ने रकम रु.१५,६०,०००।–(पन्ध्र लाख साठ्ठी हजार रुपैया) मेरो mega bank nepal limited को खाता नं. 10905080011358 मा जम्मा गरी निजको धितोमा राखेको जग्गा फुकुवा गरी दिएका हौ । मैले अगाडी बयान गर्दा फरक खाता नं. खुलाएको रहेछु । उल्लेखित रकम मध्ये मेरो मासिक तलब रु. ६०,०००।– (साठ्ठी हजार), संस्थाको कर्मचारी चन्द्र कला राईको मासिक तलब रु.३०,०००।–(तीस हजार), संस्थाका अध्यक्ष मान बहादुर बिश्वकर्मा, सदस्य अम्बर बहादुर बिश्वकर्मा र गंगा बहादुर कालिकोटेलाई पेश्की वापत जनही २०/२० हजार दिएको र वार्षिक साधारण सभा २०८१ को बुक प्रिन्ट रु.२५,०००।–(पच्चिस हजार) को गरी ***बाँकी रहेको रकम मेरो खातामा रहेको छ*** । जो जसले जे जति रकम लगेको हो निजहरुले नै तिर्नु बेहोर्नु पर्छ भने बाँकी रकम म आफूले तिर्ने बेहोर्ने छु भन्ने समेत व्यहोराको प्रतिवादी अपना श्रेष्ठले गरेको ततिम्बा बयान ।

२३.**पक्राउ प्रतिवादी रिना राई लामिछानेले गरेको बयानः-**

मेरो घरपट्टी मेरो ससुरा बुबा ईन्द्र बहादुर विश्वकर्माको मृत्यू भइसकेको छ, सासु आमा विष्णुमाया विश्वकर्माको पनि मृत्यू भईसकेको छ । मेरो श्रीमान ***शिव कुमार विश्वकर्मा (लामिछाने)*** सँग मेरो सम्वन्ध विच्छेद भईसकेको छ । म मेरो श्रीमान शिव कुमार विश्वकर्मा (लामिछाने) सँग सम्वन्ध राम्रो नभएर २०७५ साल देखी काठमाण्डौमा माईती घरमा बस्दै आईरहेको छु । ***मेरो नाममा काठमाण्डौ महानगरपालिका वडा नं. ४ डिल्ली बजारमा १ आना जग्गा र सोही जग्गामा बनेको घर छ । भक्तपुरको साखुमा ४ आना ३ पैसा जग्गा छ । जिल्ला सुनसरी धरान उपमहानगरपलिका वडा नं. १२ चतरालाईनमा ६ धुर जग्गामा बनेको एक तले पक्की घर छ*** । डिल्लीबजारको घर जग्गा मेरो छोरालाई अष्ट्रेलिया पठाउने प्रयोजनका लागी भनेर मेरो ठुलिममीको छोरी (मेरो दिदी) सबनम राई,ठुलोममीको ज्वाई अर्जुन क्षेत्री र म समेत भई १ करोड ५ लाखमा किनेका हौ । यसमा मेरो २० लाख लगानी भएको छ । भक्तपुर साखुको जग्गा मेरो बुबाले जिबन लामीछानेलाई व्याजमा २५ लाख ऋण दिएकोमा ४/५ बर्ष सम्म नतिरे पछी निजले सोही रकम बापत मेरो नाममा राजिनामा पास गरिदिएको जग्गा हो । धरानको घर जग्गा चाही मेरो आमाले दाईजोमा पाएको घरजग्गा आमाले धरान बाट काठमाण्डौ

जाने बेलामा मेरो नाममा पास गरिदिएको जग्गा हो । पूर्व श्रीमान शिव कुमार विश्वकर्मा (लामिछाने) र सासुआमा बिष्णु माया लामिछानेको नाममा तथा कम्पनीहरुको नाममा जग्गा जमिन रहेको छ । के कति छ मलाई थाहा भएन । बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरी २०६६ सालमा स्थापना भएको हो । सो संस्थाबाट बचत संकलन तथा भुक्तानी, ऋण प्रबाह, ऋण असुली, शेयर बितरण लगायतको आर्थिक कारोबार हुने गरेको थाहा पाएको थिए । म सहकारी संस्था लिमिटेड धरान सुनसरीमा कुनै पनि पदमा कार्यरत रहेको थिईन । तर पछि बुझ्दा मलाई सहकारी संस्थाको संचालक समितिको सदस्य राखेका रहेछन । तर मैले कुनै पनि निर्णयहरुमा दस्तखत गरेको छैन । सहकारी संस्थाको बिषयमा मलाई थाहा भएन । मेरो ससुरा बुवा ईन्द्र कुमार विश्वकर्मा र मान बहादुर बिश्वकर्मा समेत भई बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरी सञ्चालन गरेका हुन भन्ने सम्म मलाई थाहा छ । हाल बुझ्दा मलाई समेत संचालक समितिको सदस्यमा राखेका रहेछन । अन्य पदाधिकारीहरुको नामथर मलाई थाहा भएन । मैले थाहा पाए सम्म हाल पक्राउ परी हिरासतमा रहेका अपना श्रेष्ठ र अस्मिता भण्डारी सहकारी संस्थामा कर्मचारी थिए । अन्य कर्मचारीहरु पनि काम गर्थे उनिहरुको एकिन नामथर वतन थाहा भएन । मलाई जानकारी नदिई सहकारी संस्थाको सञ्चालक समितिको सदस्य बनाएका रहेछन । मलाई सदस्यमा मनोनित गरेको समयमा म बच्चा सानै भएकाले सहकारी संस्था तिर जाने गरेको थिइन । कहिले काही पैसा चाहिएको बखतमा मेरो ससुराले नै सञ्चालन गरेको बराह ज्वेलरीबाट आवश्यक रकम मागी ल्याई घर खर्च चलाउने गरेको थिए । त्यसैले मलाई सहकारी संस्थाको संचालक समिति, लेखा समिति, कर्जा उप-समिति र शिक्षा उप-समितिका पदाधिकारीहरुको जिम्मेवारीको बारेमा कुनै किसिमको जानकारी थिएन /छैन । बराह ग्रुप अन्तर्गत नेपाल भित्र र बाहिर विभिन्न सस्था तथा कम्पनीहरु सञ्चालनमा रहेका छन । उल्लेखित कम्पनीहरुमा प्रायःमेरो पुर्व श्रीमान शिव कुमार विश्वकर्मा (लामिछाने), मान बहादुर बिश्वकर्मा, गंगा बहादुर कालिकोटे, शुभ राज खाती, सौराज भन्ने अम्बर बहादुर बिश्वकर्मा, शरण बिश्वकर्मा, हरी कुमार धमला विश्वकर्मा, विकाश लाम्गादे, डम्वर बहादुर विश्वकर्मा, अनुप कुमार खड्गी, दिपिका सिँह गदाल, पुर्ण बहादुर कालिकोटे भन्ने पुर्ण कुमार विश्वकर्मा र मन्दिरा लामिछाने लगायतका व्यक्तिहरु संस्थापक तथा शेयर धनी रहेका छन । मैले २०६६/०६७ साल तिर बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि. धरानमा गरगहना बिक्री बितरण गर्ने काम गरेको थिएँ । त्यस समयमा मान वहादुर विश्वकर्मा, सौराज, भन्ने अम्बर बहादुर विश्वकर्मा, बिकास लाम्गादे समेतले गरगहना खरिद गरी ल्याउने गरेका थिए भने सन्देश बिश्वकर्मा, शोभा लोकान्द्री लगायतका मानिसहरु भई गरगहना बिक्री बितरण गर्ने गरेका थिए । पैसाको हिसाव मान बहादुर विश्वकर्मा, सौराज भन्ने अम्बर बहादुर विश्वकर्मा, बिकास लाम्गादे समेतले नै राख्ने गर्थे । ***नेपाल बाहिर हङकङ, UK, दुबई समेतमा कम्पनी सञ्चालनमा थिए*** । बेलायतको व्यापार ब्याबसाय पुर्व श्रीमान शिव कुमार विश्वकर्मा (लामिछाने) हेर्नुहुन्थ्यो भने दुबईमा रहेको कम्पनी कसले हेर्थ्यो मलाई एकिन थाहा भएन । २०६९ साल माघ १६ गते हङकङमा ससुरा ईन्द्र कुमार विश्वकर्माको मृत्यु नहुदा सम्म उँहाले नै हेर्नु हुन्थ्यो । ससुरा बुबाको मृत्यु पछी हंङकङ रहेको व्यापार व्यवसाय म लगायत, शिव कुमार विश्वकर्मा (लामिछाने), मान बहादुर विश्वकर्मा समेतले कर्मचारी राखी व्यावसाय सञ्चालन गर्दै आएका थियौँ । म २०७१ साल सम्म आईपुग्दा हङकङको व्यबसाय धेरै घाटामा गएकाले ***म २०७१ सालमा हङकङ गई २०७३ सम्म मैले व्यापार ब्याबसाय सञ्चालन गर्दै आएको थिए*** । सोही समय देखी मेरो श्रीमान शिव कुमार विश्वकर्मा (लामिछाने) सँग मेरो सम्वन्ध बिग्रिएकाले निजकै सल्लाह अनुसार हङकङको ईन्द्र बराह ज्वेलरी लगायतको व्यावसाय अनोज रोक्का लाई जिम्मा बुझाई २०७३ साल देखी म नेपाल फर्किएको हुँ । ससुरा इन्द्र कुमार विश्वकर्माको १ मात्र छोरा शिव कुमार विश्वकर्मा (लामिछाने) रहेको कारण ससुरा इन्द्र कुमार विश्वकर्मा र बिष्णु माया विश्वकर्माको मृत्यु पछी सम्पूर्ण कम्पनीहरु शिव कुमार विश्वकर्मा (लामिछाने) ले नै हस्तान्तरण गरी आफैले संचालन गर्दै आएका थिए । ***शुरुमा बराह ज्वेलरी नामले हङकङमा गरगहनाको व्यावसाय संचालन गरेका थियौँ । सो समयमा मेरो र ससुरा बुवा इन्द्र कुमार विश्वकर्माको आधा/आधा शेयर थियो*** । पछी मेरो ससुरा बुबाको हङकङमा मृत्यु भए पश्चात नाम परिवर्तन गरेर ईन्द्र बराह ज्वेलरी राखेको थियो । ससुरा बुबाको शेयर शिव कुमार विश्वकर्मा (लामिछाने) को नाममा ल्याएको थियो । पछी २०७२ साल तिर कम्पनीमा कारोवार गर्न सहजताको लागी भनेर मेरो नामको शेयर समेत शिव

कुमार विश्वकर्मा (लामिछाने) को नाममा नामसारी गरेका थिएं । त्यहा ***हाम्रो सुनचादी पसलको नामबाट हामीले हङकङमा वस्ने नेपालीको बचत, शेयर संकलन तथा व्याज सहित भुक्तानी गर्ने तथा बराह बचत तथा ऋण सहकारी संस्था धरान सुनसरीमा रकम जम्मा गरेर हाल हङकङमा रहेका मानिसहरुको बचत रकम ब्याज सहित भुक्तानी गर्ने लगायतको आर्थिक कारोवार हुँदै आएको थियो । हङकङमा संकलन भएको रकमको हिसाव त्यहा खटिएका म्यानेजर मार्फत हुने गरेको थियो । उक्त रकमको गरगहना नेपाल ल्याईन्थ्यो*** । कतिपय **रकमहरु नगदै** शिव कुमार विश्वकर्मा (लामिछाने) र मान बहादुर बिश्वकर्माले लिने गरेका थिए । हङकङमा कमर्चारीको रुपमा निलिमा राई, डेनिश गुरुङ, अनोज रोक्का, सोनु सुव्वा, अनिता लिम्वु, सम्झना राई लगायतका कर्मचारीहरु काम गर्थे । हङकङमा कति कारोवार थियो । सो सम्वन्धमा मलाई एकिन बिबरण थाहा भएन । २०७८/०७९ साल तिर नै नेपाल तिरको व्यवसाय तथा बराह बचत तथा ऋण सहकारी संस्थाको अवस्था बिग्रिन थाले पछि हङकङको व्यापार ब्याबसाय बन्द भईसकेको छ भने दुबई, बेलायत तिरको समेत बन्द भई सकेको छ । प्रायःनगद रकम लकरमा राखिन्थ्यो । ***सो रकमले सुन लगायत गरगहना किन्ने***, ब्याज तथा बचत भुक्तानी गर्ने प्रयोजनमा सकिन्थ्यो । बाकी रहेको ***रकम हङकङमै रहेको Hang Seng Bank मा रहेको मेरो खातामा जम्मा गर्ने गरेका थियौ*** । पछि शिव कुमार विश्वकर्मा (लामिछाने) को खाता खोलेर रकम जम्मा गर्न थाली हामीहरुको तलब दिने गरेका थिए । खाता नम्बर एकिन याद भएन । हाल उक्त खातामा न्युन मौज्दात रहेको छ । मैले कम्पनी जिम्मा लगाउने क्रममा शिव कुमार विश्वकर्मा (लामिछाने) ले भने बमोजिम नै मैले सबै रकम अनोज रोक्कालाई जिम्मा लगाई म नेपाल फर्किएकी हुँ । ***बराह ज्वेलरीकै पासवुकबाट हङकङबाट नगद संकलन हुने गरेको थियो*** । बराह बचत तथा ऋण सहकारी संस्था धरान सुनसरीमा जम्मा भएको बचत रकमको भुक्तानी समेत मान बहादुर विश्वकर्मा र शिव कुमार विश्वकर्मा (लामिछाने) ले भने बमोजिमका मानिसहरुलाई भुक्तानी दिने गरेका थियौँ । के-कति रकम संकलन भयो मलाई थाहा भएन । म्यानेजरले उक्त रकमको हिसाव मान वहादुर बिश्वकर्मा र शिव कुमार विश्वकर्मा (लामिछाने) लाई नै बुझाउने भएकाले के-कति रकम जम्मा तथा भुक्तानी भएको हो मलाई थाहा भएन ।बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि.धरान सुनसरीको संस्थापक मेरो ससुरा इन्द्र कुमार बिश्वकर्मा रहेका थिएँ । निजको मृत्यु पश्चात संस्थापकमा मेरो पुर्व श्रीमान शिव कुमार विश्वकर्मा (लामिछाने) रहेका छन । संचालकहरुमा मान बहादुर बिश्वकर्मा, शुभराज खाती लगायतका व्यक्तिहरु रहेका छन् । कर्मचारीहरुमा (क) शाखा प्रमुख सौराज भन्ने अम्बर बहादुर बिश्वकर्मा (ख) लेखापाल कुमार दुतराज वि.क.भन्ने कुमार वि.क. (ग) लेखापाल शान्ति रसाईली (घ) लेखापाल शिसिर दुतराज (ङ) लेखापाल सुमिन भन्ने सुदिन बि.क.(च) कम्प्युटर अपरेटर रबि पोर्तेल (सुनार) भन्ने रवि सुनार वि.क. (छ) टेलर फुल कुमारी भन्ने फुल माया राई समेत रहेको थाहा थियो । त्यस बाहेकका धेरै कर्मचारीहरु रहेका छन । निजहरुको एकिन नामथर थाहा भएन । बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि.धरान सुनसरीबाट संचालनमा रहेका खाताहरुको सम्बन्धमा मलाई केही पनि थाहा छैन । मेरो दस्तखतबाट चल्ने खाताहरु संचालनमा छैन् । बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरी संचालनमा रहेको भवन भएको जग्गा अन्य कम्पनीहरु संचालनमा रहेका भवन र जग्गाहरु को-कसको नाममा दर्ता रहेको छ मलाई थाहा भएन । तर मलाई थाहा भए अनुसार पीडितहरुले जम्मा गरेको रकमबाट ससुराबुवा इन्द्र कुमार बिश्वकर्मा, श्रीमान शिव कुमार विश्वकर्मा (लामिछाने), मान बहादुर बिश्वकर्मा, गंगा बहादुर कालिकोटेले घर जग्गा खरिद गरी आफ्नो, आफू अनुकुलका मानिसहरु तथा आफूहरुले बिस्तार गरेका कम्पनीहरुको नाममा राखेको भनि थाहा पाएको हुँ । के-कुन कम्पनीहरुमा के-कति भवन तथा जग्गा जमिन रहेका छन मलाई थाहा भएन । बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीमा भन्दा बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि.धरानमा ग्राहकहरुको रकम बढी जम्मा भएको हो । यो कारोबार कानून बिपरितको कारोबार हो । बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरी, बराह ज्वेलरी ईण्डष्ट्रिज प्रा.लि. धरान सुनसरी र सो संग सम्बन्धित अन्य कम्पनीहरुको कारोवारको बिषयमा भन्नु पर्दा यी सहकारी संस्था तथा कम्पनीहरुको सस्थापकहरु प्रायःएउटै भएको कारण संचालकहरुकै निर्देशनमा बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीबाट ग्राहकहरुलाई पासबुक बितरण गरी ग्राहकहरुको ठुलो परिमाणको रकम बराह जवेलरी ईण्डष्ट्रिज प्रा.लि.धरान सुनसरीमा प्रयोग भएको सफ्टवेयरमा

इन्ट्री भई रकम बचत, भूक्तानी, कम्पनीहरुमा कर्जा प्रवाह हुँदै आएको थियो । यी सम्पूर्ण कारोबारहरु कानून बिपरित भएका छन् । बराह ज्वेलरी ईण्डष्ट्रिज प्रा.लि.धरान सुनसरीको सफ्टवेयरमा इन्ट्री भई जम्मा भएको ग्राहकहरुको बचत रकम लगानी सम्बन्धमा मलाई थाहा भएन । तर सोही रकमबाट अन्य कम्पनीहरु बिस्तार भएको हुनसक्छ । मैले बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरानको स्वामित्वमा रहेको रकम हिनामिना अपचलन गरेको छैन । म उपर के-कति कारणले किटानी जाहेरी दरखास्त दिएका हुन मलाई थाहा भएन । मैले बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरी तथा सोही सहकारी संस्थासँग आबद्ध अन्य कम्पनीहरुबाट ऋण लिएको छैन । ***प्रज्वल अधिकारी शर्मा Fellow Chartered Accountant ले दिनु भएको बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरानको विस्तृत अध्ययन प्रतिवेदनमा मैले हिनामिना गरेको भनिएको रु.३,८५,३२,६४०।–(तीन करोड पचासी लाख बत्तिस हजार छ सय चालिस रुपैया) रकम***को सम्बन्धमा मलाई थाहा भएन । ***म र शिव कुमार विश्वकर्मा (लामिछाने) सँगै हुँदाका बखत श्रीमानले नारायणी बराह ज्वेलरी प्रा.लि.को संस्थापक तथा शेयर (८०००) धनी राखी दिनु भएको थियो***। उल्लेखित ज्वेलरी ओपनिङ हुदा म समेत भरतपुर गएको थिए । हाल को-कसले सञ्चालन गरिरहेको छ मलाई थाहा भएन । तर ***नारायणी बराह ज्वेलरी प्रा.लि. भरतपुर को जग्गा तथा भवन मेरो नाममा रहेको छ*** । पछिल्लो अवस्थामा उक्त घर जग्गा बैंकबाट लिलामी भएको हुन सक्छ । नारायणी बराह ज्वेलरी प्रा.लि. भरतपुरको आम्दानीबाट मैले कुनै पनि किसिमको हिस्सा पाएको छैन । ***नारायणी बराह ज्वेलरी प्रा.लि.भरतपुरमा सञ्चालन रहेको जग्गा तथा भवन मेरो श्रीमान शिव कुमार विश्वकर्मा (लामिछाने) ले किनि दिएका हुन*** । सो जग्गामा भवन मैले प्राईम बैक काठमाण्डौवाट १.५ करोड ऋण लिएर बनाएको हुँ । पछी सोही जग्गाबाट मेरो श्रीमान शिव कुमार विश्वकर्मा (लामिछाने) ले समेत थप ऋण लिएका थिए । सो ऋण मैले तिरेको थिईन । सुने अनुसार हाल उक्त घर-जग्गा लिलाम भईसकेको हुनुपर्छ भन्ने समेत व्यहोराको प्रतिवादी रिना राई (लामिछाने) ले गरेको बयान ।

२४. **पक्राउ प्रतिवादी याम्बा ल्वागुन भन्ने ईन्द्र बहादुर विश्वकर्माले गरेको बयानः-**

मैले जिल्ला सुनसरी धरान उप-महनागरपालिका वडा नं. २ स्थितमा शिव शाही ज्वलर्स (सुनचाँदी पसल) संचालन गर्दै आएको छु । ***मेरो नाउँमा जिल्ला सुनसरी धरान उपमहानगरपालिका वडा नं ०३ बाझगरा मा रहेको कि.न. १९२९ को क्षेत्रफल ०-०-१७.५-० (विघा ०-२०-२०-४) रहेको छ । जिल्ला सुनसरी सावीक धरान-१०(ग) को कित्ता नं. ६९६ मा क्षेत्रफल ०-०-१७-० मा ३ तल्ले पक्की घर रहेको छ । त्यसै गरी जिल्ला सुनसरी धरान उप-महानगरपालिका वडा नं. २० स्थितमा करिव ३ कट्ठा जग्गा जमिन रहेको छ*** । तर कि.न. मलाई थाहा भएन । यी सबै मैले बैंकबाट ऋण तथा आफ्नो व्यापारबाट भएको आम्दानीबाट खरिद गरेको हुँ । ***म २०७०/०७/२३ गते देखी २०७५ सालसम्म बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरानको ऋण उप-समिति सदस्य मनोनित भएको हुँ***। म संचालक समितिको जिम्मेवारीमा रहेका बेलामा संस्थाका पदाधिकारीहरु (क) अध्यक्षमा मान बहादुर विश्वकर्मा (ख) उपाध्यक्ष पूर्ण कुमार कालिकोटे (ग) सदस्य गंगा बहादुर कालिकोटे (घ) सदस्य दातेन्जी शेर्पा (ङ) सदस्य बिष्णु कुमारी तुलाधर (च) सदस्य बिष्णु माया लामिछाने (छ) सदस्य विकास लामगादे थिएँ । लेखा सुरिवेक्षण समितिका पदाधिकारीहरु (क) संयोजक सुमिन भन्ने सुदिन वि.क.(ख) सदस्य सर्मिला ताम्राकार (ग) सदस्य रविन राई थिएं । कर्जा उप-समितिका पदाधिकारीहरु (क) सदस्य म याम्वा ल्वागुन भन्ने इन्द्र बहादुर विश्वकर्मा (ख) सदस्य गंगा बहादुर कालिकोटे (ग) सदस्य बिकेन ल्वागुन र शिक्षा उप-समितिका पदाधिकारीहरु (क) संयोजक शुभराज खाती (ख) सदस्य विनिता तुलाधर (ग) सदस्य चन्द्र कला राई रहेका थिएँ । संस्थाका संचालक समितिका सदस्यहरु प्रायः फेबदल भई रहने भएकोले अन्य को को रहेका छन मलाई थाहा भएन । सहकारी संस्थाबाट हुने बैठक, साधारण सभा समेतमा म उपस्थित हुने गरेको थिएँ । त्यस बाहेक मेरो अन्य जिम्मेवारी थिएन । अन्य पदाधिकारीहरुको जिम्मेवारीको सम्बन्धमा मलाई थाहा भएन । उक्त सहकारी संस्थाबाट संचालक समितिका पदाधिकारीहरु, लेखा सुपरिवेक्षक समिति, कर्जा उप-समिति, शिक्षा उप-समिति र कर्मचारीहरु के-कसरी नियुक्ती गर्दै आएका छन मलाई थाहा भएन । म सहकारी संस्थाको बचतकर्ता तथा शेयर धनी भएको कारण वार्षिक साधारण

सभामा जाँदा म संस्थाको सदस्यमा मनोनित गरेको कुरा थाहा पाएको हुँ। सहकारी संस्थाबाट संचालनमा रहेका खाताहरुको सम्बन्धमा मलाई केही पनि थाहा छैन। म सहकारीको ऋण उप-समितिको सदस्य भएको कारण मेरो नाम समेतको सयूक्त खाता खोलेको हुनसक्छ मलाई एकिन भएन। तर मैले हाल सम्म सहकारी संस्थाको संचालनमा रहेको खाताहरुको चेकमा दस्तखत गरी कारोबार गरेको छैन। सहकारी संस्था संचालनमा रहेका भवन तथा जग्गाहरु को कसको नाममा रहेको छ मलाई थाहा भएन। सहकारी संस्थाको नाममा अन्य के-कुन ठाउँमा के-कति जग्गा जमिनहरु रहेका छन् मलाई एकिन भएन। सहकारी संस्थाबाट लगानी हुँदै आएको ऋणको सम्बन्धमा कुनै पनि जानकारी छैन्। बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीमा भन्दा बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि. धरानमा पीडितहरुको रकम बढी जम्मा भएको सही हो। बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरी, बराह जवेलरी ईण्डष्ट्रिज प्रा.लि. र सो संग सम्बन्धित अन्य कम्पनीहरुको कारोवारको बिषयमा मलाई कुनै पनि जानकारी छैन। बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीमा आबद्ध ग्राहकहरुको रकम हिनामिना भएको सम्बन्धमा मलाई थाहा भएन। ***मैले बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरानमा आफ्नो नाममा रहेको बाझगरा वडा नं. ३ मा रहेको कि.न. १९२९ को क्षेत्रफल ०-०-१७.५-० (विघा ०-२०-२०-४) को जग्गा दृष्टीबन्धक राखी जम्मा रु. ३७,५०,०००।–(सईतीस लाख पचास हजार) ऋण रकम लिएको थिएं। पछी उक्त ऋण रकमलाई सावा/व्याज जम्मा गर्दा मैले सहकारी संस्थालाई रु.७५,४३,१५१।– (पचहत्तर लाख त्रीचालीस हजार एक सय एकाउन्न रुपैया) तिर्नु पर्ने देखिएको छ। उक्त ऋण रकम तिर्ने दायित्व मेरो हो***। बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीमा खाता नं.MR-01-23 मा रु. १२,३६,३००।– (बाह्र लाख छत्तिस हजार तीन सय) र रु. २,८०,०१९.५७।–(दुई लाख असी हजार उनाईस रुपैया सन्ताउन्न पैसा) रकम जम्मा रहेको छ। मैले सहकारी संस्थाबाट ऋण रकम लिदाका बखत शेयर तथा बचत रकम राखी मैले भुक्तानी लिएको हुँ। त्यही रकम हालसम्म सहकारी संस्थामा बचत रहेको छ। मैले बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरानको रकम हिनामिना/अपचलन गरेको छैन। को कसले के-कति रकम हिनामिना गरेका हुन मलाई थाहा भएन भन्ने समेत व्यहोराको प्रतिवादी याम्बा ल्वागुन भँन्ने ईन्द्र बहादुर विश्वकर्माले गरेको बयान।

२५. **प्रतिवादी बिकास भन्ने बिक्रम गजमेरको बयानः-**

बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीको बारेमा मलाई केही पनि थाहा छैन। ***म नारायणी बराह ज्वेलरीको सस्थापक तथा शेयर धनी हुँ***। त्यस बाहेक बराह ग्रुप अन्तर्गत संचालनमा रहेका कम्पनीहरुमा म कुनै पनि जिम्मेवारीमा छैन। त्यस कारण सहकारी संस्था तथा कम्पनीहरुको बिषयमा कुनै किसिमको जानकारी छैन। मिसिल सलग्न राखिएको कम्पनी रजिष्टारको कार्यालयको कम्पनी दर्ता नम्बर १५४१३२/०७३/०७४, आन्तरिक राजस्व कार्यालयको PAN Number ६०४३०७८४६ मा कम्पनी दर्ता भएको ***नारायणी बराह ज्वेलरी ईण्ड्ष्ट्रिज प्रा.लि. को शेयर लगत, प्रबन्ध पत्र लगायतका कागजातहरु बयानको क्रममा मलाई देखाउदा मैले हेरे देखे***। ***उक्त कागजातहरुमा मेरो नामको अगाडी र बन्दमा रहेको दस्तखत र सहीछाप समेत मेरै हो*** भनि हेरी चिनि सनाखत गरी दिए। म ज्वेलरीमा गरगहना बनाउने कालिगढको काम गर्ने क्रममा नारायणी बराह ज्वेलरी प्रा.ली. कम्पनी खोल्नु भन्दा करिव १ वर्ष अगाडी शरण विश्वकर्मा सँग काठमाण्डौमा चिनजान भएको थियो। सोही क्रममा निज शरण विश्वकर्माकै सल्लाह अनुसार शिव कुमार विश्वकर्मा (लामिछाने) समेतले स्थापना गरेको नारायणी बराह ज्वेलरी इण्डष्ट्रिजमा मलाई समेत शेयर सदस्य राखेका हुन। जसमा मेरो २००० किता शेयर छ। उक्त शेयरमा मेरो लगानी छैन शरण विश्वकर्माले नै भविष्यमा राम्रो हुन्छ भनेर राखिदिएका थिए। यस संस्थाको संस्थापकमा म लगयात शिव कुमार विश्वकर्मा (लामिछाने), विकास लाम्गादे, शरण विश्वकर्मा, रिना राई, मान बहादुर विश्वकर्मा, शुभराज खाती थियौ, अरु को को छन मलाई थाहा छैन। मलाई निजहरुको तिनपुस्ते बिबरण थाहा छैन। शिव कुमार विश्वकर्मा (लामिछाने) र मान बहादुर विश्वकर्मा ज्वेलरीका मुख्य सञ्चालक हुन, निजहरुको के भुमिका थियो मलाई थाहा भएन। तर शरण विश्वकर्माले ज्वेलरीमा हुने गरेको कारोवारको सम्पुर्ण हिसाव हेर्ने तथा गरगहना किनेर ल्याउने वेच्ने काम गर्ने गरेका थिए। मैले सुने अनुसार शरण विश्वकर्माले भए गरेको हिसाव शिव कुमार विश्वकर्मा

(लामिछाने), मान वहादुर विश्वकर्मा, विकास लाम्गादे र रिना राईलाई बुझाउने गरेका थिए रे । म ज्यालामा गरगहना बनाउने काम गर्थे सो बाहेकको मेरो कुनै जिम्मेवारी थिएन । अन्य संस्थापकको के भुमिका थियो मलाई थाहा भएन । कर्मचारीको सम्वन्धमा मलाई थाहा भएन । मैले गरगहना बनाए वापतको पाउनुपर्ने % ज्याला रकम समेत पाएको छैन । मलाई शरण विश्वकर्माले नाम मात्रको शेयर धनीमा राखिदिएका कारण ज्वेलरीको कुनै पनि निर्णय तथा मिटिङहरुमा मलाई बोलाउने गरेका थिएनन् । मलाई जानकारी भए सम्म उक्त ज्वेलरीबाट सुनचादीका गरगहनाको किनबेचको काम हुने गरेको थियो । म नाम मात्रको शेयरधनी भएकाले कालीगढको काम गर्न काठमाण्डौ लगायतका ठाउँहरुमा पुग्थे, अन्य के काम हुन्थ्यो मलाई थाहा भएन । के कति नाफा आर्जन भएको छ मलाई थाहा भएन, मैले कुनै किसिमको नाफा तथा लाभ लिएको छैन । ज्वेलरीको दायित्वको बारेमा समेत मलाई थाहा भएन । मैले बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीको स्वामित्वमा रहेको रकम हिनामिना अपचलन गरेको छैन । ***प्रज्वल अधिकारी शर्मा Fellow Chartered Accountant ले दिनु भएको बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरानको विस्तृत अध्ययन प्रतिवेदनमा मैले हिनामिना गरेको भनिएको रु. ९६,३३,१६०।–(छयानब्वे लाख तेत्तिस हजार एक सय साठ्ठी रुपैया) रकम***को सम्बन्धमा मलाई थाहा भएन भन्ने समेत व्यहोराको प्रतिवादी विकास भन्ने विक्रम गजमेरले गरेको बयान ।

२६. **बिजय दुतराजले गरेको घटना विवरण कागजः-**

इन्द्र कुमार विश्वकर्माले २०५२ भदौ ५ गते धरानमा सामान्य बराह सुनचाँदी पसल संचालन गरी सुनका गर-गहना बनाउने, बिक्री बितरण गर्ने जस्ता कामकार्वाही गर्ने थालेकोमा उक्त पसललाई बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि. धरान स्थापना भई सो सँग सम्बन्धित नेपाल तथा बिदेश समेतमा बिभिन्न कम्पनीहरु बिस्तार गरेको सुनेको थिए । बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरी २०६६ सालमा स्थापना भएको हो । संस्थाका संचालक समितिका पदाधिकारीहरु, कर्मचारीहरु र बराह ग्रुप अफ कम्पनीका संस्थापक तथा शेयर धनीहरु प्रायःएकै व्यक्ति रहेको थाहा पाएको थिएँ । मैले सहकारी संस्थामा खाता खोलेको छैन । मेरो घर परिवारका सदस्यहरुको सहकारीमा रकम बचत छ । सो सम्बन्धमा जाहेरी दरखास्त दिई सक्नु भएको छ । धेरै ठुलो संख्यामा मानिसहरुले उल्लेखित सहकारीमा रकम बचत तथा शेयर जम्मा गर्दै आएका छन् । उक्त ***सहकारी संस्थामा जम्मा गरेको मौज्दात रकम पीडितहरुलाई आवश्यक परेको बखत माग गर्न जाँदा आलटाल गरी फिर्ता दिएका थिएनन्*** । पछि बुझ्दा सहकारी संस्थाको मुख्य जिम्मेवारीमा रहेका संचालक समितिका पदाधिकारीहरु तथा कर्मचारीहरु, बराह ग्रुप अफ कम्पनी अन्तर्गतका बिभिन्न कम्पनीका संस्थापक तथा शेयर धनीहरुले आफूहरुले लिने खाने उद्देश्यले बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीको नामबाट ग्राहकहरुलाई पासबुक बितरण गरी सहकारी संस्थामा रकम बचत नगराई बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि.धरान सुनसरीमा प्रयोग गरेको सफ्टवेयर System मा इन्ट्री गरी रकम बचत गर्न लगाई सोही रकम आफूहरुले नै संचालन गरेको नेपाल तथा बिदेशमा रहेका बिभिन्न कम्पनीहरुमा लगानी गरेको, पीडितहरुको बचत तथा शेयर रकमबाट प्रतिवादीहरुले घर जग्गा खरिद गरी आफू तथा आफू अनुकुलका मानिसहरुको नाममा राखी पीडितहरु ***(हालसम्म जाहेरी दिने र जाहेरी दिन बाँकी)***ले जम्मा गरेको सहकारी संस्थाको स्वामित्वमा रहेको जम्मा **रकम रु. १०,७३,४३,४७,९१३।– (दश अर्व त्रिहत्तर करोड त्रिचालीस लाख सढ्चालीस हजार नौ सय तेह्र रुपैया)** रकम हिनामिना/अपचलन गरी ठगी गरेको र सहकारी संस्थालाई हानी नोक्सानी पुऱ्याउने उदेश्यले गलत मनसाय राखी मिले-भगत गरी ईन्जिनियरको मुल्याकन बिना कच्चा जग्गा धितो राखी तथा बिनाधितो ठुलो परिमाणमा ऋण प्रवाह गरी/ऋण (कर्जा) दिएको/लिएको बुझि थाहा पाएको हुँ । माथी उल्लेखित आधार प्रमाणहरुबाट सहकारी संस्था, कम्पनीका संचालक तथा जिम्मेवार कर्मचारीहरुले जनताको हित गर्न नभई आर्थिक लाभको लागि बृहत रुपमा समुह गठन गरी संगठित एंव पृथक रुपमा रकमहरु हिनामिना/अपचलन गरी आपराधिक लाभ लिएको देखिन आएको निज प्रतिवादीहरुलाई कडा भन्दा कडा कार्वाही गरी पीडितहरुको बिगो बराबरको क्षतिपुर्ति समेत दिलाई भराई पाउँ भन्ने समेत व्यहोराको बिजय दुतराजले गरेको घटनाविवरण कागज ।

२७. **सुरेशराज खनालले गरेको घटनाविवरण कागजः-**

इन्द्र कुमार विश्वकर्माले २०५२ भद्रौ ५ गते धरानमा सामान्य बराह सुनचाँदी पसल संचालन गरी सुनका गर-गहना बनाउने, बिक्री बितरण गर्ने जस्ता कामकार्वाही गर्ने थालेकोमा उक्त पसललाई बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि. धरान स्थापना भई सो सँग सम्बन्धित नेपाल तथा बिदेश समेतमा बिभिन्न कम्पनीहरु बिस्तार गरेका छन् । बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरी २०६६ सालमा स्थापना भएको हो । संस्थाका संचालक समितिका पदाधिकारीहरु, कर्मचारीहरु र बराह ग्रुप अफ कम्पनीका संस्थापक तथा शेयर धनीहरु प्रायःएकै व्यक्ति रहेको थाहा पाएको थिएँ । मेरो सहकारी संस्थामा खाता खोलेको छैन । मेरो श्रीमती सविता खनाल र छोरा सुशान्त राज खनालको नाउँबाट सहकारी संस्थामा खाता खोली रकम बचत हुँदै आएको थियो । सो रकमको सम्बन्धमा श्रीमतीले जाहेरी दरखास्त दिई सकेकी छिन् । धरान उप-महानगरपालिका क्षेत्रका धेरै ठुलो संख्यामा ग्राहकहरुले सहकारी संस्थामा रकम जम्मा गर्दै आएको थाहा थियो । उक्त सहकारी संस्थामा जम्मा गरेको मौज्दात रकम पीडितहरुलाई आवश्यक परेको बखत माग गर्न जाँदा आलटाल गरी फिर्ता दिएका थिएनन् । पछि बुझ्दा सहकारी संस्थाको मुख्य जिम्मेवारीमा रहेका संचालक समितिका पदाधिकारीहरु तथा कर्मचारीहरु, बराह ग्रुप अफ कम्पनी अन्तर्गतका बिभिन्न कम्पनीका संस्थापक तथा शेयर धनीहरुले आफूहरुले लिने खाने उद्देश्यले बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीको नामबाट ग्राहकहरुलाई पासबुक बितरण गरी सहकारी संस्थामा रकम बचत नगराई बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि.धरान सुनसरीमा प्रयोग गरेको सफ्टवेयर System मा इन्ट्री गरी रकम बचत गर्न लगाई सोही रकम आफूहरुले नै संचालन गरेको नेपाल तथा बिदेशमा रहेका बिभिन्न कम्पनीहरुमा लगानी गरेको, पीडितहरुको बचत तथा शेयर रकमबाट प्रतिवादीहरुले घर जग्गा खरिद गरी आफू तथा आफू अनुकुलका मानिसहरुको नाममा राखी पीडितहरु ***(हालसम्म जाहेरी दिने र जाहेरी दिन बाँकी)*** ले जम्मा गरेको सहकारी संस्थाको स्वामित्वमा रहेको जम्मा रकम रु. १०,७३,४३,४७,९१३।– (दश अर्व त्रिहत्तर करोड त्रिचालीस लाख सढ्चालीस हजार नौ सय तेह्र रुपैया) रकम हिनामिना/अपचलन गरी ठगी गरेको र सहकारी संस्थालाई हानी नोक्सानी पुऱ्याउने उदेश्यले गलत मनसाय राखी मिलेभगत गरी ईन्जिनियरको मुल्याकन बिना कच्चा जग्गा धितो राखी तथा बिनाधितो ठुलो परिमाणमा ऋण प्रवाह गरी/ऋण (कर्जा) दिएको/लिएको हुँदा निज प्रतिवादीहरुलाई कानून बमोजिम कार्वाही गरी पीडितहरुको बिगो बराबरको क्षतिपुर्ति समेत दिलाई भराई पाउँ भन्ने समेत व्यहोराको सुरेसराज खनालले गरेको घटना विवरण कागज ।

२८. **चेतना श्रीङले गरेको घटना बिवरण कागजः-**

इन्द्र कुमार विश्वकर्माले २०५२ भद्रौ ५ गते धरानमा सामान्य बराह सुनचाँदी पसल संचालन गरी सुनका गर-गहना बनाउने, बिक्री बितरण गर्ने जस्ता कामकार्वाही गर्ने थालेकोमा उक्त पसललाई बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि. धरान स्थापना भई सो सँग सम्बन्धित नेपाल तथा बिदेश समेतमा बिभिन्न कम्पनीहरु बिस्तार गरेको सुनेको थिए । बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरी २०६६ सालमा स्थापना भएको हो । संस्थाका संचालक समितिका पदाधिकारीहरु, कर्मचारीहरु र बराह ग्रुप अफ कम्पनीका संस्थापक तथा शेयर धनीहरु प्रायःएकै व्यक्ति रहेको थाहा पाएको थिएँ । उक्त सहकारी संस्थामा मेरो MR-01-361 मा रु. १,८००।– (एक हजार आठ सय) बचत रकम रहेको छ । मैले उक्त संस्थाबाट २०७२ सालमा रु. १,०४,०००।– (एक लाख चार हजार) ऋण रकम लिएको थिए । त्यसै बीचमा मेरो र साथी इन्दु लिम्बुको भेट भई कुराकानी हुँदा निज इन्दु लिम्बुले मैले बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि.मा सुनका गर-गहनाहरु धितोमा राखी पैसा निकालेको थिएँ । पछि साँवा/व्याज रकम रु. १,२३,०००।– (एक लाख तेईस हजार) जम्मा गर्दा समेत सुनका गर-गहना फिर्ता दिएका छैनन् । सुन लिनलाई पटक/पटक गई सकेको छु । आज पनि जानु पर्ने भयो भनेकोले मैले हुन्छ भनि हामी दुवै जना बराह ज्वलेरीमा जाँदा ज्वेलरीका कर्मचारीहरुले सुन अन्यत्र लगि सुन पच भई सक्यो, अब पाउँनु हुन्न भनेकोले मैले र इन्दु लिम्बुले सल्लाह गरी सुनका गर-गहना नलिने, बरु सुन फिर्ता लिन जम्मा गरेको रकम मैले सहकारीबाट लगेको ऋण चुक्ता गरी हिसाब मिलान गर्ने भनि सल्लाह गरी सोही अनुसार हामीले कागजातहरु तयार गरी पेश गरी हिसाब मिलान गरेका हौ । पछि मैले त्यस समयको बजार भाउ अनुसार इन्दु लिम्बुलाई सुनका गर-गहनाको रकम तिरेको छु । अब मैले सहकारी संस्था

तथा बराह ज्वेलरीमा कुनै पनि प्रकारको रकम चुक्ता गर्न बाँकी छैन । ***मेरो नाममा देखिएको रु. २,९७,६१६।– (दुई लाख सन्तानब्बे हजार छ सय सोह्र रुपैया) रकम तिर्न बाँकी होईन*** । मैले चुक्त गरी सकेको रकम संस्थाका कर्मचारीहरुले System मा इन्ट्री नगरेका हुन सक्छ । हाल बुझ्दा सहकारी संस्थाको मुख्य जिम्मेवारीमा रहेका संचालक समितिका पदाधिकारीहरु तथा कर्मचारीहरु, बराह ग्रुप अफ कम्पनी अन्तर्गतका बिभिन्न कम्पनीका संस्थापक तथा शेयर धनीहरुले आफूहरुले लिने खाने उद्देश्यले बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीको नामबाट ग्राहकहरुलाई पासबुक बितरण गरी सहकारी संस्थामा रकम बचत नगराई बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि.धरान सुनसरीमा प्रयोग गरेको सफ्टवेयर System मा इन्ट्री गरी रकम बचत गर्न लगाई सोही रकम आफूहरुले नै संचालन गरेको नेपाल तथा बिदेशमा रहेका बिभिन्न कम्पनीहरुमा लगानी गरेको, पीडितहरुको बचत तथा शेयर रकमबाट प्रतिवादीहरुले घर जग्गा खरिद गरी आफू तथा आफू अनुकुलका मानिसहरुको नाममा राखी पीडितहरुले जम्मा गरेको सहकारी संस्थाको स्वामित्वमा रहेको जम्मा रकम रु. १०,७३,४३,४७,९१३।– (दश अर्ब त्रिहत्तर करोड त्रिचालीस लाख सढ्चालीस हजार नौ सय तेह्र रुपैया) रकम हिनामिना/अपचलन गरी ठगी गरेको र सहकारी संस्थालाई हानी नोक्सानी पुऱ्याउने उदेश्यले गलत मनसाय राखी मिले-भगत गरी ईन्जिनियरको मुल्याकन बिना कच्चा जग्गा धितो राखी तथा बिनाधितो ठुलो परिमाणमा ऋण प्रवाह गरी/ऋण (कर्जा) दिएको/लिएको बुझि थाहा पाएको हुँ । यसरी प्रतिवादीहरुले लिने/खाने उद्देश्यले मैले ऋण चुक्ता गरी सक्दा पनि System मा इन्ट्री नगरी ऋणीमा नै राखेको देखिन्छ । माथी उल्लेखित आधार प्रमाणहरुबाट सहकारी संस्था, कम्पनीका संचालक तथा जिम्मेवार कर्मचारीहरुले जनताको हित गर्न नभई आर्थिक लाभको लागि बृहत रुपमा समुह गठन गरी संगठित एंव पृथक रुपमा रकमहरु हिनामिना/अपचलन गरी आपराधिक लाभ लिएको देखिन आएको निज प्रतिवादीहरुलाई कडा भन्दा कडा कार्वाही गरी पीडितहरुको बिगो बराबरको क्षतिपुर्ति समेत दिलाई भराई पाउँ भन्ने समेत व्यहोराको चेतना श्रीङले गरेको घटना विवरण कागज ।

२९. प्रज्वल अधिकारी शर्मा Fellow Chartered Accountant ले दिनु भएको बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरानको विस्तृत अध्ययन प्रतिवेदनः-

बराह बचत तथा ऋण सहकारी संस्था लि. अध्ययन प्रतिवेदन

मितिः २०८१ माघ २५ गते

१. पृष्ठभूमी

क. परिचय

बराह बचत तथा ऋण सहकारी संस्था लि., सहकारी ऐन २०७४ बमोजिम दर्ता नं. १३/०६६/०६७ मार्फत २०६६ साल भदौ २१ गते दर्ता भएको बचत तथा ऋण सहकारी हो । यो संस्था श्री आन्तरिक राजश्व कार्यालय धरानमा २०६६ साल असोज ७ गते प्यान नं. ३०३६८९०३६ मार्फत दर्ता भएको प्रमाण उपलब्ध भयो । यस संस्थाको कार्यालय सुनसरी जिल्ला, धरान उपमहानगरपालिका वार्ड नं. ८ मा रहेको छ । संस्थाको विनियम बमोजिम, सदस्यहरु बीच बचत तथा ऋण प्रवाह गर्ने उद्देश्यका साथ यो स्थापना भएको देखियो ।

संस्थाको आ.ब. २०८०/८१ को बाह्य लेखापरीक्षण मिति २०८१ मंसिर ५ मा सम्पन्न भई लेखापरिक्षकको कौफियत सहितको राय व्यक्त भएको पाईयो । सो आ.ब.को साधारण सभा मिति २०८१ पुष १३ गते बोलाइएको तर सुचना टास गरी स्थगित गरेको जानकारी प्राप्त भयो । आ.ब. २०७९-८० को १४ औ वार्षिक प्रतिवेदन तथा १५ औ वार्षिक साधारणसभाको लागि तयार गरिएको प्रतिवेदनका आधारमा संचालक समितिको संरचना देहाय बमोजिम रहेको देखियो ।

अध्यक्ष	मान बा. विश्वकर्मा
उपाध्यक्ष	विष्णुमाया विश्वकर्मा लामिछाने
सदस्य	विष्णुकुमारी तुलाधर
सदस्य	गंगा बा.कालिकोटे

सदस्य	अम्बर बहादुर विश्वकर्मा
सदस्य	शुभराज खाति
सदस्य	फुलमाया राई

त्यस्तै सहकारीको प्रमुख कार्यकारी अधिकृतको जिम्मेवारी अपना श्रेष्ठले बहन गरेको देखियो । सहकारीको १४ औ र १५ औ वार्षिक प्रतिवेदनमा लेखा समिति, ऋण समिति तथा शिक्षा समितिको खुलासा नभए पनि, संचालन समिति १२ औ वार्षिक प्रतिवेदन बमोजिमनै रहेकोले, १२ औ वार्षिक प्रतिवेदनमा खुलासा भएका समितिलाई नै आधिकारीक मानियो । ति समितिको विस्तार देहाय बमोजिम पाईयो :

लेखा समिति

संयोजक	सुदिन वि.क.
सदस्य	सर्मिला ताम्राकार
सदस्य	कुमार वि.क.

ऋण उप–समिति

संयोजक	गंगा बा.कालिकोटे
सदस्य	श्रीमान महत क्षेत्री
सदस्य	अस्मिता भण्डारी

शिक्षा उप–समिति

संयोजक	शुभराज खाति
सदस्य	विनिता तुलाधर
सदस्य	कुमार कालिकोटे

संस्थाका कानुनी सल्लाहकार अबईन्द्र निरौला रहेको देखियो ।

ख. बिषय प्रवेशः-

बराह बचत तथा ऋण सहकारी संस्था लि.आर्थिक वर्ष २०६६।६७ (२०६६।०५।२१) मा दर्ता भई धरानमा कारोवार गरी रहेको थियो । सुन चाँदीका गहना बनाएर कारोवार गर्ने व्यक्तिहरुबाट स्थापित र संचालित यो सहकारीमा आ.ब. ७७–७८ देखि तरलता समस्या देखिएको भन्ने उल्लेख संस्थाको १४ औ र १५औ वार्षिक प्रतिवेदनमा देखिन्छ । आ.ब. ७८–७९ मा रु. २३ करोडको कर्जा जोखिम व्यवस्था कायम गरे संगै संस्था रु. २० करोड घाटामा गएको देखिन्छ । संस्थाको तरलताको समस्या गम्भीर भए संगै २०७९ जेठ २३ गते बाट सम्पूर्ण कारोवार बन्द गरेको देखिन्छ ।

आ.ब. २०७९/८० को साधारणसभामा प्रस्तुत भएको १४ औ वार्षिक प्रतिवेदनको पृष्ठ ३ मा सहकारीमा देखिएको समस्याको पहिचान शिर्षकमा यस्तो उल्लेख भेटिन्छ,

छुट्टै कानुनी अस्तित्व भए पनि वास्तावमा बराह बचत तथा ऋण सहकारी संस्था लि. बराह ग्रुप अफ कम्पनीका व्यवसायिक गतिविधिहरूवाट छुट्याएर हेर्दा यसमा देखिएको समस्याको गहिराईसम्म पस्न सकिन्न । त्यसैले सहकारीमा देखिएको समस्याको जरो बराह ग्रुप अफ कम्पनीसाग जोडिएको छ । बराह व्यवसायिक समुहका हामी सञ्चालक तथा सहकारीका सञ्चालक एउटै भएर सहकारीको स्रोत साधन आफ्नो व्यवसायिक स्वार्थका लागि प्रयोग गर्नु, लगानी भएको ऋण फिर्ता नहुनु, डिपोजिट रकम आउनु भन्दा भुक्तानी रकम ज्यादा बाहिरिनु नै सहकारीको समस्यामा पर्नुको मुख्य कारण हो र समस्याका अन्य कारणहरूलाई निम्नानुसार सूचीकरण गर्न सकिन्छ ।

१. वराह बचत तथा ऋण सहकारी संस्था लि. मा पहिलेदेखि नै केही समस्याहरू थिए । समाधान सहज रूपमा गर्न सकिन्छ भन्ने हिसाव कितावले सञ्चालक समिति त्यसप्रति गम्भीर बन्न सकेन । ऋण लगानीमा अनुशासित हुन नसक्दा ऋण असुल

उपरको दर न्यून भयो । ऋण लगानीको ठूलो हिस्सा बराहको व्यापार व्यवसायमा प्रवाह भएको र व्यापार व्यवसायले २०७७ चैत्रदेखि नै विभिन्न समस्या र परिस्थितिका कारण न्यून भूक्तानी गर्न थालेबाट सहकारीमा समस्या गहिरिदै गएको हो ।

२. २०७८ आषाढ मसान्तमा व्यवसायिक प्रतिष्ठानहरूले साँवा तथा व्याज भुक्तानी गर्दा जारी गरेका चेक आम्दानी बाँधी पाउनुपर्ने हिसावमा देखाइएको थियो । सम्बन्धित प्रतिष्ठानहरूले निजहरूको बैंक खातामा रकम नभएका कारणले नगद भुक्तानी लिन सकिएको थिएन । यही कारणले २०७८ श्रावणदेखि सहकारीमा तरलता समस्या गहिरिएको थियो ।

३. सञ्चालक समितिमा वित्तीय व्यवसायको विज्ञता तथा कुशलता नभएको र विज्ञको सुझाव तथा सहकारी सूचकहरू समेतको वेवास्ता गर्दै जवरजस्ती सहकारीका सबै संयन्त्र परिचालन गरेकाले सहकारी क्रमशः संकटग्रस्त बन्दै गएको हो र आगामी कार्ययोजना बमोजिम संस्थाको संकटग्रस्त अवस्थालाई सुधार गर्दै जाने प्रतिबद्धता व्यक्त गर्दछौं ।

तरलताको समस्या उच्च बिन्दुमा पुगे संगै सदस्यले नियमित रुपमा प्राप्त गरिरहेको व्याज समेत पाउँन बन्द भयो । बचतकर्ताको नियमित आम्दानी नै बन्द भए पछि बचतकर्ताको संघर्ष समिति निर्माण, स्थानीय सरकारमा उजुरी, मिलापका पहल, विभिन्न सम्झौता, सहमती, कार्ययोजना तयार लगायतका अनेक निस्फल प्रयास भईरहे । बचतकर्ताहरु बीच नै दुई धार निर्माण भएको समेत बुझियो । एक पक्ष बराह ग्रुपका व्यवसाय संचालन गर्नुपर्छ भन्ने, अर्को बचत फिर्ता हुनु पर्छ भन्ने । तथापी, संचालनका सबै प्रयास निस्फल भइ रहदा, बचतकर्ताको धैर्यताको बाध भत्कियो र मिति २०८१ श्रावण ३ मा बचतकर्ता शंकर थापा क्षेत्री समेतको जाहेरी जि.प्र.का.,सुनसरी प्राप्त भई मिति २०८१ पुष ३ गते २६२ नं. मा मुद्दा दर्ता भई अनुसन्धान सुरु भएको देखिन्छ ।

सो अनुसन्धानका लागि लेखा विज्ञका रुपमा हाम्रो नियुक्ती प्रदेश सहकारी रजिष्ट्रार तथा प्रशिक्षण कार्यालयको च.नं. ४५८ मिति २०८१ पुष १८ गते मार्फत भयो ।

२. उद्देश्य

यो अध्ययनका उद्देश्य देहाय बमोजिम छन्:

क. बराह बचत तथा ऋण सहकारी संस्थाको पासबुक मार्फत बचत भएको रकमको मौजदात यकिन गर्ने,

ख. सहकारी संस्थाको पासबुक मार्फत संकलन भएको रकमबाट भएको ऋणी सम्बन्धी कागजात अध्ययन गरी ऋणीको मौजदात सहितको सूचि यकिन गर्ने,

ग. सहकारी संस्थाको शेयर सदस्यको सूचि रकम सहित यकिन गर्ने,

घ. सहकारी संस्था तथा बराह ग्रुप संचालन संग सम्बन्धीत अनियमितताको जानकारी गराउने,

ङ. जाहेरी कर्ताको जाहेरी बमोजिमको रकम यकिन गर्ने

३. प्रतिवेदनको प्रयोग

यो विस्तृत अध्ययन प्रतिवेदन दुई प्रति सक्कल तयार गरी जिल्ला प्रहरी कार्यालय, इनरुवा र धरान उप–महानगरपालिकालाई मात्र उपलब्ध गराईएको छ । सम्बन्धित प्रापकले यो प्रतिवेदनको गोपनीयताको व्यवस्थापन आफैले गर्नुपर्ने हुन्छ । सूचनाको हक लगायतका मौजुदा कानुनको अधिनमा रहेर गोपनीयताको व्यवस्थापर्न गर्नुहुन अनुरोध गर्दछु । विवाद समाधान नभई, कानुनी उपचारमा जानुपर्ने अवस्था परेको खण्डमा, कार्यगत दायरा तथा उद्देश्यले खामेको हदसम्म यो प्रतिवेदनलाई एउटा आधार मान्न सकिनेछ ।

४. अध्ययनको दायरा

क) सहकारी संस्थाको साधारणसभा माईनट

ख) संस्थाको संचालक समिति, लेखा समिति, ऋण समिति तथा अन्य समितिको माईनट

ग) संस्थाको आधिकारिक सफ्टवेर मार्फत प्राप्त हुने विवरण

घ) सदस्यको बचतको पासबुक र बचत सम्बन्धी संस्थामा रहेका कागजात

ङ) सदस्यको ऋणको पासबुक, तमसुक र ऋण सम्बन्धी संस्थामा रहेका कागजात

च) संस्थाको सम्पति तथा दायित्वसंग सम्बन्धित कागजात तथा प्रमाणहरु

छ) संस्थाको कार्यालयमा उपलब्ध आधिकारीक कागजातहरु

ज) जि.प्र.का, इनरुवामा प्राप्त वा बरामद गरिएका अन्य कागजातहरु

झ) विभिन्न नियामक निकायमा प्राप्त विवरण तथा प्रतिवेदनहरु

५. अध्ययन प्रकृया

विवरण संकलन

जि.प्र.का.बाट गरीएको बयानको आधारमा सहकारी संस्थाको हिसाब २०७२ भदौ देखि Cosys Software मा तथा सहकारीको पासबुक मार्फत बराह ज्वेलरीमा संकलन भएको रकमको हिसाब २०७७ चैत्र देखि Gateway Software मा राखिएको जानकारी प्राप्त भयो। यि दुई सफ्टवेर अघि, सबै हिसाब Swastik Software मा राखिएको जानकारी प्राप्त भयो। Cosys Software local server मार्फत संचालनमा रहेको जानकारी संगै जि.प्र.का. सुनसरीद्धारा सो server बरामद गरी २०८१ पुष २५ गते, धरान उप-महानगरपालिकाको प्राविधिक र हाम्रो उपस्थितिमा डाटा संकलनको कार्य गरीयो। सफ्टवेर खोलेर हेर्दा २०८१ मंसिर २६ गते सम्म कारोवार भएको देखियो। सो Cosys सफ्टवेर मार्फत देहायका विवरण संकलन गरियोः

1. SummaryTrailBalanceXtraReport
2. DetailTrailBalanceXtraReport
3. ShareDetailsReport
4. CallLoanDetailsReport
5. TopSavingAccountReport

Gateway Software को विवरण डाटा सेन्टरमा रहेको जानकारी प्राप्त भए संगै, जि.प्र.का., सुनसरीद्धारा सो Computer बरामद गरी २०८१ पुष २५ गते, धरान उप-महानगरपालिकाको प्राविधिक र हाम्रो उपस्थितिमा डाटा संकलनको कार्य गरीयो। सफ्टवेर खोलेर हेर्दा त्यहाँ कुनै निकायको नाम उल्लेख भएको देखिएन। सफ्टवेरको Dashboard मा निकायको नाम उल्लेख हुने ठाँउमा Cooperative मात्र लेखिएको भए पनि सदस्यको व्यक्तिगत खातामा भएको कारोवारको प्रिन्ट निकाल्दा Baraha Saving & Credit Cooperative, Dharan-12, Sunsari, Nepal छापिने व्यवश्था भएको देखियो। सफ्टवेरमा दोहोरो लेखा प्रणालीमा उपलब्ध हुने विवरण जस्तै सन्तुलन परिक्षण (Trial Balance), वासलात (Balance Sheet), नाफा नोक्सान हिसाब(Profit/loss Account) नगद प्रवाह विवरण(Cash Flow Statemment) देखिएन। सफ्टवेरमा कुल प्राप्ती र भुक्तानीको मात्र विवरण देखियो, त्यो पनि कारोवारको मिति नदेखिने गरी। कारोवार मिति सहितको विवरण व्यक्तिगत खाता कारोवारमा मात्र देखिने रहेछ। यो सफ्टवेरमा कहिले सम्मको कारोवार दाखिला भएको भनि देखिएन। सफ्टवेर खोल्दा मिति २०८० असोज ८ गते देखिन्छ र कारोवार Day Close गर्ने ठाँउमा २०८१ पुष १२ गते देखिन्छ। यो सफ्टवेरमा मिति २०७७ चैत्र देखि विवरण दाखिला सुरु भएको जानकारी प्राप्त भयो। Swastik Software को Book बाट यसमा सुरु मौजदात ल्याएर कारोवार थालनी भएको जानकारी प्राप्त भयो। सो Gateway Software सफ्टवेर मार्फत देहायका विवरण संकलन गरियोः

1. Account Register Saving

2. Day Book (20)

Swastik Software को विवरण बराह ज्वेलरीबाट बरामद गरीएको Computer र Pen Drive मा रहेको जानकारी प्राप्त भए संगै, २०८१ माघ ९ गते, ईनरुवा नगरपालिकाको प्राविधिक र हाम्रो उपस्थितिमा डाटा संकलनको कार्य गरीयो। सफ्टवेर खोलेर हेर्दा त्यहाँ विभिन्न नाममा ३२ वटा कारोवार देखियो। सबै कारोवारवाट वासलात विवरण संकलन गरीयो। तथापी, हिसाब पूर्ण रुपमा राखेको भने देखिएन। सामान्यतया नगद संकलन र भुक्तानीको दाखिला देखियो। नगद प्राप्तीको श्रोत, भुक्तानी लिनेको विवरण देखिएन। नगद बाहेक अन्य कारोबारको दाखिला पनि देखिएन। सबैमा अधुरो हिसाब, एकै अवधीको एक भन्दा बढि हिसाब, एक अर्कामा दोहोरो हिसाब हुन सक्ने सम्भावना देखी सफ्टवेर प्रयोगकर्ता पूर्व कमचारी सुदिन बि.क. (हाल लेखा समिति संयोजक) संग यि ३२ कारोवारको लिखित विवरण बयान गरियो। Swastik Software (सफ्टवेर) मार्फत संकलन गरियो विवरण सुदिन बि.क.को बयान सहित तालिकामा प्रस्तुत छः

Initial	Company Name	Start Date	End Date	
SAKA	Barah bachat tatha rin (new)	26/04/2010	25/04/2019	baraha saving actual transaction but not complete
BRHA	Barah char khata	2015-02-06	2018-01-06	baraha saving actual transaction but not complete
BJ74	Barah jewellery account2073/74	15/07/2015	16/07/2016	baraha jewellery administratration acmount
BJAN	Barah jewellery account new (2072/73)	15/07/2015	16/07/2016	baraha jewellery administratration acmount
BSCC	Barah saving	15/06/2009	15/03/2015	baraha saving actual transaction but not complete
BOOK	Barah saving & credit cooprative ltd.	17/07/2004	16/07/2022	baraha special saving transaction (bassbook)
BSCO	Barah saving and credit cooperetiv (new)	27/02/2007	26/02/2016	baraha special saving transaction (bassbook)
BSTA	Barah staff account	2007-01-03	28/02/2016	baraha jewellery administratration acmount
BSAC	Barah staff account (new)	26/07/2012	25/07/2015	baraha jewellery administratration acmount
BBKS	Baraha bal sansar and kids saloon	16/07/2020	15/07/2021	baraha balsansar and kids saloon transaction but not complete
BCOO	Baraha co-operative ltd.	2009-02-02	2016-01-02	baraha jewellery administratration acmount but not complete
BS76	Baraha family kitchen	17/07/2018	16/07/2019	baraha kitchen transaction
BS77	Baraha family kitchen 76-77	17/07/2019	15/07/2020	baraha family kitchen

				transaction
BK78	Baraha family kitchen 77-78	16/07/2020	15/07/2021	baraha family kitchen transaction
BSAN	Baraha jewellary accounts (2071/2072)	2014-01-01	31/12/2016	administration expenses
BJA4	Baraha jewellery account 2073/74	16/07/2016	15/07/2017	administration expenses
BLST	Baraha loan sector	2004-10-05	2021-09-05	staff loan\other branches loan
BG75	Baraha saving & credit cooperative	17/07/2018	15/07/2022	special saving and administration expenses
BSSH	Baraha saving share account	2008-10-10	2023-09-10	baraha saving share transation actual
BRSC	Baraha sopping complex	17/07/2018	16/07/2021	baraha jewellery administration exp and income but not finished
BSA1	Bidhan	14/01/2019	13/01/2020	taste company
BDBK	Company day book	27/03/2014	26/03/2018	baraha company acount but not complete
CBCP	Consumer benefit conservation programme	30/05/2010	30/07/2016	special saving other deposited list
FINA	Final report of barah jewellery	2011-01-01	2018-01-01	baraha company acount but not complete
IBDL	Indra barah delux	29/09/2010	28/09/2016	transportaion acount but not complete
KHTK	Khutruke bachat	17/07/2011	16/07/2015	baraha saving other deposit
NTTA	New tt account	2013-01-04	2016-02-01	enter branch transaction
TTTT	T.t. record	1999-10-04	2014-09-04	enter branch transaction
TEST	Trdd	17/07/2003	16/07/2015	taste company
TTDM	Tt deposit and payment [new]	14/07/2011	13/07/2016	enter branch transaction
TTIN	Tt information company	17/07/2015	16/07/2017	enter branch transaction
TTDB	Tt sector daybook	2015-07-07	2017-06-07	enter branch transaction

यी बाहेक जि.प्र.का. इनरुवामा प्राप्त देहायका कागजात तथा विवरणहरु अध्ययन गरियो .

- सहकारीको १५ औ साधारणसभाको लागि तयार गरीएको वार्षिक विवरण,
- बराह ग्रुपको संचालक समिति, प्रशासन समिति तथा सचिवालयको बैठक पुस्तिका,
- जाहेरीवालाबाट प्रस्तुत दावीको विवरण

- आन्तरिक राजश्व कार्यालय धरानमा दाखिला भएका बराह ग्रुप मातहतका निकायले दाखिला गरेको विवरणहरु
- कम्पनी रजिष्ट्रार कार्यालयबाट प्राप्त कम्पनीको विवरण
- बैंकहरुबाट प्राप्त विवरण

साथै, बराह सहकारी संग सम्बन्धीत देहायका Youtube भिडियोहरु हेरियो ।

भिडियोको नाम	भिडियो] Link
Baraha Jwellery ! Late Indra Kumar BK	https://youtu.be/IGyD6IB0rmA?si=YRbe2segErcs4D-Q
Baraha Jewellery Industries Ad	https://youtu.be/QkxpY04nU3s?si=DVmMs2HSqECIXJng
बराहका संचालक भन्छन् "बराहको सम्पत्ति ७ सय ५२ करोड छ, हामी भाग्दैनौ, काम गर्ने मौका दिनुस्"	https://youtu.be/NPJnGCLdQ10?si=Qe32jv8BefriMvB8
Shiva lamichane_baraha group - hamro sarokar	https://youtu.be/zUkWCk9ZUhc?si=L3-oVqRgUcr8W8Oi
Manbahadur Biswakarma, Branch manager of Baraha Jwellery Industries Dharan	https://youtu.be/lUdwVnvG39M?si=XI4glMQM2jtR20m6

६. विवरणको विश्लेषण तथा निर्णय

सहकारी तथा बराह ग्रुपका कर्मचारीहरुको बयानका आधारमा कारोवार संग सम्बन्धीत सफ्टवेर तथा तिनको आधिकारीक Backup यकिन गरी सुचना प्रविधि विज्ञको सहयोगमा संकलन गरीएको विवरणलाई आधार बनाएर अघि बड्ने निधो गरीयो । Swastik Software मा भएको अपूर्ण विवरण दाखिला तथा २०७२ (बिगत ९ बर्ष) देखि Cosys Software प्रयोगमा रहेको आधारमा सहकारीको कारोवारको लागि Cosys Software मात्र हेर्ने निधो गरीयो । त्यस्तै, बराह ग्रुप मातहतका अन्य निकायको हिसाबमा विवरण रहित नगद कारोवार मात्र रहेको Swastik Software नहेर्ने निधो गरीयो । Swastik Software मार्फत संकलन गरिएको विवरण मध्ये Book मा सहकारीको पासबुक मार्फत ज्वेलरीमा संकलन भएको विवरण रहेको र २०७७ चैत्र मसान्तमा त्यहीबाट Gateway Software मा सुरु मौज्दात लिईएकोले गर्दा यसको महत्व देखिन्छ । Swastik Software बाट संकलन भएका विवरण मध्ये त्यसको मात्र अध्ययन गर्ने निधो गरीयो । Swastik Software २०८१ पुष १३ गते बरामद भए पनि २०८१ मंसिर २६ गते सम्मको मात्र कारोवार दाखिला भएको छ । सो मिति पछिको कारोवार भएको प्रमाण प्राप्त भएको आधारमा मान्यता दिने गरी तत्काललाई त्यसैलाई पूर्ण मान्ने निधो गरीयो । Gateway Software मा अन्तिम कारोवार मिति यकिन हुन नसकेकोले गर्दा, जाहेरीमा दावी भएको रकम संग भिडान गरी मान्यता प्रदान गर्ने निधो गरीयो ।

७. विस्तृत अध्ययनको क्षेत्र

संस्थाको बारेमा निम्न बिषयहरुलाई प्राथमिकता राखेको थियौ ।

क. संस्था संचालन ख. संस्थाको ऋण ग. सदस्यको बचत घ. अन्य दायित्व, सम्पत्ती

क. संस्था संचालन

प्रतिवादीको बयानको आधारमा बराह ज्वेलरी धरानमा २०५२ साल देखि संचालनमा आएको जानकारी प्राप्त भयो । कानुनी रेर्कर्डमा भने, पहिलो दर्ता न्यू बराह ज्वेलरी, न्यूरोड पिपलबोटमा व्यक्तिगत फर्म दर्ता २०६० असोजमा भएको देखिन्छ । त्यस पछि २०६४ सालमा बराह ज्वेलरी इन्डष्ट्रिज प्रा.लि. काठमाडौमा दर्ता भएको देखिन्छ । ज्वेलरी कारोवारीले समान्य रुपमा संचालन गर्ने गरेको बन्दकी कारोवार यि ज्वेलरीले समेत संचालन गर्ने गरेको बुझियो । आफ्ना ग्राहक संग नगद निक्षेप संकलन गर्ने, सुन धितोमा ऋण लगानी गर्ने, ऋणी संग व्याज संकलन गर्ने तथा बचतकर्तालाई व्याज दिइ बैंक जसरी कारोवार गर्ने गैरकानुनी प्रचलन हाम्रो देशमा व्याप्त देखिन्छ । नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७६ बमोजिम कुनै पनि व्यक्ति, फर्म, कम्पनी वा संस्थाले कुनै पनि प्रकारको निक्षेप लिन वा कर्जा दिन बैंकबाट तोकिए बमोजिम स्वीकृति लिनु पर्ने व्यवस्था छ । अन्य ज्वेलरीले जसै गरी, बराहमा पनि रकम संकलन हुदै गयो । धरानमा ब्रिटिस लाहुरे र इन्डीयन लाहुरेको राम्रो नगद प्रवाह थियो । उच्च व्याजको लोभ र बैंक भन्दा सहज नगद कारोवार हुने भएकाले, रकम संकलनको क्रम अघि बढेको अनुमान गर्न सकिन्छ ।

कारोवारमा बृद्धि भए संगै रकम संकलनको सहजताको लागि २०६६ सालमा बराह बचत तथा ऋण सहकारी संस्था दर्ता भएको देखिन्छ । सहकारी संस्था दर्ता भए पनि, ज्वेलरीमा कारोवार गरी रहेका सदस्यहरुले ज्वेलरी तिरै कारोवार गरी रहे । सहकारीको आफ्नै कारोवार संचालन भइ रह्यो । बचतकर्ताबाट सुरक्षा माग भए पछि हो वा ज्वेलरीबाट बैंकिङ्ग कारोवार गैर कानुनी बुझेर हो वा अन्य कुनै कारण वश, ज्वेलरीमा वर्षै देखि संकलन भएको रकम सहकारीको हिसाबमा देखाउने भन्ने तयारी भएको जानकारी प्रतिवादीको वयानबाट प्राप्त भयो । तथापी, सहकारीमा हिसाब मात्र समाहित गर्न सजिलो थिएन । ज्वेलरीमा अव्यवश्थित राखिएको हिसाबबाट सहकारीमा समायोजन गर्न मिल्ने गरी हिसाब निकाल्न नसकेर हो वा नगद मौजदात लगायतका सम्पत्ती व्यवस्थापन गर्न नसकेर हो वा अन्य कुनै कारण वश ज्वेलरीमा संकलन भएको रकमको स्वामित्व सहकारीमा सरेन । तथापी, बचतकर्ता संग भएको सहमतीको आधारमा हो वा निजहरुको विश्वास जित्नलाई हो वा अन्य कुनै कारणवश हो ज्वेलरीमा नगद कारोवार गर्ने व्यक्तिलाई समेत बराह बचत तथा ऋण सहकारी संस्थाको पासबुक वितरण सुरु गरेको बुझियो । एउटा जालसाजी छोप्न अर्को जालसाजी सूरु भयो । नेपाल राष्ट्र बैंक ऐन २०५८ को उल्लङ्घबाट सूरु भएको कारोवारमा अब सहकारीको पासबुक मार्फत बचत संकलन गरी, सहकारीको हिसाबमा दाखिला नै नगरी ज्वेलरीले चलाउन सूरु भयो । २०६८ साल देखि नयाँ व्यवसाय दर्ताको कार्य सुरु भएको देखिन्छ । २०६८ सालमा ४ वटा नयाँ निकाय, २०६९ सालमा अरु २ कम्पनी गदौं संजाल विस्तार गरेको देखिन्छ । संकलन भएको विवरण बमोजिम बराह ग्रुप मातहत रहेका निकायको सूचि तालिकामा प्रस्तुत गरीएको छ । १२ वर्ष अघि Youtube मा राखिएको "Baraha Jwellery ! Late Indra Kumar BK" gfd/ https://youtu.be/IGyD6IB0rmA?si=YRbe2segErcs4D-Q लिङ्क भएको भिडियोमा बराह ग्रुपका तत्कालिन अध्यक्ष स्व. ईन्द्र कुमार बि.क.ले आफै धरान देखि काठमाडौ, पोखरा हुदै बेलायत, हङकङ्गमा कारोवार विस्तार गरेको खुलासा गरेका छन् । बचतकर्तालाई उच्च व्याजदर बाचाँ गरिएको कारणले, एकातिर रकम संकलन धेरै भयो अर्कोतिर व्याज फिर्ता गर्नको लागि कारोवार विस्तार गर्न जरुरी भइसकेको थियो । कारोवारबाट उच्च नाफा आर्जन गरेर, खर्च कट्टि गरेर मात्र बचतकर्ताको व्याज भुक्तानी सम्भव थियो । सामान्य व्यवसाय संचालनबाट सबै खर्च कटाएर लगानीकर्तालाई १८ प्रतिसत भन्दा अधिक व्याज दिन सजिलो कुरा होइन । थोरै रकम हुदाँ सम्म १८ प्रतिसत संभव पनि देखिन्छ तर अर्बमा रहेको यो लगानीमा १८ प्रतिसत व्याज अव्यवहारीक थियो । सुनचाँदीको गहनाको कारोवारमा नाफा राम्रो बस्छ तर यो कारोवार चाहै जति बृद्धि गर्न सकिदैन । यो कुराको खुलासा स्वयम सहकारीका अध्यक्ष मान बहादुर बि.क.ले नै Youtube मा राखिएको "बराहका संचालक भन्छन् "बराहको सम्पत्ति ७ सय ५२ करोड छ, हामी भाग्दैनौ, काम गर्ने मौका दिनुस् "gfd / https://youtu.be/NPJnGCLdQ10?si=ecxdLA08VpuraLSb लिङ्क भएको भिडियोमा गरेका छन् । त्यसैले, यो समुहले अन्य व्यवसाय तिर पनि लगानी गर्न थालेको बुझिन्छ । बचतकर्ताको

बचतको व्याज भुक्तानी गर्न आवश्यक तरलताको अभाव संगै, खाता मै पुजीँकरण गर्न सुरु गरेको देखिन्छ पिडितको पासबुकमा।

नयाँ निकाय विस्तार, नयाँ ठाँउमा कारोवार मार्फत संकलन गरेको रकमबाट बिगतमा संकलन गरेको बचतको व्याज तथा सावाँ भुक्तानी गर्न प्रयोग गरेको अनुमान लगाउन सकिन्छ। खुल्दै गएका नयाँ व्यवसाय संचालनको विज्ञता उपलब्ध नभएकोले गर्दा ति व्यवसाय पनि नोक्सानमा गएको देखिन्छ। नयाँ खुल्दै गएका व्यवसायको नाममा संचालकको निजि नाममा रहेको सम्पत्ति धितो राखेर ऋण समेत लिएको विवरण सहकारीका अध्यक्ष मान बहादुर बि.क.को भिडियोमा खुलासा गरेका छन्। बैंकबाट प्राप्त विवरणमा पनि कम्पनीको नाममा ऋण देखिन्छ।

माथि उल्लेख भएका कुराहरुलाई समग्रमा हेर्दा लगभग २०६८ साल सम्म संकलन भएका बचतबाट संचालकले निजि नाममा सम्पत्ति खरिद तथा निजि भोग विलासमा खर्च गरेको अनुमान लगाउन सकिन्छ। त्यसपछि संकलन भएको रकमबाट, बिगतमा संकलन भएको बचतमा व्याज भुक्तानी गर्न प्रयोग भएको अनुमान गर्न सकिन्छ। नयाँ व्यवसाय संचालनको लागि रकम अभाव हुदाँ, पहिलो चरणमा निजि नाममा खरिद गरीएको सम्पत्तिलाई धितो राखेर बैंकबाट ऋण लिएको अनुमान गर्न सकिन्छ। कमपनीहरुको लेखा परिक्षण पनि बैंकबाट ऋण लिन मात्र गरे जस्तो देखिन्छ। दर्ता भएको वर्ष वा त्यसपछिको अर्को वर्ष सम्मको लेखापरिक्षण गर्ने अनि ऋण लिए पछि लेखा पनि छैन, लेखा परिक्षण पनि छैन, वार्षिक विवरण पनि छैन, साधारण सभा पनि छैन। १८ प्रतिसत व्याजदरमा सावाँ प्रत्येक ४ वर्षमा दोब्बर हुदै जान्छ। यो वित्तिय व्यवथापन कोभिडको लकडाउनमा झनै भयावह बन्यो जब खाद्यान्न बाहेक सबै कारोवार बन्द भए। त्यहि समयमा बचतकर्ताका पनि अन्य आय बन्द भए पछि, हिजोको दिनमा व्याज पुजीँकरण गर्ने व्यक्ति समेतले नगद दावी गरे संगै अलमल्ल पार्ने कार्य क्रम असम्भव बन्यो अनि संर्घष समिति निर्माण भएको अनुमान गर्न सकिन्छ। बराह बचत तथा ऋण सहकारी संस्था सहितको बराह ग्रुपमा संचालकको रुपमा देहायका व्यक्ति सकृय देखिएका छन्। यि बाहेक कानुनी सल्लाहकार, वित्तिय सल्लाहकारको पनि भुमिका प्रबल हुन सक्छ।

१. मान बहादुर बि.क.
२. स्व .ईन्द्र कुमार बि.क.
३. शिव कुमार बि.क.
४. गंगा कालिकोटे

समुहमा रहेका नियायहरु			
कम्पनीको नाम	**प्यान नं.**	**प्यान दर्ता मिति**	**विवरणको अवश्था**
श्री न्यू बराह ज्वेलरी, न्यूरोड पिपलबोट (व्यक्तिगत फर्म)	३०१४९९३८१	२०६०.०६.१०	Non-filer: 2073.074, 2074.075, 2075.076, 2076.077, 2077.078, 2078.079, 2079.080, 2080.081
बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि.	३०२७८३२८९	२०६४.११.०२	Non-filer: 2078.079, 2079.080, 2080.081
बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरी	३०३६८९०३६	२०६६.०६.०७	Non-filer: 2078.079, 2079.080, 2080.081
Bhadrakali	३०५००५३५३	२०६८.०२.०६	TC 2080.081 / 2081.06.19

Sunchadi Pasal Lazimpat-3			
टाईम्स रेमिट प्रा. लि.	६००२३०५२४	२०६८.०३.०२	Non-filer: 2077.078, 2078.079, 2079.080, 2080.081
गोर्खा एण्ड बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि. नयाँ रोड पोखरा लेखनाथ	३०५०५११७६	२०६८.०४.१५	Non-filer: 2078.079, 2079.080, 2080.081
श्री न्यू बराह ज्वेलर्स, न्यूरोड पिपलबोट (साझेदारी फर्म)	६००३७८४९१	२०६८.११.१७	Non-filer: 2078.079, 2079.080, 2080.081
बराहा नेशनल इन्भेष्मेन्ट प्रा.लि.	६००५७२३४१	२०६९.०१.१७	Non-filer: 2078.079, 2079.080, 2080.081
बराह मोटर्स प्रा. लि.	६००७८५४७१	२०६९.०६.०३	Non-filer: 2073.074, 2074.075, 2075.076, 2076.077, 2077.078, 2078.079, 2079.080, 2080.081
ईन्द्र बराह ट्राभल्स एण्ड टुर्स प्रा.लि.	६०१८५११७७	२०७०.११.२९	Non-filer: 2077.078, 2078.079, 2079.080, 2080.081
Indra Baraha Jewelery Pvt. Ltd. Talchikhe	६०३८७९६१०	२०७२.१०.२८	Non-filer: 2078.079, 2079.080, 2080.081
श्री नारायणी बराह ज्वलेरी प्रा.लि.	६०४३०७८४६	२०७३.०५.१०	Non-filer: 2078.079, 2079.080, 2080.081
बराह कृषि उपज तथा पशुपालन प्रा.लि.	६०४३८३०५७	२०७३.१०.२३	Non-filer: 2078.079, 2079.080, 2080.081
बराह फेमली किचेन प्रा. लि.	३०१४९९३७८	२०७४.०६.०८	Non-filer: 2077.078, 2078.079, 2079.080, 2080.081
बराह बाल संसार गेमजोन एण्ड कृपा १६ डि.इन्टरटेन्टमेन्ट	१०७८६०७३६	२०७४.०७.१२	Non-filer: 2078.079, 2079.080, 2080.081

बराह भेडेटार मल्टिप्रपोज कम्पनी प्रा.लि. भेडेटार	६०९६३५३२२	२०७६.०६.०९	Non-filer: 2078.079, 2079.080, 2080.081
बराह डिपार्टमेन्ट स्टोर प्रा. लि.	६०९६३५३१९	२०७६.०८.०५	Non-filer: 2077.078, 2078.079, 2079.080, 2080.081
Baraha Property Service Pvt. Ltd.	६०५९४७७०४	२०७६.०८.१५	Non-filer: 2076.077, 2078.079, 2079.080, 2080.081
बराह प्रोपटी सर्भिस	६०५९४७७०४	२०७६.०८.१५	Non-filer: 2076.077, 2078.079, 2079.080, 2080.081
श्री पिपलबोट बराह ज्वेलर्स प्रा.लि.	६०९९८२९५४	२०७७.१२.१६	Non-filer: 2078.079, 2079.080, 2080.081
श्रीपा सुपर मार्केट स्टोर प्रा. लि.	६१००५६६४४	२०७८.०४.३१	Non-filer: 2078.079, 2079.080, 2080.081
बराहा ग्रुप अफ कम्पनी	६०९९९७८१७	Not Registered	
बराहा चिल्ड्रेन वर्ल्ड प्रा. लि.	६१००२२२२९	Not Registered	

सहकारीको पासबुक मार्फत बचतकर्ताबाट संकलन गरीएको रकम अपचलनमा बराह बचत तथा ऋण सहकारी संस्था, कम्पनी रजिष्ट्रार कार्यालय मातहत दर्ता भएका कम्पनी तथा तिनका संचालकले देहायका कानुन उल्लङघन गरेको देखिन्छ ।

सहकारी संस्थाको संचालनका क्रममा सहकारी कानुनका व्यवस्थामा देहायका कमि कमजोरी देखिए :

१. संस्थाका संचालकले सहकारी ऐन २०७४ को दफा २५ (संस्थाले गर्ने भनि तोकिएका ९ कार्यको पालना गरेको पाईएन ।

२. ऐनको दफा ३०(१) बमोजिमको सदस्यताको योग्यता विचार नगरी, कार्यक्षेत्र बाहिरका, शेयर खरिद नगरेका व्यक्तिहरुलाई समेत सदस्य बनाएको देखियो । त्यस्तै, संस्थाले प्राकृतिक व्यक्ति बाहेक संग समेत कारोवार गरेको देखियो ।

३. ऐनको दफा ३९(२) बमोजिमको आ.ब. २०८०/८१ साधारण सभा नगरेको ।

४. ऐनको दफा ४१ बमोजिम संचालक समितिको निर्वाचन नगराइ आफूखुसी संचालक तोकेको ।

५. ऐनको दफा ५० बमोजिम सदस्य केन्द्रित भई बचत तथा ऋणको कारोबार नगरेको ।

६. ऐनको दफा ५१ बमोजिम तोकिएको १६ प्रतिशतको सन्दर्भ व्याजदर भन्दा अधिक दरमा व्याज संकलन गरेको ।

७. ऐनको दफा ७२ बमोजिम अभिलेख नराखेको ।

कम्पनी संचालनका क्रममा कम्पनी कानुनका व्यवस्थामा देहायका कमि कमजोरी देखिए

१ ऐनको दफा ६७ बमोजिमको वार्षिक साधारणसभा नगरेको ।

२ ऐनको दफा ७५ बमोजिमको साधारण सभाको विवरण नराखेको ।

३ ऐनको दफा ८० बमोजिमको विवरण दाखिला नगरेको ।

४ ऐनको दफा ९७ बमोजिमको संचालन समितिको बैठक नबसेको ।

५ ऐनको दफा १०८ बमोजिमको कम्पनीको लेखा नराखेको ।

६ ऐनको दफा १०९ बमोजिमको वार्षिक आर्थिक विवरण तयार नगरेको ।

सहकारी तथा कम्पनी कानुन बाहेक अन्य ऐन जस्तै नेपाल राष्ट्र बैंक ऐन २०५८ को दफा ७६ को उल्लङघन, आयकर ऐन २०५८, बमोजिम आय विवरण तथा कर दाखिला नगरेको पाईयो ।

ख. संस्थाको ऋण लगानी

बराह बचत तथा ऋण सहकारी संस्थाको पासबुक मार्फत संकलन भएको रकमबाट ऋण लगानीलाई यहाँ विश्लेषण गरी रकम यकिन गरीएको छ । रकमको संकलन २ ठाँउमा भएकोले लगानी पनि २ ठाँउबाटै भएको देखिन्छ । सहकारीबाट साधारण सदस्यलाई गरिएको ऋण लगानीको कागजात सहकारीको कार्यालयमा भेटियो । यस्ता कर्जाका फाईलमा आवश्यक कागजात रहेको देखियो । केहि कर्जा धितोमा र केहि बिना धितो प्रवाह भएको देखियो । धितो कर्जामा जग्गा दृष्टिबन्धक राखेको कागजात फाईलमा भेटियो ।

सहकारीबाट बराह ग्रुप मातहतका कम्पनी, ति कम्पनीका संचालक तथा सहकारीका संचालकलाई कर्जा प्रवाह गर्दाको कागजात सहकारीको कार्यालयमा भेटिएन । सहकारीको शासनको लागि जिम्मेवार समुहले ऋण लगानी प्रकृया भन्दा बाहिर रहेर, ऋण सुविधा लिएको, साथै व्याज भुक्तानी नगरेको देखियो ।

सहकारीको पासबुक मार्फत ज्वेलरीमा संकलन भएको रकमबाट प्रवाह भएको ऋणको कुनै कागजात प्राप्त भएन ।

२०८१ पुष २५ गते संकलन भएको Data Gateway Software 2081-09-25 फोल्डर भित्र दुई वटा एक्सेल फाइल भेटियो । ति फाइलको Hash Value यकिन गरे पछि तिनलाई खोल्ने काम गरीयो । फायलका नाम देहाय बमोजिम छनः

१.Account Register Saving

२.Day Book (20)

ऋणको बिवरण Day Book (20) मा मात्र देखिएकोले गर्दा ऋणको लागि Day Book (20) हेरेर विश्लेषण गर्ने निर्णय गरियो ।

Gateway सफ्टवेयरमा देखिएको ऋणको विस्तृत अध्ययन Day Book (20) मार्फत

१. Day Book (20) Filter लगाईयो अनि Titype कोलममा Business Loan मात्र छनौट गरी कपि पेस्ट गरेर विश्लेषणका लागि नयाँ एक्सेल फाईलमा स्थानान्तरण गरीयो । सो फाईलको नाम Loan list from Day Book(20) नाम राखियो ।

२. सूचिमा कुल ९८१ सदस्यको खाता देखिए पनि एकै :Member Name मा विभिन्न खाता रहेको देखियो । एकै व्यक्तिको भिन्न खातालाई एकत्र गर्नको लागि Final Name नामको एउटा कोलम थप गरीयो र नाम मात्र लेख्न थालियो ।

३. एकत्र नामको आधारमा जोडेर हेर्दा, जम्मा ३३ वटा नाममा ऋण देखियो । बैंक खाता संचालनको क्रममा भएको कारोवार समेतलाई Business Loan को रुपमा दाखिला गरेको देखियो । केहि प्राकृतिक व्यक्ति, केहि निकाय, केहि नाम

मात्र र केहि विदेशको ठेगानामा ऋण लगानी भएको देखियो ।

४. हङकङ्गमा ६५ कारोवार मार्फत रु. १ करोड ६७ लाख ९९ हजार ८५५ तथा दुवईमा २ कारोवार मार्फत रु. १ लाख ऋण लगानी भएको देखिन्छ ।

५. NEW BARAHA SAVING & CREDIT को नाममा ३७३ कारोवार मार्फत जम्मा रु. १५ करोड ८८ लाख ७ हजार ६९३ ऋण लगानी गरेको देखाइएको छ । यो रकम सहकारीबाट चलाएको ऋणको भुक्तानी भएको हुन सक्ने अनुमान गरीएको छ ।

६. KTM NEWROAD HEAD OFFICE को नाममा २७५ कारोवार मार्फत जम्मा रु. ३ करोड ५८ लाख २८ हजार २०० ऋण लगानी गरेको देखाइएको छ । यो रकम वराह ग्रुपको संचालक समुहले स्थानान्तरण गरेको रकम हुन सक्ने अनुमान गरीएको छ ।

७. त्यस्तै, सहकारी बैंक रु. ३७ लाख ९२ हजार, प्रभु बैंक रु. २५ लाख, मेघा बैंक रु. ४ लाख र हिमालयन बैंक रु. २ लाख ७ हजार ऋण लगानी गरेको देखाइएको छ । यो रकम वराह ग्रुपको बैंकिङ्ग कारोवारको रकम हुन सक्ने अनुमान गरीएको छ ।

८. कुल संकलित रकम रु. ९७२ करोड मध्ये जम्मा रु. २७ करोडको कर्जा देखिन्छ, बाकीँ रु. ९४५ करोडको कुनै विवरण छैन । देखिने कर्जा रु. २७ करोड सम्बन्धी पनि कागजात केहि छैन ।

९. ऋण कहिले लगानी भयो, व्याजदर कति, अन्तिम भुक्तानी मिति कहिले लगायतका विवरण केहि पनि उपलब्ध भएन ।

१०. रु. २७ करोडको ऋण लागनी भएको व्यक्तिको नाम हेर्दा, क वर्गका बैंक सम्मको नाम देखिन्छ । यि रकम वास्तवमा ऋण लगानी नभई, भुक्तानी रकम रहेको सहजै अनुमान लगाउन सकिन्छ ।

११. व्यक्तिगत बाकीँ ऋण रकमको विवरण तालिकामा प्रस्तुत गरीएको छ ।

नाम	मौजदात
NEW BARAHA SAVING & CREDIT	१५,८८,०७,६९३
KTM NEWROAD HEAD OFFICE	३,५८,२८,२००
NEW BANNDAKI SECTION	२,५४,५६,८०६
NEW HONGKONG BRANCH	१,६७,३६,३०५
MEN KUMAR SHRESHTHA	५७,९५,०१५
BARAHA REMITTANCE (BS 8126)	४८,६०,९८५
SAHAKARI BANK (BISHESH KHATA)	३७,९२,०००
PRABHU BANK	२५,००,०००
NEW BARAHA BHEDETAR MULTIPROPOSE	२४,९०,०००
NEW JEWELLERY SECTION DHARAN	२४,६०,५००
KALIKA BASTOLA	२०,००,०००
INDRA NATH BASTOLA (G 290)	१८,४४,०००
PURNA KUMAR LIMBU [A4/478]	१४,६९,७३८
PRAHLAD BASTOLA (BS 2450)	१२,००,०००
BARAHA DEPT STORE	११,००,०००
NEW NARAYANI BARAHA JEWELLERY	१०,००,०००

CHITWAN	
NEW BARAHA BAL SANSAR	६,३६,७९६
NEW INDRA BARAHA TRAVEL & TOUR	४,७५,०७७
KRISHNA MAYA BISHWOKARMA	४,५९,८३०
BARAHA KRISHI UPAJ	४,४३,५००
MEGA BANK NEPAL LIMITED	४,००,०००
BISHNU KUMARI SUNUWAR(BS 9438)	३,५०,०००
SANDESH LUHAR	३,००,०००
NEW BARAHA DEPARTMENT STORE	२,७०,०००
HIMALAYAN BANK DEPO/WITHDRW	२,०७,०००
RAM KU0MARI RAI (BS3652)	२,००,०००
CHHATRA LALA TAMANG (SUN KARJA YOJANA)	१,५०,०००
NEW DUBAI BRANCH	१,००,०००
PARSHURAM NYAUPANE (BS 3614)	१,००,०००
HONGKONG BRANCH	६३,५५०
BARAHA JEWELLERY INDUSTRIES PVT.LTD	३०,०००
DINESH TULADHAR (F 398)	१००
TANKA PRASAD GHIMIRE (N 279)	०
Total	**२७,१५,२७,०९५**

Cosys Software भित्र पाँच वटा एक्सेल फाइल भेटियो । ति फाइलको Hash value यकिन गरे पछि तिनलाई खोल्ने काम गरीयो । यो सफ्टवेरमा सहकारीमा २०७२ भदौ देखि मिति २०८१ मंसिर २६ सम्मको कारोवार दाखिला भएको देखियो । फायलका नाम देहाय बमोजिम छनः

१.SummaryTrailBalanceXtraReport

२.DetailTrailBalanceXtraReport

३.ShareDetailsReport

४.CallLoanDetailsReport

५.TopSavingAccountReport

यी मध्ये कर्जाको लागि CallLoanDetailsReport हेर्ने निधोर गरियो ।

SummaryTrailBalanceXtraReport मा देखिने कुल कर्जा रकम सँग पनि विवरण मिलेकोले गर्दा यसै मार्फत विश्लेषण गरियो ।

१. कुल ३४५ सदस्य(ऋण विवरणमा ३७६ देखिए पनि ऋणी सदस्य ३४५ रहेको) लाई रु. ७१ करोड ३९ लाख ४९ हजार ५३८ ऋण बाकीँ रहेको देखियो । लगानी गरिएको ऋणमा बाकीँ व्याज रु. ३६ करोड ३१ लाख ८३ हजार २४६ सहित गरी, ३७६ ऋणीबाट रु. १ अर्ब ७ करोड ७१ लाख ३२ हजार ७८३ उठाउन बाकीँ देखिन्छ ।

२. ३४५ ऋणी मध्ये, रु. २० करोड ४५ लाख ८८ हजार २७७ ऋणी लगानी भएको १०३ सदस्यको नाममा शेयर देखिएन। यो ऋण गैर सदस्यलाई लगानी भएको देखिन्छ। यि सदस्यबाट व्याज सहित रु. ३० करोड ९९ लाख ६६ हजार ५१९ असुल गर्न बाकीँ देखिन्छ।

३. कर्जा १० देखि २२ प्रतिसत सम्म व्याज असुल्ने गरी लगानी गरेको पाईयो।

४. हाल बाकीँ ऋण २०७२ साल देखि २०७८ साल बैसाख सम्मको लगानी रकम देखिन्छ।

५. छ। बाकीँ ऋण मध्ये रु. ४० करोड ९३ लाख २०७९ असार ३१ गते बराह ग्रुपका ५ कम्पनीमा लगानी भएको देखिन्छ। यि ऋणमा व्याज रु. १४ करोड ५५ लाख बाकीँ देखिन्छ।

६. सहकारी संस्थाको १५ औ वार्षिक साधारणसभाको लागि तयार गरिएको प्रतिवेदनमा कर्जाको ५ वर्गमा वर्गिकरण गरेको देखिन्छ। ग्रुप कम्पनी, ग्रुप कम्पनीका संचालकलाई लगानी, सहकारीका संचालकलाई लगानी, बिना धितो साधारण सदस्य लगानी, धितो सहितको लगानी। सो बमोजिमको २०८१ मंसिर २६ को विवरण तालिकामा प्रस्तुत छ। यि ऋण मध्ये धितो भएका मात्र सुरक्षित मानिन्छन्, त्यो पनि धितोको अवश्था हेरी।

कर्जाको प्रकार	ऋण रकम	व्याज रकम
ग्रुप कम्पनी	४०,९३,९१,०३०	१४,५५,८६,१८०
ग्रुप कम्पनीका संचालकलाई लगानी	१०,१४,७६,९८४	६,९१,९७,२४३
सहकारीका संचालकलाई लगानी	१२,५२,९९,४००	६,८१,०९,६३०
बिना धितो साधारण सदस्यलाई लगानी	४,५४,९८,०२१	४,७१,२०,९११
धितो सहितको लगानी	३,२२,८४,१०२	३,३१,६९,२८२
जम्मा	**७१,३९,४९,५३७**	**३६,३१,८३,२४६**

६.सहकारीको ऋण मध्ये धितोको ३ करोड मात्र सुरक्षित देखिन्छ।

दुवै तिरको गरी जम्मा यहि रु ३ करोडको मात्र ऋण सुरक्षित देखिन्छ।

ग. संस्थाको बचत संकलन

संस्थामा कर्मचारी बचतकर्ताकोमा गइ तथा बचतकर्ता नै कार्यालमा आई रकम संकलन तथा भुक्तानी हुने गरेको जानकारी प्राप्त भयो।

२०८१ पुष २५ गते संकलन भएको Data Gateway Software 2081-09-25 फोल्डर भित्र दुई वटा एक्सेल फाइल भेटियो। ति फाइलको Hash value यकिन गरे पछि तिनलाई खोल्ने काम गरीयो। फायलका नाम देहाय बमोजिम छनः

१. Account Register Saving

२. Day Book (20)

Account Register Saving मा बचतको मात्र विवरण रहेको। Day Book (20) मा बचत तथा ऋण दुवैको विवरण रहेको देखियो।

Account Register Saving र Day Book (20) मा देखिएको बचत रकमको हिसाबमा देखायका भिन्नता देखियो।

भिन्नताका आधारमा	Account	Day Book (20)	पहिलोमा अं

	Register Savir		
सदस्य संख्या	१६,८८३	१६,९३६	-५३
संकलित रकम (क)	१६,०९,९१,४७,७२०	१६,०९,७२,९४,५९१	१८,५३,१२
संकलित रकम गणना आधार	Deposit Amount	Receipt + Interest Post	
भुक्तानी रकम (ख)	६,३८,०१,६७,२००	६,३८,००,५५,५३३	१,११,६६७
भुक्तानी रकम गणना आधारमा	Withdraw Amoun	Payment	
मौज्दात रकम (ग)	९,७१,८९,८०,५२०	९,७१,७२,३९,०५८	१७,४१,४६
मौज्दात रकम गणना आधार	(ग = क - ख)	(ग = क - ख)	

बचत खाताको प्रकार अनुसारको भिन्नताको अध्ययन गर्दा माथि देखिएको फरक, साधारण बचतमा रहेको देखियो। उपलब्ध दुई एक्सेल फाइलमा एकै व्यक्तिका अनेक खाता देखिएकोले गर्दा यो भिन्नता रहन गएको देखियो। विवरणमा नाम मात्र रहेकोले गर्दा, फरक खाता एकै व्यक्तिको हो वा फरक् व्यक्तिको हो भनी यकिन गर्न सकिएन।

Account Register Saving मा संकलन तथा मौजदात रकम अधिक देखिएकोले गर्दा, बचत कारोवारको लागि Account Register Saving बाटै विश्लेषण गर्ने निर्णय गरीयो।

Account Register Saving

यो फायलमा सदस्यबाट संकलन भएको बचत सम्बन्धी देहायका बिवरण देखिएको।

१. MemberID: यो कोलममा २१२१ देखि १८८३० सम्म जम्मा १६८८३ सदस्य देखियो। सि.नं. मिलेको भए यो दायरामा १६७१० सदस्यको विवरण हुनु पर्ने थियो। बिचमा केहि सि.नं. खाली देखिएका छन भने केहि सदस्यको खाता दोहोरिएको देखिएको छ।

२. Member Name: यो कोलममा केहि सदस्यको नाम संगै एउटा कोड लेखिएको छ, अरु केहिको नाम पछाडी व्याज दर तथा अन्य शर्तहरु उल्लेख भएको देखियो।

३. Address:यो कोलममा १६८८३ मध्ये २३८६ सदस्यको ठेगाना उल्लेख गरेको देखियो।

४. Mobile No.:यो कोलममा १६८८३ मध्ये १५५८ सदस्यको सम्पर्क नं. उल्लेख गरेको देखियो।

५. Saving_AccountNo: यो कोलममा खाताको नं. देखियो। साधारण बचतको १ देखि १६८६४ सम्म र अन्य बचतको भिन्न प्रकारको नं. सहितको।

६. Int_Rate: यो कोलममा ८ देखि २४ प्रतिसत सम्मको व्याज दर देखियो। १६८८३ मध्ये १६८२७ सदस्यको व्याजदर उल्लेख भएको देखियो।

७. Saving_Type: यो कोलममा जम्मा ८ प्रकारका बचत खाता वर्गिकरण भएको पाईयो। साधारण, विषेश, अनि मुद्दती खाता (६ महिने, १ वर्षे, २ वर्षे, ३ वर्षे, ४ वर्षे र ५ वर्षे) प्रकारका बचत देखियो। सबै सदस्यको बचत खाता प्रकार उल्लेख गरेको पाईयो। एकै प्रकारको खातामा समेत भिन्न व्याजदर तय गरेको पाइयो। साधारण बचतमा ८ देखि २४, विषेशमा ८ देखि २०, मुद्दतीमा ८ देखि २२ प्रतिसत व्याज दर देखियो।

८. Opening Balance: सुरु देखिको विवरण लिइएको हुनाले, सबैको सुरु मौजदात शुन्य रहेको छ।

९. Current Balance: यो कोलममा १६८८३ सदस्य मध्ये १३१९४ सदस्यको मौजदात देखिन्छ। यो रकम सदस्यको अन्तिम मौजदात हुन सक्ने सम्भावना देखिएको छ। व्यक्तिगत रुपमा नकारात्मक रु. ८२ हजार ३५० देखि रु. १० करोड २०

लाख २२ हजार ८२८ सम्म मौजदात रहेको देखिने यो कोलमको जोड रु. ९ अर्ब ७१ करोड ८९ लाख ८० हजार ५२० देखिएको छ।

१०. Deposit Amount: यो कोलममा १६८८३ सदस्य मध्ये १६७१९ सदस्यको मौजदात देखिन्छ। यो रकम सदस्यबाट संकलन भएको कुल बचत हुन सक्ने सम्भावना देखिएको छ। व्यत्तिगत रुपमा रु. १ देखि रु. १७ करोड ४१ लाख ३३ हजार ०८० सम्म बचत संकलन भएको देखिने यो कोलमको जोड रु. १६ अर्ब ९ करोड ९१ लाख ४७ हजार ७२० देखिएको छ।

११. Withdraw Amount: यो कोलममा १६८८३ सदस्य मध्ये ११३१६ सदस्यको मौजदात देखिन्छ । यो रकम सदस्यलाई फिर्ता भएको रकम हुन सक्ने सम्भावना देखिएको छ। व्यत्तिगत रुपमा रु. ३३ देखि रु. ११ करोड ८१ लख ९७ हजार ४६० सम्म फिर्ता भएको देखिने यो कोलमको जोड रु. ६ अर्ब ३८ करोड १ लाख ६७ हजार २०० देखिएको छ।

१२. Total Balance: सबैको सदस्यको सुरु मौजदात शुन्य देखिएको छ।

Gateway सफ्टवेयरमा देखिएको बचतको बिस्तृत अध्ययन Account Register Saving मार्फत

१. सूचिमा कुल १६,८८३ सदस्यको खाता देखिए पनि एकै Member Name मा विभिन्न खाता रहेको देखियो। सफ्टवेरको विवरणमा १० प्रतिसत भन्दा कम सदस्यको मात्र सम्पर्क नं. उपलब्ध रहेको तथा व्यक्ति यकिन गर्न मिल्ने अन्य कुनै आधार उपलब्ध नरहेकोले, एउटै नाम भएका व्यक्ति पनि फरक व्यक्ति हुन वा एकै व्यक्ति हुन भनेर यकिन गर्न सक्ने आधार भेटिएन। त्यसैले, खाता एकत्र नगरी जस्ताको त्यस्तै राखियो।

२. जम्मा ८ प्रकारका खातामा देहाय बमोजिमको बचत कारोवार देखियो। बचतकर्ताको मौजदात मध्ये ९३.५४ प्रतिशत रकम साधारण बचतमा रहेको देखियो। खाता एकै भए पनि व्याजदर फरक फरक उल्लेख भएको दखिन्छ।

Saving_Type	Account Count	Count %	Current Balance	Balance %
General Saving	१५,९८४	९४.६८%	९,०९,०७,४६,०९२	९३.५४%
1 Year Fixed Deposit	३३६	१.९९%	२४,१९,२४,४१८	२.४९%
5 Years Fixed Deposit	२७१	१.६१%	१७,०६,०९,२३१	१.७६%
Six Months Fixed Deposit	१९०	१.१३%	१२,६४,३५,४९६	१.३०%
2 Yearrs Fixed Deposit	५५	०.३३%	४,१४,३९,६६८	०.४३%
Special Saving	२४	०.१४%	३,१४,५१,४५६	०.३२%
3 Years Fixed Deposit	२१	०.१२%	१,६२,४२,१५९	०.१७%
4 Years Fixed Deposit	२	०.०१%	१,३२,०००	०.००%
Grand Total	**१६,८८३**	**१००%**	**९,७१,८९,८०,५२०**	**१००%**

सदस्यको नामका उल्लेख भएको व्याजदर तथा व्याजदरको कोलममा भएको व्याजदर फरक रहेको पाईयो। व्याजदरको आधारमा बचतको वर्गिकरण गर्दा यस्तो देखिन्छ। यो अनुसार ७८.५१ प्रतिसत बचत मौजदात र ५७.४४ प्रतिसत खाता संख्या ८ प्रतिसत व्याजदरमा राखेको देखियो। त्यस्तै, ७.३८ प्रतिसत बचत मौजदात र ३१.०१ प्रतिसत खाता संख्या १२ प्रतिसत व्याजदरमा राखेको देखियो। यि व्याजदर सदस्यको नाम संगै उल्लेख भएको व्याजदर भन्दा फरक रहेको पाईयो। संस्थाको संचालन सहजताको लागि व्याजदर घटाउने सहमती भए बमोजिम यो फरक आएको हुन सक्छ।

Int_Rate	Count	Count %	Current Balance	Balance %
८.००%	९,६९८	५७.४४%	७,६३,००,०४,९१५	७८.५१%
१२.००%	५,२३५	३१.०१%	७१,७१,६१,६५२	७.३८%
१६.००%	१३४	०.७९%	२७,२७,४५,१६२	२.८१%
२०.००%	४०६	२.४०%	२५,३१,८४,५३३	२.६१%
०.००%	५६	०.३३%	२५,०२,९८,०४२	२.५८%

१८.००%	१७२	१.०२%	२१,६६,३५,२२२	२.२३%
१५.००%	४१४	२.४५%	१०,११,१८,८०६	१.०४%
२२.००%	४८	०.२८%	९,१२,६६,४१०	०.९४%
१४.००%	३१६	१.८७%	७,८१,०८,१२०	०.८०%
१७.००%	४७	०.२८%	३,४४,४८,०२०	०.३५%
१३.००%	२४८	१.४७%	२,७८,४०,३०८	०.२९%
१९.००%	५६	०.३३%	२,२१,४८,९८४	०.२३%
२३.००%	१	०.०१%	८०,००,०००	०.०८%
२४.००%	२	०.०१%	४६,८१,१३२	०.०५%
२१.००%	५	०.०३%	३५,००,०००	०.०४%
१०.००%	१७	०.१०%	२४,३५,५१३	०.०३%
१८.५०%	१	०.०१%	२०,००,०००	०.०२%
९.००%	१९	०.११%	१९,७५,९८१	०.०२%
११.००%	१	०.०१%	७,९०,४६८	०.०१%
१५.५०%	१	०.०१%	५,३५,०००	०.०१%
१३.७५%	२	०.०१%	४६,८२९	०.००%
१३.५०%	१	०.०१%	३५,२२३	०.००%
१२.५०%	१	०.०१%	२०,०००	०.००%
१४.५०%	१	०.०१%	१००	०.००%
१७.७५%	१	०.०१%	१००	०.००%
Total	**१६,८८३**	**१००.००%**	**९,७१,८९,८०,५२०**	**१००.००%**

Gateway सफ्टवेयरमा देखिएको बचतको बिस्तृत अध्ययन Account Register Saving मार्फत

Cosys सफ्टवेयरमा देखिएको बचतको बिस्तृत अध्ययन Detail Trial Balance मार्फत

यो बाहेक सहकारी संस्थामा ८ हजार १५० सदस्यको रु. ६८ करोड ९७ लाख ३४ हजार ६४७ बचत तथा ५ हजार १४२ सदस्यको रु. १० करोड १३ लाख ९७ हजार ३०० शेयर देखिन्छ । सदस्यको बचत, शेयर तथा ऋणको व्यक्तिगत विवरण अनुसुचीमा प्रस्तुत छ । संस्थामा ८ हजार १५० बचत कर्ता मध्ये ४ हजार ८५२ सदस्यको मात्र शेयर रहेको पाईयो । बाकीँ बचत गैरकानुनी संकलन देखिन्छ ।

एकै नामका धेरै खाता तथा बचतकर्ता रहे पनि, सहकारीमा प्रयोग भएको सफ्टवेरमा सदस्य नं. बाट पहिचान हुने भएकोले विवरण समायोजन गर्न सकियो । तर एकै व्यक्तिको सहकारी र ज्वेलरी दुवै तिर रहेको अवश्थामा समायोजन सम्भव भएन । थप आधार नहुदा सम्म एकै नाम भएका व्यक्ति एकै हुन वा फरक हुन भनेर यकिन गर्न सक्ने अवश्था रहेन ।

सहकारीको पासबुक मार्फत संकलित कुल रकम रु. १० अर्ब ५१ करोड १ लाख १२ हजार ४६७ को विवरण तालिकामा प्रस्तुत छ :

बिवरण	रकम रु.
सहकारीमा संकलन भएको बचत	६८,९७,३४,६४७
सहकारीमा संकलन भएको शेयर	१०,१३,९७,३००
ज्वेलरीमा संकलन भएको रकम	९,७१,८९,८०,५२०
कुल जम्मा संकलित रकम	**१०,५१,०१,१२,४६७**

संस्थाको अन्य सम्पत्ति तथा दायित्व:-

अन्य सम्पत्ति तथा दायित्वको हकमा, ज्वेलरीको हिसाब अधुरो रहेकोले गर्दा त्यहाँ केहि नदेखिएको । सहकारीको हिसाबमा भने केहि सम्पत्ति तथा दायित्व देखिएका छन् । तिनको विश्लेषण यहाँ गरीएको छ ।

१. नगद : संस्थाको सफ्टवेरमा रहेको विवरण बमोजिम २०८१ मंसिर २६ गते संस्थामा रु. ४२ लाख ३३ हजार ३४५ नगद रहेको देखिन्छ । तरलता अभावको स्थितिमा यो आफैमा अस्वभाविक हो । यो नगद मौज्दात नभइ, संस्था संचालनको जिम्मा लिएको समुह/व्यक्ति/कर्मचारीले अपचलन गरेको रकम हो भनेर सजिलै अनुमान गर्न सकिन्छ ।

२. बैंक : यो शीर्षकमा रु. ७ लाख २७ हजार ७८० मौजदात देखिएको छ २०८१ मंसिर २६ गते । संस्थाको नाममा १२ वटा बैंक खाता रहेको देखिन्छ । यो मौजदात आ.ब. २०८०/८१ को लेखापरिक्षण भएको प्रतिवेदनमा समेत देखिएकोले, यि रकमलाई संस्थाको सम्पत्ति मान्न सक्ने देखिन्छ ।

३. लगानी: यो शीर्षकमा विभिन्न संघमा रहेका शेयर तथा बचतलाई राखिएको छ । यो मौजदात आ.ब. २०८०/८१ को लेखापरिक्षण भएको प्रतिवेदनमा समेत देखिएकोले, यि रकमलाई संस्थाको सम्पत्ति मान्न सक्ने देखिन्छ ।

४. पाउनु पर्ने : यो शीर्षकमा रु. ८ करोड ८२ लाख ९८ हजार ३५६ मौज्दात देखिएको छ । यो रकम मध्ये बराह ग्रुपबाट व्याज भुक्तानीको लागि प्राप्त भएको रु. ८ करोड २३ लाखको चेकको रकम देखिन्छ जुन कहिल्यै असुली भएन । त्यस्तै, ग्रुप भित्रबाट प्राप्य अन्य रकम बाहेक जम्मा रु २१ लाख ७९ हजार ६४७ लाई सम्पत्ति मान्न सकिने देखिन्छ ।

५. स्थिर सम्पत्ति : यो शिर्षकमा रु. ३ लाख ४४ हजार ८६४ मौज्दात देखिएको छ । यो मौजदात आ.ब. २०८०/८१ को लेखापरिक्षण भएको प्रतिवेदनमा समेत देखिएकोले, यि रकमलाई संस्थाको सम्पत्ति मान्न सक्ने देखिन्छ । यि सम्पत्तिको वास्तविक अवश्था, सम्भावित बिक्री मुल्य अनुमान गर्ने हो भने, यो शिर्षक नगन्य हुन सक्छ ।

६. शेयर : यो शिर्षकमा ६२३६ सदस्यको रु. १० करोड १३ लाख ९७ हजार ३०० मौजदात देखिएको छ ।

७. कोष: यो शीर्षकमा रु. ४ करोड ७५ लाख ९ हजार २९१ मौज्दात देखिएको छ । संस्थाको कोष भएकोले यो संस्थाको नोक्सान थेग्न मात्र प्रयोग हुन्छ, यो कसैलाई तिर्नु पर्ने रकम होइन ।

८. अन्य दायित्व : यो शीर्षकमा रु. ३८ करोड ८८ लाख ४४ हजार २०२ मौज्दात देखिएको । यो रकममा कर्जा जोखिम व्यवश्था समेत रहेको पाईयो । कर्जा जोखिम व्यवश्था कसैलाई भुक्तानी गर्नु पर्दैन, त्यसैले सो बाहेकको दायित्वलाई मात्र दायित्व मान्न सकिन्छ । यो शिर्षकमा भुक्तानी गर्न बाकीँ व्याज रु. १ करोड ५५ लाख र कर कार्यालयलाई भुक्तानी गर्न बाकीँ रु. १ करोड सहित जम्मा रु. २ करोड ६२ लाख २४ हजार ५२२ देखिन्छ ।

९. घाटा : यो शिर्षकमा रु. ४१ करोड ६० लाख ५३ हजार ५७४ देखिएको छ । यो रकम संस्थाको संचालन मार्फत सो मिति सम्मको घाटा हो । संस्थामा संकलन भएको बचत, सम्पूर्ण रुपमा सहकारी मान्यता बमोजिम ऋण लगानी गरिएको भए संस्था यति ठूलो नोक्सानमा जाने थिएन । यहाँ त संस्थाको शासनको जिम्मा लिएको समुह/व्यक्तिले बचत मार्फत संकलन भएको रकम अपचलन गरेको कारण संस्था नोक्सानमा गएको देखिन्छ ।

निर्ष्कष:-

बराह ग्रुपले सहकारीको पासबुक देखाई ज्वेलरी मार्फत गैर कानुनी रुपमा बचत संकलन तथा ऋण लगानी र सहकारी मार्फत रकम संकलन गरी अपचलन गर्नैका लागि संचालन गरेको जस्तो देखियो । सहकारी ऐन/ नियम/मुल्य मान्यता, प्रचलनमा रहेका अन्य कानुन कसैको पालना नगरी । नियामकलाई अटेर गर्दै, वार्षिक लेखापरिक्षण, साधारणसभा नगरी मात्र बचत संकलन गरी अपचलन गरेको पाईयो । संस्थाको संचालक समिति, ग्रुप कम्पनीका संचालन, ऋणी तथा संस्था संचालनको जिम्मेवारी बहन गरेको व्यक्तिहरु, वित्तिय सल्लाहकार, कानुनी सल्लाहकार, व्यवस्थापक वा समुहले जम्मा रु. १० अर्ब ८९ करोड २४ लाख २० हजार २२८ भुक्तानि गर्नु पर्ने दायित्व देखियो ।

बराह ग्रुपले सहकारीको पासबुक देखाई ज्वेलरी मार्फत गरेको अनियमितता सम्बन्धीत दावी तथा तिनको संकलन श्रोत तिनको संकलन श्रोत तालिकामा प्रस्तुत गरिएको छ । बचतकताको दुवै तर्फ देखिएको बचत, शेयर तथा अन्य बाह्य

दायित्वलाई लिइएको । संस्थाको दायित्व यहाँ प्रस्तुत भएको भन्दा अधिक हुन सक्ने सम्भावना धेरै छ । लगभग १० प्रतिसत कारोवार भएको सहकारीको हिसाब राखिएको दायित्व मात्र यहाँ प्रस्तुत गरिएको छ । त्यहाँ हिसाब नगरीएको तथा ज्वेलरी मार्फत भएको ९० प्रतिसत कारोवार संग सम्बन्धीत दायित्वहरु यकिन गर्न सकिएको छैन । यो प्रतिवेदन तयार हुदाँ सम्म प्राप्त विवरणको आधारमा बराह ग्रुपको कुल दायित्व रु. १० अर्ब ८९ करोड ९५ लाख २० हजार २३५ देखिएको छ ।

संकलित रकम असुलीको लागि सम्पत्ति खोजी गर्दा लगभग १० प्रतिसत कारोवार भएको सहकारीबाट केहि विवरण प्राप्त भए पनि, ९० प्रतिसत कारोवार भएको ज्वेलरीबाट केहि प्राप्त भएन । तथापी, २०८१ पुष १३ गते हिरासतमा लिइएका व्यक्तिको वयान तथा फरार संचालकको युट्युब भिडियो मार्फत भएको खुलासा वमोजिम ज्वेलरीमा संकलन भएको रकम बराह ग्रुपका विभिन्न निकायमा गएको मानियो ।यसको आधारमा सहकारीमा भएको कारोवारको श्रोतको यकिन देहाय बमोजिम गरियो ।

१. सहकारीमा नभएको तर मौदजातमा देखिएको नगद हालको संचालक समिति सदस्य, व्यवश्थापक तथा नगद व्यवश्थापकबाट दामासाही । रु. ४२ लाख ३३ हजार ३४५

२. बैंक मौदजात तथा लगानी रकम सम्बन्धीत निकायबाट, पछि अपुग भए संचालन समिति सदस्यबाट । क्रमश रु. ७ लाख २७ हजार ७८० र रु. ३८ लाख ७७ हजार ९८३

३. जायजेथा हालको संचालक समिति सदस्यबाट । रु. ३ लाख ४४ हजार ८६४

४. कम्पनीलाई लगानी भएको ऋणको लागि ति कम्पनी मार्फत, कम्पनीको शेयर स्वामित्वको आधारमा शेयरधनी व्यक्तिबाट । रु. ५५ करोड ४९ लाख ७७ हजार २१०

५. संचालक सदस्यले प्रयोग गरेको ऋण निज संचालकबाट । रु. १९ करोड ३४ लाख ९ हजार ३०

६. कम्पनीको संचालक सदस्यले लिएको ऋण निज व्यक्तिबाट । रु. १७ करोड ६ लाख ७४ हजार २२७

७. धितोमा लगानी भएको ३६ ऋण सम्बन्धीत ऋणीबाट, पछि अपुग भए ऋणी लगानी हुदाँको ऋण समिति सदस्यहरुलाई आधा र सो समयको संचालन समिति सदस्यबाट आधा गरी असुल्नु पर्ने । ऋण समितिको कार्यकालको आधारमा ऋणको वर्गिकरण गरी अनुसुचीमा प्रस्तुत गरिएको छ । रु. ६ करोड ५४ लाख ५३ हजार ३८५

८. बिना धितो लगानी भएको २९४ ऋण सम्बन्धीत ऋणीबाट, पछि अपुग भए ऋणी लगानी हुदाँको ऋण समिति सदस्यहरुलाई आधा र सो समयको संचालन समिति सदस्यबाट आधा गरी असुल्नु पर्ने । ऋण समितिको कार्यकालको आधारमा ऋणको वर्गिकरण गरी अनुसुचीमा प्रस्तुत गरिएको छ । रु. ९ करोड २६ लाख १८ हजार ९३२

९. अन्य प्राप्य रकम सम्बन्धीत कम्पनी मार्फत, कम्पनीको शेयर स्वामित्वको आधारमा शेयरधनी व्यक्तिबाट । रु. ८ करोड ८२ लाख ९८ हजार ३५६

१०. सहाकारी संचालन सम्बन्धी नोक्सान हालको संचालक समितिबाट दामासाही । संस्थाको कुल खर्चमा, कुल आम्दानी, साधारण जगेडा कोष, तथा कर्जा जोखिम व्यवश्था घटाए पछि यो रकम आएको हो । रु. ५९ लाख २४ हजार ६०३

ज्वेलरीमा भएको कारोवारको श्रोतको यकिन देहाय बमोजिम गरियो ।

१. १२ जना व्यक्तिगतलाई भएको लगानी/भुक्तानी निजहरुबाट । रु. १ करोड ३८ लाख ६८ हजार ६८३

२. ८ वटा कम्पनीलाई भएको लगानी/भुक्तानी ति कम्पनी मार्फत, कम्पनीको शेयर स्वामित्वको आधारमा शेयरधनी व्यक्तिबाट । रु. १ करोड २६ लाख ६६ हजार ८५८

३. विदेशमा भएको लगानी/भुक्तानी ति स्थानको स्वामित्व यकिन भए पछि सम्बन्धीत व्यक्तिबाट । रु. १ करोड ६८ लाख ९९ हजार ८५५

४. बराह डिर्पाटमेन्ट स्टोर (व्यक्तिगत फर्म) लाई भएको लगानी/भुक्तानी फर्मको प्रोप्राइटरबाट । रु. ११ लाख

५. न्यू बन्धकी सेक्सनलाई भएको लगानी/भुक्तानी न्यू बराह ज्वेलरी व्यक्तिगत फर्मको प्रोप्राइटरबाट । रु. २ करोड ५४ लाख ५६ हजार ८०६

६. केटिएम न्यूरोड हेड अफिसलाई भएको लगानी/भुक्तानी न्यू बराह ज्वेलरी साझेदारी फर्मको साझेदारबाट । रु. ३ करोड ५८ लाख २८ हजार २००

७. ज्वेलरीमा संकलन भएको बाकीँ रकम बराह ग्रुप मातहतका कम्पनीलाई तिनको शेयर अनुपातमा र ग्रुपमा संलग्न कम्पनी मार्फत तिनका प्राकृतिक व्यक्ति शेयरधनीको शेयर अनुपातको आधारमा निज व्यक्तिबाट । साथै, ग्रुपमा प्रभावसाली पदमा बसेका र जाहेरीमा प्रतिवादी देखिएका कमचारीको व्यक्तिगत नाममा बैंकबाट झिकिएको रकमलाई घटाए पछि मात्र यो वितरण सुरु गरिएको छ । रु. ९ अर्ब ६१ करोड ३१ लाख ६० हजार ११८

श्रोतका रुपमा उल्लेख भएका व्यक्तिको निधन भइ सकेको हकमा,
निजको सम्पत्ति भोग गर्ने व्यक्तिबाट संकलन गर्नु पर्ने देखिन्छ ।

त्यस्तै, बराह ग्रुपको माइनटमा विभिन्न समिति (कोशी प्रदेश सचिवालय, प्रशासन समिति, ऋण व्यवश्थापन समिति, वित्तिय विभाग प्रमुख, कानुनी सल्लाहकार लगायत) मा व्यक्तिहरुको संलग्नता देखिएको छ । ति मध्ये केही यो प्रतिवेदनको बाँडफाँडमा समेत परेका छन् भने अरु देखिएका छैनन् । त्यस्ता व्यक्तिको संलग्नता देखिए पनि रकम यकिन गर्न सकिएको छैन । यस्ता व्यक्ति(जाहेरीका प्रतिवादी)को हकमा सम्पत्तिको बृद्धि यकिन गरी दावी गर्नु पर्ने देखिन्छ । ग्रुपमा संलग्न हुदाँको सम्पत्ति र हालको सम्पत्तिमा अनाधिकृत बृद्धि देखिएमा, बराहबाट लगेको मान्न मिल्ने देखिन्छ । यसरी विगो यकिन भएमा, विगो बराबरको रकम संचालक समितिबाट गरिएको दावीमा मिलान गर्न सकिन्छ ।

समग्र बिवरण तालिका प्रस्तुत छ र व्यक्तिगत बिवरण अनुसूचीमा ।

बिवरण	रकम रु.	कै.
दायित्व		
सहकारीमा जम्मा भएको शेयर	१०,१३,९७,३००	
सहकारीमा जम्मा भएको रकम	६८,९७,३४,६४७	
सहकारीको बचतमा पाकेको व्याज	१,५५,३५,३०६	बचतकर्ताको १ वर्ष भन्दा अधिक समयको व्याज हिसाब हुन बाँकी रहेकोले यो रकम बृद्धी हुन सक्ने ।
सहकारीको पासबुक मार्फत ज्वेलरीमा जम्मा भएको बचत	९,७१,८९,८०,५२०	
राजश्व कार्यालयलाई भुक्तानी गर्न बाँकी रकम	१,०१,३०,३६८	ज्वेलरीबाट भुक्तानी भएको व्याजमा करकट्टी नभएको, भएमा यो दायित्वच अत्याधिक बृद्धी हुने ।
सहकारीमा उठ्न बाँकी व्याजको बिवरण	३६,३१,८३,२४६	उठ्न बाँकी व्याज संकलन भए सँगै बचतकर्ताको छुटेको व्याज हिसाव गरेर वितरण हुने रकम ।
अन्य दायित्व	५,५८,८४८	यो रकम थप हुन सक्छ ।
जम्मा	**१०,८९,९५,२०,२३५**	
संकलन श्रोत		
बैंक मौज्दात	७,२७,७८०	
लगानी (शेयर र बचत)	३८,७७,९८३	
सुरक्षित ऋण	३,२२,८४,१०१	प्रतिवादी
सुरक्षित ऋणको व्याज	३,३१,६९,२८२	प्रतिवादी
असुरक्षित ऋण	४,५४,९८,०२१	प्रतिवादी

असुरक्षित ऋणको व्याज	४,७१,२०,९११	प्रतिवादी
अन्य प्राप्त रकम	२४,९४,२४३	अग्रिम कर तथा ऋण संकलन
संचालकबाट असुल उपर गर्नु पर्ने रकम	**१०,७३,४३,४७,९१३**	प्रतिवादी
जम्मा	**१०,८९,९५,२०,२३५**	

ज्वेलरीमा संकलन भई ग्रुप कम्पनी पुगेको रकमको बिवरण																						
बापत/बाट	बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि.		बराह कृषी उपज तथा पशु पालन प्रा.लि.		बराह डिपार्टमेन्ट स्टोर प्रा.लि.धरान		बराह प्रोपर्टी सर्भिस प्रा.लि.		गोर्खा एण्ड बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि.		श्री नारायणी बराह ज्वेलरी प्रा.लि.		इन्द्र बराह ट्रार्भल्स एण्ड टुर्श प्रा.लि.		बराह नेशनल इन्भेष्टमेन्ट प्रा.लि.		कृपा दृश्य डिजिटल प्रोडक्सन प्रा.लि.		टाईन्स रेमिट प्रा.लि.		बराहा चिल्ड्रेन वर्ल्ड प्रा. लि.		बराह भेडेटार मल्टिप्रपोज कम्पनी प्रा.लि. धनकुटा		जम्मा रकम
बितरणको आधार	शेयर संख्या	दावी बितरण	शेयर संख्या	दावी बितरण	शेयर संख्या	दावी बितरण	शेयर संख्या	दावी बितरण	शेयर संख्या	दावी बितरण	शेयर संख्या	दावी बितरण	शेयर संख्या	दावी बितरण	शेयर संख्या	दावी बितरण	शेयर संख्या	दावी बितरण	शेयर संख्या	दावी बितरण	शेयर संख्या	दावी बितरण	शेयर संख्या	दावी बितरण	
बितरण हुने रकम		४,८०९,०७०,५५९		३२०,८८२,१७१		१,६०२,४६३,३५३		१६०,२१९,३३५		१,२८१,७५४,६८२		४८१,६५८,००६		३२०,९१३,७४८		१६०,२१९,३३५		१६०,२१९,३३५		४,८६०,९८५		६३६,७९६		३२२,९२८,६७१	९,६२५,८२६,९७६
इन्द्र कुमार विश्वकर्मा	२५०००	२,२४६,३५१,३५८	०	०	०	०	०	०		०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	२,२४६,३५१,३५८
बिष्णु माया विश्वकर्मा (लामिछाने)	३७५०	३३६,९५२,७०४	०	०	०	०	०	०	९००००	२८८,३९४,८०४	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	६२५,३४७,५०७
शिव कुमार लामिछाने (विश्वकर्मा)	३७५०	३३६,९५२,७०४	१४००००	२२४,६१७,५९९	०	०	१५०००	९६,१३१,६०१	३०००००	९६१,३९६,०१२	६००००	२८८,९९४,८०४	१६६६७	३१४,६२७,६१४	२००००	६४,०८७,७३४	२००००	१२८,१७५,४६८	३०००००	४,८६०,९८५	१५०००	४७७,५९७	०	०	२,४२०,२४२,०३८

हरि कुमार धमला विश्वकर्मा	मान बहादुर विश्वकर्मा	विकास लामाछे	शुभ राज खाती	सुरेश वि.क.	प्रकाश लामाछे	गंगा बहादुर कालिकोटे
३५००	३५००	३५००	३५००	३५००	३५००	०
सि.न.	बिवरण	लक्ष्य	परिसूचक
१	शुद्ध ऋण लगानी	७०-८०%	८८.५६%
२	बचत निक्षेप	७०-८०%	८०.७५%
३	बाह्र ऋण	बढीमा ५%	०.००%
४	शेयर पुँजी	बढीमा २०%	१२.४४%
५	संस्थागत पुँजी	कम्पत्तीमा १०%	४.०५%
६	आय आर्जन नगर्ने सम्पत्ती	५%	०.१५%
७	तरल मौज्दात	कम्तीमा १०र%	०.११%

४. सम्पतीको सुरक्षण/लगानी र कर्जाको जोखिमः-

सम्पत्तिको सुरक्षण

- बराह बचत तथा ऋण सहकारीले आफ्नो संचालक समितिलाई रु. १०,४७,२९,२७३.२१।– रकम बराबरको ऋण रु. १४,११,४४७.०० रकम बराबरको पेश्की प्रवाह गरेको पाईयो।

सो को विवरण देहाय बमोजिम रहेको छ।

संचालकको नाम	ऋण	पेस्की
मान बहादुर विश्वकर्मा	१,९८,४६,३१६.३८	१४,११,४४७.००
बिष्णु विश्वकर्मा	२,२६,७१,८४३.३४	
गंगा बहादुर कालिकोटे	५,६९,०००.००	
बिष्णु कुमारी तुलाधर		
अम्बर बहादुर विश्वकर्मा	३,३०,६६,७२०.५९	
शुभ राज खाती	२,८५,७५,३९२.५९	
जम्मा	१०,४७,२९,२७३.२१	१४,११,४४७.००

लगानी र कर्जाको जोखिमता

• बराह बचत तथा ऋण सहकारीमा जम्मा कर्जा रु. ७१,८५,६२,०९९.०७ रहेको छ । जसमा प्रबधान जम्मा रु. २५,३२,५६,०९४.४६ रहेको छ जुन कर्जा र जोखिमको अनुपात बिश्लेषण गर्दा ३५.२४ प्रतिशत मात्र रहेको छ।

• संस्थाले कूल निक्षेप रकमको कम्तीमा १० प्रतिशत तरलता राख्नु पर्नेमा सो को उल्लघन गरी ०.११ प्रतिशत मात्र तरलता राखेको देखिन्छ।

बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीको आर्थिक वर्ष २०७९/०८० सालको लेखा परीक्षण प्रतिवेदनमा बचत संकलन जम्मा रु.६५,५१,४६,७४३.७३।–(पैसठ्ठी करोड एकाउन्न लाख छयालिस हजार सात सय त्रिचालीस रुपैया त्रीहत्तर पैसा) देखिएकोमा संस्थाबाट मिति २०८१/०४/३० गते प्राप्त बिवरणमा बचत संकलन रु.६८,८३,१०,८१६.१७।–(अढ्सठ्ठी करोड त्रिरासी लाख दश हजार आठ सय सोह्र रुपैया सत्र पैसा) पुगेको देखिन्छ, सोही संस्थाका अध्यक्ष मान बहादुर विश्वकर्माले मिति २०८१ साउन ३२ गते यस समिति समक्ष गरेको सोधपुछमा हाल सहकारीमा जम्मा बचत रु. ९,४७,८१,८५,१०९।–(नौ अर्ब सढ्चालीस करोड एकासी लाख पचासी हजार एक सय नौ रुपैया) रहेको उल्लेख भएको छ । यसबाट संस्थाको बचत संकलनमा ठुलो रकमको फरक देखिन आएको छ । सो सोधपुछमा उल्लेखित रकमका हकमा संस्थामा जम्मा भएको बचत रकम भन्दा बढी रकम बराह ज्वेलर्स इण्डष्ट्रिज प्रा.लि.का.विशेष बचतकर्ताहरुको बचत रहेको व्यहोरा उल्लेख भएबाट सोधपुछमा उल्लेखित रकम र सहकारीको बित्तीय बिवरणमा रहेको बचत रकममा फरक देखिन आउँछ ।

अभियुक्त उपरको अभियोग:-

जिल्ला प्रहरी कार्यालय सुनसरीबाट अनुसन्धानको कार्य सम्पन्न भई अनुसन्धान प्रतिवेदन सहित अभियोजनार्थ प्राप्त हुन आएको प्रस्तुत मुद्दाको मिसिल संलग्न धरान उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय धरान सुनसरीको छानविन प्रतिवेदन, बराह बचत तथा ऋण सहकारी संस्थाका तत्कालिन अध्यक्ष मान बहादुर विश्वकर्माले सहकारी संस्थाको बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानविन बिशेष समिति समक्ष सोधपुछका क्रममा बताए बमोजमिको संसदिय छानबिन प्रतिवेदन, भोजराज थापा क्षेत्री समेतका जम्मा ४१६८ जनाको जाहेरी दरखास्त, प्रहरी प्रतिवेदन, रबि पोर्तेल (सुनार) भन्ने रबि सुनार बि.क. समेतका पक्राउ प्रतिवादीहरुले अनुसन्धानका क्रममा गरेको बयान, बराह बचत तथा ऋण सहकारी संस्था धरान सुनसरी र बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि. धरान समेतबाट बरामद भएका दशीहरु, सहकारी संस्था र बराह ज्वेलरीमा प्रयोगमा रहेका सफ्टवेयर (software) हरुबाट प्राप्त बिवरण, बिभिन्न बैंक तथा कार्यालयहरुबाट प्राप्त हुन आएको बिवरण, प्रदेश सहकारी रजिष्ट्रार तथा प्रशिक्षण कार्यालय, कोशी प्रदेश कार्यालय सुनसरीका विज्ञ प्रज्वल अधिकारी शर्माले दिएको बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरानको विस्तृत अध्ययन प्रतिवेदन, बुझिएका मानिसहरु सुरेश राज खनाल, बिजय दुतराज समेतले गरेको घटना बिवरण कागज लगायतका आधार प्रमाणहरुबाट प्रतिवादीहरु शिव कुमार विश्वकर्मा (लामिछाने), मान बहादुर विश्वकर्मा, शुभ राज खाती, शौराज भन्ने अम्वर बहादुर विश्वकर्मा, मन्दिरा लामिछाने (विश्वकर्मा), दिपिका सिंह गदाल र गंगा बहादुर कालिकोटे लगायतका ३५ जना प्रतिवादीहरु समेत संलग्न रही लामो तयारी, सञ्जालको निर्माण र आपसी सहकार्यबाट सबै प्रतिवादीहरुले आ-आफ्नो भुमिका अनुसार कसूर गर्नमा योगदान गरी संगठित रुपमा सोही संगठित समुहको योजना र निर्देशनमा गैह्र कानूनी तवरले अर्थोपार्जन गर्ने उदेश्य र मनसायको साथमा पिरामिड शैलीमा तहगत जिम्मेवारीहरू बाँडफाँड गर्दै बचतकर्ताहरूलाई हानी नोक्सानी पुऱ्याउने नियतले बचतकर्ताहरुलाई आकर्षक व्याजदर दिने, आकर्षक स्कीम (Scheme)हरू प्रदान गर्ने जस्ता प्रलोभन देखाई बराह ज्वेलरीको नामबाट बचतकर्ताहरुबाट बचत रकम उठाई निज पिडितहरुलाई बराह बचत तथा ऋन सहकारी संस्थाको पासबुक बितरण गर्दै सहकारी संस्थामा रकम बचत नगरी सहकारी ऐन, नियम तथा विनियम विपरित ठूलो मात्रामा निक्षेप संकलन गरी बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि.धरानको System (प्रणाली) software मा इन्ट्री गरी बराह बचत तथा ऋण सहकारी संस्थाको स्वामित्वमा रहेको पीडितहरुको बचत तथा शेयर जम्मा गरेको रकमबाट व्यक्तिगत Property खरिद तथा बराह ग्रुप अफ कम्पनी अन्तरगतका राष्ट्रिय तथा अन्तराष्ट्रिय गरी विभिन्न १४ वटा संस्थामा आफूखुसी कानूनी प्रकृया विपरित लगानी गरी साथै प्राविधिकको मुल्याकंन बिना नै कच्चा जग्गा जमिन धितो राखेर तथा बिनाधितो ऋण प्रवाह गरी / गर्न लगाई / लिई सहकारी संस्थाको रकम रु. **१०,७३,४३,४७,९१३।– (दश अर्व त्रिहत्तर करोड त्रिचालीस लाख सढ्चालीस हजार नौ सय तेह्र रुपैया)** हिनामिना/अपचलन गरेको देखिँदा बिरुद्ध खण्डमा उल्लेखित प्रतिवादीहरुले **सहकारी ऐन, २०७४ र संगठित अपराध (निवारण) ऐन, २०७०** बमोजिमको कसूर गरेको वारदात स्थापित हुन आयो ।

अब प्रस्तुत वारदातमा संलग्न रहेका निज प्रतिवादीहरुले गरेको कसूर र निजहरुलाई हुनुपर्ने सजायको सम्वन्धमा मिसिलस संलग्न कागजात तथा प्रमाणहरुको अध्ययन विश्लेषण गरी हेर्दा, बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीका अध्यक्ष मान बहादुर बिश्वकर्मा लगायतका पदाधिकारीहरुले आर्थिक उन्नतीको सहारा, बिश्वासको प्रतिक बराह बचत तथा ऋण सहकारी संस्था लि. भन्ने मुल नारालाई प्रचार प्रसारमा ल्याई हामी सर्वसाधारण जनतालाई आफ्नो संस्थामा निक्षेप गराउनको लागि आकर्षक व्याज समेत दिने भनि व्यक्तिगत तवरबाट ललाई फकाई बिश्वास दिलाएकोले हामी जाहेरवालाहरुले बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेडमा खाता खोली बिभिन्न मितिमा रकम बचत गर्दै आएको थियौँ। उक्त सहकारी संस्थामा जम्मा गरेको मौज्दात रकम आफूलाई आवश्यक परेको बखत माग गर्न जाँदा आलटाल गरी फिर्ता दिएका थिएनन् । हाल बुझ्दा सहकारी संस्थाका संचालक/अध्यक्ष मान बहादुर विश्वकर्मा लगायतका पदाधिकारीहरु, कर्मचारीहरु समेतको मिलोमतोमा सहकारीका शेयर सदस्य तथा बचतकर्ताहरुको जम्मा गरेको मौज्दात रकम अपचलन गरेको हुँदा बिपक्षीहरुलाई सहकारी ऐन, २०७४ बमोजिम कारबाही गरी हामी बचतकर्ताहरुको जम्मा *जम्मा रु. ५,८९,४४,४३,०७५।– (पाँच अर्व उनान्नब्बे करोड चौवालिस लाख त्रिचालिस हजार पचहत्तर रुपैया) रकम* बराबरको बिगो बिपक्षीहरुबाटै दिलाई भराई पाउँ भन्ने समेत व्यहोरा खुलाई शंकर थापा क्षेत्री समेत **जम्मा ४१६८ जनाले दिएको** किटानी जाहेरी दरखास्त, बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीका संचालक समितिका पदाधिकारीहरु तथा कर्मचारीहरुले सहकारी संस्थाको स्वामित्वमा रहेको सम्पत्तीबाट घर जग्गा खरिद गरी आफू तथा आफू अनुकुलका मानिसहरुको नाममा दर्ता कायम गरी राखेको खुल्न आएको, सहकारी संस्थाको मुख्य जिम्मेवारीमा रहेका संचालक समितिका पदाधिकारीहरु तथा कर्मचारीहरुले आफूहरुले लिने खान उद्देश्यले बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीको नामबाट ग्राहकहरुलाई पासबुक बितरण गरी सहकारी संस्थामा रकम बचत नगराई बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि. धरान सुनसरीमा प्रयोग गरेको सफ्टवेयर System मा इन्ट्री गरी रकम बचत गर्न लगाई सोही रकम आफूहरुले नै संचालन गरेको नेपाल तथा बिदेशमा रहेका बिभिन्न कम्पनीहरु, आफू तथा आफू अनुकुलका व्यक्तिहरुको नाउँमा बिनाधितो ठुलो परिमाणमा कर्जा प्रवाह गरी खाई मासेको देखिएको हुँदा माथी उल्लेखित आधार प्रमाणहरुबाट सहकारी संस्था, कम्पनीका संचालक तथा जिम्मेवार कर्मचारीहरुले जनताको हित गर्न नभई आर्थिक लाभको लागि बृहत रुपमा समुह गठन गरी संगठित एंव पृथक रुपमा रकमहरु हिनामिना/अपचलन गरी आपराधिक लाभ लिएको देखिन आएको हुँदा प्रस्तुत मुद्दामा प्रतिवादीहरु उपर **संगठित अपराध (निवारण) ऐन, २०७० बमोजिम** अनुसन्धान तथा कारवाही गरी पाउ भन्ने समेत व्यहोराको प्रहरी प्रतिवेदन, विभिन्न मितिका बरामदी खानतलासी मुचुल्काहरु, बुझिएका मानिसहरुको घटनाविवरण कागज, विज्ञको प्रतिवेदन समेतबाट प्रतिवादीहरु उपरको आरोपित कसूर पुष्टि भएको अवस्था खुल्न आएको देखिन्छ।

मिसिल संलग्न रहेको संकर थापा क्षेत्री समेतका ४१६८ समेतको जाहेरी दरखास्तहरु, खानतलासी बरामदी मुचुल्का, बरामद भएका दशीहरु, प्रयोग भएका सफ्टवेयरहरु, बैंक तथा कार्यालयबाट प्राप्त विवरणहरु, कम्पनी रजिष्टारको कार्यालयबाट प्राप्त विवरणहरु, पक्राउ प्रतिवादीले गरेको बयान, बुझिएका मानिसहरुले गरेको कागज, संसदिय छानविन समितिको प्रतिवेदन, प्रहरी प्रतिवेदन, कोशी प्रदेश कार्यालय सुनसरीबाट खटिआएका बिज्ञ (FCA) प्रज्वल अधिकारी शर्माको बराह बचत तथा ऋण सहकारी संस्था लि. धरानको बिस्तृत अध्ययन प्रतिवेदन समेतबाट प्रतिवादीहरुले लामो तयारी योजना अनुसार सन्जालको निर्माण गरी संगठित रुपमा संगठित रुपमा सोही संगठित समुहको योजना र निर्देशनमा गैह्र कानूनी तवरले अर्थोपार्जन गर्ने उदेश्य र मनसायको साथमा पिरामिड शैलीमा तहगत जिम्मेवारीहरू बाँडफाँड गर्दै बचतकर्ताहरूलाई हानी नोक्सानी पुऱ्याउने नियतले बचतकर्ताहरुलाई आकर्षक व्याजदर दिने, आकर्षक स्कीम (Scheme)हरू प्रदान गर्ने जस्ता प्रलोभन देखाई बराह ज्वेलरीको नामबाट बचतकर्ताहरुबाट बचत रकम उठाई निज पिडितहरुलाई बराह बचत तथा ऋन सहकारी संस्थाको पासबुक बितरण गर्दै सहकारी संस्थामा रकम बचत नगरी सहकारी ऐन, नियम तथा विनियम विपरित ठूलो मात्रामा निक्षेप संकलन गरी बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि.धरानको System

(प्रणाली) software मा इन्ट्री गरी बराह बचत तथा ऋण सहकारी संस्थाको स्वामित्वमा रहेको पीडितहरुको बचत तथा शेयर जम्मा गरेको रकमबाट व्यक्तिगत Property खरिद तथा बराह ग्रुप अफ कम्पनी अन्तरगतका राष्ट्रिय तथा अन्तराष्ट्रिय गरी विभिन्न १४ वटा संस्थामा आफूखुसी कानूनी प्रकृया विपरित लगानी गरी साथै प्राविधिकको मुल्याकंन बिना नै कच्चा जग्गा जमिन धितो राखेर तथा बिनाधितो ऋण प्रवाह गरी / गर्न लगाई / लिई सहकारी संस्थाको रकम रु. **१०,७३,४३,४७,९१३।–(दश अर्व त्रिहत्तर करोड त्रिचालीस लाख सद्चालीस हजार नौ सय तेह्र रुपैया)** हिनामिना/अपचलन गरेको पुष्टि भएको देखिन्छ ।

प्रतिवादीहरुले पीडित जाहेरवाला बचतकर्ताहरुको रकम हिनामिना / अपचलन गरी ठगी गरेको संलग्नता सम्बन्धमा बिज्ञको प्रतिवेदन समेतका आधार प्रमाण समेतबाट हेर्दा:-

१. इन्द्र कुमार विश्वकर्माको हकमा,

इन्द्र कुमार विश्वकर्मा भोजपुरको विकट गाउँको निम्नवर्गीय परिवारमा जन्म लिई जिल्ला सुनसरी धरान उप-महानगरपालिकामा आई २०५२ भद्रौ ५ गते धरानमा सामान्य बराह सुनचाँदी पसल संचालन गरी सुनका गर-गहना बनाउने, बिक्री बितरण गर्ने जस्ता कामकार्वाही गर्ने थालेको देखिन्छ । त्यस पछि उक्त सुनचाँदी पसललाई विकसित गरी बराह ज्वलेरी इण्डष्ट्रिज प्रा.लि. कायम राखेको देखिन्छ । त्यसै गरी निजले नै बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरी स्थापना गरी आफू संचालक समितिको अध्यक्ष तथा सदस्यमा बसी सहकारी संस्था संचालन गरी नेपाल तथा बिदेश समेतमा कम्पनीहरु बिस्तार गरेको देखिन्छ । हालसम्म प्राप्त बिवरण अनुसार इन्द्र कुमार विश्वकर्मा जिम्मेवारीमा रहेको हैसियत सहितको सहकारी संस्था तथा कम्पनीहरुको बिवरण यस प्रकार रहेको छ ।

सि.न.	आबद्द संस्था तथा कम्पनीको नाम	हैसियत	लिन कवुल गरेको शेयर संख्या	कै.
१	बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान	पूर्व अध्यक्ष		
		पूर्व उपाध्यक्ष		
२	बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि.	संस्थापक	२५०००	

निज इन्द्र कुमार विश्वकर्मा तथा सहकारी संस्थाको मुख्य जिम्मेवारीमा रहेका अन्य संचालक समितिका पदाधिकारीहरु, कर्मचारीहरु, बिभिन्न कम्पनीका संस्थापक तथा शेयर धनी समेतको मिलोमतोमा आफूहरुले लिने खाने उद्देश्यले बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीको नामबाट ग्राहकहरुलाई पासबुक बितरण गरी सहकारी संस्थामा रकम बचत नगराई बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि. धरान सुनसरीमा प्रयोग गरेको सफ्टवेयर System मा इन्ट्री गरी रकम बचत गर्न लगाई सोही रकम आफूहरुले नै संचालन गरेको निज समेत शेयर धनि रहेको गोर्खा एण्ड बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि. मा लगानी गर्नुका साथै सहकारी संस्थाको स्वामित्वमा रहेको रकमबाट कम्पनीहरु तथा आफ्नो अनुकुलका व्यक्तिहरुको नाममा घर जग्गा खरिद गरी राखी निजले सहकारीको पासबुक बितरणबाट ग्राहकहरुले बचत तथा शेयर जम्मा गरेको रकम रु.२,४५,७७,१७,५७६।–(दुई अर्व पैतालीस करोड सतहत्तर लाख सत्र हजार पाँच सय छयहत्तर रुपैया) रकम हिनामिना/अपचलन गरी ठगी गरेको पुष्टी हुन आउँछ ।

तर निज इन्द्र कुमार विश्वर्कर्माको मिति २०६९/१०/१६ गते मा मृत्यु भएको देखिन्छ । त्यसै गरी इन्द्र कुमार विश्वकर्माको सम्पूर्ण हक बिष्णु माया विश्वकर्माले लिए तापनि निजको समेत मृत्यु भई सकेको देखिदा निजहरुको एक मात्र छोरा शिव कुमार विश्वकर्मा (लामिछाने) हकदार रहेको मिसिल कागजातहरुबाट देखिन आएको हुँदा इन्द्र कुमार विश्वकर्माबाट असूल उपर गर्नु पर्ने रु.२,४५,७७,१७,५७६।–(दुई अर्व पैतालीस करोड सतहत्तर लाख सत्र हजार पाँच सय छयहत्तर रुपैया) रकम प्रतिवादी शिव कुमार विश्वकर्मा (लामिछाने) बाट असूल उपर गर्नु पर्ने देखिन्छ । सो कुरा प्रज्वल अधिकारी शर्मा Fellow Chartered Accountant को प्रतिवेदनबाट समेत खुल्न आउछ ।

२. प्रतिवादी विष्णु माया विश्वकर्माको हकमा,

इन्द्र कुमार विश्वकर्माको श्रीमती बिष्णु माया विश्वकर्मा बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरी तथा सहकारी संस्था संचालन गरी नेपाल तथा बिदेश समेतमा कम्पनीहरु बिस्तार गरेको देखिन्छ। हालसम्म प्राप्त बिवरण अनुसार बिष्णु कुमारी विश्वकर्मा जिम्मेवारीमा रहेको हैसियत सहितको सहकारी संस्था तथा कम्पनीहरुको बिवरण यस प्रकार रहेको छ

सि.न.	आवद्ध कम्पनी तथा संस्थाको नाम	हैसियत	बैंक खातामा दस्तखत	शेयर संख्या	कै.
१	बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरी	संचालक उपाध्यक्ष	बैंक खाताहरुमा दस्तखत		मृत्यु भएको
		पूर्व संचालक सदस्य			
२	बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि.	संस्थापक	बैंक खाताहरुमा दस्तखत	३७५० थान	
३	न्यू बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि. न्युरोड पिलबोट (व्यक्तिगत फर्म)	संस्थापक	बैंक खाताहरुमा दस्तखत		
४	न्यू बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि. न्युरोड पिलबोट (साझेदारी फर्म)	संस्थापक	बैंक खाताहरुमा दस्तखत		
५	श्रीपा सुपर मार्केट स्टोर प्रा. लि.	संस्थापक		४०००००	
६	**इन्द्रेश्वर टेक्सटाइल्स Pvt. Ltd**	संस्थापक		१००००	
७	पिपल बोट बराह ज्वेलरी प्रा.लि.	संस्थापक		८००००	
८	गोर्खा एण्ड बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि.	संस्थापक		९००००	

निज बिष्णु माया विश्वकर्मा तथा सहकारी संस्थाको मुख्य जिम्मेवारीमा रहेका अन्य संचालक समितिका पदाधिकारीहरु, कर्मचारीहरु, बिभिन्न कम्पनीका संस्थापक तथा शेयर धनीहरु समेतको मिलोमतोमा आफूहरुले लिने खाने उद्देश्यले बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीको नामबाट ग्राहकहरुलाई पासबुक बितरण गरी सहकारी संस्थामा रकम बचत नगराई बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि. धरान सुनसरीमा प्रयोग गरेको सफ्टवेयर System मा इन्ट्री गरी रकम बचत गर्न लगाई सोही रकम आफूहरु शेयर धनी तथा संस्थापक रहेको नेपाल तथा बिदेशमा रहेका बिभिन्न कम्पनीहरुमा लगानी, सहकारी संस्थाको स्वामित्वमा रहेको रकमबाट कम्पनीहरु तथा आफ्नो अनुकुलका व्यक्तिहरुको नाममा घर जग्गा खरिद गरी राखी निजले सहकारीको पासबुक बितरणबाट ग्राहकहरुले जम्मा गरेको बचत तथा शेयर रकम रु. ७०,१९,१६,१५४।-(सत्तरी करोड उन्नाईस लाख सोह्र हजार दुई सय चौउन्न रुपैया) रकम हिनामिना/अपचलन गरी ठगी गरेको देखिन्छ।

त्यसै गरी निज बिष्णु माया विश्वकर्मा सहकारी संस्थाको संचालकको जिम्मेवारीमा रहेको अवस्थामा प्राविधिकको मुल्याकंन बिना नै कच्चा जग्गा धितो राखेर तथा बिना धितो समेत सहकारीबाट बिभिन्न व्यक्तिहरुको नाममा ऋण लगानी भएको र हालसम्म असूल उपर हुन नसकेको हुँदा धितोमा लगानी भएको ३६ ऋण सम्बन्धित ऋणीबाट, पछि अपुग भए ऋणी लगानी हुदाँको ऋण समिति सदस्यहरुलाई आधा र सो समयको संचालन समिति सदस्यबाट आधा र बिना धितो लगानी भएको २९४ ऋण सम्बन्धित ऋणीबाट, पछि अपुग भए ऋणी लगानी हुदाँको ऋण समिति सदस्यहरुलाई आधा र सो समयको संचालन समिति सदस्यबाट आधा गरी असुल उपर गर्नु पर्ने देखिन्छ। जस अनुसार निजको जिम्मेवारमा परेको

खराव कर्जा असुल उपर नभए बिगो हुने रकम रु. १,१२,९०,८७९.७९।– (एक करोड बाह्र लाख नब्वे हजार आठ सय उन्नाअसी रुपैया उन्नाअसी पैसा) समेत असुल्नु पर्ने बिगो कायम हुन आउँछ।

तर निज बिष्णु माया विश्वर्कर्माको मृत्यु भएको देखिन्छ। त्यसै गरी बिष्णु माया विश्वकर्माको एक मात्र छोरा शिव कुमार विश्वकर्मा (लामिछाने) हकदार रहेको मिसिल कागजातहरुबाट देखिन आएको हुँदा बिष्णु माया विश्वकर्माबाट असूल उपर गर्नु पर्ने हिनामिना रकम रु. ७०,१९,१६,१५४।- (सत्तरी करोड उन्नाईस लाख सोह्र हजार दुई सय चौउन्न रुपैया) रकम र खराव कर्जा असुल उपर नभए बिगो हुने रकम रु. १,१२,९०,८७९.७९।– (एक करोड बाह्र लाख नब्वे हजार आठ सय उन्नाअसी रुपैया उन्नाअसी पैसा) शिव कुमार विश्वकर्मा (लामिछाने) बाट असूल उपर गर्नु पर्ने देखिन्छ। सो कुरा प्रज्वल अधिकारी शर्मा Fellow Chartered Accountant को प्रतिवेदनबाट समेत खुल्न आउछ। साथै बिष्णु माया विश्वकर्माको हकमा सम्पती जफतको लागि मात्र प्रतिवादी कायम गरिएको छ।

३. प्रतिवादी शिव कुमार विश्वकर्मा (लामिछाने) को हकमा,

इन्द्र कुमार विश्वकर्मा र बिष्णु माया विश्वकर्माको १ मात्र छोरा शिव कुमार विश्वकर्मा (लामिछाने) ले नेपाल तथा बिदेश समेतमा कम्पनीहरु बिस्तार गर्नमा भुमिका निर्वाह गरेको देखिन्छ। हालसम्म प्राप्त बिवरण अनुसार शिव कुमार विश्वकर्मा (लामिछाने) जिम्मेवारीमा रहेको हैसियत सहितको सहकारी संस्था तथा कम्पनीहरुको बिवरण यस प्रकार रहेको छ।

सि.न.	आवद्ध कम्पनी तथा संस्थाको नाम	हैसियत	बैंक खातामा दस्तखत	शेयर संख्या	कै.
१	बराह ग्रुप कम्पन्नी प्रा.लि.	अध्यक्ष		७०००००	
२	बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि.	संस्थापक	बैंक खाताहरुमा दस्तखत	३२५०० थान	
३	न्यू बराह ज्वलर्स न्युरोड पिपलबोट (व्यक्तिगत फर्म)	संस्थापक	बैंक खाताहरुमा दस्तखत		
४	न्यू बराह ज्वलर्स न्युरोड पिपलबोट (साझेदारी फर्म)	संस्थापक	बैंक खाताहरुमा दस्तखत		
५	गोर्खा एण्ड बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि.	संस्थापक	बैंक खाताहरुमा दस्तखत	३०००००	
६	नयाँ रोड पोखरा लेखनाथ	संस्थापक	बैंक खाताहरुमा दस्तखत	१६०००००	
७	श्रीपा सुपर मार्केट स्टोर धरान सुनसरी	संस्थापक		१४००००	
८	बराह कृषी उपज तथा पशु पालन प्रा.लि.	संस्थापक		१५०००००	
९	बराह फेमली किचन प्रा.लि.	संस्थापक	बैंक खाताहरुमा दस्तखत	२००००	
१०	बराह नेशनल ईन्भेष्मेटन्ट प्रा.लि.	संस्थापक	बैंक खाताहरुमा दस्तखत	६००००	
११	श्री नारायणी बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि. भरतपुर शाखा	संस्थापक		२००००	
१२	बराह प्रोपर्टी सर्भिस प्रा.लि.	संस्थापक		१५००००	

१३	बराह चिल्डेन वर्ल्ड प्रा.लि.	संस्थापक		१२००००	
१४	पिपल बोट बराह ज्वेलरी प्रा.लि.	संस्थापक		१७००००	
१५	बराह मोटर्स प्रा.लि.	संस्थापक		१६६६७	
१६	ईन्द्र बराह ट्राभल्स एण्ड टुर्स प्रा.लि.	संस्थापक			
१७	कृपा फाउन्डेशन प्रा.लि.	संस्थापक		२१००००	
१८	Indra Baraha Jewellery	संस्थापक		४००००	
१९	Industries & Research Center Pvt. Ltd	संस्थापक		२००००	
२०	इन्द्रेश्वर टेक्सटाइल्स Pvt. Ltd	संस्थापक	बैंक खाताहरुमा दस्तखत	३०००००	

यी प्रतिवादी शिव कुमार विश्वकर्मा (लामिछाने) ले बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान, सुनसरीका संचालक समिति, लेखा सुपरिबेक्षण समिति, ऋण उप-समिति, शिक्षा उप-समिति लगायत बिभिन्न कम्पनीका संस्थापक तथा शेयर धनी समेतको मिलोमतोमा आफूहरुले लिने खाने उद्देश्यले बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीको नामबाट ग्राहकहरुलाई पासबुक बितरण गरी सहकारी संस्थामा रकम बचत नगराई बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि.धरान सुनसरीमा प्रयोग गरेको सफ्टवेयर System मा इन्ट्री गरी रकम बचत गर्न लगाई सोही रकम आफू संस्थापक तथा शेयर धनी भएको बराह कृषी उपज तथा पशुपालन प्रा.लि., बराह फेमली किचेन प्रा.लि., बराह प्रोपटी सर्भिस प्रा.लि., गोर्खा एण्ड बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि., नारायणी बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि., इन्द्र बराह ट्राभल्स एण्ड टुर्श प्रा.लि., बराह नेशनल इन्भेष्टमेन्ट प्रा.लि., कृपा दृष्य डिजिटल प्रोडक्सन प्रा.लि., टाईम्स रेमिट प्रा.लि. बराह चिल्डेन प्रा.लि. समेतमा लगानी गरेको, सहकारी संस्थाको स्वामित्वमा रहेको रकमबाट कम्पनीहरु तथा आफू र आफ्नो अनुकुलका व्यक्तिहरुको नाममा घर जग्गा खरिद गरी राखी निजले सहकारीको पासबुक बितरणबाट ग्राहकहरुले गरेको बचत तथा शेयर रकम रु.२,७१,३१,६०,०२४।– (दुई अर्व एकहतर करोड एकतिस लाख साठी हजार चौविस रुपैया) रकम हिनामिना/अपचलन गरी ठगी गरेको पुष्टी हुन आउँछ।

इन्द्र कुमार विश्वकर्मा र बिष्णु माया लामिछानेको सम्पत्ती हकभोग गर्ने प्रतिवादी शिव कुमार विश्वकर्मा (लामिछाने) रहेकोले निजबाट यस प्रकारको रकम असुल उपर गर्नु पर्ने देखिन्छ।

शिव कुमार विश्वकर्मा (लामिछाने) सँग असूल उपर गर्नु पर्ने रकमः-

सि.न.	नामथर	बिगो रकम	कै.
१	शिव कुमार विश्वकर्मा (लामिछाने)	रु. २,७१,३१,६०,०२४।–	स्वयम्
२	इन्द्र कुमार विश्वकर्मा	रु.२,४५,७७,१७,५७६।–	बुवा
३	बिष्णु माया विश्वकर्मा	रु. ७०,१९,१६,१५४।-	आमा
४	खराव कर्जा असुल उपर नभएतर्फ मृतक बिष्णु मायाँ बिश्वकर्माको बिगो हुने रकम	रु. ११२९०८७९.७९।-	आमा
जम्मा	**रु. ५,८८,४०,८४,७३३.७९।–(पाँच अरव अठासी करोड चालिस लाख चौरासी हजार सात सय तेतिस रुपैया उन्नाअसी पैसा)**		

प्रतिवादीहरु शिव कुमार विश्वकर्मा (लामिछाने), इन्द्र कुमार विश्वकर्मा र बिष्णुमाया विश्वकर्मा समेत एकै घर परिवारका सदस्यहरु रहेको र निजहरुले सहकारी संस्थाबाट हिनामिना अपचन गरी ठगी गरेको रकमबाट यस प्रकारको घर जग्गाहरु खरिद गरी आफ्नो नाममा राखेको देखिन्छ ।

हाल सम्म प्राप्त घर/जग्गा जमिनको बिवरणः-

नामथर	सि.न.	जग्गा रहेको ठाउँ	कित्ता नं.	क्षेत्रफल
बिष्णु माया विश्वकर्मा (लामिछाने)	१	सुनसरी धरान ९-ग	१९२	०-०-१६-० विघा
	२	सुनसरी धरान ९-ग	२३४	०-०-२.५-० विघा
	३	सुनसरी धरान ९-ग	२२७	०-०-१५-० विघा
	४	सुनसरी चतरा ४ ङ	८७४	०-१-१८.५-० विघा
	५	सुनसरी चतरा ४ ङ	८७५	०-०-३.५-० विघा
	६	सुनसरी चतरा ४ ङ	८८१	०-१-११.५-० विघा
	७	सुनसरी धरान ९-ग	२२८	०-०-४.२५-० विघा
	८	सुनसरी धरान ७ क	५६३४	०-२-१३-० विघा
	९	सुनसरी धरान ९-ग	३३८	०-१-७-० विघा
	१०	सुनसरी धरान ७ क	१३०२	०-०-१०-० विघा
	११	सुनसरी धरान ९-ग	३४	०-०-११-० विघा
	१२	सुनसरी धरान ९-ग	३८	०-०-११-० विघा
	१३	सुनसरी धरान ९-ग	७७	०-१-०-० विघा
	१४	सुनसरी धरान-५	३४१	०-०-१२-१ विघा
	१५	सुनसरी धरान ७-क	१३०२	०-०-१०-० विघा
	१६	सुनसरी धरान ७-क	८६१८	०-०-१०-५-० विघा
	१७	सुनसरी धरान ७-क	८६१५	०-०-९.५-० विघा
	१८	सुनसरी धरान ७-क	४३९८	०-१-०-० विघा
	१९	सुनसरी धरान ५	३९६	०-०-४-० विघा
शिव कुमार लामिछाने (विश्वकर्मा)	१	सुनसरी चरात ४-ङ	८७४	०-०-८-२ विघा
	२	सुनसरी चरात ४-ङ	८७५	०-०-३.५-२ विघा
	३	सुनसरी चरात ४-ङ	८८१	०-१-११-२ विघा
	४	का.म.न.पा. डिल्लीबजार २२	६३० क	०-०-२-० रोपनी
	५	का.म.न.पा. डिल्लीबजार २२	६३१ क	०-०-२-० रोपनी

	६	का.म.न.पा. डिल्लीबजार २२	१९४५ घ	०-०-०-१ रोपनी
	७	का.म.न.पा. डिल्लीबजार २२	१९४७ घ	०-०-०-१ रोपनी
	८	का.म.न.पा. डिल्लीबजार २२	१९४९ घ	०-०-०-१ रोपनी

प्रतिवादीहरु शिव कुमार लामिछाने र बिष्णुमाया लामिछानेले सहकारी संस्थाबाट ठगी गरेको रकमबाट घर, भवन, जग्गा जमिन खरिद गरी आफू शेयर धनी तथा संस्थापक भएको कम्पनीहरुको नाममा पास गरी राखेको देखिन्छ ।

हाल सम्म प्राप्त घर/जग्गा जमिनको बिवरण:-

क्र.सं.	कम्पनीको नाम	जग्गा रहेको ठाउँ	कित्ता नं.	क्षेत्रफल
१	बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि.	सुनसरी घोपा ४-क	६१९	०-०-५-० विघा
		सुनसरी घोपा ४-क	५४२	०-१-०-० विघा
		सुनसरी घोपा ४-क	५४३	०-१-०-० विघा
		सुनसरी घोपा ४-क	४५०८	०-०-१३-० विघा
		सुनसरी धरान ५	३४०	०-०-८-० विघा
		सुनसरी बाझगरा २-ग	१६२२	०-०-६-० विघा
		सुनसरी बाझगरा ३-ङ	१९३०	०-०-१७.५-० विघा
		सुसनरी धरान ९-ख	८६०	०-०-३.२५-० विघा
		सुनसरी धरान ९-ख	८६३	०-०-३-० विघा
		धनकुटा कार्की छाँप ५	९६०	०-७-२-० रोपनी
		धनकुटा कार्की छाँप ५	९६१	०-५-२-० रोपनी
		धनकुटा कार्की छाँप ५	९६३	०-२-०-० रोपनी
		धनकुटा कार्की छाँप ५	९६४	०-३-०-० रोपनी
		धनकुटा कार्की छाँप ५	९६२	०-१-०-० रोपनी
		धनकुटा कार्की छाँप ५	१०२३	०-५-०-० रोपनी
		धनकुटा कार्की छाँप ७	५५१	४-२-३-० रोपनी
		धनकुटा कार्की छाँप ७	५५२	०-७-२-० रोपनी
		धनकुटा कार्की छाँप ७	५५३	०-७-२-३ रोपनी
		धनकुटा कार्की छाँप ७	५५५	१-१०-३-० रोपनी
		धनकुटा कार्की छाँप ७	५५६	०-६-०-१ रोपनी

		ललितपुर उ.म.न.पा.४	३९	सनराइज एपार्टमेन्टस प्रा.लि. ललितपुर ब्लक नं. BII फल्याट नं. ४th/BII/M-14-256 क्षेत्रफल-1036 बर्ग मिटर
			२९	
			२५	
			३१	
			६०	
			२८	
			३७	
			३८	
२	बराह कृषि उपज तथा पशुपालन प्रा.लि.	मोरङ तेतरिया १-ग	४०५	०-१०-०-० विघा
		मोरङ तेतरिया १-ग	४२२	०-८-०-० विघा
३	श्रीपा सुपर मार्केट स्टोर प्रा. लि.	सुनसरी धरान ७-ख	२४५०	०-०-४-० विघा
		सुनसरी धरान ७-ख	२३८३	०-०-१९.२५-० विघा
		सुनसरी धरान ७-ख	९६३	०-०-०-५-० विघा
		सुनसरी धरान ७-ख	१२२९	०-१-०-० विघा
		सुनसरी झापा धाइजन ९	१०७६	०-०-१०-० विघा
		सुनसरी धरान ७-ख	१२३०	०-३-१२.५-० विघा
		सुनसरी धरान ७-ख	१२३२	०-०-९-० विघा
		सुनसरी धरान ७-ख	२५४४	०-५-०-० विघा

४. प्रतिवादी मन्दिरा लामिछाने (विश्वकर्मा) को हकमा,

अनुसन्धानको क्रममा हालसम्म प्राप्त बिवरण अनुसार प्रतिवादी मन्दिरा लामिछाने (विश्वकर्मा) जिम्मेवारीमा रहेको हैसियत सहितको सहकारी संस्था तथा कम्पनीहरुको तालिकामा यस प्रकार राखिएको छ।

सि.न.	**प्रतिवादीको नाम**	**आवद्ध कम्पनी तथा संस्थाको नाम**	**हैसियत**	**बैंक खातामा दस्तखत**	**शेयर संख्या**	**कै.**
१	मन्दिरा लामिछाने विश्वकर्मा	बराह ग्रुप १. प्रदेश सचिवाल	सदस्य			
		बराह ग्रुप अफ कम्पनी प्रा.लि	संस्थापक		१०००००	
		बराह डिपार्टमेन्ट स्टोर प्रा.लि.	संस्थापक	***बैंक खाताहरुमा दस्तखत***		

यी प्रतिवादी मन्दिरा लामिछाने (विश्वकर्मा) लगायत बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीको अध्यक्ष मान बहादुर विश्वकर्मा तथा सहकारी संस्थाको मुख्य जिम्मेवारीमा रहेका अन्य संचालक समितिका पदाधिकारीहरु, कर्मचारीहरु, बिभिन्न कम्पनीका संस्थापक तथा शेयर धनी समेतको मिलोमतोमा आफूले लिने खाने उद्देश्यले बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीको नामबाट ग्राहकहरुलाई पासबुक बितरण गरी सहकारी संस्थामा रकम बचत नगराई बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि. धरान सुनसरीमा प्रयोग गरेको सफ्टवेयर System मा इन्ट्री गरी रकम बचत गर्न लगाई प्रतिवादी मन्दिरा लामिछाने (विश्वकर्मा) समेत संस्थापक तथा शेयर धनी रहेको बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि., बराह डिपार्टमेन्ट स्टोर प्रा.लि. धरान सुनसरीमा रकम लगानी गरी खाई मासी प्रतिवादी मन्दिरा लामिछाने (विश्वकर्मा) ले सहकारीको स्वामित्वमा रहेको ग्राहकहरुले गरेको शेयर तथा बचत रकम रु. १,२३,११,९१,१००।–(एक अर्व तेईस करोड एघार लाख एकान्वे हजार एक सय) हिनामिना/अपचलन गरी ठगी गरेको पुष्टी हुन आउँछ।

५. प्रतिवादी मान बहादुर विश्वकर्माको हकमा,

बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीको संचालक समितिको अध्यक्ष समेतको भुमिकामा रहेका मान बहादुर विश्वकर्मा समेतले नेपाल तथा बिदेश समेतमा कम्पनीहरु बिस्तार गरेको देखिन्छ । हालसम्म प्राप्त बिवरण अनुसार मान बहादुर विश्वकर्मा जिम्मेवारीमा रहेको हैसियत सहितको सहकारी संस्था तथा कम्पनीहरुको बिवरण यस प्रकार रहेको छ।

सि.न.	**आवद्ध कम्पनी तथा संस्थाको नाम**	**हैसियत**	बैंक खातामा दस्तखत	**शेयर संख्या**	**कै.**
१	बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरी	संचालक पूर्व उपाध्यक्ष	बैंक खाताहरुमा दस्तखत		
		संचालक अध्यक्ष			
		बिधान मस्यौदा सदस्य			
२	बराह ग्रुप अफ कम्पनी प्रा.लि	संस्थापक		१००००	
३	बराह ग्रुप १. प्रदेश सचिवाल	अध्यक्ष			
४	बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि.धरान	शाखा प्रमुख	बैंक खाताहरुमा दस्तखत	३७५० थान	
५	न्यू बराह ज्वेलरी पिलबोट (साझेदारी फर्म)	संस्थापक	बैंक खाताहरुमा दस्तखत		
६	बराह फेमली किचेन प्रा.लि.	संस्थापक		५००००	
७	बराह कृषी उपज तथा पशु पालन प्रा.लि.	संस्थापक		२००००	
८	बराह डिपार्टमेन्ट स्टोर प्रा.लि.धरान	संस्थापक	बैंक खाताहरुमा दस्तखत	६००००	
९	बराह प्रोपर्टी सर्भिस प्रा.लि.	संस्थापक		५०००	
१०	बराह भेडेटार मल्टिप्रपोज कम्पनी प्रा.लि. धनकुटा	संस्थापक	बैंक खाताहरुमा दस्तखत	४००००	
११	श्री नारायणी बराह ज्वलेरी प्रा.लि. भरतपुर शाखा	संस्थापक		४०००	
१२	Indra Baraha Jewellery Industries &	संस्थापक		३०००	

	Research Center Pvt. Ltd				
१३	बराह चिल्डेन वर्ल्ड प्रा.लि.	संस्थापक		३००००	

बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीको अध्यक्ष मान बहादुर विश्वकर्मा तथा सहकारी संस्थाको मुख्य जिम्मेवारीमा रहेका अन्य संचालक समितिका पदाधिकारीहरु, कर्मचारीहरु, बिभिन्न कम्पनीका संस्थापक तथा शेयर धनी समेतको मिलोमतोमा आफूहरुले लिने खाने उद्देश्यले बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीको नामबाट ग्राहकहरुलाई पासबुक बितरण गरी सहकारी संस्थामा रकम बचत नगराई आफू समेत शेयर धनी तथा संस्थापक रहेको बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि. धरान सुनसरीमा प्रयोग गरेको सफ्टवेयर System मा इन्ट्री गरी रकम बचत गर्न लगाई सोही रकम आफू संस्थापक तथा शेयर धनी भएको बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि., बराह कृषी उपज तथा पशुपालन प्रा.लि., बराह डिपार्टमेन्ट स्टोर प्रा.लि. धरान, बराह प्रोपटी सर्भिस प्रा.लि., नारायणी बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि., बराह चिल्ड्रेन वर्ल्ड प्रा.लि., बराह भेडेटार मल्टिप्रर्पोज कम्पनी प्रा.लि. धनकुटा तथा बिदेशमा रहेका कम्पनीहरु समेतमा लगानी गरेको, सहकारी संस्थाको स्वामित्वमा रहेको रकमबाट कम्पनीहरु तथा आफू र आफ्नो अनुकुलका व्यक्तिहरुको नाममा घर जग्गा खरिद गरी राखी निज प्रतिवादी मान बहादुर विश्वकर्माले रु. १,११,४३,४५,३३८।– (एक अर्व एघार करोड त्रिचालिस लाख पैतालीस हजार तीन सय अढ्तीस रुपैया) रकम हिनामिना/अपचलन गरी ठगी गरेको पुष्टी हुन आउँछ।

प्रतिवादी मान बहादुर विश्वकर्माले आफूले ठगी गरेको रकमबाट आफ्नो श्रीमती जतन माया विश्वकर्माको नाममा जग्गा जमिन खरिद गरेको देखिएको र उक्त जग्गाको मुल्य रु. ७४,५५,०००।– (चौरहत्तर लाख पचपन्न हजार) रहेकोले सो रकम प्रतिवादी जतन माया विश्वकर्मालाई कायम गरी प्रतिवादी मान बहादुर विश्वकर्माबाट रु.१,१०,६८,९०,३३८।– (एक अर्व दश करोड अढ्सठ्ठी लाख नब्बे हजार तीन सय अढ्तीस हजार रुपैया) गरी जम्मा १,११,८१,८१,२१७.७१।-(एक अरव एघार करोड एकासी लाख एकासी हजार दुइ सय सत्र रुपैया एकहत्तर पैसा) असुल उपर गर्नु पर्ने देखिन्छ।

त्यसै गरी प्रतिवादी मान बहादुर विश्वकर्मा सहकारी संस्थाको संचालकको जिम्मेवारीमा रहेको अवस्थामा प्राविधिकको मुल्याकंन बिना नै कच्चा जग्गा धितो राखेर तथा बिना धितो समेत सहकारीबाट बिभिन्न व्यक्तिहरुको नाममा ऋण लगानी भएको र हालसम्म असूल उपर हुन नसकेको हुँदा धितोमा लगानी भएको ३६ ऋण सम्बन्धित ऋणीबाट, पछि अपुग भए ऋणी लगानी हुदाँको ऋण समिति सदस्यहरुलाई आधा र सो समयको संचालक समिति सदस्यबाट आधा र बिना धितो लगानी भएको २९४ ऋण सम्बन्धित ऋणीबाट, पछि अपुग भए ऋणी लगानी हुदाँको ऋण समिति सदस्यहरुलाई आधा र सो समयको संचालन समिति सदस्यबाट आधा गरी असुल उपर गर्नु पर्ने देखिन्छ। जस अनुसार निजको जिम्मेवारमा परेको खराव कर्जा असुल उपर नभए बिगो हुने रकम रु. १,१२,९०,८७९.७९।– (एक करोड बाह्र लाख नब्बे हजार आठ सय उन्नअसी रुपैया उन्नअसी पैसा) समेत असुल्नु पर्ने बिगो कायम हुन आउँछ।

प्रतिवादी मान बहादुर बिश्वकर्माले सहकारीको पासबुक बितरण भई ग्राहकहरुको जम्मा भएको बचत रकम तथा शेयर रकम हिनामिना/अपचलन गरी ठगी गरेको रकमबाट आफू तथा आफू अनुकुलका मानिसहरुको नाममा राखेको देखिन्छ। सो कुरालाई पक्राउ परेकी निजको श्रीमती जतन माया विश्वकर्माले अधिकार प्राप्त अधिकारी समक्ष बयान गर्दा स्वीकार गरेको देखिन्छ।

हाल सम्म प्राप्त प्रतिवादी मान बहादुर विश्वकर्माको नाममा रहेको घर/जग्गा जमिनको बिवरणः-

सि.न.	जग्गा रहेको ठाउँ	कित्ता नं.	क्षेत्रफल
१	सुनसरी घोपा ६-ख	६८४	०-१-०-० विघा
२	सुनसरी घोपा ४-क	५९६	०-०-३-० विघा

३	सुनसरी घोपा ४-ख	६८५	०-१-०-०विघा
४	मोरङ सिंहदेवी ४ (क)	४५	२-४-३-० रोपनी
५	सुनसरी घोपा ४-ख	२७८६	०-०-३-० विघा
६	सुनसरी बाझगरा २ ग	१५०९	०-०-२.७५-० विघा
७	सुनसरी बाझगरा २ ग	१५०७	०-०-३-० विघा
८	सुनसरी बाझगरा ३ ङ	१५११	०-२-०-० विघा
९	सुनसरी बाझगरा ३ ग	६५५	०-०-१३.२५-० विघा
१०	सुनसरी बाझगरा २ क	८३४४	०-०-१९-० विघा
११	सुनसरी घोपा २ (क)	२६२९	०-०-२.५-० विघा
१२	सुनसरी घोपा २ (क)	२६२७	०-०-७.५-० विघा
१३	सुनसरी घोपा २ (क)	५३२२	०-०-३.७५-० विघा
१४	सुनसरी बाझगरा ३-घ	२७१६	०-१-०-० विघा
१५	सुनसरी बाझगरा २-क	८३४४	०-०-१९-० विघा
१६	सुनसरी धरान ९-ग	१८२	०-०-१०.७५-० विघा
१७	सुनसरी बाझगरा ५-ग	६९२	०-०-७-० विघा
१८	सुनसरी बाझगरा ५-ग	७१५	०-०-७-० विघा
१९	सुनसरी बाझगरा ५-ग	७१६	०-०-१६.५-० विघा

६. प्रतिवादी हरि कुमार धमाल (विश्वकर्मा) को हकमा,

अनुसन्धानको क्रममा हालसम्म प्राप्त बिवरण अनुसार प्रतिवादी हरि कुमार धमला (विश्वकर्मा) जिम्मेवारीमा रहेको हैसियत सहितको कम्पनीहरुको बिवरण यस प्रकार रहेको छ।

सि.न.	आवद्ध कम्पनी तथा संस्थाको नाम	हैसियत	बैंक खातामा दस्तखत	शेयर संख्या	कै.
१	बराह ग्रुप अफ कम्पनी प्रा.लि	संस्थापक		८००००	
२	बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि.	संस्थापक		३५०० थान	
३	गोर्खा एण्ड बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि. नया रोड पोखरा लेखनाथ	संस्थापक	बैंक खाताहरुमा दस्तखत	१००००	
४	गोरखा बराह फाउन्डेशन प्रा.लि.	संस्थापक			
५	Indra Baraha Jewellery Industries & Research Center Pvt. Ltd	संचालक		२०००	
६	Gurkha & Baraha Family Kitchen	संचालक			
७	GB Hair & Beauty Studio	संचालक			

प्रतिवादी हरि कुमार धमला (विश्वकर्मा) लगायत बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीको अध्यक्ष मान बहादुर विश्वकर्मा तथा सहकारी संस्थाको मुख्य जिम्मेवारीमा रहेका अन्य संचालक समितिका पदाधिकारीहरु, कर्मचारीहरु, बिभिन्न कम्पनीका संस्थापक तथा शेयर धनी समेतको मिलोमतोमा आफूले लिने खाने उद्देश्यले बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीको नामबाट ग्राहकहरुलाई पासबुक बितरण गरी सहकारी संस्थामा रकम बचत नगराई बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि. धरान सुनसरीमा प्रयोग गरेको सफ्टवेयर System मा इन्ट्री गरी रकम बचत गर्न लगाई सोही रकम आफू संस्थापक तथा शेयर धनी भएको बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि., गोर्खा एण्ड बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि. मा लगानी गरी खाई मासी निज प्रतिवादी हरी कुमार धमला (विश्वकर्मा) ले रु. ३७,६१,२४,३२८।– (सईतीस करोड एकसठ्ठी लाख चौविस हजार तीन सय अठ्ठाईस रुपैया) रकम हिनामिना/अपचलन गरी ठगी गरेको देखिन्छ ।

७. प्रतिवादी प्रकाश लामगादेको हकमा,

अनुसन्धानको क्रममा हालसम्म प्राप्त बिवरण अनुसार प्रतिवादी प्रकाश लामगादे जिम्मेवारीमा रहेको हैसियत सहितको कम्पनीहरुको बिवरण यस प्रकार रहेको छ ।

सि.न.	आवद्ध कम्पनी तथा संस्थाको नाम	हैसियत	बैंक खातामा दस्तखत	शेयर संख्या	कै.
१	बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि.	व्यवस्थापक सदस्य	बैंक खाताहरुमा दस्तखत	३५०० थान	
२	बराह नेशनल ईन्भेष्मेटन्ट प्रा.लि.	संस्थापक	बैंक खाताहरुमा दस्तखत	३००००	
३	कृपा दृश्य डिजीटल प्रोडक्सन प्रा.लि.	संस्थापक		५०००	
४	श्री नारायणी बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि. भरतपुर शाखा	संस्थापक		२०००	

यी प्रतिवादी प्रकाश लामगादे लगायत बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीको अध्यक्ष मान बहादुर विश्वकर्मा तथा सहकारी संस्थाको मुख्य जिम्मेवारीमा रहेका अन्य संचालक समितिका पदाधिकारीहरु, कर्मचारीहरु, बिभिन्न कम्पनीका संस्थापक तथा शेयर धनी समेतको मिलोमतोमा आफूले लिने खाने उद्देश्यले बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीको नामबाट ग्राहकहरुलाई पासबुक बितरण गरी सहकारी संस्थामा रकम बचत नगराई गैर कानूनी रुपमा बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि.धरान सुनसरीमा प्रयोग गरेको सफ्टवेयर System मा इन्ट्री गरी रकम बचत गर्न लगाई सोही रकम आफू संस्थापक तथा शेयर धनी भएको बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि., नारायणी बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि., इन्द्र बराह ट्राभल्स एण्ड टुर्श प्रा.लि. समेतमा लगानी गरी खाई मासी निज प्रतिवादी प्रकाश लामगादेले सहकारी संस्थाको स्वामित्वमा रहेको ग्राहकहरुको शेयर तथा बचत रकम रु. ४८,१८,८९,०८९।– (अढ्चालिस करोड अठार लाख उनान्नन्बे हजार उनान्नव्बे रुपैया) हिनामिना/अपचलन गरी ठगी गरेको देखिन्छ ।

८. प्रतिवादी शुभ राज खातीको हकमा,

अनुसन्धानको क्रममा हालसम्म प्राप्त बिवरण अनुसार प्रतिवादी शुभ राज खाती जिम्मेवारीमा रहेको हैसियत सहितको सहकारी संस्था तथा कम्पनीहरुको बिवरण यस प्रकार रहेको छ ।

सि.न.	आवद्ध कम्पनी तथा संस्थाको नाम	हैसियत	बैंक खातामा दस्तखत	शेयर संख्या	कै.
१	बराह बचत तथा ऋण सहकारी संस्था	संचालक सदस्य			

	लिमिटेड धरान सुनसरी	शिक्षा उप-समिति सदस्य			
२	बराह ग्रुप १. प्रदेश सचिवाल	संचालक सदस्य (BOD)			
३	बराह ग्रुप अफ कम्पनी प्रा.लि	संस्थापक		२००००	
४	श्री नारायणी बराह ज्वलेरी प्रा.लि. भरतपुर शाखा	संस्थापक		४०००	
५	बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि. धरान	संस्थापक	बैंक खाताहरुमा दस्तखत	३५५० थान	
		काउन्टर बन्द हुँदा रकम बुझ्ने			
६	न्यू बराह ज्वलर्स न्यरोड पिपलबोट (साझेदारी फर्म)	संस्थापक	बैंक खाताहरुमा दस्तखत		
७	बराह कृषी उपज तथा पशु पालन प्रा.लि.	संस्थापक		१००००	
८	बराहा चिल्ड्रेन वर्ल्ड प्रा. लि.	संस्थापक		२००००	
९	बराह बाल संसार गेमजोन एण्ड कृपा १६ डि.इन्टरटेन्टमेन्ट	संस्थापक			
१०	Indra Baraha Jewellery Industries & Research Center Pvt. Ltd	संस्थापक		२०००	
११	वित्तीय नगद व्यबस्थापन समिति	संस्थापक			

यी प्रतिवादी शुभ राज खाती लगायत बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीको अध्यक्ष मान बहादुर विश्वकर्मा तथा सहकारी संस्थाको मुख्य जिम्मेवारीमा रहेका अन्य संचालक समितिका पदाधिकारीहरु, कर्मचारीहरु, बिभिन्न कम्पनीका संस्थापक तथा शेयर धनी समेतको मिलोमतोमा आफूहरुले लिने खाने उद्देश्यले बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीको नामबाट ग्राहकहरुलाई पासबुक बितरण गरी सहकारी संस्थामा रकम बचत नगराई गैर कानूनी तवरले बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि.धरान सुनसरीमा प्रयोग गरेको सफ्टवेयर System मा इन्ट्री गरी रकम बचत गर्न लगाई सोही रकम आफू संस्थापक तथा शेयर धनी भएको बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि., बराह कृषी उपज तथा पशुपालन प्रा.लि., नारायणी बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि., बराह चिल्डेन वर्ल्ड प्रा.लि. समेतमा लगानी गरी खाई मासी निज प्रतिवादी शुभ राज खातीले जम्मा रु.४३,७१,८१,८२७।–(त्रिचालीस करोड एकहत्तर लाख एकासी हजार आठ सय सत्ताईस रुपैया) रकम हिनामिना/अपचलन गरी ठगी गरेको देखिन्छ।

त्यसै गरी शुभ राज खाती सहकारी संस्थाको संचालकको जिम्मेवारीमा रहेको अवस्थामा प्राविधिकको मुल्याकंन बिना नै कच्चा जग्गा धितो राखेर तथा बिना धितो समेत सहकारीबाट बिभिन्न व्यक्तिहरुको नाममा ऋण लगानी भएको र हालसम्म असूल उपर हुन नसकेको हुँदा धितोमा लगानी भएको ३६ ऋण सम्बन्धित ऋणीबाट, पछि अपुग भए ऋणी लगानी हुदाँको ऋण समिति सदस्यहरुलाई आधा र सो समयको संचालक समिति सदस्यबाट आधा र बिना धितो लगानी भएको २९४ ऋण सम्बन्धित ऋणीबाट, पछि अपुग भए ऋणी लगानी हुदाँको ऋण समिति सदस्यहरुलाई आधा र सो समयको संचालन समिति सदस्यबाट आधा गरी असुल उपर गर्नु पर्ने देखिन्छ। जस अनुसार निजको जिम्मेवारमा परेको खराव कर्जा असुल उपर नभए बिगो हुने रकम रु. ५२,३२,१२३.२९।– (बाउन्न लाख बत्तिस हजार एक सय तेत्तिस रुपैया उनान्तीस पैसा) समेत अशुल्नु पर्ने बिगो कायम हुन आउँछ।

प्रतिवादी शुभ राज खातीले सहकारीको पासबुक बितरण भई ग्राहकहरुको जम्मा भएको बचत रकम तथा शेयर रकम हिनामिना/अपचलन गरी ठगी गरेको रकमबाट निम्नानुसार जग्गा जमिन खरिद गरी आफ्नो नाममा राखेको देखिन्छ ।

हाल सम्म प्राप्त प्रतिवादी शुभ राज खातीको नाममा रहेको घर/जग्गा जमिनको बिवरण:-

सि.न.	जग्गा रहेको ठाउँ	कित्ता नं.	क्षेत्रफल	कै.
१	सुनसरी धरान ४	९९१	०-०-०.२५-० विघा	
२	सुनसरी धरान ४	९८८	०-०-६-० विघा	
३	सुनसरी धरान ४	९९०	०-०-१-० विघा	

९. प्रतिवादी विकाश लामगादेको हकमा,

अनुसन्धानको क्रममा हालसम्म प्राप्त बिवरण अनुसार प्रतिवादी विकास लामगादे जिम्मेवारीमा रहेको हैसियत सहितको सहकारी संस्था तथा कम्पनीहरुको बिवरण यस प्रकार रहेको छ ।

सि.न.	आवद्ध कम्पनी तथा संस्थाको नाम	हैसियत	बैंक खातामा दस्तखत	शेयर संख्या	कै.
१	बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान	संचालक समितिको पूर्व ऋण उप-समिति सदस्य			
		संचालक समितिको सदस्य			
२	बराह ग्रुप अफ कम्पनी प्रा.लि	संस्थापक		२००००	
३	बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि.	संस्थापक	बैंक खाताहरुमा दस्तखत	३५०० थान	
४	श्री नारायणी बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि. भरतपुर शाखा	संस्थापक	बैंक खाताहरुमा दस्तखत	४०००	
५	इन्द्र बराह ट्राभल्स एण्ड टुर्शप्रा.लि.	संचालक		३३३ थान	
६	Indra Baraha Jewellery Industries & Research Center Pvt. Ltd	संचालक		२०००	
७	पिपल बोट बराह ज्वेलरी प्रा.लि.	संस्थापक		१८००००	
८	बराह नेशनल ईन्भेष्टमेन्ट प्रा.लि.	संचालक सदस्य			

यी प्रतिवादी विकास लामगादे लगायत बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीको अध्यक्ष मान बहादुर विश्वकर्मा तथा सहकारी संस्थाको मुख्य जिम्मेवारीमा रहेका अन्य संचालक समितिका पदाधिकारीहरु, कर्मचारीहरु, बिभिन्न कम्पनीका संस्थापक तथा शेयर धनी समेतको मिलोमतोमा आफूहरुले लिने खाने उद्देश्यले बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीको नामबाट ग्राहकहरुलाई पासबुक बितरण गरी सहकारी संस्थामा रकम बचत नगराई कानूनी मापदण्ड बिपरित बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि. धरान सुनसरीमा प्रयोग गरेको सफ्टवेयर System मा इन्ट्री गरी रकम बचत गर्न लगाई सोही रकम आफू संस्थापक तथा शेयर धनी भएको बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि., बराह कृषी उपज तथा पशुपालन प्रा.लि., नारायणी बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि., बराह चिल्डेन वर्ल्ड प्रा.लि. समेतमा लगानी गरी खाई

मासी निज प्रतिवादी विकास लामगादेले सहकारी संस्थाको स्वामित्वमा रहेको ग्राहकहरुको शेयर तथा बचत रकम जम्मा रु.३६,९६,३२,९१५।–(छत्तिस करोड छयनब्वे लाख बत्तिस हजार नौ सय पन्ध्र रुपैया) रकम हिनामिना/अपचलन गरी ठगी गरेको पुष्टी हुन आउँछ ।

त्यसै गरी प्रतिवादी विकास लामगादे सहकारी संस्थाको संचालकको जिम्मेवारीमा रहेको अवस्थामा प्राविधिकको मुल्याकंन बिना नै कच्चा जग्गा धितो राखेर तथा बिना धितो समेत सहकारीबाट बिभिन्न व्यक्तिहरुको नाममा ऋण लगानी भएको र हालसम्म असूल उपर हुन नसकेको हुँदा धितोमा लगानी भएको ३६ ऋण सम्बन्धित ऋणीबाट, पछि अपुग भए ऋणी लगानी हुदाँको ऋण समिति सदस्यहरुलाई आधा र सो समयको संचालक समिति सदस्यबाट आधा र बिना धितो लगानी भएको २९४ ऋण सम्बन्धित ऋणीबाट, पछि अपुग भए ऋणी लगानी हुदाँको ऋण समिति सदस्यहरुलाई आधा र सो समयको संचालन समिति सदस्यबाट आधा गरी असुल उपर गर्नु पर्ने देखिन्छ । जस अनुसार निजको जिम्मेवारमा परेको खराव कर्जा असुल उपर नभए बिगो हुने रकम रु. ६०,५८,७५६.५।– (साठ्ठी लाख अन्ठाउन्न हजार सात सय छपन्न रुपैया पाँच पैसा) रकम समेत असुल्नु पर्ने बिगो कायम हुन आउँछ ।

१०.प्रतिवादी सुरेश बि.क. को हकमा,

अनुसन्धानको क्रममा हालसम्म प्राप्त बिवरण अनुसार प्रतिवादी सुरेश वि.क. जिम्मेवारीमा रहेको हैसियत सहितको सहकारी संस्था तथा कम्पनीहरुको बिवरण यस प्रकार रहेको देखिन्छ ।

सि.न.	प्रतिवादीको नाम	आवद्ध कम्पनी तथा संस्थाको नाम	हैसियत	शेयर संख्या	कै.
१	सुरेश वि.क.	बराह ज्वलेरी इण्डष्ट्रिज प्रा.लि.	संस्थापक	३५०० थान	

यी प्रतिवादी सुरेश वि.क. लगायत बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीको अध्यक्ष मान बहादुर विश्वकर्मा तथा सहकारी संस्थाको मुख्य जिम्मेवारीमा रहेका अन्य संचालक समितिका पदाधिकारीहरु, कर्मचारीहरु, बिभिन्न कम्पनीका संस्थापक तथा शेयर धनी समेतको मिलोमतोमा आफूहरुले लिने खाने उद्देश्यले बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीको नामबाट ग्राहकहरुलाई पासबुक बितरण गरी सहकारी संस्थामा रकम बचत नगराई बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि. धरान सुनसरीमा प्रयोग गरेको सफ्टवेयर System मा इन्ट्री गरी रकम बचत गर्न लगाई सोही रकम आफूहरुले नै संचालन गरेको बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि.समेतमा लगानी गरी खाई मासी यी प्रतिवादी सुरेश वि.क.ले जम्मा रु.३४,४०,८०,४६१।–(चौतीस करोड चालिस लाख असी हजार चार सय एकसठ्ठी रुपैया) रकम हिनामिना/अपचलन गरी ठगी गरेको पुष्टी हुन आउँछ ।

११. प्रतिवादी शौराज भन्ने अम्बर बहादुर विश्वकर्माको हकमा,

अनुसन्धानको क्रममा हालसम्म प्राप्त बिवरण अनुसार प्रतिवादी शौराज भन्ने अम्बर बहादुर विश्वकर्मा जिम्मेवारीमा रहेको हैसियत सहितको सहकारी संस्था तथा कम्पनीहरुको बिवरण यस प्रकार रहेको छ ।

सि.न.	आवद्ध कम्पनी तथा संस्थाको नाम	हैसियत	बैंक खातामा दस्तखत	शेयर संख्या	कै.
१	बराह ग्रुप १. प्रदेश सचिवाल	संचालक सदस्य (BOD)			
२	बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरी	संचालक सदस्य			
३	बराह ग्रुप अफ कम्पनी प्रा.लि	संस्थापक		२००००	
४	बराह कृषी उपज तथा पशु पालन प्रा.लि.	संस्थापक		१००००	

५	बराह डिपार्टमेन्टर स्टोर प्रा.लि.	संचालक			
६	बराह भेडेटार मल्टिप्रपोज कम्पनी प्रा.लि. धनकुटा	संस्थापक	बैंक खाताहरुमा दस्तखत	१००००	
७	श्री नारायणी बराह ज्वलेरी प्रा.लि. भरतपुर शाखा	संस्थापक		२०००	
८	बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि.	व्यवस्थापन समिति प्रमुख	बैंक खाताहरुमा दस्तखत		
९	बराह डिपार्टमेन्ट स्टोर प्रा.लि. धरान	व्यवस्थापन समिति सदस्य			
१०	१ नं. प्रदेश सचिवाल ऋण तथा सापटी असुली प्राविधिक समिति	प्रमुख			

यी प्रतिवादी शौराज भन्ने अम्बर बहादुर विश्वकर्मा लगायत बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीको अध्यक्ष मान बहादुर विश्वकर्मा तथा सहकारी संस्थाको मुख्य जिम्मेवारीमा रहेका अन्य संचालक समितिका पदाधिकारीहरु, कर्मचारीहरु, बिभिन्न कम्पनीका संस्थापक तथा शेयर धनी समेतको मिलोमतोमा आफूहरुले लिने खाने उद्देश्यले बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीको नामबाट ग्राहकहरुलाई पासबुक बितरण गरी सहकारी संस्थामा रकम बचत नगराई कानून बिपरित बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि. धरान सुनसरीमा प्रयोग गरेको सफ्टवेयर System मा इन्ट्री गरी रकम बचत गर्न लगाई सोही रकम आफू संस्थापक तथा शेयर धनी भएको बराह कृषी उपज तथा पशुपालन प्रा.लि., नारायणी बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि., बराह भेडेटार मल्टीप्रर्पोज कम्पनी प्रा.लि.धनकुटा समेतमा लगानी गरी खाई मासी यी प्रतिवादी शौराज भन्ने अम्बर बहादुर विश्वकर्माले सहकारी संस्थाका ग्राहकहरुको रु.१५,९८,१३,१७५।– (पन्ध्र करोड अन्ठानब्वे लाख तेह्र हजार एक सय पचहत्तर रुपैया) रकम हिनामिना/अपचलन गरी ठगी गरेको पुष्टी हुन आउँछ ।

त्यसै गरी प्रतिवादी शौराज भन्ने अम्बर बहादुर विश्वकर्मा सहकारी संस्थाको संचालक सदस्यको जिम्मेवारीमा रहेको अवस्थामा प्राविधिकको मुल्याकंन बिना नै कच्चा जग्गा धितो राखेर तथा बिना धितो समेत सहकारीबाट बिभिन्न व्यक्तिहरुको नाममा ऋण लगानी भएको र हालसम्म असूल उपर हुन नसकेको हुँदा धितोमा लगानी भएको ३६ ऋण सम्बन्धित ऋणीबाट, पछि अपुग भए ऋणी लगानी हुदाँको ऋण समिति सदस्यहरुलाई आधा र सो समयको संचालक समिति सदस्यबाट आधा र बिना धितो लगानी भएको २९४ ऋण सम्बन्धित ऋणीबाट, पछि अपुग भए ऋणी लगानी हुदाँको ऋण समिति सदस्यहरुलाई आधा र सो समयको संचालन समिति सदस्यबाट आधा गरी असुल उपर गर्नु पर्ने देखिन्छ । जस अनुसार निजको जिम्मेवारमा परेको खराव कर्जा असुल उपर नभए बिगो हुने रकम रु.५२,३२,१२३.२९।–(बाउन्न लाख बत्तिस हजार एक सय तेईस रुपैया उन्नतीस रुपैया) रकम समेत असुल्नु पर्ने बिगो कायम हुन आउँछ ।

प्रतिवादी शौराज भन्ने अम्बर बहादुर विश्वकर्माले सहकारीको पासबुक बितरण भई ग्राहकहरुको जम्मा भएको बचत रकम तथा शेयर रकम हिनामिना/अपचलन गरी ठगी गरेको रकमबाट यस प्रकारको जग्गा जमिन खरिद गरी आफ्नो नाममा राखेको हुनसक्छ ।

हाल सम्म प्राप्त प्रतिवादी सौराज भन्ने अम्बर बहादुर विश्वकर्मा**को नाममा रहेको घर/जग्गा जमिनको बिवरण:-**

नामथर	जग्गा रहेको ठाउँ	कित्ता नं.	क्षेत्रफल
सौराज भन्ने अम्बर बहादुर विश्वकर्मा	सुनसरी धरान ९-ख	७३८	
	सुनसरी धरान ७-ग	२११	०-०-७.२५-० विघा

१२. प्रतिवादी रवि पोर्तेल (सुनार) भन्ने रवि सुनार बि.क.को हकमा,

अनुसन्धानको क्रममा हालसम्म प्राप्त बिवरण अनुसार प्रतिवादी रवि पोर्तेल (सुनार) भन्ने रवि सुनार बि.क. जिम्मेवारीमा रहेको हैसियत सहितको सहकारी संस्था तथा कम्पनीहरुको बिवरण यस प्रकार रहेको छ ।

आवद्ध कम्पनी तथा संस्थाको नाम	**हैसियत**	बैंक खातामा दस्तखत	**शेयर संख्या**	**कै.**
बराह ग्रुप १. प्रदेश सचिवाल	सदस्य			
बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि. धरान	सुपरभाईजर			
	Gateway Software प्रयोगकर्ता कर्मचारी			
बराह डिपार्टमेन्ट स्टोर प्र.लि.	संस्थापक		१५०००	
श्री नारायणी बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि. भरतपुर शाखा	संस्थापक		२०००	
वित्तीय नगद व्यबस्थापन समिति	सदस्य			

पक्राउ प्रतिवादी रवि पोर्तेल (सुनार) भन्ने रवि सुनार बि.क.ले अधिकार प्राप्त अधिकारी समक्ष बयान गर्दा बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीमा भन्दा बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि. धरानमा पीडितहरुको रकम बढी जम्मा भएको हो । यो कारोबार कानून विपरितको हो । बराह ज्वेलरीको सफ्टवेयरमा इन्ट्री भई जम्मा भएको ग्राहकहरुको बचत रकम प्रत्येक दिन बेलुका ईन्ट्री गर्ने कर्मचारीहरुले म लगायत शुभ राज खाती, कुमार दुतराज समेतलाई दिई काउन्टर बन्द गर्ने गरेका थिए । कर्मचारीहरुले मलाई दिएको रकम मैले शुभराज खातीलाई बुझाउने गरेको थिए । मैले सुने अनुसार बचत भएको रकमबाटै अन्य कम्पनीहरुमा लगानी गरी बिस्तार गरेको थाहा पाएको हुँ । मैले सहकारीको रकम हिनामिना अपचलन गरेको छैन । सहकारी संस्थाको दायित्व रकम हिनामिना/अपचलन भएको सम्बन्धमा सहकारी संस्थाका अध्यक्ष लगायत अन्य पदाधिकारीहरु जवाफदेही हुनु पर्छ भनि खुलाई लेखाई दिए तापनि कम्पनी रजिष्ट्रारको कर्यालयबाट प्राप्त हुन आएको कागजातहरुमा प्रतिवादी रवि पोर्तेल (सुनार) भन्ने रवि सुनार बि.क. नारायणी बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि. र बराह डिपार्टमेन्ट स्टोर प्रा.लि. को संस्थापक तथा शेयर धनी रहेको देखिन्छ ।

उल्लेखित कम्पनीहरुको संस्थापक तथा शेयर धनी भएको र प्रज्वल अधिकारी शर्मा Fellow Chartered Accountant ले दिनु भएको विस्तृत अध्ययन प्रतिवेदनमा उल्लेखित विगो रकम सम्बन्धमा थप सोधपुछ (ततिम्वा) बयान गर्ने क्रममा यी प्रतिवादीले आफू संस्थापक तथा शेयर धनी रहेको कुरा स्वीकार गरे तापनी प्रज्वल अधिकारी शर्मा Fellow Chartered Accountant ले दिनु भएको बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरानको विस्तृत अध्ययन प्रतिवेदनमा मैले हिनामिना गरेको भनिएको रु.१०,६४,८५,६४३।–(दश करोड चौसठ्ठी लाख पचासी हजार छ सय त्रिचालिस रुपैया) रकमको सम्बन्धमा मलाई थाहा भएन । मैले उल्लेखित रकम हिनामिना अपचलन गरेको छैन भनि खुलाई लेखाई दिएको देखिन्छ ।

यी प्रतिवादीले मौकामा बयान गर्दा आफू कुनै पनि कम्पनीको संस्थापक तथा शेयर धनी नरहेको भनि खुलाई लेखाई दिएको र पछि प्राप्त बिवरण अनुसार सोधपुछ (ततिम्वा) बयान गर्दा आफू २ वटा कम्पनीको संस्थापक तथा शेयर धनी रहेको स्वीकार गरेबाट समेत यी प्रतिवादीले आफूले गरेको अपराध ढाकछोप गर्ने उद्देश्यले झुठ्ठा बयान दिएको प्रष्ट हुन आउँछ ।

माथी उल्लेखित आधार प्रमाणहरुबाट यी प्रतिवादी रवि पोर्तेल (सुनार) भन्ने रवि सुनार बि.क.लगायत बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीको अध्यक्ष मान बहादुर विश्वकर्मा तथा सहकारी संस्थाको मुख्य

जिम्मेवारीमा रहेका अन्य संचालक समितिका पदाधिकारीहरु, कर्मचारीहरु, बिभिन्न कम्पनीका संस्थापक तथा शेयर धनी समेतको मिलोमतोमा आफूहरुले लिने खाने उद्देश्यले बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीको नामबाट ग्राहकहरुलाई पासबुक बितरण गरी सहकारी संस्थामा रकम बचत नगराई कानून बिपरित बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि. धरान सुनसरीमा प्रयोग गरेको सफ्टवेयर System मा इन्ट्री गरी रकम बचत गर्न लगाई सोही रकम प्रतिवादी आफू संस्थापक तथा शेयर धनी भएको बराह डिपार्टमेन्ट स्टोर प्र.लि. र नारायणी बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि. भरतपुर शाखा समेतमा लगानी गरी खाई मासी यी प्रतिवादी रवि पोर्तेल (सुनार) भन्ने रवि सुनार बि.क.ले सहकारी संस्थाका ग्राहकहरुको रु. १०,६४,८५,६४३।– (दश करोड चौसठ्ठी लाख पचासी हजार छ सय त्रिचालिस रुपैया) रकम हिनामिना/अपचलन गरी ठगी गरेको पुष्टी हुन आउँछ।

१३. प्रतिवादी पूर्ण बहादुर कालिकोटे भन्ने पूर्ण कुमार कालिकोटेको हकमा,

अनुसन्धानको क्रममा हालसम्म प्राप्त बिवरण अनुसार प्रतिवादी पूर्ण बहादुर कालिकोटे भन्ने पूर्ण कुमार कालिकोटे जिम्मेवारीमा रहेको हैसियत सहितको सहकारी संस्था तथा कम्पनीहरुको बिवरण यस प्रकार रहेको छ।

सि.न.	**आवद्ध कम्पनी तथा संस्थाको नाम**	**हैसियत**	बैंक खातामा दस्तखत	**शेयर संख्या**	**कै.**
१	बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान	संचालक समिति पुर्व उपाध्याक्ष	बैंक खाताहरुमा दस्तखत		
		संचालक समितिको पूर्व सदस्य			
		विधान मस्यौदा सदस्य			
		ऋण उप समितिको पूर्व सदस्य			
		शिक्षा उप-समिति सदस्य			
२	श्री नारायणी बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि.	संस्थापक		२०००	
३	बराह कृषी उपज तथा पशु पालन प्रा.लि.	संस्थापक		१००००	

यी प्रतिवादी पूर्ण बहादुर कालिकोटे भन्ने पूर्ण कुमार कालिकोटे लगायत बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीको अध्यक्ष मान बहादुर विश्वकर्मा तथा सहकारी संस्थाको मुख्य जिम्मेवारीमा रहेका अन्य संचालक समितिका पदाधिकारीहरु, कर्मचारीहरु, बिभिन्न कम्पनीका संस्थापक तथा शेयर धनी समेतको मिलोमतोमा आफूहरुले लिने खाने उद्देश्यले बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीको नामबाट ग्राहकहरुलाई पासबुक बितरण गरी सहकारी संस्थामा रकम बचत नगराई बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि. धरान सुनसरीमा प्रयोग गरेको सफ्टवेयर System मा इन्ट्री गरी रकम बचत गर्न लगाई सोही रकम आफू संस्थापक तथा शेयर धनी भएको बराह कृषी उपज तथा पशुपालन प्रा.लि., नारायणी बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि.समेतमा लगानी गरी खाई मासी यी प्रतिवादी पूर्ण बहादुर कालिकोटे भन्ने पूर्ण कुमार कालिकोटेले सहकारी संस्थाका ग्राहकहरुको शेयर र बचत जम्मा रु. ६,१५,८२,९४८।– (छ करोड पन्ध्र लाख बयासी हजार नौ सय अढ्चालीस रुपैया) रकम हिनामिना/अपचलन गरी ठगी गरेको पुष्टी हुन आउँछ।

त्यसै गरी प्रतिवादी पूर्ण बहादुर कालिकोटे भन्ने पूर्ण कुमार कालिकोटे सहकारी संस्थाको संचालक सदस्यको जिम्मेवारीमा रहेको अवस्थामा प्राविधिकको मुल्याकंन बिना नै कच्चा जग्गा धितो राखी तथा बिना धितो समेत सहकारीबाट

बिभिन्न व्यक्तिहरुको नाममा ऋण लगानी भएको र हालसम्म असूल उपर हुन नसकेको हुँदा धितोमा लगानी भएको ३६ ऋण सम्बन्धित ऋणीबाट, पछि अपुग भए ऋणी लगानी हुदाँको ऋण समिति सदस्यहरुलाई आधा र सो समयको संचालक समिति सदस्यबाट आधा र बिना धितो लगानी भएको २९४ ऋण सम्बन्धित ऋणीबाट, पछि अपुग भए ऋणी लगानी हुदाँको ऋण समिति सदस्यहरुलाई आधा र सो समयको संचालन समिति सदस्यबाट आधा गरी असुल उपर गर्नु पर्ने देखिन्छ । जस अनुसार निजको जिम्मेवारमा परेको खराव कर्जा असुल उपर नभए बिगो हुने रकम रु.८२,३६,६९३.९।-(बयासी लाख छत्तिस हजार छ सय त्रिरानब्बे रुपैँया नौ पैसा) रकम समेत असुल्नु पर्ने बिगो कायम हुन आउँछ ।

प्रतिवादी पूर्ण बहादुर कालिकोटे भन्ने पूर्ण कुमार कालिकोटेले ठगी गरेको रकमबाट यस प्रकारको जग्गा जमिन खरिद गरी आफ्नो नाममा राखेको हुनसक्छ ।

हालसम्म प्राप्त भएको बिवरण अनुसार घर/जग्गाको बिवरण:-

सि.न.	नामथर	जग्गा रहेको ठाउँ	कित्ता नं.	क्षेत्रफल
१	पुर्ण बहादुर कालिकोटे भन्ने पुर्ण कुमार विश्वकर्मा	सुनसरी धरान ७ (ग)	६७८	०-०-१९-० विघा
		सुनसरी धरान ७ (ग)	६७९	०-०-६-० विघा

१४.प्रतिवादी रिना राई (लामिछाने) को हकमा,

अनुसन्धानको क्रममा हालसम्म प्राप्त बिवरण अनुसार प्रतिवादी रिना राई (लामिछाने) जिम्मेवारीमा रहेको हैसियत सहितको सहकारी संस्था तथा कम्पनीहरुको बिवरण यस प्रकार रहेको छ ।

सि.न.	आवद्ध कम्पनी तथा संस्थाको नाम	हैसियत	शेयर संख्या	कै.
१	बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान	संचालक समितिको पूर्व सदस्य		
२	श्री नारायणी बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि.	संस्थापक	८०००	

पक्राउ प्रतिवादी रिना राई (लामिछाने) ले अधिकार प्राप्त अधिकारी समक्ष बयान गर्दा म बराह बचत तथा ऋण सहकारी संस्थाको पूर्व संचालक रहेको पछि थाहा भयो । मैले २०६६/०६७ साल तिर बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि. धरानमा गरगहना बिक्री बितरण गर्ने काम गरेको थिएँ । त्यस समयमा मान वहादुर विश्वकर्मा, सौराज, भन्ने अम्बर बहादुर विश्वकर्मा, बिकास लाम्गादे समेतले गरगहना खरिद गरी ल्याउने गरेका थिए भने सन्देश बिश्वकर्मा, शोभा लोकान्द्री लगायतका मानिसहरु भई गरगहना बिक्री बितरण गर्ने गरेका थिए । पैसाको हिसाव मान बहादुर विश्वकर्मा, सौराज भन्ने अम्बर बहादुर विश्वकर्मा, बिकास लाम्गादे समेतले नै राख्ने गर्थे । नेपाल बाहिर हङकङ, UK, दुबई समेतमा कम्पनी सञ्चालनमा थिए । बेलायतको व्यापार ब्याबसाय पुर्व श्रीमान शिव कुमार विश्वकर्मा (लामिछाने) हेर्नुहुन्थ्यो भने दुबईमा रहेको कम्पनी कसले हेर्थ्यो मलाई एकिन थाहा भएन । २०६९ साल माघ १६ गते हङकङमा ससुरा ईन्द्र कुमार विश्वकर्माको मृत्यु नहुदा सम्म उँहाले नै हेर्नु हुन्थ्यो । ससुरा बुबाको मृत्यु पछी हंङकङ रहेको व्यापार व्यवसाय म लगायत, शिव कुमार विश्वकर्मा (लामिछाने), मान बहादुर विश्वकर्मा समेतले कर्मचारी राखी व्यावसाय सञ्चालन गर्दै आएका थियौँ । म २०७१ साल सम्म आईपुग्दा हङकङको व्याबसाय धेरै घाटामा गएकाले म २०७१ सालमा हङकङ गई २०७३ सम्म मैले व्यापार ब्याबसाय सञ्चालन गर्दै आएको थिए । सोही समय देखी मेरो श्रीमान शिव कुमार विश्वकर्मा (लामिछाने) सँग मेरो सम्वन्ध बिग्रिएकाले निजकै सल्लाह अनुसार हङकङको ईन्द्र बराह ज्वेलरी लगायतको व्यावसाय अनोज रोक्का लाई जिम्मा बुझाई २०७३ साल देखी म नेपाल फर्किएको हुँ । ससुरा इन्द्र कुमार विश्वकर्माको १ मात्र छोरा शिव कुमार विश्वकर्मा (लामिछाने) रहेको कारण ससुरा इन्द्र कुमार विश्वकर्मा र बिष्णु माया विश्वकर्माको मृत्यु पछी सम्पूर्ण कम्पनीहरु शिव कुमार विश्वकर्मा (लामिछाने) ले नै हस्तान्तरण गरी आफैले संचालन गर्दै आएका थिए । प्रज्वल अधिकारी शर्मा Fellow Chartered

Accountant ले दिनु भएको बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरानको विस्तृत अध्ययन प्रतिवेदनमा मैले हिनामिना गरेको भनिएको रु.३,८५,३२,६४०।–(तीन करोड पचासी लाख बत्तिस हजार छ सय चालिस रुपैया) रकमको सम्बन्धमा मलाई थाहा भएन । मैले सहकारी संस्थाबाट रकम हिनामिना अपचालन गरेको छैन भनि खुलाई लेखाई दिए तापनि बराह ग्रुप अन्तर्गतको नारायणी बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि.को म संस्थापक रहेको र शेयर संख्या ८००० रहेको छ भनि स्वीकार गरी खुलाई लेखाई दिएको देखिन्छ ।

माथी उल्लेखित आधार प्रमाणहरुबाट यी प्रतिवादी रिना राई (लामिछाने) लगायत बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीको अध्यक्ष मान बहादुर विश्वकर्मा तथा सहकारी संस्थाको मुख्य जिम्मेवारीमा रहेका अन्य संचालक समितिका पदाधिकारीहरु, कर्मचारीहरु, बिभिन्न कम्पनीका संस्थापक तथा शेयर धनी समेतको मिलोमतोमा आफूहरुले लिने खाने उद्देश्यले बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीको नामबाट ग्राहकहरुलाई पासबुक बितरण गरी सहकारी संस्थामा रकम बचत नगराई बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि.धरान सुनसरीमा प्रयोग गरेको सफ्टवेयर System मा इन्ट्री गरी रकम बचत गर्न लगाई सोही रकम प्रतिवादी आफू संस्थापक तथा शेयर धनी भएको नारायणी बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि. भरतपुर शाखा समेतमा लगानी गरी खाई मासी यी प्रतिवादी रिना राई (लामिछाने) ले सहकारी संस्थामा स्वामित्व रहेको ग्राहकहरुको शेयर तथा बचत रकम रु.३,८५,३२,६४०।–(तीन करोड पचासी हजार बत्तिस हजार छ सय चालिस रुपैया) हिनामिना/अपचलन गरी ठगी गरेको पुष्टी हुन आउँछ ।

प्रतिवादी रिना राईले सहकारीको ठगी गरेको रकमबाट यस प्रकारको जग्गा जमिन खरिद गरी आफ्नो नाममा राखेको देखिन्छ ।

हालसम्म प्राप्त भएको बिवरण अनुसार घर/जग्गाको बिवरण:-

सि.न.	नामथर	जग्गा रहेको ठाउँ	कित्ता नं.	क्षेत्रफल
१	रिना राई (लामिछाने)	काठमाण्डौं का.म.न.पा. (डिल्लीबजार)-४	२१३	१९.९३ बर्ग
			१८३	१६.२० बर्ग

१५.प्रतिवादी भोज मान लामगादेको हकमा,

अनुसन्धानको क्रममा हालसम्म प्राप्त बिवरण अनुसार प्रतिवादी भोजमान लामगादे जिम्मेवारीमा रहेको हैसियत सहितको सहकारी संस्था तथा कम्पनीहरुको बिवरण यस प्रकार रहेको छ ।

सि.न.	आवद्ध कम्पनी तथा संस्थाको नाम	हैसियत	बैंक खातामा दस्तखत	शेयर संख्या	कै.
१	बराह प्रोपर्टी सर्भिस प्रा.लि.	**संस्थापक**		५०००	
२	गोर्खा बराह तथा फाउन्डेशन प्रा.लि.	**संस्थापक**			

यी प्रतिवादी भोजमान लामगादे लगायत बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीको अध्यक्ष मान बहादुर विश्वकर्मा तथा सहकारी संस्थाको मुख्य जिम्मेवारीमा रहेका अन्य संचालक समितिका पदाधिकारीहरु, कर्मचारीहरु, बिभिन्न कम्पनीका संस्थापक तथा शेयर धनी समेतको मिलोमतोमा आफूहरुले लिने खाने उद्देश्यले बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीको नामबाट ग्राहकहरुलाई पासबुक बितरण गरी सहकारी संस्थामा रकम बचत नगराई बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि. धरान सुनसरीमा प्रयोग गरेको सफ्टवेयर System मा इन्ट्री गरी रकम बचत गर्न लगाई सोही रकम आफू संस्थापक तथा शेयर धनी भएको बराह प्रोपर्टी सर्भिस प्रा.लि. समेतमा लगानी गरी खाई मासी यी प्रतिवादी भोज मान लामगादेले सहकारी संस्थाको स्वामित्वमा रहेको ग्राहकहरुको बचत तथा शेयर रकम रु.१,६०,२१,९३४।–(एक करोड साठी लाख एकाइस हजार नौ सय चौतिस) रकम हिनामिना/अपचलन गरी ठगी गरेको देखिन्छ ।

१६.प्रतिवादी गंगा बहादुर कालिकोटेः-

हालसम्म प्राप्त बिवरण अनुसार गंगा बहादुर कालिकोटे जिम्मेवारीमा रहेको हैसियत सहितको सहकारी संस्था तथा कम्पनीहरुको बिवरण यस प्रकार रहेको छ ।

सि.न.	आवद्ध कम्पनी तथा संस्थाको नाम	हैसियत	बैंक खातामा दस्तखत	शेयर संख्या	कै.
१	बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरी	संचालक सदस्य	बैंक खाताहरुमा दस्तखत		
		लेखा सुपरिवेक्षण समिति सदस्य			
		ऋण उप समिति सदस्य			
२	बराह ग्रुप १. प्रदेश सचिवाल	सदस्य सचिव			
३	१ नं. प्रदेश सचिवाल ऋण तथा सापटी असुली प्राविधिक समिति	सदस्य सचिव			
४	श्री नारायणी बराह ज्वलेरी प्रा.लि. भरतपुर शाखा	संस्थापक		२०००	
५	बराह कृषी उपज तथा पशु पालन प्रा.लि.	संस्थापक		१००००	

यी प्रतिवादी गंगा बहादुर कालिकोटे लगायत बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीको अध्यक्ष मान बहादुर विश्वकर्मा तथा सहकारी संस्थाको मुख्य जिम्मेवारीमा रहेका अन्य संचालक समितिका पदाधिकारीहरु, कर्मचारीहरु, बिभिन्न कम्पनीका संस्थापक तथा शेयर धनी समेतको मिलोमतोमा आफूहरुले लिने खाने उद्देश्यले बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीको नामबाट ग्राहकहरुलाई पासबुक बितरण गरी सहकारी संस्थामा रकम बचत नगराई कानून बिपरित बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि. धरान सुनसरीमा प्रयोग गरेको सफ्टवेयर System मा इन्ट्री गरी रकम बचत गर्न लगाई सोही रकम आफू संस्थापक तथा शेयर धनी भएको नारायणी बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि. र बराह कृषी उपज तथा पशु पालन प्रा.लि. समेतमा लगानी गरी खाई मासी निज प्रतिवादी गंगा बाहदुर विश्वकर्माले रु. ३,१२,२९,८५६।– (तीन करोड बाह्र लाख उन्नतीस हजार आठसय छपन्न रुपैया) रकम हिनामिना/अपचलन गरी ठगी गरेको पुष्टी हुन आउँछ ।

प्रतिवादी गंगा बहादुर कालिकोटेले आफूले ठगी गरेको रकमबाट आफ्नो श्रीमती सरिता कालिकोटे (वि.क.) को नाममा जग्गा जमिन खरिद गरेको देखिएको र उक्त जग्गा खरिद मुल्य रु. १,२९,००,०००।– (एक करोड उन्नतीस लाख) रहेकोले सो रकम प्रतिवादी सरिता कालिकोटेलाई विगो कायम गरी प्रतिवादी गंगा बहादुर कालिकोटेबाट रु. १,८३,२९,८५६।– (एक करोड त्रियासी लाख उन्नतीस हजार आठ सय छपन्न रुपैया) असुल उपर गर्नु पर्ने देखिन्छ ।

त्यसै गरी प्रतिवादी गंगा बहादुर कालिकोटे सहकारी संस्थाको संचालकको जिम्मेवारीमा रहेको अवस्थामा प्राविधिकको मुल्याकंन बिना नै कच्चा जग्गा धितो राखेर तथा बिना धितो समेत सहकारीबाट बिभिन्न व्यक्तिहरुको नाममा ऋण लगानी भएको र हालसम्म असूल उपर हुन नसकेको हुँदा धितोमा लगानी भएको ३६ ऋण सम्बन्धित ऋणीबाट, पछि अपुग भए ऋणी लगानी हुदाँको ऋण समिति सदस्यहरुलाई आधा र सो समयको संचालक समिति सदस्यबाट आधा र बिना धितो लगानी भएको २९४ ऋण सम्बन्धित ऋणीबाट, पछि अपुग भए ऋणी लगानी हुदाँको ऋण समिति सदस्यहरुलाई आधा र सो समयको संचालन समिति सदस्यबाट आधा गरी असुल उपर गर्नु पर्ने देखिन्छ । जस अनुसार निजको जिम्मेवारमा परेको

खराव कर्जा असुल उपर नभए बिगो हुने रकम रु. ३,७६,३६,२५६.९२।– (तीन करोड छयहत्तर लाख छत्तिस् हजार दुई सय छपन्न रुपैया बयानब्बे पैसा) समेत असुल्नु पर्ने बिगो कायम हुन आउँछ ।

प्रतिवादी गंगा बहादुर कालिकोटेले सहकारीको पासबुक बितरण भई ग्राहकहरुको जम्मा भएको बचत रकम तथा शेयर रकम हिनामिना/अपचलन गरी ठगी गरेको रकमबाट निम्नानुसार जग्गा जमिन खरिद गरी राखेको देखिन्छ । सो कुरालाई पक्राउ परेकी निजकै श्रीमती सरिता कालिकोटे (वि.क.) ले अधिकार प्राप्त अधिकारी समक्ष बयानमा स्वीकार गरेको देखिन्छ ।

हाल सम्म प्राप्त प्रतिवादी गंगा बाहदुर कालिकोटेको नाममा रहेको घर/जग्गा जमिनको बिवरण:-

सि.न.	नामथर	जग्गा रहेको ठाउँ	कित्ता नं.	क्षेत्रफल
१	गंगा बहादुर कालिकोटे	इलाम चुलाचुली १ (ग)	५५०	१६९३.१५ बर्ग मिटर
		बाझगरा १-ब	४४६३	

१७.प्रतिवादी शरण विश्वकर्माको हकमा,

अनुसन्धानको क्रममा हालसम्म प्राप्त बिवरण अनुसार प्रतिवादी शरण विश्वकर्मा जिम्मेवारीमा रहेको हैसियत सहितको कम्पनीहरुको बिवरण यस प्रकार रहेको छ ।

सि.न.	आवद्ध कम्पनी तथा संस्थाको नाम	हैसियत	बैंक खातामा दस्तखत	शेयर संख्या	कै.
१	बराह ग्रुप अफ कम्पनी प्रा.लि	संस्थापक		३००००	
२	श्री नारायणी बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि.	संस्थापक	***बैंक खाताहरुमा दस्तखत***	२०००	

यी प्रतिवादी शरण विश्वकर्मा लगायत बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीको अध्यक्ष मान बहादुर विश्वकर्मा तथा सहकारी संस्थाको मुख्य जिम्मेवारीमा रहेका अन्य संचालक समितिका पदाधिकारीहरु, कर्मचारीहरु, बिभिन्न कम्पनीका संस्थापक तथा शेयर धनी समेतको मिलोमतोमा आफूहरुले लिने खाने उद्देश्यले बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीको नामबाट ग्राहकहरुलाई पासबुक बितरण गरी सहकारी संस्थामा रकम बचत नगराई बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि. धरान सुनसरीमा प्रयोग गरेको सफ्टवेयर System मा इन्ट्री गरी रकम बचत गर्न लगाई सोही रकम आफू संस्थापक तथा शेयर धनी भएको श्री नारायणी बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि. मा लगानी गरी खाई मासी यी प्रतिवादी शरण विश्वकर्माले सहकारी संस्थाको स्वामित्वमा रहेको ग्राहकहरुको शेयर तथा बचत रकम रु.९६,३३,१६०।–(छयानब्बे लाख तेत्तिस हजार एक सय नब्बे) रकम हिनामिना/अपचलन गरी ठगी गरेको पुष्टी हुन आउँछ ।

१८.प्रतिवादी विकास भन्ने विक्रम गजमेरको हकमा,

अनुसन्धानको क्रममा हालसम्म प्राप्त बिवरण अनुसार प्रतिवादी विकास भन्ने विक्रम गजमेर जिम्मेवारीमा रहेको हैसियत सहितको कम्पनीहरुको बिवरण यस प्रकार रहेको देखिन्छ ।

सि.न.	आवद्ध कम्पनी तथा संस्थाको नाम	हैसियत	बैंक खातामा दस्तखत	शेयर संख्या	कै.
१	बराह ग्रुप अफ कम्पनी प्रा.लि	संस्थापक		३००००	
२	श्री नारायणी बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि.	संस्थापक	***बैंक खाताहरुमा दस्तखत***	२०००	

प्रतिवादी विकास भन्ने बिक्रम गजमेरले अधिकार प्राप्त अधिकारी समक्ष बयान गर्दा बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीको बारेमा मलाई केही पनि थाहा छैन । म नारायणी बराह ज्वेलरीको सस्थापक तथा शेयर धनी हुँ । त्यस बाहेक बराह ग्रुप अन्तर्गत संचालनमा रहेका अन्य सहकारी संस्था तथा कम्पनीहरुमा म कुनै पनि जिम्मेवारीमा छैन । त्यस कारण सहकारी संस्था तथा कम्पनीहरुको बिषयमा कुनै किसिमको जानकारी छैन । मिसिल सलग्न राखिएको कम्पनी

रजिष्ट्रारको कार्यालयको कम्पनी दर्ता नम्बर १५४१३२/०७३/०७४, आन्तरिक राजस्व कार्यालयको PAN Number ६०४३०७८४६ मा कम्पनी दर्ता भएको नारायणी बराह ज्वेलरी ईण्ड्ष्ट्रिज प्रा.लि. को शेयर लगत, प्रबन्ध पत्र लगायतका कागजातहरु बयानको क्रममा मलाई देखाउदा मैले हेरे देखे । उक्त कागजातहरुमा मेरो नामको अगाडी र बन्दमा रहेको दस्तखत र सहीछाप समेत मेरै हो भनि हेरी चिनि सनाखत गरी दिए तापनि मैले सहकारी संस्थाको रकम हिनामिना अपचलन गरेको छैन भनि खुलाई लेखाई दिएको देखिन्छ ।

यी प्रतिवादी विकास भन्ने विक्रम गजमेर लगायत बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीको अध्यक्ष मान बहादुर विश्वकर्मा तथा सहकारी संस्थाको मुख्य जिम्मेवारीमा रहेका अन्य संचालक समितिका पदाधिकारीहरु, कर्मचारीहरु, बिभिन्न कम्पनीका संस्थापक तथा शेयर धनी समेतको मिलोमतोमा आफूहरुले लिने खाने उद्देश्यले बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीको नामबाट ग्राहकहरुलाई पासबुक बितरण गरी सहकारी संस्थामा रकम बचत नगराई बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि. धरान सुनसरीमा प्रयोग गरेको सफ्टवेयर System मा इन्ट्री गरी रकम बचत गर्न लगाई सोही रकम आफू संस्थापक तथा शेयर धनी भएको श्री नारायणी बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि. मा लगानी गरी खाई मासी यी प्रतिवादी विकास भन्ने विक्रम गजमेरले सहकारी संस्थाको स्वामित्वमा रहेको ग्राहकहरुको शेयर तथा बचत रकम रु.९६,३३,१६०।–(छयानब्वे लाख तेत्तिस हजार एक सय नब्बे रुपैया) हिनामिना/अपचलन गरी ठगी गरेको पुष्टी हुन आउँछ ।

प्रतिवादी विकास भन्ने विक्रम गजमेरले सहकारीको ठगी गरेको रकमबाट निम्नानुसार घर, जग्गा जमिन खरिद गरी आफ्नो नाममा राखेको देखिन्छ ।

हालसम्म प्राप्त भएको बिवरण अनुसार घर/जग्गाको बिवरण

नामथर	जग्गा रहेको ठाउँ	कित्ता नं.	क्षेत्रफल
विकास भन्ने विक्रम गजमेर	इलाम आइतवारे-८ (क)	४५२	०-३-०-० रोपनी
	इलाम आइतवारे-८ (क)	५१२	०-३-०-० रोपनी
	इलाम आइतवारे- ७ (क)	४१४	८-१०-०-१ रोपनी
	ललितपुर उ.म.न.पा.४	३९	सनराइज एपार्टमेन्टस प्रा.लि. ललितपुर ब्लक नं. BI फल्याट नं. 3 rdf/BI/K-13-157 क्षेत्रफल-1501.12 वर्ग मिटर
	कित्ता नं.२९४८ (क)	२९	
		२५	
		३१	
		६०	
		२८	
		३७	
		३८	
		२२४	

१९. प्रतिवादी लाल बहादुर विश्वकर्माको हकमा,

अनुसन्धानको क्रममा हालसम्म प्राप्त बिवरण अनुसार प्रतिवादी लाल बहादुर विश्वकर्मा जिम्मेवारीमा रहेको हैसियत सहितको सहकारी संस्था तथा कम्पनीहरुको बिवरण यस प्रकार रहेको छ ।

सि.न.	आवद्ध कम्पनी तथा संस्थाको नाम	हैसियत	बैंक खातामा दस्तखत	शेयर संख्या	कै.
१	बित्तिय नगद व्यबस्थापन समिति	संचालक सदस्य			
२	श्री नारायणी बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि.	संस्थापक		२०००	
३	बराह बचत तथा ऋण सहकारी संस्था धरान सुनसरी	ऋण उप-समितिको पूर्व सदस्य			

यी प्रतिवादी लाल बहादुर विश्वकर्मा लगायत बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीको अध्यक्ष मान बहादुर विश्वकर्मा तथा सहकारी संस्थाको मुख्य जिम्मेवारीमा रहेका अन्य संचालक समितिका पदाधिकारीहरु, कर्मचारीहरु, बिभिन्न कम्पनीका संस्थापक तथा शेयर धनी समेतको मिलोमतोमा आफूहरुले लिने खाने उद्देश्यले बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीको नामबाट ग्राहकहरुलाई पासबुक बितरण गरी सहकारी संस्थामा रकम बचत नगराई बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि. धरान सुनसरीमा प्रयोग गरेको सफ्टवेयर System मा इन्ट्री गरी रकम बचत गर्न लगाई सोही रकम आफू संस्थापक तथा शेयर धनी भएको नारायणी बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि. मा लगानी गरी खाई मासी यी प्रतिवादी लाल बहादुर विश्वकर्माले सहकारी संस्थाको स्वामित्वमा रहेको ग्राहकहरुको शेयर तथा बचत रकम रु.९६,३३,१६०।–(छयानब्बे लाख तेत्तिस हजार एक सय नब्बे) हिनामिना/अपचलन गरी ठगी गरेको पुष्टी हुन आउँछ त्यसै गरी प्रतिवादी लाल बहादुर विश्वकर्मा सहकारी संस्थाको संचालकको जिम्मेवारीमा रहेको अवस्थामा प्राविधिकको मुल्याकंन बिना नै कच्चा जग्गा धितो राखेर तथा बिना धितो समेत सहकारीबाट बिभिन्न व्यक्तिहरुको नाममा ऋण लगानी भएको र हालसम्म असूल उपर हुन नसकेको हुँदा धितोमा लगानी भएको ३६ ऋण सम्बन्धित ऋणीबाट, पछि अपुग भए ऋणी लगानी हुदाँको ऋण समिति सदस्यहरुलाई आधा र सो समयको संचालक समिति सदस्यबाट आधा र बिना धितो लगानी भएको २९४ ऋण सम्बन्धित ऋणीबाट, पछि अपुग भए ऋणी लगानी हुदाँको ऋण समिति सदस्यहरुलाई आधा र सो समयको संचालन समिति सदस्यबाट आधा गरी असुल उपर गर्नु पर्ने देखिन्छ । जस अनुसार निज लाल बहादुर विश्वकर्माको जिम्मेवारमा परेको खराव कर्जा असुल उपर नभए बिगो हुने रकम रु. ९७,८१,२२३.६६।– (सन्तानब्बे लाख एकासी हजार दुई सय तेईस रुपैया छैसठ्ठी पैसा) रकम समेत असुल्नु पर्ने बिगो कायम हुन आउँछ ।

२०.प्रतिवादी कृष्णा भन्ने अम्बर प्रसाद खातीको हकमा,

अनुसन्धानको क्रममा हालसम्म प्राप्त बिवरण अनुसार प्रतिवादी कृष्णा भन्ने अम्बर प्रसाद खाती जिम्मेवारीमा रहेको हैसियत सहितको सहकारी संस्था तथा कम्पनीहरुको बिवरण यस प्रकार रहेको छ ।

आवद्ध कम्पनी तथा संस्थाको नाम	हैसियत	बैंक खातामा दस्तखत	शेयर संख्या	कै.
श्री नारायणी बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि.	संस्थापक		२०००	

यी प्रतिवादी कृष्णा भन्ने अम्बर प्रसाद खाती लगायत बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीको अध्यक्ष मान बहादुर विश्वकर्मा तथा सहकारी संस्थाको मुख्य जिम्मेवारीमा रहेका अन्य संचालक समितिका पदाधिकारीहरु, कर्मचारीहरु, बिभिन्न कम्पनीका संस्थापक तथा शेयर धनी समेतको मिलोमतोमा आफूहरुले लिने खाने उद्देश्यले बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीको नामबाट ग्राहकहरुलाई पासबुक बितरण गरी सहकारी संस्थामा रकम बचत नगराई बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि. धरान सुनसरीमा प्रयोग गरेको सफ्टवेयर System मा इन्ट्री गरी रकम बचत गर्न

लगाई सोही रकम आफू संस्थापक तथा शेयर धनी भएको नारायणी बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि. मा लगानी गरी खाई मासी यी प्रतिवादी कृष्णा भन्ने अम्बर प्रसाद खातीले सहकारी संस्थाको स्वामित्वमा रहेको ग्राहकहरुको शेयर तथा बचत रकम रु.९६,३३,१६०।–(छयानब्वे लाख तेत्तिस हजार एक सय नब्बे रुपैया) हिनामिना/अपचलन गरी ठगी गरेको पुष्टी हुन आउँछ।

प्रतिवादी कृष्णा भन्ने अम्बर प्रसाद खातीले सहकारीको ठगी गरेको रकमबाट निम्नानुसार घर, जग्गा जमिन खरिद गरी आफ्नो नाममा राखेको देखिन्छ।

हालसम्म प्राप्त भएको बिवरण अनुसार घर/जग्गाको बिवरण

जग्गा रहेको ठाउँ	कित्ता नं.	क्षेत्रफल
ललितपुर उ.म.न.पा.४ कित्ता नं.२९४८ (क)	३९	सनराइज एपार्टमेन्टस प्रा.लि. ललितपुर ब्लक नं. F-१२-१४४ फल्याट नं. १२F/BI/F-12-144 क्षेत्रफल-1370.04 बर्ग मिटर
	२९	
	२५	
	३१	
	६०	
	२८	
	३७	
	३८	
	२२४	

२१.प्रतिवादी सुमिन भन्ने सुदिन बि.क.को हकमा,

अनुसन्धानको क्रममा हालसम्म प्राप्त बिवरण अनुसार प्रतिवादी सुमिन भन्ने सुदिन वि.क. जिम्मेवारीमा रहेको हैसियत सहितको सहकारी संस्था तथा कम्पनीहरुको बिवरण यस प्रकार रहेको छ।

सि.न.	आवद्ध कम्पनी तथा संस्थाको नाम	हैसियत	बैंक खातामा दस्तखत	शेयर संख्या
१	बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि. धरान	लेखापाल		
२	बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान	लेखा सुपरिवेक्षण संयोजक		
३	नारायणी बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि.	संस्थापक		२०००
४	वित्तीय नगद व्यबस्थापन समिति	सदस्य		

पक्राउ प्रतिवादी सुमिन भन्ने सुदिन बि.क. ले अधिकार प्राप्त अधिकारी समक्ष बयान गर्दा बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरानमा संचालन रहेको Software System मा ईन्ट्री भएको कारोबारको बिषयमा लेखापरीक्षण हुने गरेको थियो तर बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि. धरान सुनसरीको Software System मा ईन्ट्री भएको ग्राहकहरुको बचत तथा लगानीको बिषयमा लेखा परीक्षण हुने गरेको थिएन। सहकारी संस्था तथा बराह ग्रुप अन्तर्गतका पदाधिकारीहरु मान बहादुर बिश्वकर्मा, शिव कुमार बिश्वकर्मा (लामिछाने), गंगा बहादुर कालिकोटे, शुभ राज खाती, सौराज भन्ने अम्बर

बहादुर बिश्वकर्मा, शरण बिश्वकर्मा, हरी कुमार धमला विश्वकर्मा, विकाश लाम्गादे, डम्वर बहादुर विश्वकर्मा, अनुप कुमार खड्गी, दिपिका सिँह गदाल, पुर्ण बहादुर कालिकोटे भन्ने पुर्ण कुमार विश्वकर्मा, रिना राई (लामिछाने) र मन्दिरा लामिछाने लगायतका व्यक्तिहरु जवाफदेही हुनु पर्छ । मैले थाहा पाए अनुसार सहकारी संस्थाको रकमबाट निजहरुले आफू तथा आफू अनुकुलका मानिसहरुको नाममा घर जग्गा खरिद गरी राखेको भनि सुनेको छु । सहकारी संस्थाको नामबाट ग्राहकहरुलाई पासबुकहरु बितरण गरी बराह ज्वेलरीमा ग्राहकको रकम बचत हुँदै आएको । बिनाधितो ऋण प्रवाह, खराब कर्जाको अवस्था समेत देखिएकोले सो सम्बन्धमा सुझाव दिदा संचालक समितिले मैले दिएको सुझाबहरु वेबस्ता गर्दै आफ्नै मनोमानी ढंगले सहकारी संस्था संचालन गर्दै आएका थिए । मैले सहकारीको रकम हिनामिना अपचलन गरेको छैन भनि खुलाई लेखाई दिए तापनि कम्पनी रजिष्ट्रारको कार्यालयबाट प्राप्त हुन आएको कागजातहरुमा प्रतिवादी सुमिन भन्ने सुदिन बि.क. नारायणी बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि. को संस्थापक तथा शेयर धनी समेत रहेको देखिन्छ ।

उल्लेखित कम्पनीहरुको संस्थापक तथा शेयर धनी भएको र प्रज्वल अधिकारी शर्मा Fellow Chartered Accountant ले दिनु भएको विस्तृत अध्ययन प्रतिवेदनमा उल्लेखित विगो रकम सम्बन्धमा थप सोधपुछ (ततिम्वा) बयान गर्ने क्रममा यी प्रतिवादीले आफू संस्थापक तथा शेयर धनी रहेको कुरा स्वीकार गरे तापनी प्रज्वल अधिकारी शर्मा Fellow Chartered Accountant ले दिनु भएको विस्तृत अध्ययन प्रतिवेदनमा मैले हिनामिना गरेको भनिएको रु.९६,३३,१६०।– (छयानब्वे लाख तेत्तिस हजार एक सय नब्बे रुपैया) रकम सम्बन्धमा मलाई थाहा भएन । मैले उल्लेखित रकम हिनामिना अपचलन गरेको छैन भनि खुलाई लेखाई दिएको देखिन्छ ।

यी प्रतिवादीले मौकामा बयान गर्दा आफू कुनै पनि कम्पनीको संस्थापक तथा शेयर धनी नरहेको भनि खुलाई लेखाई दिएको र पछि प्राप्त बिवरण अनुसार सोधपुछ (ततिम्वा) बयान गर्दा आफू नारायणी बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि. को संस्थापक तथा शेयर धनी रहेको स्वीकार गरेबाट समेत यी प्रतिवादीले आफूले गरेको अपराध ढाकछोप गर्ने उद्देश्यले झुठ्ठा बयान दिएको प्रष्ट हुन आउँछ ।

यी प्रतिवादी सुमिन भन्ने सुदिन बि.क.बराह बचत तथा ऋण सहकारी संस्थाको लेखा समितिको संयोजकको जिम्मेवारीमा रहेको अवस्थामा पीडितहरुलाई सहकारीको पासबुक बितरण गरी कानुन बिपरित ठुलो परिमाणको रकम बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि. मा जम्मा हुँदा समेत कानून बिपरितको कारोवार भएको भनि राय सुझावहरु दिएको देखिदैन बरु उल्टै मुखदर्शक भई आफू ज्वलेरीमा लेखापालको रुपमा कार्यरत रही आर्थिक लाभ लिदै आएको देखिन्छ ।

माथी उल्लेखित आधार प्रमाणहरुबाट यी प्रतिवादी सुमिन भन्ने सुदिन बि.क.लगायत बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीको अध्यक्ष मान बहादुर विश्वकर्मा तथा सहकारी संस्थाको मुख्य जिम्मेवारीमा रहेका अन्य संचालक समितिका पदाधिकारीहरु, कर्मचारीहरु, बिभिन्न कम्पनीका संस्थापक तथा शेयर धनी समेतको मिलोमतोमा आफूहरुले लिने खाने उद्देश्यले बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीको नामबाट ग्राहकहरुलाई पासबुक बितरण गरी सहकारी संस्थामा रकम बचत नगराई बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि. धरान सुनसरीमा प्रयोग गरेको सफ्टवेयर System मा इन्ट्री गरी रकम बचत गर्न लगाई सोही रकम प्रतिवादी आफू संस्थापक तथा शेयर धनी भएको नारायणी बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि.मा लगानी गरी खाई मासी यी प्रतिवादी सुमिन भन्ने सुदिन बि.क.ले सहकारी संस्थाको स्वामित्वमा रहेको ग्राहकहरुको शेयर तथा बचत रकम रु.९६,३३,१६०।–(छयानब्वे लाख तेत्तिस हजार एक सय नब्बे रुपैया) हिनामिना/अपचलन गरी ठगी गरेको पुष्टी हुन आउँछ ।

२२.प्रतिवादी कुमार दुतराज भन्ने कुमार बि.क.को हकमा,

अनुसन्धानको क्रममा हालसम्म प्राप्त बिवरण अनुसार प्रतिवादी कुमार दुतराज भन्ने कुमार बि.क. जिम्मेवारीमा रहेको हैसियत सहितको सहकारी संस्था तथा कम्पनीहरुको बिवरण यस प्रकार रहेको छ ।

सि.न.	आवद्ध कम्पनी तथा संस्थाको नाम	हैसियत	बैंक खातामा दस्तखत	शेयर संख्या	कै.

१	बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान	लेखा सुपरिवेक्षण समिति सदस्य			
२	१ नं. प्रदेश सचिवाल ऋण तथा सापटी असुली प्राविधिक समिति	सदस्य			
३	बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि.	लेखापाल	बैंक खाताहरुमा दस्तखत		
४	बराह ग्रुप १. प्रदेश सचिवाल	सदस्य			
५	न्यू बराह ज्वलर्स न्युरोड पिपलबोट (साझेदारी फर्म)	संचालक	बैंक खाताहरुमा दस्तखत		
६	बराह ज्वेलरी व्यबस्थापन समिति	सदस्य			

यी प्रतिवादी कुमार दुतराज भन्ने कुमार बि.क. माथी उल्लेखित हैसियतमा रहेको अवस्थामा निज लगायत बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीको अध्यक्ष मान बहादुर विश्वकर्मा तथा सहकारी संस्थाको मुख्य जिम्मेवारीमा रहेका अन्य संचालक समितिका पदाधिकारीहरु, कर्मचारीहरु, बिभिन्न कम्पनीका संस्थापक तथा शेयर धनी समेतको मिलोमतोमा आफूहरुले लिने खाने उद्देश्यले बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीको नामबाट ग्राहकहरुलाई पासबुक बितरण गरी सहकारी संस्थामा रकम बचत नगराई बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि. धरान सुनसरीमा प्रयोग गरेको सफ्टवेयर System मा इन्ट्री गरी रकम बचत गर्न लगाई ज्वलेरीमा बचत गरेको ग्राहकहरुको रकम मध्ये रु. ८९,५७,०५०।– (उन्ननब्बे लाख सन्ताउन हजार पचास रुपैया) रकम प्रत्यक्ष ज्वेलरीबाटै हिनामिना/अपचलन गरी खाई मासी ठगी गरेको पुष्टी हुन आउँछ।

२३. प्रतिवादी अनुप कुमार खड्गीको हकमाः-

अनुसन्धानको क्रममा हालसम्म प्राप्त बिवरण अनुसार प्रतिवादी अनुप कुमार खड्गी जिम्मेवारीमा रहेको हैसियत सहितको सहकारी संस्था तथा कम्पनीहरुको बिवरण यस प्रकार रहेको छ।

सि.न.	आवद्ध कम्पनी तथा संस्थाको नाम	हैसियत	बैंक खातामा दस्तखत	शेयर संख्या	कै.
१	बराह ग्रुप अफ कम्पनी प्रा.लि	संस्थापक		१००००	
२	कृपा दृश्य डिजिटल प्रोडक्सन प्रा.लि.	प्रवन्ध निर्देशक			

यी प्रतिवादी अनुप कुमार खड्गी लगायत बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीको अध्यक्ष मान बहादुर विश्वकर्मा तथा सहकारी संस्थाको मुख्य जिम्मेवारीमा रहेका अन्य संचालक समितिका पदाधिकारीहरु, कर्मचारीहरु, बिभिन्न कम्पनीका संस्थापक तथा शेयर धनी समेतको मिलोमतोमा आफूहरुले लिने खाने उद्देश्यले बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीको नामबाट ग्राहकहरुलाई पासबुक बितरण गरी सहकारी संस्थामा रकम बचत नगराई बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि. धरान सुनसरीमा प्रयोग गरेको सफ्टवेयर System मा इन्ट्री गरी रकम बचत गर्न लगाई प्रतिवादी अनुप कुमार खड्गीले बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि. को संचालनमा रहेको सिटिजन्स बैंक लिमिटेड शाखा

कार्यालय कुपण्डोल ललितपुरको खाता नं. 0510100000394201 बाट पटक पटक गरी जम्मा रु.१७,००,०००।–(सत्र लाख) रुपैया भुक्तानी लिई खाई मासी ठगी गरेको गरेको पुष्टी हुन आउँछ ।

करोबारको बिवरण:-

भूक्तानी लिने व्यक्ति	मिति	भुक्तानी भएको रकम	कै.
अनुप कुमार खड्गी	25-Apr-22	600000	
	26-Apr-22	600000	
	27-Apr-22	500000	
जम्मा		**Ru.17,00,000।-**	

प्रतिवादी अनुप कुमार खड्गीले सहकारीबाट ठगी गरेको रकम समेतले निम्न जग्गा खरिद गरेको हुन सक्छ ।

जग्गा रहेको ठाउँ	कित्ता नं.	क्षेत्रफल
काठमाण्डौं का.म.न.पा. (डिल्लीबजार)- ३०	२२९५	०-०-१-३ रोपनी
	१८५९	०-२-२-०.५ रोपनी
	१६४९	०-०-३-१ रोपनी

२४.प्रतिवादी बिष्णु कुमार तुलाधरको हकमा,

अनुसन्धानको क्रममा हालसम्म प्राप्त बिवरण अनुसार प्रतिवादी बिष्णु कुमारी तुलाधर जिम्मेवारीमा रहेको हैसियत सहितको सहकारी संस्था तथा कम्पनीहरुको बिवरण यस प्रकार रहेको छ ।

आवद्ध कम्पनी तथा संस्थाको नाम	हैसियत	बैंक खातामा दस्तखत	कै.
बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान	संचालक सदस्य	नचल्ने ।	

पक्राउ प्रतिवादी बिष्णु कुमारी तुलाधरले अधिकार प्राप्त अधिकारी समक्ष बयान गर्दा म २०६६ साल देखी बराह बचत तथा ऋंण सहकारी संस्थाको संचालक समितिको सदस्य भए तापनि सहकारी तथा सोसँग सम्वन्धी कम्पनीहरुको कारोवारको बिषयमा मलाई थाहा भएन । मैले सहकारीको रकम हिनामिना अपचलन गरेको छैन भनि खुलाई लेखाई दिए तापनि यी प्रतिवादी सहकारी संस्था स्थापना हुँदा देखि हालसम्म लगातार संचालक समितिको सदस्यमा कार्यरत रहेको देखिनु, बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीको नामबाट ग्राहकहरुलाई पासबुक बितरण गरी सहकारी संस्थामा रकम बचत नगराई बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि. धरान सुनसरीमा प्रयोग गरेको सफ्टवेयर System मा इन्ट्री गरी रकम बचत गर्न लगाई रकम हिनामिना/अपचलन हुँदा सम्म संचालक समितिको सदस्य जस्तो जिम्मेवारीमा रहेको व्यक्तिले पीडितहरुको बचत तथा शेयर रकम सुरक्षित राख्न कुनै पनि पहल गरेको नदेखिनु समेतबाट यी प्रतिवादीले ग्राहकहरुको बचत तथा शेयर रकम हिनामिना अपचलन गरेको छैन भन्न सकिने अवस्था छैन ।

माथी उल्लेखित आधार तथा प्रज्वल अधिकारी शर्मा Fellow Chartered Accountant ले दिनु भएको प्रतिवेदन समेतबाट यी प्रतिवादी बिष्णु कुमारी तुलाधरले सहकारी संस्थामा पीडितहरुले जम्मा गरेको बचत तथा शेयर रकम मध्ये रु.१३,६६,०१०।–(तेह्र लाख छैसठ्ठी हजार दश रुपैया) रकम हिनामिना/अपचलन गरी खाई मासी ठगी गरेको पुष्टी हुन आउँछ ।

त्यसै गरी प्रतिवादी बिष्णु कुमारी तुलाधर सहकारी संस्थाको संचालक समितिको सदस्यको जिम्मेवारीमा रहेको अवस्थामा प्राविधिकको मुल्याकंन बिना नै कच्चा जग्गा धितो राखेर तथा बिना धितो समेत सहकारीबाट बिभिन्न

व्यक्तिहरुको नाममा ऋण लगानी भएको र हालसम्म असूल उपर हुन नसकेको हुँदा धितोमा लगानी भएको ३६ ऋण सम्बन्धित ऋणीबाट, पछि अपुग भए ऋणी लगानी हुदाँको ऋण समिति सदस्यहरुलाई आधा र सो समयको संचालन समिति सदस्यबाट आधा र बिना धितो लगानी भएको २९४ ऋण सम्बन्धित ऋणीबाट, पछि अपुग भए ऋणी लगानी हुदाँको ऋण समिति सदस्यहरुलाई आधा र सो समयको संचालन समिति सदस्यबाट आधा गरी असुल उपर गर्नु पर्ने देखिन्छ । जस अनुसार निजको जिम्मेवारमा परेको खराव कर्जा असुल उपर नभए बिगो हुने रकम रु. १,१२,९०,८७६.७९।– (एक करोड बाह्र लाख नब्बे हजार आठ सय छयहत्तर रुपैया उनन्असी पैसा) रकम समेत असुल्नु पर्ने बिगो कायम हुन आउँछ ।

२५.प्रतिवादी फुल कुमारी भन्ने फुल माया राईको हकमा,

अनुसन्धानको क्रममा हालसम्म प्राप्त बिवरण अनुसार प्रतिवादी फुल माया भन्ने फुल कुमारी जिम्मेवारीमा रहेको हैसियत सहितको सहकारी संस्था तथा कम्पनीहरुको बिवरण यस प्रकार रहेको छ ।

सि.न.	आवद्ध कम्पनी तथा संस्थाको नाम	हैसियत	बैंक खातामा दस्तखत	कै.
१	बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान	संचालक सदस्य	बैंक खाताहरुमा दस्तखत	
२	बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि. धरान	Gateway Software प्रयोगकर्ता		

पक्राउ प्रतिवादी फुल कुमार भन्ने फुल माया राईले अधिकार प्राप्त अधिकारी समक्ष बयान गर्दा संस्थाको व्यबस्थापक अपना श्रेष्ठले Cosys र म समेतले Gateway सफ्टवेयर प्रयोग गर्दै आएका थियौँ । सहकारी संस्थाबाट ग्राहकहरुलाई पासबुक बितरण गरी ग्राहकहरुको ठुलो परिमाणको रकम बराह ज्वेलरीमा प्रयोग भएको Gateway सफ्टवेयरमा बचत तथा भुक्तानी र कर्जा प्रबाह सम्बन्धी बिवरणहरु इन्ट्री हुँदै आएको थियो । उल्लेखित कारोबार कानून बिपरित रहेको छ । बराह ज्वेलरीको सफ्टवेयरमा इन्ट्री भई जम्मा भएको ग्राहकहरुको बचत रकम प्रत्येक दिन बेलुका म लगायत ईन्ट्री गर्ने कर्मचारीहरुले शुभ राज खाती, रवि पोर्तेल भन्ने रवि सुनार बि.क., कुमार दुतराज बि.क. भन्ने कुमार बि.क., पुष्पल तिरुवा र रविन लकान्द्री समेतलाई दिई काउन्टर बन्द गर्ने गरेका थियौँ । सहकारी संस्थाको खातामा मेरो दस्तखत चल्ने गरेको छ । मैले सहकारीको रकम हिनामिना अपचलन गरेको छैन भनि खुलाई लेखाई दिएको देखिन्छ ।

यी प्रतिवादी सहकारी संस्थाको संचालक समितिको सदस्य तथा बराह ज्वेलरीको Gateway सफ्टवेयर प्रयोगर्ने कर्मचारी रहनु, सहकारीको नामबाट संचालनमा रहेका खाताहरुमा निजको समेत दस्तखत चल्नु, सहकारी संस्थाको नामबाट ग्राहकहरुलाई पासबुक बितरण गरी सहकारी संस्थामा रकम बचत नगराई बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि.धरान सुनसरीमा प्रयोग गरेको सफ्टवेयर System मा इन्ट्री गरी रकम बचत गर्न लगाई रकम हिनामिना/अपचलन हुँदा सम्म संचालक समितिको सदस्य जस्तो जिम्मेवारीमा रहेको व्यक्तिले पीडितहरुको बचत तथा शेयर रकम सुरक्षित राख्न कुनै पनि पहल गरेको नदेखिनु समेतबाट यी प्रतिवादीले ग्राहकहरुको बचत तथा शेयर रकम हिनामिना अपचलन गरेको छैन भन्न सकिदैन । माथी उल्लेखित आधार तथा प्रज्वल अधिकारी शर्मा Fellow Chartered Accountant ले दिनु भएको प्रतिवेदन समेतबाट यी प्रतिवादी फुल माया भन्ने फुल कुमारी राईले सहकारी संस्थामा पीडितहरुले जम्मा गरेको बचत तथा शेयर रकम मध्ये रु.१३,६६,०१०।–(तेह्र लाख छैसठ्ठी हजार दश रुपैया) रकम हिनामिना/अपचलन खाई मासी ठगी गरेको देखिन्छ ।

त्यसै गरी प्रतिवादी फुल माया भन्ने फुल कुमारी राई सहकारी संस्थाको संचालक समितिको सदस्यको जिम्मेवारीमा रहेको अवस्थामा प्राविधिकको मुल्याकंन बिना नै कच्चा जग्गा धितो राखेर तथा बिना धितो समेत सहकारीबाट बिभिन्न व्यक्तिहरुको नाममा ऋण लगानी भएको र हालसम्म असूल उपर हुन नसकेको हुँदा धितोमा लगानी भएको ३६ ऋण सम्बन्धित ऋणीबाट, पछि अपुग भए ऋणी लगानी हुदाँको ऋण समिति सदस्यहरुलाई आधा र सो समयको संचालन समिति सदस्यबाट आधा र बिना धितो लगानी भएको २९४ ऋण सम्बन्धित ऋणीबाट, पछि अपुग भए ऋणी लगानी हुदाँको ऋण समिति सदस्यहरुलाई आधा र सो समयको संचालन समिति सदस्यबाट आधा गरी असुल उपर गर्नु पर्ने देखिन्छ । जस

अनुसार निजको जिम्मेवारमा परेको खराव कर्जा असुल उपर नभए बिगो हुने रकम रु. ५२,३२,१२३.२९।– (बाउन्न लाख बत्तिस हजार एक सय तेईस रुपैया उन्नानतीस पैसा) रकम समेत असुल्नु पर्ने बिगो कायम हुन आउँछ ।

२६. प्रतिवादी हिम प्रसाद आँखेवाको हकमा,

अनुसन्धानको क्रममा हालसम्म प्राप्त बिवरण अनुसार प्रतिवादी हिम प्रसाद आँखेवा जिम्मेवारीमा रहेको हैसियत सहितको सहकारी संस्था तथा कम्पनीहरुको बिवरण यस प्रकार रहेको छ ।

आवद्ध कम्पनी तथा संस्थाको नाम	हैसियत	बैंक खातामा दस्तखत	शेयर संख्या	कै.
बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान	लेखापाल			

यी प्रतिवादी हिम प्रसाद आँखेवा सहकारी संस्थाको लेखापालको जिम्मेवारीमा रहेको देखिन्छ । सहकारी संस्थाका संचालक समितिका पदाधिकारीहरु तथा बराह ग्रुफ अफ कम्पनीका संस्थापकहरुको मिलोमतोमा सहकारी संस्थाको नामबाट ग्राहकहरुलाई पासबुक बितरण गरी सहकारी संस्थामा रकम बचत नगराई कानूनले बन्देज गरेको कार्य बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि. धरान सुनसरीमा प्रयोग गरेको सफ्टवेयर System मा इन्ट्री गरी रकम बचत गर्न लगाई रकम हिनामिना/अपचलन हुँदा सम्म पीडितहरुको बचत तथा शेयर रकम सुरक्षित राख्न कदम चाल्नुको साटो उल्टै बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीको अध्यक्ष मान बहादुर विश्वकर्मा तथा सहकारी संस्थाको मुख्य जिम्मेवारीमा रहेका अन्य संचालक समितिका पदाधिकारीहरु, कर्मचारीहरु, बिभिन्न कम्पनीका संस्थापक तथा शेयर धनी समेतको मिलोमतोमा सहकारी संस्थाको स्वामित्वमा रहेको ग्राहकहरुको शेयर तथा बचत रकम मध्ये रु. ४,७०,३७२।– (चार लाख सत्तरी हजार तीन सय बहत्तर रुपैया) रकम हिनामिना/अपचलन गरी खाई मासी ठगी गरेको पुष्टी हुन आउँछ ।

२७.प्रतिवादी अपना श्रेष्ठको हकमा,

प्रतिवादी अपना श्रेष्ठ मिति २०७०/०१/१५ गतेबाट बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीमा लेखापाल पदमा नियुक्ती भई कामकाज गर्ने क्रममा तत्कालका व्यबस्थापक (मेनेजर) दातेन्जी शेर्पा राजिनामा गए पश्चात मिति २०७९ सालको भाद्र महिनाबाट संस्थाको व्यबस्थापक (मेनेजर) पदमा कार्यरत रहेको देखिन्छ ।

पक्राउ प्रतिवादी अपना श्रेष्ठले अधिकार प्राप्त अधिकारी समक्ष बयान गर्दा मैले आफ्नो क्षेत्राधिकार भित्र पर्ने सहकारीको रकम हिनामिना अपचलन गरेको छैन । बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीबाट ग्राहकहरुको नामबाट खोलिएका MR (बचत तथा शेयर), GS, C, HFD, FD र HR खाताहरुबाट संस्थामा प्रयोगमा रहेको Cosys सफ्टवेयरको System (प्रणाली) मा बचत संकलन तथा भुक्तानी, ऋण प्रबाह, ऋण असुली, शेयर बितरण लगायतको आर्थिक कारोबार हुँदै आएको छ । बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीको नामबाट ग्राहकहरुलाई पासबुक बितरण गरी ग्राहकको नाममा खोलिएका BS (बिशेष बचत) र 01 बाट संचालन हुने खाताहरुबाट बराह ज्वेलरीमा प्रयोगमा रहेको Gateway सफ्टवेयरको System (प्रणाली) मा बचत संकलन तथा भुक्तानी लगायतको आर्थिक कारोबार ज्वेलरीबाटै हुँदै आएको थाहा पाएको थिएँ । यो कारोबार कानून बिपरितको कारोबार हो । सहकारीबाट लगानी भएको अधिकांश ऋणहरु कानून बिपरितका ऋणहरु हुन । प्रज्वल अधिकारी शर्मा Fellow Chartered Accountant ले दिनु भएको बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरानको विस्तृत अध्ययन प्रतिवेदनमा मैले हिनामिना गरेको भनिएको रु. ४,७०,३७२।–(चार लाख सत्तरी हजार तीन सय बहत्तर रुपैया) रकमको सम्बन्धमा मलाई थाहा भएन भनि खुलाई लेखाई दिएको देखिन्छ ।

यी प्रतिवादी अपना श्रेष्ठ लगायत सहकारी संस्थाका संचालक समितिका सदस्यहरु तथा बराह ग्रुफ अफ कम्पनीका संस्थापकहरुको मिलोमतोमा सहकारी संस्थाको नामबाट ग्राहकहरुलाई पासबुक बितरण गरी सहकारी संस्थामा रकम बचत नगराई कानूनले बन्देज गरेको कार्य बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि. धरान सुनसरीमा प्रयोग गरेको सफ्टवेयर System मा इन्ट्री गरी रकम बचत गर्न लगाई रकम हिनामिना/अपचलन हुँदा सम्म पीडितहरुको बचत तथा शेयर रकम सुरक्षित राख्न

कदम चाल्नुको साटो उल्टै बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीको अध्यक्ष मान बहादुर विश्वकर्मा तथा सहकारी संस्थाको मुख्य जिम्मेवारीमा रहेका अन्य संचालक समितिका पदाधिकारीहरु, कर्मचारीहरु, बिभिन्न कम्पनीका संस्थापक तथा शेयर धनी समेतको मिलोमतोमा सहकारी संस्थाको स्वामित्वमा रहेको ग्राहकहरुको शेयर तथा बचत रकम मध्ये रु. ४,७०,३७२।–(चार लाख सत्तरी हजार तीन सय बहत्तर रुपैया) हिनामिना/अपचलन गरी खाई मासी ठगी गरेको पुष्टी हुन आउँछ।

त्यसै गरी सहकारी संस्थाबाट सुस्मा (श्रेष्ठ) कार्कीको नाउँमा लगानी भएको ऋणको सावा/व्याज गरी जम्मा १६,३५,६५९।–(सोह्र लाख पैतीस हजार छ सय उन्नसाठ्ठी रुपैया) असुल उपर गर्नु पर्नेमा प्रतिवादी अपना श्रेष्ठ , सहकारी संस्थाका अध्यक्ष मान बाहदुर विश्वकर्मा लगायत अन्य पदाधिकारीहरुको मिलोमतोमा आफूहरुले लिने खाने उद्देश्यले मिति २०८१/०९/११ गते सुस्मा (श्रेष्ठ) कार्कीसँग रु. १५,६०,०००।– (पन्ध्र लाख पचास हजार) लिई अपना श्रेष्ठले आफ्नो नामबाट संचालन गरेको mega bank nepal limited को खाता नं. 10905080011358 मा जम्मा गरी सुष्मा श्रेष्ठ (कार्की) को इटहरी-५ को कि.न. ४२९५ को (०-०-५.२५-०(बिघा ०-२०-२०-४) भएको जग्गा फुकुवा गरी सहकारी संस्था उप छानविन भई रहेकै अवस्थामा उल्लेखित रकम मध्ये प्रतिवादी अपना श्रेष्ठले मासिक तलब रु. ६०,०००।– (साठ्ठी हजार), संस्थाको कर्मचारी चन्द्र कला राईले मासिक तलब रु.३०,०००।–(तीस हजार) लिई खाई मासेको देखिन्छ।

हालसम्म प्राप्त बिवरण अनुसार अपना श्रेष्ठको जग्गा जमिनको बिवरण:-

सि.न.	जग्गा रहेको ठाउँ	कित्ता नं.	क्षेत्रफल	जग्गाको मूल्य
१	मोरङ केरावारी २ (क)	२१२३	०-०-८-० विघा	
२	मोरङ केरावारी १ (क)	१५९३	०-०-६-० विघा	
३	सुनसरी बाझगरा २ (क)	९०१२	०-०-१.२५-० विघा	
४	सुनसरी बाझगरा २ (क)	९००९	०-०-३.७५-० विघा	

२८.प्रतिवादी दिपिका सिंह गदालको हकमा,

अनुसन्धानको क्रममा हालसम्म प्राप्त बिवरण अनुसार प्रतिवादी दिपिका सिंह गदाल जिम्मेवारीमा रहेको हैसियत सहितको सहकारी संस्था तथा कम्पनीहरुको बिवरण यस प्रकार रहेको छ।

सि.न.	आवद्ध कम्पनी तथा संस्थाको नाम	हैसियत	बैंक खातामा दस्तखत	शेयर संख्या	कै.
१	बराह ग्रुप अफ कम्पनी प्रा.लि	महा प्रवन्धक			
२	बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि.धरान	पूर्व प्रबन्धक	बैंक खाताहरुमा दस्तखत		

यी प्रतिवादी दिपिका सिंह गदाल लगायत बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीको अध्यक्ष मान बहादुर विश्वकर्मा तथा सहकारी संस्थाको मुख्य जिम्मेवारीमा रहेका अन्य संचालक समितिका पदाधिकारीहरु, कर्मचारीहरु, बिभिन्न कम्पनीका संस्थापक तथा शेयर धनी समेतको मिलोमतोमा आफूहरुले लिने खाने उद्देश्यले बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीको नामबाट ग्राहकहरुलाई पासबुक बितरण गरी सहकारी संस्थामा रकम बचत नगराई बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि. धरान सुनसरीमा प्रयोग गरेको सफ्टवेयर System मा इन्ट्री गरी रकम बचत गर्न लगाई प्रतिवादी दिपिका सिंह गदालले बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि. बाट सिटिजन्स बैंक लिमिटेड शाखा कार्यालय कुपण्डोल

ललितपुरको खाता नं. 0510100000394201 बाट पटक पटक गरी जम्मा रु.१,७८,६५३।–(एक लाख अठहत्तर हजार छ सय त्रिपन्न रुपैया) रकम भुक्तानी लिई खाई मासी ठगी गरेको गरेको पुष्टी हुन आउँछ ।

२९.प्रतिवादी अस्मिता भण्डारीको हकमा,

अनुसन्धानको क्रममा हालसम्म प्राप्त बिवरण अनुसार प्रतिवादी अस्मिता भण्डारी जिम्मेवारीमा रहेको हैसियत सहितको सहकारी संस्था तथा कम्पनीहरुको बिवरण यस प्रकार रहेको छ ।

सि.न.	**आवद्ध कम्पनी तथा संस्थाको नाम**	**हैसियत**	बैंक खातामा दस्तखत	**शेयर संख्या**	**कै.**
१	बराह बचत तथा ऋण सहकारी संस्था धरान सुनसरी	ऋण उप समिति सदस्य			
		ग्राहक सेवा (Customer Care)			
२	बराह ग्रुप १. प्रदेश सचिवाल	सदस्य			
३	१ नं. प्रदेश सचिवाल ऋण तथा सापटी असुली प्राविधिक समिति	सदस्य			

पक्राउ प्रतिवादी अस्मिता भण्डारीले अधिकार प्राप्त अधिकारी समक्ष बयान गर्दा मैले सहकारीको रकम हिनामिना अपचलन गरेको छैन । बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीमा भन्दा बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि. धरानमा पीडितहरुको रकम बढी जम्मा भएको सही हो । बराह ज्वेलरी ईण्डष्ट्रिज प्रा.लि.धरान सुनसरीको सफ्टवेयरमा इन्ट्री भई जम्मा भएको ग्राहकहरुको रकम प्रत्येक दिन बेलुका ईन्ट्री गर्ने कर्मचारीहरुले रकम शुभ राज खाती, रबि पोर्तेल (सुनार) भन्ने रवि सुनार वि.क., कुमार दुतराज बि.क. भन्ने कुमार बि.क., रविन लोकान्द्री भन्ने योगेन्द्र बिश्वकर्मालाई दिई काउन्टर बन्द गर्ने गरेका थिए । मैले सुने अनुसार बचत भएको रकमबाटै अन्य कम्पनीहरुमा लगानी गरी बिस्तार गरेको थाहा पाएको हुँ भनि खुलाई लेखाई दिएको देखिन्छ ।

यसरी प्रतिवादी अस्मिता भण्डारी २०७५ साल देखी लगातार सहकारी संस्थाको ऋण उप-समितिको सदस्य तथा कर्मचारीको जिम्मेवारीमा रहेको देखिनु, बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीको नामबाट ग्राहकहरुलाई पासबुक बितरण गरी सहकारी संस्थामा रकम बचत नगराई बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि. धरान सुनसरीमा प्रयोग गरेको सफ्टवेयर System मा इन्ट्री गरी रकम बचत गर्न लगाई रकम हिनामिना/अपचलन हुँदा सम्म सहकारीको जिम्मेवारीमा रहेको व्यक्तिले पीडितहरुको बचत तथा शेयर रकम सुरक्षित राख्न कुनै पनि पहल गरेको नदेखिनु समेतबाट ग्राहकहरुको बचत तथा शेयर रकम हिनामिना अपचलन हुनमा यी प्रतिवादीको संलग्नता छैन भन्न सकिदैन ।

त्यसै गरी प्रतिवादी अस्मिता भण्डारीले सहकारी संस्थाको ऋण उप-समितिको सदस्यको जिम्मेवारीमा रहेको अवस्थामा प्राविधिकको मुल्याकंन बिना नै कच्चा जग्गा धितो राखेर तथा बिना धितो समेत सहकारीबाट बिभिन्न व्यक्तिहरुको नाममा ऋण लगानी भएको र हालसम्म असूल उपर हुन नसकेको हुँदा धितोमा लगानी भएको ३६ ऋण सम्बन्धित ऋणीबाट, पछि अपुग भए ऋणी लगानी हुदाँको ऋण समिति सदस्यहरुलाई आधा र सो समयको संचालन समिति सदस्यबाट आधा र बिना धितो लगानी भएको २९४ ऋण सम्बन्धित ऋणीबाट, पछि अपुग भए ऋणी लगानी हुदाँको ऋण समिति सदस्यहरुलाई आधा र सो समयको संचालन समिति सदस्यबाट आधा गरी असुल उपर गर्नु पर्ने देखिन्छ । जस अनुसार निजको जिम्मेवारमा परेको

खराव कर्जा असुल उपर नभए बिगो हुने रकम रु. १,२२,०८,२८७.६७।– (एक करोड बाईस लाख आठ हजार दुई सय सतासी रुपैया सरसठ्ठी पैसा) रकम समेत असुल्नु पर्ने बिगो कायम हुन आउँछ।

३०. प्रतिवादी शेर बहादुर भन्ने श्रीमान महत क्षेत्रीको हकमा,

अनुसन्धानको क्रममा हालसम्म प्राप्त बिवरण अनुसार प्रतिवादी शेर बहादुर भन्ने श्रीमान महत क्षेत्री जिम्मेवारीमा रहेको हैसियत सहितको सहकारी संस्था तथा कम्पनीहरुको बिवरण यस प्रकार रहेको छ।

सि.न.	**आवद्ध कम्पनी तथा संस्थाको नाम**	**हैसियत**	बैंक खातामा दस्तखत	**शेयर संख्या**	**कै.**
१	बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान	ऋण उप समिति सदस्य			
२	इन्द्र बराह ट्राभल्स एण्ड टुर्शप्रा.लि.	शाखा प्रमुख			

पक्राउ प्रतिवादी शेर बहादुर भन्ने श्रीमान महत क्षेत्रीले अधिकार प्राप्त अधिकारी समक्ष बयान गर्दा मैले सहकारीको रकम हिनामिना अपचलन गरेको छैन। बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीमा भन्दा बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि. धरानमा पीडितहरुको रकम बढी जम्मा भएको सही हो। म Indra Baraha Travel&Tour मा शाखा प्रमुख हुँदाका बखत दिनभरीको दैनिक आय/व्याय बेलुका कम्पनीको लेखापाल सुमिन वि.क.भन्ने सुदिन बि.क.लाई बुझाउने गरेको थिएँ। सहकारी संस्थाको दायित्व रकम हिनामिना/अपचलन भएको सम्बन्धमा सहकारी संस्थाका अध्यक्ष लगायत अन्य पदाधिकारीहरु जवाफदेही हुनु पर्छ भनि खुलाई लेखाई दिएको देखिन्छ।

यसरी यी प्रतिवादी शेर बहादुर भन्ने श्रीमान महत क्षेत्रीले पीडितहरुले सहकारीमा जम्मा गरेको रकम हिनामिना अपचलन गरी ठगी गरेको छैन भनि बयानमा खुलाई लेखाई दिए तापनि यी प्रतिवादी श्रीमान महत क्षेत्री २०७५ साल देखी लगातार सहकारी संस्थाको ऋण उप-समितिको सदस्य तथा बराह ग्रुप अन्तर्गतको इन्द्र बराह ट्राभल्स एण्ड टुर्श प्रा.लि.को शाखा प्रमुख भएको र उक्त कम्पनीले सहकारी संस्थाबाट ऋण समेत लगेको देखिनु, बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीको नामबाट ग्राहकहरुलाई पासबुक बितरण गरी सहकारी संस्थामा रकम बचत नगराई कानून बिपरित बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि.धरान सुनसरीमा प्रयोग गरेको सफ्टवेयर System मा इन्ट्री गरी रकम बचत गर्न लगाई रकम हिनामिना/अपचलन हुँदा सम्म सहकारीको जिम्मेवारीमा रहेको व्यक्तिले पीडितहरुको बचत तथा शेयर रकम सुरक्षित राख्न कुनै पनि पहल गरेको नदेखिनु समेतबाट ग्राहकहरुको बचत तथा शेयर रकम हिनामिना अपचलन हुनमा यी प्रतिवादीको संलग्नता छैन भन्न सकिदैन।

त्यसै गरी प्रतिवादी शेर बहादुर भन्ने श्रीमान महत क्षेत्रीले सहकारी संस्थाको ऋण उप-समितिको सदस्यको जिम्मेवारीमा रहेको अवस्थामा प्राविधिकको मुल्याकंन बिना नै कच्चा जग्गा धितो राखेर तथा बिना धितो समेत सहकारीबाट बिभिन्न व्यक्तिहरुको नाममा ऋण लगानी भएको र हालसम्म असूल उपर हुन नसकेको हुँदा धितोमा लगानी भएको ३६ ऋण सम्बन्धित ऋणीबाट, पछि अपुग भए ऋणी लगानी हुदाँको ऋण समिति सदस्यहरुलाई आधा र सो समयको संचालन समिति सदस्यबाट आधा र बिना धितो लगानी भएको २९४ ऋण सम्बन्धित ऋणीबाट, पछि अपुग भए ऋणी लगानी हुदाँको ऋण समिति सदस्यहरुलाई आधा र सो समयको संचालन समिति सदस्यबाट आधा गरी असुल उपर गर्नु पर्ने देखिन्छ। जस अनुसार निजको जिम्मेवारमा परेको खराव कर्जा असुल उपर नभए बिगो हुने रकम रु. १,२२,०८,२८७.६७।–(एक करोड बाईस लाख आठ हजार दुई सय सतासी रुपैया सढ्सठ्ठी पैसा) रकम समेत असुल्नु पर्ने बिगो कायम हुन आउँछ।

३१.प्रतिवादी जतन माया विश्वकर्माको हकमा,

यी प्रतिवादी जतन माया विश्वकर्मा बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीका अध्यक्ष तथा बराह ग्रुप अप कम्पनी अन्तर्गतका कर्मपनीहरुको संस्थापक र शेयर धनी मान बहादुर विश्वकर्माको श्रीमती रहेको, निज सहकारी तथा कम्पनीहरुको कुनै पनि जिम्मेवारीमा देखिदैन।

प्रतिवादी जतन माया विश्वकर्माले अधिकार प्राप्त अधिकारी समक्ष बयान गर्दा मैले बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीको रकम हिनामिना अपचलन गरेको छैन । तर मेरो श्रीमान मान बहादुर विश्वकर्माले सहकारी संस्थाबाट रकम ल्याई बिभिन्न ठाउँमा घर जग्गा खरिद गरेको तथा सहकारी कै पैसाबाट मेरो नाममा जिल्ला मोरङ डांगीहाट ७ (क) मा कि.न. ६८७ र ६८६ मा क्षेत्रफल ८४२३.६६ वर्ग मिटर समेत जग्गा खरिद गरी गर्नु भएको छ भनि खुलाई लेखाई दिएको देखिन्छ ।

उक्त जग्गा मुल्याकंन माग गर्दा बेलवारी नगरपालिका ८ नं. वडा कार्यालयबाट प्रतिकठ्ठा रु. ३,००,०००।– (तीन लाख रुपैया) पर्ने भनि खुली आएबाट जम्मा जग्गाको हालको जम्मा मुल्य रु. ७४,५५,०००।– (चौरहत्तर लाख पचपन्न हजार) रकम हुन आउछ । त्यस कारण मान बहादुर बिश्वकर्माको बिगोबाट घटाई प्रतिवादी जतन माया बिश्वकर्माबाट रु.७४,५५,०००।–(चौर हत्तर लाख पचपन्न हजार) असुल उपर गर्नु पर्ने देखिन्छ ।

३२. प्रतिवादी सरिता कालिकोटे (बि.क.) को हकमा,

यी प्रतिवादी सरिता कालिकोटे (बि.क.) बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीका सदस्य, ऋण उप-समितिका सदस्य, बराह ग्रुप अप कम्पनी अन्तर्गतका कम्पनीहरुको संस्थापक र शेयर धनी गंगा बहादुर कालिकोटेको श्रीमती रहेको, निज सहकारी तथा कम्पनीहरुको कुनै पनि जिम्मेवारीमा देखिदैन ।

प्रतिवादी सरिता कालिकोटे (विश्वकर्मा) ले अधिकार प्राप्त अधिकारी समक्ष बयान गर्दा मैले बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीको रकम हिनामिना अपचलन गरेको छैन । तर मेरो श्रीमान गंगा बहादुर बिश्वकर्माले सहकारी संस्थाबाट रकम ल्याई बिभिन्न ठाउँमा घर जग्गा खरिद गरेको तथा सहकारी कै पैसाबाट जिल्ला सुनसरी साविक धरान उप-महानगरपालिका वडा नं.१० (ग) मा कि.न. ९३२ र ९३४ को क्षेत्रफल ४४०.२३ वर्ग मिटर जग्गा खरिद मेरै नाउँमा रहेको छ भनि खुलाई लेखाई दिएको देखिन्छ ।

उक्त जग्गा मुल्याकंन माग गर्दा धरान उप-महानगरपालिका १३ नं. वडा कार्यालय धरान सुनसरीबाट पत्र साथ प्राप्त हुन आएको सर्जमिन मुचुल्कामा हालको चलन चल्ती अनुसार घर आवासको मुल्य रु. ७२,२०,०५८.८८।–(बहत्तर लाख बीस हजार अन्ठाउन्न रुपैया अठासी पैसा) र जग्गाको मुल्य रु. २,८६,००,०००।– (दुई करोड छयासी लाख) गरी जम्मा रु.३,५८,२०,०५८.८८।– (तीन करोड अन्ठाउन लाख बीस हजार अन्ठाउन रुपैया अठासी पैसा) खुल्न आएको छ । उल्लेखित जग्गाहरु खरिद गर्दा कि.नं. ९३२ को मुल्य रु. ९०,५२,१५३।– (नब्वे लाख बाउन्न हजार एक सय त्रिपन्न रुपैया), कि.न. ९३४ को मुल्य रु.१६,४५,८४७।–(सोह्र लाख पैतालीस हजार आठ सय सढ्चालीस रुपैया) गरी जम्मा रु. १,२९,००,०००।– (एक करोड उन्नतीस लाख रुपैया) हुन आउछ । सोही किनबेचको रकमलाई यी प्रतिवादी सरिता कालिकोटे (बि.क.) को बिगो कायम गरिएको छ ।

३३.प्रतिवादी दातेन्जी शेर्पाको हकमा,

अनुसन्धानको क्रममा हालसम्म प्राप्त बिवरण अनुसार प्रतिवादी दातेन्जी शेर्पा जिम्मेवारीमा रहेको हैसियत सहितको सहकारी संस्था तथा कम्पनीहरुको बिवरण यस प्रकार रहेको छ ।

सि.न.	आवद्ध कम्पनी तथा संस्थाको नाम	हैसियत	बैंक खातामा दस्तखत	कै.
१	बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान	संचालक समितिको पूर्व सदस्य		
		पूर्व प्रबन्धक		
२	वित्तीय नगद व्यबस्थापन समिति	सदस्य		

यी प्रतिवादी दातेन्जी शेर्पा बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरानको संचालक समितिको सदस्य, संस्थाकै प्रबन्धक र वित्तीय नगद व्यबस्थापन समितिको सदस्य समेत रहेको अवस्थामा सहकारी संस्थाको नामबाट ग्राहकहरुलाई पासबुक बितरण गरी सहकारी संस्थामा रकम बचत नगराई बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि.धरान सुनसरीमा प्रयोग गरेको सफ्टवेयर System मा इन्ट्री गरी रकम बचत गर्न लगाई रकम हिनामिना/अपचलन हुँदा सम्म सहकारीको जिम्मेवारीमा रहेको व्यक्तिले पीडितहरुको बचत तथा शेयर रकम सुरक्षित राख्न कुनै पनि पहल गरेको नदेखिनु समेतबाट ग्राहकहरुको बचत तथा शेयर रकम हिनामिना अपचलन हुनमा यी प्रतिवादीको संलग्नता छैन भन्न सकिदैन।

त्यसै गरी प्रतिवादी दातेन्जी शेर्पा सहकारी संस्थाको संचालक समितिको सदस्यको जिम्मेवारीमा रहेको अवस्थामा प्राविधिकको मुल्याकंन बिना नै कच्चा जग्गा धितो राखेर तथा बिना धितो समेत सहकारीबाट बिभिन्न व्यक्तिहरुको नाममा ऋण लगानी भएको र हालसम्म असूल उपर हुन नसकेको हुँदा धितोमा लगानी भएको ३६ ऋण सम्बन्धित ऋणीबाट, पछि अपुग भए ऋणी लगानी हुदाँको ऋण समिति सदस्यहरुलाई आधा र सो समयको संचालन समिति सदस्यबाट आधा र बिना धितो लगानी भएको २९४ ऋण सम्बन्धित ऋणीबाट, पछि अपुग भए ऋणी लगानी हुदाँको ऋण समिति सदस्यहरुलाई आधा र सो समयको संचालन समिति सदस्यबाट आधा गरी असुल उपर गर्नु पर्ने देखिन्छ। जस अनुसार निजको जिम्मेवारमा परेको खराव कर्जा असुल उपर नभए बिगो हुने रकम रु. ६०,५८,७५६.५।–(साठ्ठी लाख अन्ठाउन हजार सात सय छपन्न रुपैया पाँच पैसा) रकम समेत असुल्नु पर्ने बिगो कायम हुन आउँछ।

३४. प्रतिवादी बिकेन ल्वागुन (विश्वकर्मा) को हकमा,

अनुसन्धानको क्रममा हालसम्म प्राप्त बिवरण अनुसार प्रतिवादी बिकेन ल्वागुन (विश्वकर्मा) जिम्मेवारीमा रहेको हैसियत सहितको सहकारी संस्था तथा कम्पनीहरुको बिवरण यस प्रकार रहेको छ।

आवद्ध कम्पनी तथा संस्थाको नाम	हैसियत	बैंक खातामा दस्तखत	शेयर संख्या	कै.
बराह बचत तथा ऋण सहकारी संस्था धरान सुनसरी	लेखा समितिको पूर्व संयोजक			
	ऋण उप-समितिको पूर्व सदस्य			

यी प्रतिवादी बिकेन ल्वागुन (बिश्वकर्मा)बराह बचत तथा ऋण सहकारी संस्था धरान सुनसरीको लेखा समितिको सदस्य, ऋण उप-समितिको सदस्य भएको अवस्थामा सहकारी संस्थाका अन्य पदाधिकारीहरुको मिलोमतोमा सहकारी संस्थालाई हानी नोक्सानी गर्ने उद्देश्यले मिति २०७३/०६/१७ गते बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीको MR-01-35 बाट बिनाधितो ऋण लिई हाल साँवा/व्याज रकम रु. ४,२९,०८९।–(चार लाख उन्नातीस हजार उन्नानब्वे रुपैया) रकम सहकारी संस्थालाई भुक्तानी गर्नु पर्ने देखिन्छ।

यी प्रतिवादी बिकेन ल्वागुन (बिश्वकर्मा) सहकारी संस्थाबाट ऋण समेत लगेको देखिनु, बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीको नामबाट ग्राहकहरुलाई पासबुक बितरण गरी सहकारी संस्थामा रकम बचत नगराई बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि. धरान सुनसरीमा प्रयोग गरेको सफ्टवेयर System मा इन्ट्री गरी रकम बचत गर्न लगाई रकम हिनामिना/अपचलन हुँदा सम्म सहकारीको जिम्मेवारीमा रहेको व्यक्तिले पीडितहरुको बचत तथा शेयर रकम सुरक्षित राख्न कुनै पनि पहल गरेको नदेखिनु समेतबाट ग्राहकहरुको बचत तथा शेयर रकम हिनामिना अपचलन हुनमा यी प्रतिवादीको संलग्नता छैन भन्न सकिदैन।

त्यसै गरी प्रतिवादी बिकेन ल्वागुन (बिश्वकर्मा) ले सहकारी संस्थाको ऋण उप-समितिको सदस्यको जिम्मेवारीमा रहेको अवस्थामा प्राविधिकको मुल्याकंन बिना नै कच्चा जग्गा धितो राखेर तथा बिना धितो समेत सहकारीबाट बिभिन्न व्यक्तिहरुको नाममा ऋण लगानी भएको र हालसम्म असूल उपर हुन नसकेको हुँदा धितोमा लगानी भएको ३६ ऋण सम्बन्धित ऋणीबाट, पछि अपुग भए ऋणी लगानी हुदाँको ऋण समिति सदस्यहरुलाई आधा र सो समयको संचालन समिति सदस्यबाट आधा र बिना धितो लगानी भएको २९४ ऋण सम्बन्धित ऋणीबाट, पछि अपुग भए ऋणी लगानी हुदाँको ऋण

समिति सदस्यहरुलाई आधा र सो समयको संचालन समिति सदस्यबाट आधा गरी असुल उपर गर्नु पर्ने देखिन्छ । जस अनुसार निजको जिम्मेवारमा परेको खराव कर्जा असुल उपर नभए बिगो हुने रकम रु. ४३,५५,८७४.८।– (त्रिचालिस लाख पचपन्न हजार आठ सय चौरहत्तर रुपैया आठ पैसा) रकम समेत असुल्नु पर्ने बिगो कायम हुन आउँछ ।

३५. प्रतिवादी याम्बा ल्वागुन भन्ने इन्द्र बहादुर विश्वकर्माको हकमा,

अनुसन्धानको क्रममा हालसम्म प्राप्त बिवरण अनुसार प्रतिवादी याम्बा ल्वागुन भन्ने इन्द्र बहादुर विश्वकर्मा जिम्मेवारीमा रहेको हैसियत सहितको सहकारी संस्था तथा कम्पनीहरुको बिवरण यस प्रकार रहेको छ ।

सि.न.	आवद्ध कम्पनी तथा संस्थाको नाम	हैसियत	बैंक खातामा दस्तखत	शेयर संख्या	कै.
१	बराह बचत तथा ऋण सहकारी संस्था धरान सुनसरी	ऋण उप-समितिको सदस्य			
२	बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि.व्यवस्थापन समिति	संचालक सदस्य			

यी प्रतिवादी याम्बा ल्वागुन भन्ने इन्द्र बहादुर विश्वकर्मा बराह बचत तथा ऋण सहकारी संस्था धरान सुनसरीको ऋण उप-समितिको सदस्य, बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि. व्यवस्थापन समितिको संचालक सदस्य भएको अवस्थामा सहकारी संस्थाका अन्य पदाधिकारीहरुको मिलोमतोमा सहकारी संस्थालाई हानी नोक्सानी गर्ने उद्देश्यले मिति २०७६/०७/०३ गते बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीबाट आफ्नो नाउँमा जिल्ला सुनसरी बाझगरा ३ (ङ) मा रहेको कि.न. १९२९ को क्षेत्रफल ०-०-१७.५.-० को जग्गा प्राविधिकको मुल्याकंन बिना धितो राखी रु.३७,५०,०००।–(सईतीस लाख पचास हजार) ऋण रकम लिएकोमा उक्त ऋणको साँवा/व्याज रु. ७५,४३,१५१।–(पचहत्तर लाख त्रिचालिस हजार एक सय एकाउन्न रुपैया) रकम सहकारी संस्थालाई भुक्तानी गर्नु पर्ने देखिन्छ ।

पक्राउ प्रतिवादी याम्बा ल्वागुन भन्ने इन्द्र बहादुर विश्वकर्माले अधिकार प्राप्त अधिकारी समक्ष बयान गर्दा म सहकारी सहकारी संस्थाको जिम्मेवार व्यक्ति भए तापनि संस्थाबाट रकम हिनामिना गरेको छैन भनि खुलाई लेखाई दिएको तथा आफूले सहकारी संस्थाबाट ऋण लगेको हुँदा उल्लेखित रकम चुक्ता गर्न बाँकी रहेको भनि स्वीकार गरेको देखिन्छ ।

यी प्रतिवादी याम्बा ल्वागुन भन्ने इन्द्र बहादुर विश्वकर्माले सहकारी संस्थाबाट ऋण समेत लगेको देखिनु, बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीको नामबाट ग्राहकहरुलाई पासबुक बितरण गरी सहकारी संस्थामा रकम बचत नगराई बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि.धरान सुनसरीमा प्रयोग गरेको सफ्टवेयर System मा इन्ट्री गरी रकम बचत गर्न लगाई रकम हिनामिना/अपचलन हुँदा सम्म सहकारीको जिम्मेवारीमा रहेको व्यक्तिले पीडितहरुको बचत तथा शेयर रकम सुरक्षित राख्न कुनै पनि पहल गरेको नदेखिनु समेतबाट ग्राहकहरुको बचत तथा शेयर रकम हिनामिना अपचलन हुनमा यी प्रतिवादीको संलग्नता छैन भन्न सकिदैन ।

त्यसै गरी प्रतिवादी याम्बा ल्वागुन भन्ने इन्द्र बहादुर विश्वकर्माले सहकारी संस्थाको ऋण उप-समितिको सदस्यको जिम्मेवारीमा रहेको अवस्थामा प्राविधिकको मुल्याकंन बिना नै कच्चा जग्गा धितो राखेर तथा बिना धितो समेत सहकारीबाट बिभिन्न व्यक्तिहरुको नाममा ऋण लगानी भएको र हालसम्म असूल उपर हुन नसकेको हुँदा धितोमा लगानी भएको ३६ ऋण सम्बन्धित ऋणीबाट, पछि अपुग भए ऋणी लगानी हुदाँको ऋण समिति सदस्यहरुलाई आधा र सो समयको संचालन समिति सदस्यबाट आधा र बिना धितो लगानी भएको २९४ ऋण सम्बन्धित ऋणीबाट, पछि अपुग भए ऋणी लगानी हुदाँको ऋण समिति सदस्यहरुलाई आधा र सो समयको संचालन समिति सदस्यबाट आधा गरी असुल उपर गर्नु पर्ने देखिन्छ । जस अनुसार निजको जिम्मेवारमा परेको खराव कर्जा असुल उपर नभए बिगो हुने रकम रु.१,४१,३७,०९८.४६।–(एक करोड एकचालीस लाख सईतीस हजार अन्ठान्वे रुपैया छयालीस पैसा) रकम समेत असुल्नु पर्ने बिगो कायम हुन आउँछ ।

हालसम्म प्राप्त बिवरण अनुसार याम्वा ल्वागुन भन्ने इन्द्र बहादुर विश्वकर्माको घर जग्गाको बिवरण:-

जग्गा रहेको ठाउँ	कित्ता नं.	क्षेत्रफल
सुनसरी बाझगरा ३ (ङ)	१९२९	०-०-१७.५-० विघा
सुनसरी धरान १० (ग)	६९६	०-०-१७-० विघा

३६.प्रतिवादी कुमार कालिकोटे भन्ने कुमार बि.क. को हकमा,

अनुसन्धानको क्रममा हालसम्म प्राप्त बिवरण अनुसार प्रतिवादी कुमार कालिकोटे भन्ने कुमार बि.क. जिम्मेवारीमा रहेको हैसियत सहितको सहकारी संस्था तथा कम्पनीहरुको बिवरण यस प्रकार रहेको छ।

सि.न.	आवद्ध कम्पनी तथा संस्थाको नाम	हैसियत	कै.
१	बित्तिय नगद व्यबस्थापन समिति	संचालक सदस्य	
२	बराह बचत तथा ऋण सहकारी संस्था धरान सुनसरी	शिक्षा उप-समितिको पूर्व सदस्य	

यी प्रतिवादी कुमार कालिकोटे भन्ने कुमार बि.क. बराह बचत तथा ऋण सहकारी संस्था धरान सुनसरीको शिक्षा उप-समितिको पूर्व सदस्य, बित्तिय नगद व्यबस्थापन समितिको सदस्य भएको अवस्थामा सहकारी संस्थाका अन्य पदाधिकारीहरुको मिलोमतोमा सहकारी संस्थालाई हानी नोक्सानी गर्ने उद्देश्यले प्राबिधिकको मुल्याकंन बिना कच्चा धितो राखी MR-01-10241 र MR-01-3714 बाट गरी ऋण रकम लिएकोमा हाल साँवा व्याज जम्मा रकम रु.८७,१७,०२६।– (सतासी लाख सत्र हजार छबिस रुपैया) रकम सहकारी संस्थालाई भुक्तानी गर्नु पर्ने देखिन्छ।

यसरी प्रतिवादी प्रतिवादी कुमार कालिकोटे भन्ने कुमार बि.क. ले प्राविधिकको मुल्याकंन बिना कच्चा धितो राखी सहकारी संस्थाबाट ऋण समेत लगेको देखिनु, बराह बचत तथा ऋण सहकारी संस्था लिमिटेड धरान सुनसरीको नामबाट ग्राहकहरुलाई पासबुक बितरण गरी सहकारी संस्थामा रकम बचत नगराई बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि. धरान सुनसरीमा प्रयोग गरेको सफ्टवेयर System मा इन्ट्री गरी रकम बचत गर्न लगाई रकम हिनामिना/अपचलन हुँदा सम्म सहकारीको जिम्मेवारीमा रहेको व्यक्तिले पीडितहरुको बचत तथा शेयर रकम सुरक्षित राख्न कुनै पनि पहल गरेको नदेखिनु समेतबाट ग्राहकहरुको बचत तथा शेयर रकम हिनामिना अपचलन हुनमा यी प्रतिवादीहरुको संलग्नता छैन भन्न सकिदैन।

३७.प्रतिवादी अवईन्द्र निरौलाको हकमा,

अनुसन्धानको क्रममा हालसम्म प्राप्त बिवरण अनुसार प्रतिवादी अवईन्द्र निरौला जिम्मेवारीमा रहेको हैसियत सहितको सहकारी संस्था तथा कम्पनीहरुको बिवरण यस प्रकार रहेको छ।

आवद्ध कम्पनी तथा संस्थाको नाम	हैसियत	बैंक खातामा दस्तखत	शेयर संख्या	कै.
बराह ग्रुप अफ कम्पनी प्रा.लि	संस्थापक		१००००	
	कानूनी सल्लाहकार प्रमुख			
बराह बचत तथा ऋण	कानूनी सल्लाहकार प्रमुख			

यी प्रतिवादी अवईन्द्र निरौला बराह बचत तथा ऋण सहकरी संस्था स्थापना हुँदा देखि र बराह ग्रुफ अफ कम्पनीको संस्थापक/शेयर धनी तथा प्रमुख कानूनी सल्लाहकारको जिम्मेवारीमा रहेको देखिन्छ। वराह बचत तथा ऋण सहकारी

संस्थाको कतिपय माइनुटको निर्णय प्रकृयामा सहभागी भई सदस्य सचिवको हैसियतले गर्ने कार्य समेत गरी बिगत देखि नै सहकारी संस्थाबाट प्राविधिकको मुल्याकंन बिना धितो राखेर तथा बिना धितो कानून बिपरित ऋण प्रवाह भएको देखिन्छ ।

